# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

४ वर्ष

३ अङ्क

१५

पूर्णाङ्क

संशोधन-मण्डल

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

# पूर्णिमा

वर्ष ४ अङ्क ३

## [इतिहास–प्रधान त्रैमासिक पत्रिका]

सम्पादक—

गौतमवज्र वज्राचार्य

महेशराज पन्त

प्रकाशक तथा प्रबन्धक—

धनवज्र वज्राचार्य

(संशोधनमण्डलद्वारा)

सहयोगीहरू—

रामजी तेवारी

देवीप्रसाद भण्डारी

शङ्करमान राजवंशी

दिनेशराज पन्त

## विषयसूची

पृष्ठ


**ऐतिहासिक–शिरोमणि श्रीबाबुराम आचार्यज्यूसंग प्रार्थना**–*नयराज पन्त* २१७–३२८

*प्रस्तावना* २१७–२६

ऐ. शि. ज्यूले नेपालको गौरव बढाइदिनुभएको छ २१७

तिथिमितिको विषयमा ऐ. शि. ज्यूको मन दोलायमान छ २१७–१८

राजा दशरथ र श्री ५ राजेन्द्रले मन दोलायमान पारेर आफ्नो, आफ्ना सन्तानको र आफ्नो राज्यको पनि अहित गरे २१८–२०

विद्वान्लाई पनि कहिलेकहीं मोह हुन्छ २२०–२१

जीवपक्ष मृतपक्ष भन्ने कल्पना अकबरको पालामा उठेको होइन २२१–२६

ऐ. शि. ज्यू श्रेष्ठतम इतिहासकार हुनुहुन्छ २२७

ऐ. शि. ज्यूको बढी कल्पना गर्ने बानी छ २२८

तिथिमितिको विषयमा ऐ. शि. ज्यूको अहिलेको विचार २२८–२९

पुष्यमित्र (वि. पू. द्वितीय शताब्दी) भन्दा पछि हर्षवर्धन (विक्रमको सातौं शताब्दी) भन्दा अघि कालिदासको स्थिति निर्विवाद छ २२९–३२

विक्रम र कालिदासको सम्बन्ध २३२–३३

विक्रमको छैटौं शताब्दीको अन्त्यमा कालिदास २३३–३४

विक्रमको छैटौं शताब्दीको अन्त्यका कालिदास होइनन् २३४

विक्रमको छैटौं शताब्दीको पूर्वार्धमा कालिदास २३४–३८

विक्रमको पाँचौं शताब्दीमा कालिदास २३८–४०

विक्रमको ऐतिहासिकता; विक्रमको पहिलो शताब्दीमा कालिदास २४०–४३

रघुवंशमा विक्रमको चर्चा भएको भए प्रसङ्गमिल्दो कुरा हुँदैनथ्यो २४४–४५

कामुक यक्षले लडाका विक्रमलाई नसंझनु केही आश्चर्य छैन २४५–४६

यक्षले गरेको उज्जयिनीको वर्णन २४६–४९

उज्जयिनीमा कालिदासको काव्यपरीक्षा २५०

कामुक यक्षले नसंझेका कुरा ऐतिहासिक होइनन् भनी तर्क गर्नु उचित होइन २५०

अभिलेखबाहेक अरू लेखका प्रामाण्य स्वीकार नगर्ने हो भने इतिहास तयार हुँदैन २५०–५१

विक्रमसंवत् (मालवसंवत्) २५२–५३

सूर्यसावन दिन २५४

नाक्षत्र दिन २५४–५५
चान्द्रमान २५५–५६
नक्षत्रचक्रमा चन्द्रमाको गति २५६
पुनर्वसू र चन्द्रमाको संयोगको वर्णन २५६–५७
चित्रा र चन्द्रमाको संयोगको वर्णन २५७–५८
धार्मिक कृत्यमा नक्षत्रको दर्शन २५८–५९
नक्षत्रबाट समय (दिन रात) को नामकरण २५९–६१
अमुक नक्षत्रमा अमुक काम गर्नू भन्ने उल्लेख २६१–६२
नक्षत्रबाट मानिसको नामकरण २६२–६३
नक्षत्रबाट महीनाको नाम २६३–६७
नाक्षत्र वर्ष २६७–६८
आर्तव वर्ष २६८
नाक्षत्र वर्ष र आर्तव वर्षको भेद २६८–७१
नाक्षत्र वर्ष तथा आर्तव वर्ष दुवै शास्त्रीय तथा वैज्ञानिक हुन् २७१–७३
वि. सं. १९६० भन्दा अघि पनि गते लेख्ने चलन थियो २७३–७५
हाम्रा महीना छोटा बडा हुनाको कारण सूर्यको गति हो, ग्रेगोरी सिद्धान्तका महीना छोटा बडा हुनु रूढि हो २७५–७६
वि. सं. २०२० को पञ्चाङ्गसुधारको हल्ला २७६–७८
शिक्षाको स्तर नउकाली विद्याविषयक सुधार हुन सक्तैन २७८–७९
ग्रेगोरीको पद्धतिलाई धेरै इतिहासकारले स्वीकार गरेका छैनन् २७९–८०
ऐ. शि. ज्यूले आफ्नो विचारअनुसारको सारणी तथा पञ्चाङ्ग प्रकाश गर्ने समय आएको छ २८०
पं. हरिलाल पोखरेलले चन्द्रसंवत् चल्यो, पञ्चाङ्गसुधार मैले गरें भनी हल्ला मचाएथे २८०–८२
ऐ. शि. ज्यूको आदर हामी सधैं गरीरहन्छौं २८२

१ परिशिष्ट

कालिदासले आफ्नो नाटक मालविकाग्निमित्रमा दिएको शुङ्गवंशको इतिहास २८३–९९

२ परिशिष्ट

वेदमा उर्वशी र पुरूरवाको संवाद २९९–३०३

३ परिशिष्ट

रघुको दिग्विजय ३०४–५

४ परिशिष्ट

समुद्रगुप्तको दिग्विजय ३०५–७

५ परिशिष्ट

मेघदूतको सारांश ३०७–१८

६ परिशिष्ट

वेदमा प्रातःकालको वर्णन ३१८–१९

७ परिशिष्ट

वेदमा ताराको वर्णन ३१९

८ परिशिष्ट

वेदमा नक्षत्रविशेषको वर्णन ३२०

९ परिशिष्ट

वेदमा चन्द्रकला घटेबढेको वर्णन ३२०–२१

१० परिशिष्ट

वेदमा नक्षत्र र चन्द्रमाको संयोगको वर्णन ३२१

११ परिशिष्ट

वेदमा अगस्त्यको वर्णन ३२२–२३

१२ परिशिष्ट

पञ्चाङ्गसुधारको विषयमा श्री ५ को सरकार शिक्षामन्त्रालयमा पञ्चाङ्गविवेचक समितिले चढाएको प्रतिवेदनको सारांश ३२३–२५

१३ परिशिष्ट

श्री ५ को सरकारमा मैले चढाएको निवेदन ३२५–२७

१४ परिशिष्ट

त्रिभुवन-विश्वविद्यालय विद्याविषयमा कति जागरूक छ ? ३२७–२८

*लिच्छविकालका तीन अप्रकाशित अभिलेख* *३२९–३२*

*हाम्रो वक्तव्य* *३३३–४४*

# ऐतिहासिकशिरोमणि श्रीबाबुराम आचार्यज्यूसँग प्रार्थना

## प्रस्तावना

नेपालको इतिहासलाई प्रामाणिक ढङ्गले लिपिबद्ध गर्ने कामको प्रारम्भ नेपालमा सर्वप्रथम ऐतिहासिकशिरोमणि बाबुराम आचार्यज्यूले गर्नु भएको हो भन्ने कुरा निर्विवाद छ ।

आफ्नो तीव्र स्मरणशक्ति र विशाल जनसम्पर्कले गर्दा ऐतिहासिकशिरोमणिज्यू नेपालको जीवित इतिहास बन्नुभएको छ भने पनि अत्युक्ति हुँदैन ।

राणाशासकहरूका पनि निकट सम्पर्कमा उहाँ हुनुहुन्थ्यो तापनि उसताकाको उन्नतिको द्वार चाकडीकलाको उहाँ मर्मज्ञ नहुनुभएकोले राणाकालमा उहाँको प्रतिभाको कदर भएन । ५४ वर्षको उमेरमा उहाँका आँखा काम गर्न नसक्ने भए, खाएको खरिदारी जागीर पनि खोसियो । छोरालाई क्षयरोग लाग्यो, यस्तो आपत् पर्दा पनि उहाँले नेपालको इतिहासको अध्ययन गर्न छोड्नुभएन । उहाँको यस गुणको जति प्रशंसा गरे पनि थोरै हुन्छ ।

अहिले उहाँ ८० वर्ष पुग्न लाग्नुभयो । तैपनि उत्साहसाथ ग्रन्थ लेख्दै हुनुहुन्छ । उहाँका जेठा छोरा र मेरो जन्म एकै वर्ष भएको हो । यस कारण उहाँ मभन्दा १ पुस्ता माथि हुनुहुन्छ । मभन्दा १ पुस्ता तलका मानिसहरू पनि नेपालको इतिहास लिपिबद्ध गर्ने काममा उत्रिसकेका छन् । यस कारण उहाँ आफूभन्दा २ पुस्ता तलका मानिसका साथसाथै काम गर्दै हुनुहुन्छ । उहाँले नयाँ नयाँ सामान खोज्दै हेर्दै आफ्नो ज्ञानको सीमा बढाउँदै लानुभएको छ । यसरी उहाँको शरीर बूढो भयो तापनि उहाँको मानस योग्यता तन्नेरी नै छ भने हुन्छ । यस्ता किसिमका परिश्रमी प्रतिभाशाली विद्वान् विरलाकोटि मात्र जन्मन्छन् । यस्ता किसिमका मनुष्यले नेपालमा जन्म लिई नेपालको गौरव बढाइदिएका छन् भन्दा अत्युक्ति हुँदैन ।

उहाँ पहिले विक्रमसंवत् तथा वैशाखादि मास, गतेका पक्षपाती हुनुहुन्थ्यो × । पछि आएर विश्वइतिहासको सन्दर्भमा नेपालको इतिहासको अध्ययन गर्न सजिलो होस् भनी ईसवी संवत् तथा जनवरी, फरवरी आदि महीना तथा तारीखका पक्षपाती भई उहाँ निस्कनुभयो + । अहिले आएर विक्रमसंवत्को विक्रमशब्द हटाउने, ईसवी संवत्का महीनाको अनुकरण गरी नयाँ महीना-

---

× वि. सं. १९९६ को फाल्गुनको शारदा, पूर्णिमा ९ अङ्कको ८१ पृष्ठ तथा वि. सं. २००३ मा ने. भा. प्र. समितिबाट प्रकाशित बाबुराम आचार्यको "पुराना कवि र कविता" ।

+ वि. सं. २०२३ भाद्र १८ गतेको गोरखापत्र, पूर्णिमा ११ अङ्कको ९९ पृष्ठ ।

हरू बनाउने कुराको प्रचार गर्न उहाँ लाग्नुभयो❀ ।

यसरी उहाँले आफ्नो विचारलाई बदल्दै लगी हामीहरूलाई अलमलमा पारिदिनुभएको छ । अध्ययनबाट मनुष्यको विचार बदलिँदै जान्छ । तर त्यसो भए त्यस विषयको प्रमाण पनि प्रस्तुत हुनुपर्छ । अहिले उहाँले वैशाख ज्येष्ठ आदि महीना अशास्त्रीय र अवैज्ञानिक हुन् भनी बिनाप्रमाण लेखिदिनुभएको छ । यसले हामीलाई बडो अपठ्यारोमा पारिदिएको छ ।

राजा दशरथले भारी सभा गरी साराको राय लिई रामलाई युवराज बनाउने निश्चय गरे । सारा तयारी भयो । भोलि बिहानको साइत छ भन्ने निधो भयो । सब कुरो ठीक पारी पुरोहित मन्त्रीहरू ठीक समय दरबारमा उपस्थित भए । कैकेयीको दबाबमा परी राजा दशरथले यसै वेला रामचन्द्रलाई बोलाई तिमी वन जाऊ भन्ने आज्ञा दिए । सारा जिल्लाराम परे । निराशा र क्रोधको वातावरण छायो । लक्ष्मण गृहयुद्ध गर्न तम्से । कौशल्याले लक्ष्मणको पीठ ठोकिन्§ ।

---

❀श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी पहिलो भागको "एक दुइ कुरा" ।

§तथा तु विलपन्तीं तां कौसल्यां राममातरम् । उवाच लक्ष्मणो दीनस्तत्कालसदृशं वचः ॥१॥
न रोचते ममाप्येतदार्ये यद् राघवो वनम् । त्यक्त्वा राज्यश्रियं गच्छेत् स्त्रिया वाक्यवशं गतः ॥२॥
बिपरीतश्च वृद्धश्च विषयैश्च प्रधर्षितः । नृपः किमिव न ब्रूयाच्चोद्यमानः समन्मथः ॥३।
नास्यापराधं पश्यामि नापि दोषं तथाविधम् । येन निर्वास्यते राष्ट्राद् वनवासाय राघवः ॥४॥
न तं पश्याम्यहं लोके परोक्षमपि यो नरः । स्वमित्रोऽपि निरस्तोऽपि योऽस्य दोषमुदाहरेत् ॥५॥
देवकल्पमृजुं दान्तं रिपूणामपि वत्सलम् । अवेक्षमाणः को धर्मं त्यजेत् पुत्रमकारणात् ॥६॥
तदिदं बचनं राज्ञः पुनर्बाल्यमुपेयुषः । पुत्रः को हृदये कुर्याद् राजवृत्तमनुस्मरन् ॥७॥
यावदेव न जानाति कश्चिदर्थमिमं नरः । तावदेव मया सार्धमात्मस्थं कुरु शासनम् ॥८॥
मया पार्श्वे सधनुषा तव गुप्तस्य राघव । कः समर्थोऽधिकं कर्तुं कृतान्तस्येव तिष्ठतः ॥९॥
निर्मनुष्यामिमां सर्वामयोध्यां मनुजर्षभ । करिष्यामि शरैस्तीक्ष्णैर्यदि स्थास्यति विप्रिये ॥१०॥
भरतस्याथ पक्ष्यो वा यो वास्य हितमिच्छति । सर्वांस्तांश्च वधिष्यामि मृदुर्हि परिभूयते ॥११॥
प्रोत्साहितोऽयं कैकेय्या सन्तुष्टो यदि नः पिता । अमित्रभूतो निःसङ्गं बध्यतां वध्यतामपि ॥१२॥
गुरोरप्यवलिप्तस्य कार्याकार्यमजानतः । उत्पथं प्रतिपन्नस्य कार्यं भवति शासनम् ॥१३॥
बलमेष किमाश्रित्य हेतुं वा पुरुषोत्तम । दातुमिच्छति कैकेय्यै उपस्थितमिदं तव ॥१४॥
त्वया चैव मया चैव कृत्वा वैरमनुत्तमम् । कास्य शक्तिः श्रियं दातुं भरतायारिशासन ॥१५॥
अनुरक्तोऽस्मि भावेन भ्रातरं देवि तत्त्वतः । सत्येन धनुषा चैव दत्तेनेष्टेन ते शपे ॥१६॥
दीप्तमग्निमरण्यं वा यदि रामः प्रवेक्ष्यति । प्रविष्टं तत्र मां देवि त्वं पूर्वमवधारय ॥१७॥
हरामि वीर्याद् दुःखं ते तमः सूर्य इवोदितः । देवी पश्यतु मे वीर्यं राघवश्चैव पश्यतु ॥१८॥
हरिष्ये पितरं वृद्धं कैकेय्यासक्तमानसम् । कृपणं च स्थितं बाल्ये वृद्धभावेन गर्हितम् ॥१९॥
एतत् तु बचन श्रुत्वा लक्ष्मणस्य महात्मनः । उवाच रामं कौसल्या रुदती शोकलालसा ॥२०॥
भ्रातुस्ते बदतः पुत्र लक्ष्मणस्य श्रुतं त्वया । यदत्रानन्तरं तत् त्वं कुरुष्व यदि रोचते ॥२१॥

न चाधर्म्यं वचः श्रुत्वा सपत्न्या मम भाषितम् । विहाय शोकसन्तप्तां गन्तुमर्हसि मामितः ॥२२॥
धर्मज्ञ इति धर्मिष्ठ धर्मं चरितुमिच्छसि । शुश्रूष मामिहस्थस्त्वं चर धर्ममनुत्तमम् ॥२३॥
शुश्रूषुर्जननीं पुत्र स्वगृहे नियतो वसन् । परेण तपसा युक्तः काश्यपस्त्रिदिवं गतः ॥२४॥
यथैव राजा पूज्यस्ते गौरवेण तथा ह्यहम् । त्वां साहं नानुजानामि न गन्तव्यमितो वनम् ॥२५॥

(वाल्मीकीय रामायण अयोध्याकाण्ड २१ सर्ग)

[रामकी मुमा कौसल्याले त्यसरी विलाप गरेको सुन्दा दिक्क भई यस वेलालाई सुहाउने कुरा लक्ष्मण भन्न लागे । मुमा ! दाइले राज्य छोडेर वनवास जाने कुरा मलाईसमेत निको लागेको छैन । स्वास्नीको कुरा सुनेर राजा उनैको वशमा परेका छन् । राजा बूढा भइसकेका छन्, उनको बुद्धि उल्टो भएको छ, विषयवासनाले उनलाई दबाइराखेको छ, स्वास्नीले उचालेपछि यस्ता कामुक राजाले जे पनि बोल्दछन् । राज्यबाट निकालिएर वनवास जानुपर्नेकिसिमको कुनै बिराम दाइले गर्नु भएको मलाई थाहा छैन, न दाइमा कुनै किसिमको दोष देखिन्छ । दाइको ठूलो शत्रु वा दाइले निकालिदिएको मान्छेले पनि दाइको कुरा पछिल्तिर पनि काटेको मैले सुनेको छैन । देवता जस्ता, सोझा, पढेगुनेका, शत्रुहरूलाई पनि दया गर्ने छोरालाई धर्मको विचार गर्ने कुनचाहिं बाबुले विनाकारण त्याग गर्ला ? यस कारण फेरि केटाकेटी भएका राजाको कुरालाई पहिलेपहिलेका राजाको इतिहास पढेको कुनचाहिं छोराले मनमा लेला ? यो कुरा अर्थात् राजाले रामलाई वन पठाए भन्ने कुरा नफैलिंदै हे दाइ, मेरो मदत लिई राज्यमा अधिकार गरिहाल्नुहोस् । धनु भिरेर हजुरको नजीकमा रही म हजुरको रक्षा गर्छु । अनि अघिल्तिर खडा रहेका यमराज जस्ता हजुरको काममा तलमाथि पार्न कसको आँट पुग्छ ? हजुरको विरोधमा उठेका खण्डमा अयोध्याका सबै मानिसलाई म आफ्ना तीखा बाणले सिद्ध्याइदिन्छु । भरतको पक्ष लिने अथवा उनको हित गर्न खोज्ने सबैलाई म मारिदिन्छु । सूधो हुनु मनासीब छैन, सूधोलाई नै सबैले हेप्छन् । कैकेयीले उचालिराखिएका हाम्रा बाबु उनीसंग सन्तुष्ट छन्, यस कारण हाम्रा बाबु हाम्रो यस कामको विरोध गर्छन् भने उनलाई कि थुन्नुपर्छ कि मारिदिनुपर्छ । घमण्डले गर्दा गर्न हुने नहुने कुराको विचार नराखी कुबाटोमा हिँडेका मान्य जनलाई पनि तह लाउनैपर्छ । हजुरले पाएको यो राज्य केको भरमा र कुन कारणले यो राजा कैकेयीलाई दिन खोज्छन् ? हजुरलाई पनि मलाई पनि शत्रु बनाएर भरतलाई राज्य दिन यी राजाको के ताकत छ ? मुमा ! दाइसँग मेरो भित्रैदेखि ठूलो प्रेम छ भनी सत्य धन दान यज्ञ गरेर किरिया खान्छु । दाइ बलिरहेको आगोमा अथवा वन पस्नुहुन्छ भने मुमा ! त्यो भन्दा अगाडि नै मलाई त्यहाँ पसिसकेको भन्ठान्नुहोस् । मुमा ! सूर्यले अन्धकारलाई झैं हजुरको दुःखलाई म आफ्नो पराक्रमले हटाइदिन्छु । हजुरले पनि दाइले पनि मेरो पराक्रम देख्नुहुनेछ । कैकेयीमा भुलेकाले हामीहरूदेखि टाढा भएका, बूढा भएर पनि कामुक भएका, केटाकेटी जस्ता बाबुलाई म घिसारेर ल्याउँछु । शोकले विह्वल भएकी कौसल्याले आँटिला लक्ष्मणको यस्तो कुरा सुनेर रामचन्द्रलाई रुँदै भनिन् । हे बाबु ! तिमीले भाइ लक्ष्मणको कुरा सुनिहाल्यौ, तिमीलाई उनको कुरा ठीक लाग्छ भने उनले भनेबमोजिम गर । दुःखले गलेकी

रामचन्द्रले यस बेला बुद्धिमानी नपुऱ्याएका भए मारकाट अवश्य हुन्थ्यो । पछि चाहे जेसुकै परिणाम होस्, धैर्य गरी चूपचापसँग रामचन्द्र वनतिर लागे । दशरथको मन पोल्न लाग्यो । यही पीरले उनको प्राण पनि गयो । यो कुरा वाल्मीकीय रामायण अयोध्याकाण्डमा विस्तार-पूर्वक स्पष्टसंग लेखिएको छ ।

दशरथको मन दोलायमान भएकोले उनले आफ्नो पनि आफ्ना सन्तानको पनि तथा आफ्नो राज्यको पनि अहित गरे भन्ने कुरा हामी आफ्नो आदिकाव्यबाट बुझ्छौं ।

श्री ५ राजेन्द्रविक्रम शाहले मनलाई दोलायमान पारेर आफ्नो, आफ्ना सन्तानको र आफ्नो राज्यको पनि अहित गरे । उनले दृढता लिइदिएका भए नता कोतपर्व हुन्थ्यो, नता राणाराज्य नै जमाउंथ्यो भन्ने कुरा नेपालको इतिहासमा छर्लङ्ग भएर रहेको छ ।

यति भन्नाको तात्पर्य कहिले केही, कहिले केही भनेर बोल्दा नता आफ्नै हित हुन्छ नता आफन्तकै हित हुन्छ भन्ने हो ।

ईसाई धर्मका आचार्य पोप ग्रेगरीको रीतअनुसारका जनवरी फरवरी महीना वैज्ञानिक हुन्, हिन्दुहरूको आर्षग्रन्थअनुसारका वैशाख ज्येष्ठ आदि महीना अशास्त्रीय र अवैज्ञानिक हुन् भन्ने कुरा लिपिबद्ध गराएर ऐतिहासिकशिरोमणिज्यूले अहिले आएर हिन्दू समाजलाई एक आपत्तिमा पारिदिनुभएको छ । यति यति कारणले वैशाख ज्येष्ठ आदि महीना अशास्त्रीय र अवैज्ञानिक हुन् भनी उहाँले कारण खुलाई लेखिदिनुभएको भए पनि के लाग्यो, आफ्नै दोष रहेछ, स्वीकार गर्नुपऱ्यो भनी चित बुझाउनु हुन्थ्यो । हजारौं वर्षदेखि मानिआएको उपपत्तिसम्मत कुरोलाई विना प्रमाणमा कसरी छोड्ने, यो अत्यन्त विकट प्रश्न हाम्रो अघिल्तिर आएको छ । ऐतिहासिकशिरोमणिज्यू यहाँनेर भ्रममा पर्नुभयो भन्ने मलाई लाग्छ । किनभने बुद्धिमान् मनुष्य पनि कहिलेकहीं भ्रममा पर्छन् भनी भास्करले बोलेको कुरा मैले पढेको छु—

**गर्वाद् रसराभस्यात् परविश्वासात् प्रमादतश्चापि ।**
**मुह्यन्त्यपि मतिमन्तः ... ... ... ... ... ॥२३॥**

(सिद्धान्तशिरोमणि दृक्कर्मवासनाधिकार)

[घमण्ड गर्नाले, कुनै कुरामा लग्गू हुनाले, अरूको अन्धविश्वास गर्नाले, बेहोशी गर्नाले बुद्धि-मान्हरूलाई पनि मोह हुन्छ । ]

---

मलाई छोडी मेरी सौताको अन्यायी कुरा सुनेर तिमीले वन जानु हुँदैन । तिमीले धर्म बुझेका छौ, तिमी धर्मात्मा छौ तथा तिमी धर्म गर्न खोज्छौ । यहीं बसेर मेरो सेवा गर, तिमीलाई ठूलो पुण्य मिल्छ । घरमा बसेर नियमपूर्वक आमाको सेवा गरेको पुण्यको बलले काश्यपले स्वर्ग पाएथे । जसरी तिमीले राजालाई मान्नुपर्छ, त्यसै गरी मलाई पनि मान्नुपर्छ । म तिमीलाई वन जाने आज्ञा दिन्नं । तिमी वन नजाऊ । ]

(यहाँ श्रीवासुदेव भट्टराईको अनुवादमा केही पद फेरफार पारिएको छ । )

ऐतिहासिकशिरोमणिज्यू भ्रममा पर्नुभएको महीनाविषयको यो कुरा अलि गम्भीर छ। यस कारण ज्यौतिषशास्त्र विशेष नपढेका मनुष्यले पनि बुझ्न सक्ने एउटा उदाहरण यहाँ दिइन्छ ।

श्री ५ पृथ्वीनारायण शाहले कस्केली पण्डित राजीवलोचनलाई पठाएको पत्रको नकल ऐतिहासिकशिरोमणिज्यूबाट मैले सारी लिएको थिएँ । त्यसलाई ऐतिहासिक पत्रसंग्रह (पहिलो भाग) का १९–२० पृष्ठमा ऐ. शि. ज्यूका नामसाथ वि. सं. २०१४ मा धनवज्र ज्ञानमणिले प्रकाश गरेका थिए । सो पत्रमा *'आउंदा जीवपक्षमा काज हवस्'* भनी लेखिएकोले त्यहाँ जीवपक्षको व्याख्या यसरी गरिएको थियो–

**तमोभुक्ततारा: स्मृता विश्वसंख्या: शुभो जीवपक्षो मृतश्चापि भोग्या:।**
**तदाक्रान्तभं कर्त्तरीसंज्ञमुक्तं ततोऽक्षेन्दुसङ्ख्यं भवेद् ग्रस्तनाम ।।१४।।**
**मार्त्तण्डे मृतपक्षगे हिमकरश्चेज्जीवपक्षे शुभा**
**यात्रा स्याद् विपरीतगे क्षयकरी द्वौ जीवपक्षे शुभा ।**
**ग्रस्तर्क्षं मृतपक्षत: शुभकरं ग्रस्तात् तथा कर्तरी**
**यायीन्दु: स्थितिमान् रविर्जयकरौ तौ द्वौ तयोजीवगौ ।। १५ ।।**

(मुहूर्त्तचिन्तामणि यात्राप्रकरण)

[राहुले भोग गरिएका तेह्र नक्षत्र जीवपक्ष कहलाउँछन् । राहुले भोग गरिने तेह्र नक्षत्रचाहिं मृतपक्ष कहलाउँछन् । राहु नै बसेको नक्षत्र कर्त्तरी कहिन्छ । त्यसको पन्ध्रौंचाहि नक्षत्र ग्रस्त कहिन्छ ।

सूर्य मृतपक्षमा र चन्द्र जीवपक्षमा छन् भने यात्रा शुभ हुन्छ । सूर्य जीवपक्षमा र चन्द्र मृतपक्षमा छन् भने यात्रामा क्षय हुन्छ । चन्द्र सूर्य दुवै जीवपक्षमा छन् भने यात्रा शुभ हुन्छ । यात्रामा मृतपक्षभन्दा ग्रस्त नक्षत्र शुभ हुन्छ । ग्रस्तभन्दा कर्त्तरी शुभ हुन्छ । चन्द्र जीवपक्षमा भए यायीको जित हुन्छ । सूर्य जीवपक्षमा भए स्थायीको जित हुन्छ ।]

अहिले श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी (दोस्रो भाग) का २५७–५९ पृ. मा. ऐ. शि. ज्यूले सो पत्र परिचयसाथ प्रकाश गर्नुभएको छ । त्यहाँ उहाँले—

**"जीव-पक्ष र मृत-पक्ष भन्ने कल्पना अकबरका समयका वाराणसीमा रहेका फलितज्योतिषीहरूको एक जंजालमात्र हो । यस जंजाललाई गोर्खा र चौबीसीठकुराइका ज्योतिषीहरूले संज्ञन नसकी यसलाई वेद-मन्त्र जस्तै मानेर राजाहरूलाई फसाउने गरेका थिए ।"**

(श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी २ भाग २५९ पृ. बाट) भनी टिप्पणी लेख्नुभएको छ ।

मुहूर्तचिन्तामणिमा–

तदात्मज उदारधीर्विबुधनीलकण्ठानुजो
गणेशपदपङ्कजं हृदि निधाय रामाभिधः ।
गिरीशनगरे वरे भुजभुजेषुचन्द्रैर्मिते
शके विनिरमादिमं खलु मुहूर्तचिन्तामणिम् ॥१०॥

(गृहप्रवेशप्रकरण)

[अनन्त दैवज्ञका छोरा पण्डित नीलकण्ठका भाइ बुद्धिमान् राम दैवज्ञले शाके १५२२ (वि. सं. १६५७) मा काशी शहरमा गणेशजीको चरणकमल मनमा सम्झी यो मुहूर्तचिन्तामणि बनाए । ]

यस्तो लेखिएको र रामदैवज्ञले नै बनाएको रामविनोदमा–

गणपतिमभिवन्द्य श्रीशपादारविन्दस्मरणविदिततत्त्वोऽनन्तजो रामचन्द्रः ।
अकबरनृपशाकाद् वक्ति पञ्चाङ्गपत्रं ग्रहगतिमवेतं रामभूपालतुष्टयै॥१॥
सूर्यभूपमितविक्रमशाके लब्धवानखिलभूमिपतित्वम् ।
स्थापयन् निजशकं खलु सम्राड् भात्यसावकबरक्षितिपालः ॥२॥
रामेण यत्नादिह रामदासप्रीत्यै कृते रामविनोदनाम्नि ।
जल्लालदीन्द्राकबरस्य शाकात् पञ्चाङ्गसिद्धिः परिपूर्तिमागात् ॥१९॥

(रामविनोदकारिका)

[विष्णुको चरणकमल सम्झनाले तत्त्व बुझेका अनन्तदैवज्ञका छोरा रामदैवज्ञले गणेशजीलाई ढोगेर राजा रामदासलाई प्रसन्न पार्न अकबर बादशाहको संवत्देखि उठान गरी ग्रहगणितसमेत भएको रामविनोदनामक पञ्चाङ्गपत्र (सारणी) बनाउँछन् ।

वि. सं. १६१२ मा अकबर गद्दीमा बस्नुभयो । आफ्नो संवत् चलाउँदै चक्रवर्ती भई उहाँले राज्य गरिरहनुभएको छ ।

रामदैवज्ञले राजा रामदासलाई प्रसन्न पार्न जलालुद्दीन अकबरको संवत्देखि उठान गरी बनाएको रामविनोदमा पञ्चाङ्ग ल्याउने विधि सिद्धियो । ]

लेखिएको हुनाले अकबरसँग मुहूर्तचिन्तामणिकारको सम्बन्ध थियो तथा उनले काशीमा मुहूर्तचिन्तामणि बनाएका हुन् भन्ने कुरा स्पष्ट छ । यसैको आधारमा जीवपक्ष र मृतपक्ष भन्ने कल्पना अकबरका समयका वाराणसीमा रहेका फलित ज्योतिषीहरूको एक जंजालमात्र हो भनी ऐ. शि. ज्युले टिप्पणी लेख्नुभएको देखिन्छ ।

मुहूर्तचिन्तामणिका टीकामध्ये राम दैवज्ञका भतिजा गोविन्द दैवज्ञले बनाएको पीयूषधारा प्रामाणिक मानिएको छ । त्यहाँ गोविन्द दैवज्ञले जीवपक्ष र मृतपक्षको विषयमा प्रामाणिक बचन उद्धरण गरेका छन् । त्यहाँ स्वरोदयको वचन पनि उद्धरण गरिएको छ । नरपतिजयचर्यास्वरोदय स्वरविषयको प्रामाणिक ग्रन्थ मानिएको छ । नेपालउपत्यकाका मल्ल राजाहरू स्वरशास्त्रमा निकै चाख राख्थे भन्ने कुरो पूर्णिमा १ अङ्कका २९—३० पृष्ठमा प्रकाशित भएको छ ।

नरपतिजयचर्यामा जीवपक्ष र मृतपक्षको विषयमा यस्तो लेखिएको छ—

**राहुभुक्तानि ऋक्षाणि जीवपक्षे त्रयोदश ।**
**त्रयोदशैव भोग्यानि मृतपक्षः प्रकीर्तितः ।।१६।।**
**मृतपक्षे मुखं तस्य गुदं जीवाङ्गमध्यमम् ।**
**एवमङ्गद्वयो राहुर्ज्ञातव्यः स्वरपारगैः ।। १७ ।।**
**जीवपक्षे क्षपानाथे मृतपक्षे रवौ तथा ।**
**तस्मिन् काले शुभा यात्रा विपरीता तु हानिदा ।। १८ ।।**
**चन्द्रादित्यौ यदा युक्तौ जीवपक्षे व्यवस्थितौ ।**
**तत्र क्षेमं जयो लाभो यात्राकाले न संशयः ।। १९ ।।**
**मृतपक्षे यदा काले संस्थितौ शशिभास्करौ ।**
**तदा हानिर्भयं भङ्गो मृत्यू राज्ञां प्रजायते ।। २० ।।**
**जीवपक्षे स्थिते चन्द्रे कार्यं स्यादमृतोपमम् ।।**
**मृतपक्षे मृतं ज्ञेयं यतश्चन्द्रबलाबलम् ।। २१ ।।**
**इति द्विधाङ्गराहुचक्रम् ।।**

(वि. सं. १९६३ मा वेङ्कटेश्वरबाट प्रकाशित नरपतिजयचर्यास्वरोदयका ९१–९२ पृष्टबाट )

[राहुले भोग गरिएका तेह्र नक्षत्र जीवपक्ष कहलाउँछन्, राहुले भोग गरिने तेह्र नक्षत्रचाहिं मृतपक्ष कहलाउँछन् । मृतपक्षमा राहुको मुख हुन्छ । राहुको गुदद्वार जीवपक्षमा हुन्छ । राहुका यस्ता दुइ अङ्ग छन् भन्ने कुरा स्वरशास्त्रज्ञहरूले मानेका छन् । जीवपक्षमा चन्द्रमा र मृतपक्षमा सूर्य हुँदा यात्रा गरे शुभफल हुन्छ । यसको उल्टो भएमा हानि हुन्छ । चन्द्र सूर्य दुवै जीवपक्षमा भएका वेलामा यात्रा गर्दा (राजाको) कल्याण, जित तथा लाभ हुन्छ । चन्द्र सूर्य दुवै मृतपक्षमा भएका वेलामा यात्रा गर्दा राजाको हानि, डर, हार तथा मृत्यु हुन्छ । जीवपक्षमा चन्द्रमा भएका वेलामा कामगर्दा अमृत जस्तो फल आउँछ । मृतपक्षमा चन्द्रमा भएका वेलामा काम गर्दा मृत्यु हुन्छ ।]

नरपतिजयचर्याका अनेकौं प्राचीन प्रति नेपालमा पाइन्छन् ❁ । ताडपत्रमा वि. सं. १३३७ मा लेखिएको नरपतिजयचर्याको पुस्तक वीरपुस्तकालयको प १५३७ सं मा रहेको छ । त्यसको अन्तिम वाक्य यस्तो छ–

संवत्सरे खखाब्धौ च नभस्यासितपक्षगे
चतुर्थ्यां भृगुवारञ्च संपूर्ण्णं लिखितं मिदम् ।
श्रीमत्पाशुपतिस्थाने दक्षिणस्या दिशाश्रितः
दैवज्ञजैतसीहेन लिखितं स्वात्महेतः ।

संवत् ४०० भाद्रपदशुक्लचतुर्थ्यां शुक्रवासरे श्रीपशुपतिस्थाने । श्रीमद्दनन्तमल्लदेवस्य विजयराज्ये श्रीराजमण्डल्यां दैवज्ञस्य ।

[ ने. सं. ४०० (वि. सं. १३३७) भाद्र शुक्ल चतुर्थी शुक्रवारको दिन ▣ पशुपतिस्थानका दक्षिणतिर बस्ने राजसभाका ज्योतिषी जैतसीहले श्रीअनन्तमल्लदेवको विजयराज्यमा आफ्नो लागि यो सारेका हुन् । ]

सो ताडपत्रको पुस्तकको २५ पत्रमा जीवपक्ष मृतपक्षको विषयमा यस्तो लेखिएको छ—

राहुभुक्तानि रिक्षानि जीवपक्षे त्रयोदश ।
त्रयोदशैव भोग्यानि मृतपक्षः प्रकीर्तिताः ।।
मृतपक्षे मुखं तस्य गुदजीवांगमध्यमं ।
एवं संगद्वये राहुर्ज्ञातव्य स्वरपारगैः ।।
जोवपक्षे क्षपानाथे मृतपक्षे रवौ स्थितः ।
तस्मिन् काले शुभा यात्रा विपरीते तु हानिदा ।।
चंद्रादित्यौ यदा युक्तौ जीवपक्षे व्यवस्थितौ ।
तत्र क्षेमं जयं लाभं यात्राकाले न शंसयः ।।
मृतपक्षे यदा काले संस्थितौ चन्द्रभास्करौ ।
तदा हानिर्भयं भंगो मृत्यु यात्राफलं मतं ।।

---

❁ भिन्न भिन्न समयमा सारिएका नरपतिजयचर्याका १७ वटा प्रति वीरपुस्तकालयमा छन् भन्ने कुरा सो पुस्तकालयको बृहत्सूचीपत्र पहिलो भागका १०६–११४ पृ. बाट बुझिन्छ ।

▣ यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १३३७ भाद्र शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| आश्विन | ३ | शुक्र | तृतीया | १ | ५६ |

जीवपक्षस्थिते चन्द्रे कार्यं स्यादमृतोपमम् ।
मृतपक्षे मृतं ज्ञेयं यतश्चन्द्रबले बलं ।।

नरपतिजयचर्याको माथि प्रकाश गरिएको अशसँग यो अंश मिल्छ । व्याकरण नपढेकाले सारेका हुनाले पाठ अलि अशुद्ध भएको हो ।

यसबाट विक्रमको चौधौं शताब्दीमा नेपालउपत्यकाका ज्योतिषीहरू नरपतिजयचर्या सार्ने पढ्ने गर्थे तथा त्यस वेला जीवपक्ष मृतपक्ष भन्ने कुरा प्रचारमा आइसकेको थियो भन्ने स्पष्ट छ ।

विक्रमका सत्रौं शताब्दीका अकबरभन्दा ३०० वर्षअगाडि सारिएको पुस्तकमा जीवपक्ष मृतपक्षको चर्चा पाइएपछि

**जीव-पक्ष र मृत-पक्ष भन्ने कल्पना अकबरका समयका वाराणसीमा रहेका फलितज्योतिषीहरूको एक जंजालमात्र हो । यस जंजाललाई गोर्खा र चौबीसीठकुराइका ज्योतिषीहरूले संझन नसकी यसलाई वेद-मन्त्र जस्तै मानेर राजाहरूलाई फसाउने गरेका थिए ।**

(दोस्रो भाग २५९ पृष्ठ)

**भन्ने ऐ. शि. ज्यूको यस धनाइको हामीले कसरी विश्वास गर्ने भन्ने प्रश्न हाम्रो अगाडि आएको छ ।**

नरपतिजयचर्याकारले आफ्ना आधारग्रन्थको नाम लिएका छन् । जस्तै–

ब्रह्मयामलमादौ स्याद् द्वितीयं विष्णुयामलम् ।
रुद्रयामलमाख्यातं चतुर्थं चादियामलम् ।। ४ ।।
स्कन्दं च यामलं चैव षष्ठं कूर्मस्य यामलम् ।
सप्तमं यामलं देव्या इति यामलसप्तकम् ।। ५ ।।
श्रुत्वादौ यामलान् सप्त तथा युद्धजयार्णवम् ।
कौमारीं कौशलं चैव योगिनीजालसञ्चरम् ।।६।।
रक्षोघ्नं च त्रिमुण्डं च स्वरसिंहं स्वरार्णवम् ।
भूबलं भैरवं नाम पटलं स्वरभैरवम् ।।७।।
तन्त्रं रणाह्वयं ख्यातं सिद्धान्तं जयपद्धतिम् ।
पुस्तकेन्द्रं च ढौकं श्रीदर्शनं ज्योतिषं तथा ।।८।।
मन्त्रयन्त्राण्यनेकानि कूटयुद्धानि यानि च ।
तन्त्रयुक्तिं च विज्ञाय विज्ञानं बडवानले ।।९।।
एतेषां सर्वशास्त्राणां दृष्टसारोहमात्मना ।
सारोद्धारं भवि(णि)ष्यामि सर्वसत्त्वानुकम्पया ।।१०।।

(नरपतिजयचर्याको पहिलो अध्याय)

यहाँ नरपतिजयचर्याका आधारग्रन्थमा युद्धजयार्णव पनि परेको छ । युद्धजयार्णवको मङ्गलाचरणमा

मोहान्धकारमग्नानां जनानां ज्ञानरश्मिभिः ।
कृतमुद्धरणं येन तन्नौमि शिवभास्करम् ।।

भन्ने श्लोक छ ।

फर्पिङ टुटेपानी इखापोखरीको वि. सं. १३१७ को अभिलेखमा—

मोहांधकारमग्नानाम् जनाणां ज्ञानरश्मिभि
कृतमूधरनं जेन तन्नममि शिवभास्करम् ।।

**सम्वत् ३८१ पौसोशुक्लदिवा अष्टम्याम् श्रीश्रीपरमेश्वरपरमश्रीश्रीभीमदेवस्य विजयराज्येः। श्रीफर्नापिंगविषयाधिपतिमहाशामन्तश्रीजेतरामजीवस्य नगरेतिः**

(अभिलेख—संग्रह नवौं भाग २७ पृ. बाट)

[अज्ञानरूपी अँध्यारोमा गाडिएका मानिसहरूलाई ज्ञानरूपी किरणद्वारा जसले उद्धार गर्छन्, त्यस्ता कल्याणकारी सूर्यलाई नमस्कार गर्छु ।

ने. सं. ३८१ (वि. सं. १३१७) पौष शुक्ल अष्टमीको दिन श्रीश्रीपरमेश्वर परम श्रीश्रीभीमदेवको विजयराज्यमा । श्रीफर्नापिंगविषय (फर्पिङ जिल्ला) का मालिक महासामन्त श्रीजेतराम जीवको सहरमा ]

वि. सं. १३१७ को नेपालको अभिलेखमा युद्धजयार्णवको मङ्गलाचरण श्लोक देखिनाले सो ग्रन्थ विक्रमको चौधौं शताब्दीमा नेपालमा प्रचार भइसकेको थियो भन्ने बुझिन्छ । वीरपुस्तकालयमा युद्धजयार्णवका ७ प्रति छन् भन्ने कुरा बृहत्सूचीपत्र पहिलो भागका १६५–६७ पृ. बाट बुझिन्छ ।

जीवपक्ष मृतपक्षको मूल खोज्न नरपतिजयचर्याका सबै आधारग्रन्थको अन्वेषण, अध्ययन तथा मनन गर्नु अत्यावश्यक छ ।

यस कारण दुनियाँमा भ्रम नफैलियोस्, यथार्थ कुरा प्रकाश होस् भन्ने आशयले सकेसम्म सरल पारी ऐतिहासिकशिरोमणिज्यूसँगको प्रार्थनाको रूपमा यो निबन्ध प्रकाश गरिएको छ । यसको गुणदोषको परीक्षा गर्ने अधिकार सबै विचारशील व्यक्तिलाई छ ।

यस निबन्धलाई तयार गर्दा मेरो साथ रही मेरो विचारअनुसार नानी शङ्करमान राजवंशी, मङ्गलदास प्रधानाङ्ग, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, दिनेशराज पन्तहरूले काम गरेका छन् । रामजी तेवारी, देवीप्रसाद भण्डारी तथा धनवज्र वज्राचार्यबाट पनि अलिकता काम भएको छ । सबैलाई यथोचित धन्यवाद छ ।

**नयराज पन्त**
महाबौद्ध काठमाडौं
नेपाल

वि. सं. २०२४
आश्विन ३१ गते मङ्गलवार

*आदरणीय ऐतिहासिकशिरोमणिज्यू,*

तपाईंले रचना गर्नुभएका श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनीका पहिलो तथा दोस्रो भाग सेनानी श्रीनीरविक्रम प्यासीज्यूले कृपापूर्वक मसार्फत संशोधन-मण्डललाई पठाइदिनुभएको छ❁ । यी पुस्तक मैले अत्यन्त चाख मानी पढें ।

नेपालको इतिहासमा काम गर्ने हामी सबैमध्ये तपाईं श्रेष्ठतम हुनुहुन्छ भनी मैले पूर्णिमा ९ अङ्कको ८० पृष्ठमा लेखेको थिएं । मेरो विचारलाई तपाईंका यी पुस्तकले झन् आड दिएका छन् । भरखर भरखर प्रकाशित सामग्रीहरूको पनि उपयोग गरी ८० वर्षको उमेरमा यस्ता ग्रन्थ लेख्नु तपाईं जस्ता असाधारण प्रतिभासम्पन्न व्यक्तिको हातबाट मात्र हुनसक्ने हो । यसमा तपाईंलाई म सहस्र धन्यवाद दिन्छु ।

८० वर्षको उमेरमा इतिहास जस्तो गम्भीर विषयमा यस्तो अध्ययन गर्ने तपाईंको अध्य-वसाय देखेर मैले वर्तमानकालका श्रेष्ठतम ज्योतिषीहरूमध्येका एक जना वेङ्कटेश केतकरलाई संझें§ । यस कारण म तपाईंको अभिवादन गर्छु ।

---

❁ श्री

राजदरवार

श्रीनयराज पन्त

इतिहास संसोधन मण्डल

महाबौद्ध

महाशय,

श्री ५ बडामहाराजाधिराज पृथ्वी नारायण शाहको संक्षिप्त जीवनी भाग १ तपाईंको संसोधन मण्डलको लागि १ प्रति पठाएको छु । स्विकार्नु होला ।

भवदीय

१५ । ५ । २०२४ नीरविक्रम

सेनानी

यस्तै बेहोराको अर्को पत्र २०२४ । ७ । ३ मा आएको छ ।

§ शीर्षं शुभ्रकचान्वितं च शिथिलं गात्रं च मन्देऽक्षिणी
चाञ्चल्यं स्मृतिमेधयोः श्रुतियुगं तीक्ष्णं च भव्याकृतिः ।
तातानां खलु सप्तसप्ततिसमासन्नं वयो यद्यपि
ये मुञ्चन्ति न खेटशास्त्रजकथा अद्यापि तेभ्यो नमः ॥१॥

(केतकीग्रहगणितटीका ३१३ पृष्ठमा छापिएको दत्तात्रेय केतकरको पद्य)

यस पद्यमा मन्देऽक्षिणी सन्धि अशुद्ध भएको छ ।

[ बा अहिले ७७ वर्ष हुन लाग्नुभयो । कपाल जम्मै फुलिसके, जीउ गलिसक्यो, आँखा कमजोर भइसके, संझना र बुद्धिमा पनि चञ्चलता आइसक्यो, कान र अनुहारचाहिँ बिग्रेका छैनन् । तैपनि बा ज्योतिषशास्त्रको चर्चा छोड्नुहुँदैन । म उहाँको अभिवादन गर्छु, ]

चित्त नबुझेका एक दुइ कुराको बिषयमा तपाईंसँग मैले झिँजो निवेदन गर्ने साहस गरेको छु । रिसानी माफ रहला ।

श्री ५ प्रतापसिंह शाहका मातामहको नाम दयारामसिंह पाइएपछि (पृथ्वीनारायण शाहको जीवनी पहिलो भाग १४८ पृ.) त्यसको स्वीकार गर्नु इतिहासकारको कर्तव्यै हो । यस कारण श्री ५ पृथ्वीनारायण शाहका दोस्रा बडामहारानी नरेन्द्रलक्ष्मी (श्री ५ प्रतापसिंहकी मुमा)को बाबुको नाउँ अहिमानसिंह भनी वंशावलीकारले लेखेकोमा शङ्का उठ्नु पनि स्वाभाविक छ । यस कारण तपाईंले लेख्नुभएको तेस्रो परिच्छेदको १४ टिप्पणी (पहिलो भाग १४८–१५१ पृ.) उचित देखिन्छ ।

तर

"गोर्खामा मदिसे राजपूतका कन्यालाई हाडापानी अनुकूल नभए तापनि श्री ५ पृथ्वीनारायण शाहलाई मदिसे राजपूतकी कन्या बिवाह गर्न आवश्यक भएको हुनाले र यस समयमा पाल्पामा यिनका मातामह गन्धर्व सेन राजा भइरहेका हुनाले गन्धर्व सेनको सहायता लिई भानु जोशीलाई डोला खोज्न पठाएर गोरखपुरजिल्लाका जमीन्दार दयारामसिंहकी कन्या डोला ल्याएर विवाह भएपछि नरेन्द्रलक्ष्मी भन्ने नयाँ नाम राखिएको देखिन्छ ।"

(१५१ पृ.)

यहाँनिर दयारामसिंह गोरखपुरका जमीन्दार थिए भन्ने कुराको प्रमाण नखुलेको हुनाले उनको स्थान पदवी नलेखिदिएको भए इतिहास अझ साँचो हुँदो हो ।

"यस जीवन-चरित्रमा आफ्ना राष्ट्रिय मिति–पत्रको उपयोग नगरेर ग्रेगोरीको मिति-पत्रको उपयोग गर्नाको कारण बताउनुपरेको छ । हाम्रा राष्ट्रिय सम्वत्मा विशेषण गराएर जोडिएको 'विक्रम' शब्द सार्थक् देखिन्न । यो सम्वत् उज्जयिनीका राजा विक्रमादित्यले चलाएका हुन् भन्ने दन्त्यकथा १२०० वर्ष पहिलेदेखि भारतमा चल्दै आएको छ र यस देशमा पनि यो दन्त्यकथा आइपुगेको छ । तर, जुन समय (इसा पूर्व ५८ वर्ष)मा यो सम्वत् उठान भएको थियो उस समयमा अवन्तिदेशको राजधानी उज्जयिनीमा राजा विक्रमादित्यको अस्तित्व देखिदैन । उज्जयिनी-नगरीको सौन्दर्यदेखि मुग्ध भएका महाकवि कालिदास (इ सम्वत् ४००) ले रघुवंश र मेघदूतमा त्यस नगरीको मुक्तकण्ठले प्रशंसा गरेका छन् । आफूभन्दा दुइ शताब्दी पहिले महाकवि भासले बनाएका स्वप्नवासवदत्तानाटकमा वर्णन गरिएका अवन्तिराज प्रद्योतका जुवाइँ वत्सराज उदयन र वासवदत्ताका मनोहारी कथा सुनेरमात्र जगाडि बढ्न आग्रह उनले मेघलाई गराएका छन् (मेघदूत, १–३१) । यदि उनले सम्वतको उठान गर्ने अवन्तिका राजा विक्रमादित्यको कथा सुनेका भए तिनको वर्णन रघुवंश वा मेघदूतमा अवश्य गर्नेथिए । उज्जयिनीका खण्डहरहरूको उत्खनन हुँदा पनि त्यस समयमा त्यहाँ विक्रमादित्य रहेको चिन्ह भेट्टिएको समाचार पत्रपत्रिकामा देखिएको छैन । यस कारणले इसापूर्व पहिला शताब्दीका विक्रमदित्य ऐतिहासिक राजा देखिन्नन् । वास्तवमा यस सम्वत्को उठान वर्तमान राजपूतानामा आवाद भएको मालव-गणले गरेका हुन् भन्ने कुरा त्यहाँ पाइएका शिलालेखहरूबाट प्रमाणित भइसकेको छ । यस

कारणले यस सम्वत्का साथ जोडिएको 'विक्रम' भन्ने शब्द हटाउनु आवश्यक भएको छ। तैपनि यो सम्वत् हाम्रो राष्ट्रिय सम्वत् भएको हुनाले त्याज्य छैन; नितान्त ग्राह्य छ।

तर सम्वत् १९६० देखि राष्ट्रिय मास गराएर चालू गरिएको नाक्षत्रिक सौरमास शास्त्रीय छैनन्। ऋतु विशेषको नाम भएको 'वर्षा' शब्दबाट बनेको वर्ष, ऋतुचक्रपूरणकाल हुनु शास्त्रीय छ। यस कारणले ऋतुचक्रपूरणकालसंग टम्म मिल्ने आर्तव-सौरमासको व्यवहार गर्न आवश्यक भएको छ। संसारका अधिकांश देशहरूले पनि वैज्ञानिक मानेर आर्तव सौरमासको व्यवहार गरिसकेका छन्।

वर्तमान समयको राष्ट्रिय मिति-पत्रमा व्यवहार गरिएको नाक्षत्रिक सौरवर्षका मासहरू अशास्त्रीय र अवैज्ञानिक छन्। यस कारणले आफ्ना संस्कृतिको अनुकूल गराएर आर्तवसौरवर्षमा आधारित नयाँ राष्ट्रिय मिति-पत्र तयार गर्नु आवश्यक भएको छ र सो नभएसम्मका अन्तरीकालका निमित्त अन्तर्राष्ट्रिय मितिपत्र भएको ग्रेगोरीको मितिपत्रलाई उधारो लिएर काम चलाउनुपरेको हो।

(पहिलो भागको 'एक दुइ कुरा' बाट)

तपाईंले यहाँ ठोकेर बोलिदिनुभएका कुरा शङ्कारहित नभएकाले प्रामाणिक बन्न गाह्रा छन। यस कारण तपाईंका यी कुराको विस्तारपूर्वक परीक्षा गर्नुपरेको छ।

पहिले कालिदासको समय र विक्रमसंबत् चलाउने राजा विक्रमको विषयमा विचार गरौं।

कालिदासले शुङ्गवंशका सम्राट् अग्निमित्रको प्रेमकथालाई लिई मालविकाग्निमित्र नाटक लेखेका छन्।

मौर्यवंशपछि शुङ्गवंशको स्थापना भएको हो। प्रथम मौर्यसम्राट् चन्द्रगुप्तको समय हाम्रो यहाँको सुमतितन्त्रको अनुसार वि. पू. २४४ देखिन्छ❁। भारतमा आक्रमण गर्ने ग्रीक (यूनानी) राजा अलक्सान्दर (सिकन्दर)का पालाको तिथिमितिलाई लिई पाश्चात्य विद्वान्हरूले चन्द्रगुप्तको राज्यारोहण वि. पू. २६६ मानेका छन्§। यस तिथिमा अलिकता वर्षको वादविवाद हुँदैछ*।

ततश्च नव चैतान् नन्दान् कौटिल्यो ब्राह्मणस्समुद्धरिष्यति ॥२६॥ तेषामभावे मौर्याः पृथिवीं भोक्ष्यन्ति ॥२७॥ कौटिल्य एव चन्द्रगुप्तमुत्पन्नं राज्येऽभिषेक्ष्यति ॥२८॥ तस्यापि पुत्रो बिन्दुसारो भविष्यति ॥२९॥

---

❁ पूर्णिमा ५ अङ्कको १२ पृष्ठ हेर्नुहोस्।

§ स्मिथको अर्लि हिस्ट्रि अफ् इन्डिया तेस्रो संस्करणको १९६ पृ. हेर्नुहोस्।

* जयचन्द्र विद्यालङ्कारको भारतीय इतिहास की रूपरेखाको ५४७ पृ., रमाशङ्कर त्रिपाठीको प्राचीन भारत का इतिहासको ११४ पृ., रमेशचन्द्र मजुमदार, हेमचन्द्र रायचौधुरी, कालिकिङ्कर दत्तको भारत का बृहत् इतिहास प्रथम भागको २९५ पृष्ठ हेर्नुहोस्।

**तस्याप्यशोकवर्द्धनस्ततस्सुयशास्ततश्च दशरथस्ततश्च संयुतस्ततश्शालिशूकस्तस्मात् सोमशर्मा तस्यापि सोमशर्मणश्शतधन्वा ॥३०॥ तस्यापि बृहद्रथनामा भविता ॥३१॥ एवमेते मौर्या दश भूपतयो भविष्यन्ति अब्दशतं सप्तत्रिंशदुत्तरम् ॥३२॥ तेषामन्ते पृथिवीं दश शुङ्गा भोक्ष्यन्ति ॥३३॥ पुष्यमित्रस्सेनापतिस्स्वामिनं हत्वा राज्यं करिष्यति तस्यात्मजोऽग्निमित्रः ॥३४॥ तस्मात् सुज्येष्ठस्ततो वसुमित्रस्तस्मादप्युदङ्कस्ततः पुलिन्दकस्ततो घोषवसुस्तस्मादपि वज्रमित्रस्ततो भागवतः ॥३५॥ तस्माद् देवभूतिः ॥३६॥ इत्येते शुङ्गा द्वादशोत्तरं वर्षशतं पृथिवीं भोक्ष्यन्ति ॥३७॥**

(विष्णुपुराण चतुर्थ अंश चौबीस अध्याय)

[त्यसपछि नौजना नन्दहरूलाई ब्राह्मण कौटल्यले उखेल्नेछन् । तिनीहरूको नाश भएपछि मौर्यहरूले पृथ्वीको भोग गर्नेछन् । कौटल्यले चन्द्रगुप्तलाई राज्यमा अभिषेक गर्नेछन् । तिनका छोरा बिन्दुसार हुनेछन् । तिनका छोरा अशोकवर्द्धन, तिनीपछि सुयशा, तिनीपछि दशरथ, तिनीपछि संयुत, तिनीपछि शालिशूक, तिनीपछि सोमशर्मा, ती सोमशर्माका छोरा शतधन्वा हुनेछन् । तिनका छोरा बृहद्रथ नाउँका हुनेछन् । यसरी यी दशजना मौर्यहरूले १३७ वर्ष रजाइँ गर्नेछन् । तिनीहरूपछि दशजना शुङ्गहरूले पृथ्वीका भोग गर्नेछन् । सेनापति पुष्यमित्रले मालिकलाई मारेर राज्य गर्नेछन् । यिनका छोरा अग्निमित्र हुनेछन् । तिनीपछि सुज्येष्ठ, तिनीपछि वसुमित्र, तिनीपछि उदङ्क, तिनीपछि पुलिन्दक, तिनीपछि घोषवसु, तिनीपछि वज्रमित्र, तिनीपछि भागवत, तिनीपछि देवभूति हुनेछन् । यसरी यी शुङ्गहरूले ११२ वर्ष पृथ्वीको रजाइँ गर्नेछन् ।]

अन्तिम मौर्यसम्राट् बृहद्रथलाई मारी सेनापति पुष्यमित्रले राज्य अँठ्याएको कुरा विक्रमको सातौं शताब्दीका कवि बाणले पनि लेखेका छन्–

**प्रज्ञादुर्बलं च बलदर्शनव्यपदेशदर्शिताशेषसैन्यः सेनानीरनार्यो मौर्यं बृहद्रथं पिपेष पुष्यमित्रः स्वामिनम् ।**

(हर्षचरित षष्ठ उच्छ्वास)

[बदमास सेनापति पुष्यमित्रले कम बुद्धि भएका आफ्ना मालिक मौर्य बृहद्रथलाई फौज देखाउने निहुँले सबै सैनिकलाई देखाई मारिदिए ।]

यिनै वाक्यका आधारमा शुङ्गसाम्राज्यको उत्थान वि. पू. १२९ तिर र शुङ्गसाम्राज्यको पतन वि. पू. १७ तिर भएको हो भनी भारतका इतिहासकारहरूले लेखेका छन्§ ।

§ अर्लि हिस्ट्रि अफ् इण्डियाका १९७ पृ., २०४ पृ., प्राचीन भारत का इतिहासका १४० पृ., १४४ पृ., भारत का बृहत् इतिहास पहिलो भागका २९५ पृ., २९६ पृ हेर्नुहोस् ।

सेनापति पुष्यमित्रले अश्वमेध यज्ञ गरेको, उनका छोरा अग्निमित्रले राज्य तथा प्रेमलीला गरेको, अग्निमित्रका छोरा वसुमित्रले बाजे पुष्यमित्रको अश्वमेधको घोडाको रक्षाको लागि यवनहरूसँग लडी विजयलाभ गरेको वर्णन लेख्ने+ कवि कालिदासको समय विक्रमपूर्व द्वितीय शताब्दीभन्दा माथि उक्लन सक्दैन ।

ऐहोलको द्वितीय पुलकेशीको पालाको अभिलेखमा यस्तो लेखिएको छ—

त्रिंशत्सु त्रिसहस्रेषु भारतादाहवादितः ।
सप्ताब्दशतयुक्ते श (ग)तेष्वब्देषु पञ्चसु ॥३३॥
पञ्चाशत्सु कलौ काले षट्सु पञ्चशतासु च÷ ।
समासु समतीतासु शकानामपि भूभुजाम् ॥३४॥
तस्याम्बुधित्रयनिवारितशासनस्य
सत्याश्रयस्य परमाप्तवता प्रसादम् ।
शैलञ्जिनेन्द्रभवनम्भवनम्महिम्ना-
न्निर्मापितम्मतिमता रविकीर्त्तिनेदम् ॥३५॥
प्रशस्तेर्वसतेश्चास्याः जिनस्य त्रिजगद्गुरोः ।
कर्त्ता कारयिता चापि रविकीर्त्तिः कृती स्वयम् ॥३६॥
येनायोजि नवेश्मस्थिरमर्थविधौ विवेकिना जिनवेश्म ।
स विजयतां रविकीर्त्तिः कविताश्रितकालिदासभारविकीर्त्तिः ॥३७॥

(राजबली पाँडेको अभिलेखसंग्रह २४५ प.)

[ महाभारतको लडाइँ भएको तीन हजार सात शय तीस पाँच(३७३५) वर्ष बितेपछि कलियुगमा (कलिगत ३७३५ भएमा) शकसंवत्को पाँच शय पचास छ (५५६) बितेमा (५५६ शकसंवत्मा) । तीन समुद्र (पूर्वसागर=बङ्गोपसागर, दक्षिणसागर=भारतमहासागर, पश्चिमसागर=अरबसागर) सम्म राज्य पुगेका सत्याश्रय पुलकेशी (द्वितीय पुलकेशी)को ठूलो निगाह पाएका रविकीर्तिले ढुङ्गाको यो ठूलो जैनमन्दिर बनाउन लाएका हुन् । तीनै लोकका मालिक जिनको यो प्रशस्ति (अभिलेख) को रचना सिपालु रविकीर्तिले आफैले गरेका हुन् । यस मन्दिरलाई रविकीर्तिले आफैले बनाउन लाएका हुन् । नयाँ यस रीतबाट जुन विवेकीले ढुङ्गाले बलियो गरी जैनमन्दिर बनाए । ती रविकीर्तिले आफ्नो कविताले गर्दा कालिदास र भारविको कीर्ति कमाइराखेका छन् । ]

+ १ परिशिष्ट हेर्नुहोस् ।

÷ त्रिंशत्सु=त्रिंशति । पञ्चाशत्सु=पञ्चाशति ।

यस कारण वि. सं. ६९१ मा कालिदास प्रसिद्ध भइसकेका देखिन्छन् ।

हर्षका दरबारिया कवि बाणले कालिदासको बारेमा यस्तो लेखेका छन्—

निर्गतासु न वा कस्य कालिदासस्य सूक्तिषु ।
प्रीतिर्मधुरसान्द्रासु मञ्जरीष्विव जायते ॥१६॥

(हर्षचरित प्रथम उच्छ्वास)

[कालिदासका खूप रसिला मुना जस्ता रसिला उक्ति सुन्दा भन्दा कसलाई आनन्द लाग्दैन ।]

हर्ष द्वितीय पुलकेशीको समयमा नै भएका राजा हुन् । हर्षलाई द्वितीय पुलकेशीले हराएका थिए–

अपरिमितविभूतिस्फीतसामन्तसेना–
मुकुटमणिमयूखाक्रान्तपादारविन्दः ।
युधि पतितगजेन्द्रानीकबीभत्सभूतो
भयविगलितहर्षो येन चाकारि हर्षः ॥ २३ ॥

(ऐहोलको द्वितीय पुलकेशीको पालाको वि. सं. ६९१ को अभिलेखबाट)

[जसले (द्वितीय पुलकेशीले) असङ्ख्य ऐश्वर्यले बढिबढाउ भएएका, सामन्तको फौजका मुकुटका मणिको किरणले चरणकमल ढाकिएका हर्ष (वर्द्धन)लाई लडाइँमा ढलेका हात्तीको बथानले घीन लागेका र डरले थर्कमान भएका बनाउनुभयो ।]

(इतिहास–संशोधनको प्रमाणप्रमेय ५४ पृ.)

यस कारण विक्रमपूर्व दोस्रो शताब्दीभन्दापछि विक्रमको सातौं शताब्दीभन्दा अधि कालिदासको स्थिति निर्विवाद छ । यसभन्दा बाहेक कालिदासको समयको विषयमा ठोकेर केही भन्ने सामान अहिलेसम्म पाइएका छैन ।

कल्पनाशील व्यक्तिहरूमध्ये कसैले कालिदासलाई विक्रमको छैठौं शताब्दीका, कसैले पाँचौं शताब्दीका, कसैले प्रथम शताब्दीका मानेका छन् ।

## विक्रम र कालिदासको सम्बन्ध

उर्वशी र पुरूरवाको प्रेमकथालाई लिएर कालिदासले विक्रमोर्वशीय नाटक लेखेका छन् । उर्वशी र पुरूरवाको प्रेमकथा अत्यन्त प्राचीन कालदेखि चलिआएको छ । यसको उल्लेख ऋग्वेदमा पनि पाइन्छ । यस आख्यायिकाको चर्चा ब्राह्मणग्रन्थहरूमा पनि गरिएको छ । पुराणहरूमा पनि यो आख्यायिका पाइन्छ ❀ । नायिका र नायकको नाम पारी नाटक लेख्ने चलन छ । जस्तै– कालिदासको मलविकाग्निमित्र, भवभूतिको मालतीमाधव इत्यादि । तर उर्वशीर पुरूरवाको कथा

❀२ परिशिष्ट हेर्नुहोस् ।

भएको आफ्नो नाटकको कालिदासले किन विक्रमोर्वशीय नाम राखे भन्ने कुरा विचारणीय छ ।

विक्रमोर्वशीयकै

अनुत्सेकता खलु विक्रमालङ्कारः

(प्रथम अङ्क)

[नफुर्कनु विक्रम (पराक्रम) को गहना हो ।]

यस वाक्यबाट पनि कालिदासको विक्रमतर्फ केही अनुराग बुझिन्छ भन्ने केही विद्वान् तर्कना गर्छन् ।

## बिक्रमको छैटौं शताब्दीको अन्त्यमा कालिदास

यशोधर्माले हूणहरूलाई जिती+ विक्रमादित्य भन्ने उपाधि लिए । यही विजयको संझनाको लागि उनले विक्रमसंवत् चलाए । परन्तु उनले यो संवत्‌लाई प्राचीन सिद्ध गर्ने इच्छाले ६००

---

\+ ये भुक्ता गुप्तनाथैर्न्न सकलवसुधाक्क्रान्तिदृष्टप्रतापै-
र्न्नाज्ञा हूणाधिपाना(ं)क्षितिपतिमुकुटाध्यासिनी यान् प्रविष्टा ।
देशांस्तान् धन्वशैलद्रुमगहनसरिद्वीरबाहूपगूढान्
वीर्यावस्कन्नराज्ञः स्वगृहपरिसरावज्ञया यो भुनक्ति ।। ४ ।।
आ लौहित्योपकण्ठात्तलवनगह(नो)पत्यकादा महेन्द्रा-
दा गङ्गाश्लिष्टसानोस्तुहिनशिखरिणः पश्चिमादा पयोधेः ।
सामन्तैर्यस्य बाहुद्रविणहृतम(दै): पादयोरानमद्भि-
श्चूडारत्नाङ्शुराजिव्यतिकरशबला भूमिभागाः क्रियन्ते ।। ५ ।।
स्थाणोरन्यत्र येन प्रणतिकृपणतां प्रापितं नोत्तमाङ्गं
यस्याश्लिष्टो भुजाभ्यां वहति हिमगिरिर्दुर्ग्गशब्दाभिमान(म्) ।
नीचैस्तेनापि यस्य प्रणतिभुजबलावर्ज्जनक्लिष्टमूर्द्धना
(चू)डापुष्पोपहारैर्म्मिहिरकुलनृपेणार्च्चित(ं) पादयुग्मम् ।।६।।

(मन्दसोरको यशोधर्माको अभिलेख । दीनेशचन्द्र सरकारको अभिलेख-संग्रह ३९४-९५ पृ.)

[ सम्पूर्ण पृथ्वीमा प्रताप फैलिएका गुप्त राजाहरूले जहाँ रजाइँ गरेका थिएनन् । राजाहरूलाई नुहाउने हूण राजाहरूले पनि जहाँ रजाइँ गरेका थिएनन् । मरुभूमि, पर्वत, वन, खोला,

वर्षदेखि चलिआएको देखाउनाको लागि आफ्नो विजय भएको वर्ष ६०१ मानी विक्रमसंवत् चलाएका थिए। कालिदासले बयान गरेको रघुको दिग्विजय§ यशोधर्माको राज्यसीमासँग मेल खान्छ। यस कारण कालिदास विक्रमको छैटौं शताब्दीको अन्त्यतिरका हुन् भन्ने फर्गुसन तथा हार्नलीको मत छ। महामहोपाध्याय हरप्रसाद शास्त्रीले पनि कालिदासलाई यसैताकाका मानेका छन्❁।

## विक्रमको छैटौं शताब्दीको अन्त्यका कालिदास होइनन्

विक्रमको छैटौं शताब्दीको अन्त्यमा कालिदास भए भन्ने कुरालाई रमेशचन्द्र मजुमदार हेमचन्द्रराय चौधुरी कालिकिंकरदत्त आदि विद्वान् मान्दैनन्*। उनीहरूको भनाइमा यशोधर्माले दिग्विजय गरी हूणहरूलाई हराएका हुन् तापनि यशोधर्माले शकहरूलाई जितेको कुनै उल्लेख नपाइएको हुनाले+यशोधर्मा शकारि हुन् सक्दैनन्। यस कारण यशोधर्माको आश्रयमा कालिदास हुनु सम्भव देखिँदैन। अर्को कुरा यशोधर्माले विक्रमादित्य उपाधि लिएको संवत् चलाएको वर्णन पनि तात्कालिक लेखमा पाइदैन। यस कारण यशोधर्माले विक्रमसंवत् चलाएका हुन् भन्ने कुरा र यशोधर्माको आश्रयमा कालिदास थिए भन्ने कुरा कल्पना मात्र हो, वास्तव कुरा होइन भनी उनीहरू भन्दछन्।

## विक्रमको छैटौं शताब्दीको पूर्वार्धमा कालिदास

वङ्क्षू अर्थात् आक्सस नदीका किनारामा रघुले हूणहरूलाई हराएको वर्णन

---

वीरहरू भएका ती देशहरूमा त्यहाँका राजालाई दबाएर जसले (यशोधर्माले) आफ्नो घरको आँगन जस्तै संझेर सजिलैसँग रजाइँ गरिरहनुभएको छ। ब्रह्मपुत्रदेखि व्याँसीमा बाक्लो वन भएको महेन्द्राचलसम्म, टाकुराबाट गङ्गाजी झरेकी हिमालयदेखि पश्चिम समुद्रसम्म रहेका राजाहरू जसको बाहुबलले घमण्ड चूर भएका हुँदा सामन्त भई जसका (यशोधर्माका) दुइ पाउमा आएर लम्पसार पर्छन्। महादेवको पाउमा बाहेक जसले अन्त शिर नुह्याएनन्, जसको पराक्रमले गर्दा हिमालय किल्ला बनिरहेछ, ती मिहिरकुल राजा पनि जसका (यशोधर्माका) दुइ पाउमा आएर लम्पसार पर्छन्।]

§ ३ परिशिष्ट हेर्नुहोस्।

❁ बलदेव उपाध्यायको संस्कृत साहित्य का इतिहास सप्तम संस्करणको १६५ पृष्ठ हेर्नुहोस्।

* भारत का बृहत् इतिहासको पहिलो भागका १६६–६७ पृष्ठ हेर्नुहोस्।

+ **ख्यातिं कामपि कालिदासकवयो नीताः शकारातिना।**

(रामचरित महाकाव्य। संस्कृत–साहित्यका इतिहास १६४ पृष्ठ)

[शकविजयी राजाले कालिदास आदि कविहरूलाइ ठूलो पदमा पुर्‍याइदिए। ]

छ ❁ । वि. सं. ५१२ भन्दा अघि× स्कन्दगुप्तबाट हार खाएर हूणहरू फर्कका

❁ विनीताध्वश्रमास्तस्य वङ्क्षू❁तीरविचेष्टनैः ।
दुधुवुर्वाजिनः स्कन्धाँल्लग्नकुङ्कुमकेसरान् ॥६७॥
तत्र हूणावरोधानां भर्तृषु व्यक्तविक्रमम् ।
कपोलपाटलादेशि बभूव रघुचेष्टितम् ॥६८॥

(रघुवंश ४ सर्ग)

[वङ्क्षूको किनारामा लडीबुडी खेलेर थकाइ मारेका जगरमा केसर लागेका रघुका घोडाहरूले काँध हल्लाए ।

त्यहाँ हूणहरूलाई रघुले मारिदिएका हुनाले तिनका आइमाईहरूका गाला राता भए ।]

× तदनु जयति शश्वत् श्रीपरिक्षिप्तवक्षाः
स्वभुजजनितवीर्यो राजराजाधिराजः

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

नृपतिगुणनिकेतः स्कन्दगुप्तः पृथुश्रीः चतुरु(दधिजल) न्तां स्फीतपर्यन्तदेशाम्
अवनिमवनतारिर्यः चकारात्मसंस्थां पितरि सुरसखित्वं प्राप्तवत्यात्मशक्त्या

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

संवत्सराणामधिके शते तु त्रिंशद्भिरन्यैरपि षड्भिरेव
रात्रौ दिने प्रौष्ठपदस्य षष्ठे गुप्तप्रकाले गणनां विधाय

(जूनागढको स्कन्दगुप्तको पालाको पर्वताभिलेखबाट)

[हरबखत लक्ष्मीले वास गरेको छाती भएका, आफ्नै बाहुबल भएका, राजामा हुनुपर्ने गुणहरू भएका, ठूलो शोभा भएका, महाराजाधिराज स्कन्दगुप्त ठूला हुनुहुन्छ । बुबा परलोक हुँदा जसले शत्रुलाई वश पारीकन चारै समुद्रसम्म फैलिएको, सम्पन्न छेउछेउका देश भएको पृथ्वीलाई आफ्नै बलले जितेर आफ्नो अधीनमा पार्नुभयो ।··· ··· ··· ··· ···गुप्तसंवत् १३६ भाद्रको छैटौं दिनमा राती]

(पूर्णिमा ६ पूर्णाङ्क ९०–९१ पृ.)

गुप्तसंवत् ० हुँदा विक्रमसंवत् ३७६ हुन्छ (इतिहास-संशोधनको प्रमाणप्रमेय ६८ पृ.) । यस कारण गुप्तसंवत् १३६ अर्थात् विक्रमसंवत् ५१२ भन्दा अघि स्कन्दगुप्तले शत्रुहरूलाई जितेको देखिन्छ ।

❁ यसको पाठान्तर सिन्धु पनि छ ।

थिए ❀ ।

❀ (सर्व्व) रा(जो) च्छेत्तुः पृथिव्यामप्रतिरथस्य चतुरुदधिसलिल(ा)-स्वादितयशसो......न्यायागत(ा)नेकगोहिरण्य(को)टिप्रदस्य चिरो(त्स)न्नाश्वमेधाहर्त्तुर्महाराजश्रीगुप्तप्रपौत्र(स्य) महाराजश्रीघटोत्कचपौत्रस्य महाराजाधिराजश्रीचन्द्रगुप्तपुत्रस्य लिच्छिविदौहित्रस्य महादेव्यां कुम(ा)र(दे)-व्यामुत्पन्नस्य महाराजाधिराजश्रीसमुद्रगुप्तस्य पुत्रस्तत्परिगृहीतो महादेव्या-न्दत्तदेव्यामुत्पन्नः स्वयं चाप्रतिरथः परमभागवतो महाराजाधिराजश्रीचन्द्र-गुप्तस्तस्य पुत्रस्तत्पादानुद्ध्यातो महादेव्यां ध्रुवदेव्यामुत्पन्नः परमभाग-वतो महाराजाधि(ा)जश्रीकुमारगुप्तस्तस्य

प्रथितपृथुमतिस्वभावशक्तेः पृथुयशसः पृथिवीपतेः पृथुश्रीः
पि(तृ)प(रि)गतपादपद्मवर्त्ती प्रथितयशाः पृथिवीपतिः सुतोयम्
जगति भु(ज)बलाढ्यो गुप्तवङ्शैकवीरः
प्रथितविपुलधामा नामतः स्कन्दगुप्तः

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

विचलितकुललक्ष्मीस्तम्भनायोद्यतेन
क्षितितलशयनीये येन नीता त्रियामा
समुदितब(ल)कोशा(न्पुष्यमित्रांश्च जि)त्वा
क्षितिपचरणपीठे स्थापितो वामपादः
प्रसभमनुप(मै)र्विध्वस्तशस्त्रप्रतापै-
र्विन(यस)मु(चितैश्च) क्षान्तिशौ(र्यै)र्न्निरूढम्
चरितममलकीर्त्तेर्ग्गीयते यस्य शुभ्रं
दिशि दिशि परितुष्टैराकुमारं मनुष्यैः
पितरि दिवमुपे(ते) विप्लुतां वङ्शलक्ष्मीं
भुजबलविजितारिर्य्यः प्रतिष्ठाप्य भूयः
जितमिति परितोषान्मातरं सास्रनेत्रां
हतरिपुरिव कृष्णो देवकीमभ्युपेतः

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

**हूणैर्य्यस्य समागतस्य समरे दोर्भ्यां धरा कंपिता:**
**भीमावर्त्तकरस्य शत्रुषु शरा**

(गाजिपुर भितरीको स्कन्दगुप्तको शिलास्तम्भाभिलेखबाट ।

दीनेशचन्द्र-सरकारको अभिलेख-संग्रह ३१२-१५ पृ.)

[सबै राजालाई उखेलेका, पृथिवीमा बेजोड रथ (वीर) भएका, चारै समुद्रसम्म कीर्ति (राज्य) पुगेका, न्यायपूर्वक कमाइएका धेरै गाई र सुन धेरै पटक दान दिएका, धेरै कालदेखि टुटेको अश्वमेध यज्ञ गरेका, महाराज श्रीगुप्तका पनाति, महाराज श्रीघटोत्कचका नाति, महाराजाधिराज श्रीचन्द्रगुप्त (प्रथम चन्द्रगुप्त)का छोरा, लिच्छविका दौहित्र (छोरीका छोरा), बडामहारानी कुमारदेवीमा जन्मेका महाराजाधिराज श्रीसमुद्रगुप्त हुनुभयो । उहाँका छोरा, उहाँले लिइएका, बडामहारानी दत्तदेवीमा जन्मेका, आफैं पनि बेजोड रथ (वीर) भएका, विष्णुका ठूला भक्त महाराजाधिराज श्रीचन्द्रगुप्त (द्वितीय चन्द्रगुप्त) हुनुभयो । उहाँका छोरा, उहाँको पाउको अनुग्रह पाएका, बडामहारानी ध्रुवदेवीमा जन्मेका, विष्णुका ठूला भक्त महाराजाधिराज श्रीकुमारगुप्त (प्रथम कुमारगुप्त) हुनुभयो ।

प्रख्यात भएको ठूलो बुद्धि स्वभाव शक्ति भएका, ठूलो कीर्ति फैलिएका उहाँ महाराजाधिराजका (प्रथम कुमारगुप्तका) छोरा, ठूलो शोभा भएका, बुबाको पाउको सेवा गरेका, ठूलो कीर्ति फैलिएका, बाहुबलले संसारमा प्रसिद्ध भएका, गुप्त वंशका मुख्य वीर, ठूलो प्रभाव फैलिएका यहाँ महाराजाधिराज स्कन्दगुप्त हुनुहुन्छ ।

डगमगाएको कुललक्ष्मीलाई थाम्न उद्योग गर्दा जसले भुइँमा सुतेर रात बिताउनुभयो । प्रशस्त फौज र धनसम्पत्ति भएका पुष्यमित्रहरूलाई पनि जिती जसले राजाको पाउदानीमा बायाँ पाउ राख्नुभयो (सिंहासनमा बस्नुभयो) । हातहतियारको प्रभावलाई बलैले हटाएका विनय (नियमानुवर्त्तन) मा बानी बसेका बेजोडका सहनशीलता र सुन्याइँले प्रख्यात भएको बालककालदेखिको जसको पवित्र चरित्रलाई दिशा दिशाका मानिसहरू सन्तुष्ट भएर गाउँछन् ।

बुबा स्वर्ग हुँदा डगमगाएको कुललक्ष्मीलाई जसले बाहुबलद्वारा शत्रुहरूलाई जितीकन निश्चल पार्नुभयो र कंसलाई मारेका कृष्ण देवकीकहाँ झैं जो (स्कन्दगुप्त) जितें भनी दङ्ग भएर गहभरी आँसु भएकी मुमाकहाँ जानुभयो ।

लडाइँको मैदानमा हूणहरूसँग भिडिदा जसका बाहुबलले पृथ्वी काँपिन् । भयङ्कर भुमरी जस्तो पार्ने जसका बाणहरू शत्रुहरूमा...]

(पूर्णिमा ६ पूर्णाङ्क ९१-९२ पृष्ठमा यसको केही भाग छापिएको छ ।)

भितरीको यस स्तम्भलेखबाट स्कन्दगुप्तले हूणहरूलाई हराएको बुझिन्छ ।

यस कारण विक्रमादित्य उपाधि लिएका ❁ स्कन्दगुप्तको सामानकालिक कालिदास थिए भन्ने के. बी. पाठकको तर्क छ *। विजयचन्द्र मजुमदारले पनि यस्तै कुरो मानेका छन्★।

## विक्रमको पाँचौं शताब्दीमा कालिदास

रघुको दिग्विजयसँग + समुद्रगुप्तको विजय × मिल्छ। रघुवंशमा वर्णित शान्ति ÷ द्वितीय चन्द्रगुप्तको समयलाई लक्ष्य गरी लेखिएको हो। इन्दुमतीको स्वयंवरमा उपस्थित मगधका राजालाई चन्द्रमासंग तुलना गरेबाट पनि चन्द्रगुप्तको ध्वनि निस्कन्छ§। यस कारण

---

❁ स्कन्दगुप्तको चाँदीको टकमा
परमभागवतश्रीविक्रमादित्यस्कन्दगुप्त [ : ]

(दीनेशचन्द्र सरकारको अभिलेख—संग्रह ३१९पृ.)

[विष्णुका ठूला भक्त श्रीविक्रमादित्य स्कन्दगुप्त]
यस्तो लेखिएको छ।

*संस्कृत-साहित्य का इतिहासको १६५ पृ. हेर्नुहोस्।

★संस्कृत-साहित्य का इतिहासको १६६ पृ. हेर्नुहोस्।

+३ परिशिष्ट हेर्नुहोस्।

×४ परिशिष्ट हेर्नुहोस्।

÷यस्मिन् महीं शासति वाणिनीनां निद्रां विहारार्धपथे गतानाम्।
वातोऽपि नास्रंसयदंशुकानि को लम्बयेदाहरणाय हस्तम् ॥७५॥

(रघुवंश ६ सर्ग)

[जुन राजा दिलीपले राज्य गरिरहेको बेलामा घुमफिर गर्न जाँदा बीच बाटोमा सुतेका नटुवीहरूको कपडा हावाले त हल्लाएन भने चोर्न कसले हात लामो पार्थ्यो।]

§ततो नृपाणां श्रुतवृत्तवंशा पुंवत्प्रगल्भा प्रतिहाररक्षी।
प्राक् सन्निकर्षं मगधेश्वरस्य नीत्वा कुमारीमवदत् सुनन्दा ॥२०॥
असौ शरण्यः शरणोन्मुखानामगाधसत्त्वो मगधप्रतिष्ठः।
राजा प्रजारञ्जनलब्धवर्णः परन्तपो नाम यथार्थनामा ॥२१॥
कामं नृपाः सन्तु सहस्रशोऽन्ये राजन्वतीमाहुरनेन भूमिम्।
नक्षत्रताराग्रहसङ्कुलापि ज्योतिष्मती चन्द्रमसैव रात्रिः ॥२२॥
क्रियाप्रबन्धादयमध्वराणामजस्रमाहूतसहस्रनेत्रः।
शच्याश्चिरं पाण्डुकपोललम्बान् मन्दारशून्यानलकांश्चकार ॥२३॥

गुप्त सम्राट् द्वितीय चन्द्रगुप्तले विक्रमादित्य❀ उपाधि लिएको देखिनाले धेरै पश्चिमा विद्वान्हरू तथा डाक्टर रामकृष्ण भण्डारकर, पं. रामावतार शर्मा आदि भारतीय विद्वान्हरू कालिदासलाई द्वितीय चन्द्रगुप्तको समय वि. सं. (४३२–४७२) × का

---

**अनेन चेदिच्छसि गृह्यमाणं पाणिं वरेण्येन कुरु प्रवेशे ।**
**प्रासादवातायनसंश्रितानां नेत्रोत्सवं पुष्पपुराङ्गनानाम् ।। २४ ।।**

(रघुवंश ६ सर्ग)

[त्यसपछि राजाहरूको वंशावली र परिचय जानेकी, लोग्नेमान्छे जत्तिकै लाज नमानीकन कुरा गर्न जान्ने सुनन्दा भन्ने ढोकापाले केटीले राजकुमारी इन्दुमतीलाई सबभन्दा पहिले मगध-देशका राजाको नजीकमा लगेर भनिन् । यहाँ मगधदेशका राजा परन्तप हुनुहुन्छ । शत्रुलाई पिर्ने हुनाले उहाँको नाउँ काम सुहाउँदो छ । शरणार्थीहरूलाई उहाँ शरण दिनुहुन्छ । उहाँको स्वभाव गम्भीर छ । दुनियाँलाई सन्तुष्ट पार्नाले उहाँको यश फैलिएको छ । हुनत पृथ्वीमा अरू राजाहरू हजारौं होलान्, परन्तु उहाँ राजा भएर नै पृथ्वी राजन्वती (असल राजा भएको) छ । नक्षत्र, तारा, ग्रह(मङ्गल, बुध, बृहस्पति, शुक्र, शनैश्चर)हरूले आकाश भरिभराउ भए पनि चन्द्रमा भए मात्रै जुनेली रात हुन्छ । यहाँ राजा परन्तप सधैं यज्ञ गरिरहनुहुन्छ । उहाँको यज्ञमा निम्तो मान्न इन्द्र सधैं आइरहनुहुन्छ । यस कारण इन्द्राणीको अलक धेरै कालदेखि फुस्रो गालामा लत्रिएको र पारिजात फूलविनाको भइरहेछ । स्वयंवर गर्न लायक यहाँ राजासँग पाणि-ग्रहण गर्न चाहनुहुन्छ भने दुलहो भित्र्याउँदा दरबारको झ्यालझ्यालमा हेर्न बसेका पुष्पपुरका स्वास्नीमान्छेहरूको आँखाको रिमझिम गरिदिनुहोला । ]

**❀परमभाग(व)तमहाराजाधिराजश्रीचन्द्रगुप्तविक्रमादित्यः**

(द्वितीय चन्द्रगुप्तको चाँदीको मुद्राबाट । दीनेशचन्द्र सरकारको अभिलेख–सङ्ग्रह २७४–७५ पृ.)

[ विष्णुका ठूला भक्त महाराजाधिराज श्रीचन्द्रगुप्त विक्रमादित्य ]

**×भट्टारकमहाराज(राजाधि)राजश्रीसमुद्रगुप्तस(त्पु)त्रस्य भट्टारकम-(हाराजराजाधि)राजश्रीचन्द्रगुप्तस्य विज(य)राज्यसंवत्स(रे पं)चमे (५)कालानुवर्त्तमानसंवत्सरे एकषष्ठे(ष्टे)६१**

(मथुराको द्वितीय चन्द्रगुप्तको पालाको वि. सं. ४३७ को स्तम्भाभिलेखबाट । दीनेशचन्द्र सरकारको अभिले –संग्रह २७० पृ.)

[ गद्दीनशीन महाराज महाराजाधिराज श्रीसमुद्रगुप्तका असल छोरा, गद्दीनशीन महाराज महाराजाधिराज श्रीचन्द्रगुप्तको राज्यसंवत् ५ मा, समयक्रमले चलेर आएको संवत् (गुप्त-संवत्) ६१ मा ]

माान्छन् § ।

केही विद्वान्हरू गुप्तसम्राट्हरूको विक्रमादित्य उपाधि मात्र भएको र उनीहरूभन्दा अघि नै विक्रम राजाको अस्तित्व इतिहासबाट सिद्ध हुने हुनाले गुप्तकालमा कालिदासलाई मान्दैनन् *।

## विक्रमको पहिलो शताब्दीमा कालिदास

**संवाहणसुहरसतोसिएण देन्तेण तुह करे लक्खम् ।**
**चलणेण विक्कमाइत्तचरिअँ अणुसिक्खिअं तिस्सा ।। ६४ ।।**

*संवाहनसुखरसतोषितेन ददता तव करे लाक्षाम् ।*
*चरणेन विक्रमादित्यचरितमनुशिक्षितं तस्याः ॥ ६४ ॥*

---

यो अभिलेख गुप्तसंवत् ६१=६१+३७६=वि. सं. ४३७ मा राखिएको हो । यस वेला द्वितीय चन्द्रगुप्तले राज्य गरेको ५ वर्ष भयो भनी यहाँ लेखिएकोले वि. सं. ४३२ मा द्वितीय चन्द्रगुप्त राजसिंहासनमा बसेका देखिन्छन् ।

**महाराजाधिरा(जश्री)चन्द्रगुप्तपादप्रसादाप्यायितजीवितसाधनः ...... उन्दानपुत्राम्रकार्द्दवो... ...महाराजाधिराजश्रीचन्द्रगुप्तस्य देवराज इति प्रियना(म्नः)...... सर्व्वगुणसंपत्तये सं ९३ भाद्रपद दि ४**

[साँचीको द्वितीय चन्द्रगुप्तको पालाको वि. स. ४६९ को शिलाभिलेखबाट । दीनेशचन्द्र सरकारको अभिलेख–सङ्ग्रह २७३-७४ पृ. )

[ महाराजाधिराज श्रीचन्द्रगुप्तको पाउको निगाहले पेट पालेका उन्दानका छोरा आम्रकार्द्दवले...देवराज ' भन्ने मन परेको नाउँ भएका महाराजाधिराज श्रीचन्द्रगुप्तको सबै गुणको बढिबढाउको लागि गुप्तसंवत् ९३ (वि. स. ४६९) भाद्रको चारौं दिनमा]

**महाराजाधिराजश्रीचन्द्रगुप्तपुत्रस्य महादेव्यां ध्रुवदेव्यामुत्पन्नस्य महाराजाधिराजश्रीकुमारगुप्तस्याभि(व)र्द्धमानविजयराज्यसंवत्सरे षण्णवते**

(बिलसडको प्रथम कुमारगुप्तको पालाको वि. सं. ४७२ को शिलास्तम्भाभिलेखबाट । दीनेशचन्द्र सरकारको अभिलेख–सङ्ग्रह २७८–७९ पृ.)

[महाराजाधिराज श्रीचन्द्रगुप्तका छोरा, बडामहारानी ध्रुवदेवीमा जन्मेका महाराजाधिराज श्रीकुमारगुप्तको विजयराज्यमा गुप्तसंवत् ९६ (वि. सं. ४७२ मा]

यताबाट वि. सं. ४६९ मा द्वितीय चन्द्रगुप्त राज्य गरिरहेका र वि. सं. ४७२ मा उनका छोरा कुमारगुप्त राजा भइसकेका देखिन्छन् । यस कारण वि. सं. ४६९–४७२ को बीचमा द्वितीय चन्द्रगुप्तको मृत्यु भएको देखिन्छ ।

§ संस्कृत साहित्य का इतिहासको १६५ पृष्ठ हेर्नुहोस् ।

* सस्कृत साहित्य का इतिहारको १६६ पृष्ठ हेर्नुहोस् ।

ददता संवाहनसुखरससंन्तुष्टेन तव करे लाक्षाम् ।

विक्रमनरेन्द्रचरितं चरणेन हि शिक्षितं तस्याः ॥ ६४ ॥

त्वत्कृतसंवाहनस्य सुखरसात् सन्तुष्टेन अत एव तत्परिवर्तें तव करे निजनिष्ठां लाक्षाम् (अलक्तकम्) ददता संक्रामयता तस्याश्चरणेन विक्रमादित्यस्य चरितं शिक्षितम् । सपत्नीपदसंवाहनेन त्वत्करे तस्या लाक्षा संक्रान्ता, तदिदं मया ज्ञातमिति साकूतं सूचयति । विक्रमादित्योपि 'संबाहणस्स" संबाधनस्य सुखात् सन्तुष्टः सन् भृत्यस्य करे 'लक्खं' लक्षं ददाति । भृत्यकर्तृकेन शत्रुसंबाधनेन तुष्टो विक्रमादित्यो भृत्यस्य करे लक्षं समर्पितवानिति तच्चरिते श्रूयते । प्राकृते संवाहणं संबाधनम् लक्खं लक्षम् । सुखोत्तरं रसपदसंनिवेशेन–त्वया तथा संवाहनं कृतं यथा तत्सुखेन स्पर्शामोदजनितस्तस्या भूयानानन्दो जातः । एवं च–सपत्नीमनोनुकूलानुवर्तनेन सानुरागत्वं सूचितम् । सन्तुष्टपदेन संवाहनसेवायाः पूर्णता सूचिता । अत एव प्रसादसूचिका लाक्षा पुरस्काररूपेण प्राप्तेति सपत्न्याः साभिलाषानुवर्तनीयत्वमाक्षिप्यते । चरणेन बिक्रमनरेन्द्रवदाचरितमित्यनेन–'त्वं तां तथा सभयमनुवर्तसे यथा सा आत्मनि राजवदुपसेव्यत्वभिमन्यते' इत्याक्षेपो ध्वन्यते । एवं च– त्वदनुवर्तनं कुर्वतीं मां विहाय तस्याः सभयानुवर्तनं त्वं बहु मन्यसे अत एव पादसंबाहनसेवया सन्तोष्य लाक्षानुरञ्जनमवाप्नोषीति साकूतमुपालम्भो ध्वन्यते ।

(श्रीमथुरानाथ शास्त्रीले सम्पादन गरेको गाथासप्तशती ५ शतक ६४ गाथा, तेस्रो संस्करण २४० पृ.)

हाम्रो यहाँको सूक्तिसिन्धु जस्तै शृङ्गाररसमा डुबेका कविताको सङ्ग्रह गाथासप्तशती हो । यो ग्रन्थ प्राकृत भाषामा लेखिएको छ । यहाँका पद्य अनेकौं रसिकहरूले बनाएका हुन् । तिनको सङ्ग्रह हालले गराएका हुन् ।

गाथासप्तशतीको कुनै प्रतिको समाप्तिमा—

**हालाद्युपनामकश्रीसातवाहननरेन्द्रनिर्मिता... सप्तशत्यवसानमगात् ।**

(गाथासप्तशतीको भूमिका ६६ पृष्ठ)

[हाल आदि नामान्तर भएका सातवाहन राजाले बनाएको सप्तशती सिद्धियो ।]

–भनी लेखिएको छ ।

यताबाट हाल सातवाहन देखिन्छन् । सातवाहनवंशका राजाहरूका अभिलेख दक्षिण भारतमा निकै पाइन्छन् ●। तीमध्ये एउटा अभिलेख यहाँ उद्धृत गरिन्छ–

**सादवाहनकु(ले) कन्हे राजिनि नासिककेन समणेन महामातेण लेण(ं) कारित (ं)**

(नासिकको अभिलेख)

---

●दीनेशचन्द्र सरकारको अभिलेख–सङ्ग्रहका १८३–२०५ पृष्ठ हेर्नुहोस् ।

संस्कृतच्छाया

*शातवाहनकुले कृष्णे राजनि नासिककेन श्रमणेन महामात्रेण लयनं कारितम् ।*

(दीनेशचन्द्र सरकारको अभिलेख–संग्रह १८३–८४ पृष्ठ)

[सातवाहनकुलमा जन्मेका कृष्णको विजयराज्यमा नासिकमा बस्ने भिक्षु महामातले गुफा (भिक्षुहरूको निवासस्थान) बनाए।]

यहाँ सातवाहनकुलमा जन्मेका राजा कृष्णको उल्लेख परेको छ । यो अभिलेखको लिपि विक्रमको प्रथम शताब्दीतिरको छ भनी दीनेशचन्द्र सरकारले लेखेका छन् । यस कारण विक्रमको प्रथम शताब्दीतिर सातवाहन कृष्णले राज्य गरेका अनुमान हुन्छ । सातवाहनवंशलाई पुराणमा आन्ध्र वा आन्ध्रभृत्यवंश भनी लेखिएको छ । सो वंशका दोस्रा राजा कृष्ण हुन् तथा एघाह्रौं राजा हालाहल हुन् भनी विष्णुपुराणमा लेखिएको छ । जस्तै—

**ततः कण्वानेषा भूर्यास्यति ।। ३८ ।। देवभूतिं तु शुङ्गराजानं व्यसनिनं तस्यैवामात्यः काण्वो वसुदेवनामा तं निहत्य स्वयमवनीं भोक्ष्यति ।।३९।। तस्य पुत्रो भूमित्रस्तस्यापि नारायणः ।।४०।। नारायणात्मजस्सुशर्मा ।।४१।। एते काण्वायनाश्चत्वारः पञ्चचत्वारिंशद् वर्षाणि भूपतयो भविष्यन्ति ।।४२।।**

**सुशर्माणं तु तु काण्वं तद्भृत्यो बलिपुच्छकनामा हत्वान्ध्रजातीयो वसुधां भोक्ष्यति ।।४३।। ततश्च कृष्णनामा तद्भ्राता पृथिवीपतिर्भविष्यति ।।४४।। तस्यापि पुत्रः शान्तकर्णिस्तस्यापि पूर्णोत्सङ्गस्तत्पुत्रश्शातकर्णिस्तस्माच्च लम्बोदरस्तस्माच्च पिलकस्ततो मेघस्वातिस्ततः पटुमान् ।।४५ ।। ततश्चारिष्टकर्मा ततो हालाहलः ।। ४६ ।।**

(विष्णुपुराण चतुर्थ अंश २४ अध्याय)

[त्यसपछि यो पृथ्वी कण्वहरूको हातमा जानेछ । व्यसनी शुङ्ग राजा देवभूतिलाई उनैका मन्त्री कण्वकुलमा जन्मेका वसुदेवले मारेर आफैं राजा हुनेछन् । तिनका छोरा भूमित्र, तिनका छोरा नारायण हुनेछन् । नारायणका छोरा सुशर्मा हुनेछन् । यसरी चार कण्व राजाहरूले ४५ वर्षसम्म पृथ्वीको भोग गर्नेछन् ।

कण्व राजा सुशर्मालाई मारी उनैका अनुचर आन्ध्रवंशमा जन्मेका बलिपुच्छक + आफैं राजा हुनेछन् । त्यसपछि बलिपुच्छकका भाइ कृष्ण राजा हुनेछन् । तिनका छोरा शान्तकर्णि, तिनका छोरा पूर्णोत्सङ्ग, तिनका छोरा शातकर्णि हुनेछन् । तिनीपछि लम्बोदर, तिनीपछि पिलक, तिनीपछि मेघस्वाति, तिनीपछि पटुमान्, तिनीपछि अरिष्टकर्मा, तिनीपछि हालाहल हुनेछन् ।]

---

+पाठान्तर–सिमुक ।

शुङ्गवंशको समाप्ति वि. पू. १७ तिर भएको हो भनी माथि २३० पृष्ठमा लेखिएको छ । यस कारण वि. सं. २८ तिर कण्ववंशको समाप्ति भई आन्ध्रवंशको प्रारम्भ भएको देखिन्छ ।

यताबाट कृष्ण विक्रमको प्रथम शताब्दीमा भएकाले हालाहाल (हाल) राजा विक्रमको द्वितीय शताब्दीतिर हुनु इतिहाससँग नमिल्ने घटना हुँदैन ।

सातवाहन राजाले सूक्तिहरूको सङ्ग्रह गरेको कुराको चर्चा विक्रमको सातौं शताब्दीका कवि बाणले पनि गरेका छन्—

**अविनाशिनमग्राम्यमकरोत् सातवाहनः ।**
**विशुद्धजातिभिः कोशं रत्नैरिव सुभाषितैः ।। १३ ।।**

(हर्षचरित प्रथम उच्छ्वास)

[सातवाहनले असल जातका रत्न जस्ता सूक्तिहरूको पाण्डित्यपूर्ण अक्षय कोश बनाउनुभयो । ]

सातवाहन राजाहरूका अभिलेख प्राकृत भाषामा पाइएका र गाथासप्तशती पनि प्राकृत भाषामा लेखिएकोले पनि यी दुइको संबन्ध अभिव्यक्त भएको छ ।

माथि उद्धरण गरिएको गाथामा सौताको खुट्टाको माहुर हातमा लाएर आएका आफ्ना पतिलाई देखेर दिक्क भएकी नायिका आफ्ना पतिलाई भन्छिन्—

'पाउ दाप्नाले खुशी भएर हजुरको हातमा लक्ख (माहुरको लाहा वा लाख रुपियाँ) दिने उनीको पाउले अहिले विक्रमादित्यको चरित्रको नकल गरेछ ।'

यताबाट आफ्ना सेवकलाई लाख रुपियाँ दिने विक्रमादित्य विक्रमको द्वितीय शताब्दीमा प्रख्यात भइसकेका रहेछन् भन्ने कुरो देखिन आउँछ ।

गाथासप्तशती श्रृङ्गाररसको उच्चकोटिको काव्य मानिएको छ । साधारण बोलचालमा विक्रमादित्य राजाको कुरा देखिएको हुनाले केही विद्वान्हरू विक्रमसंवत् चलाउने विक्रमादित्य यिनै हुन् भन्ने तर्क गर्छन्+ । यिनै विक्रमको आश्रयमा रघुवंशहरूका कर्ता कालिदास रहेका हुन् भन्ने केही विद्वान्को भनाइ छ❀ ।

---

+ गौरीशङ्कर हीराचन्द ओझाको भारतीयप्राचीनलिपिमालाका १६७–६९ पृ. हेर्नुहोस् ।

❀ 'संस्कृत साहित्य का इतिहास' का १६६–१६७ पृष्ठ हेर्नुहोस् । यहाँ आफूसँग रहेका पुस्तक हेरी तिनबाट उद्धरण झिकी यो निबन्ध लेखिएको छ । यो निबन्ध लेख्दा बलदेव उपाध्यायको संस्कृत साहित्य का इतिहास (सातौं संस्करण), मल्लादिसूर्यनारायण शास्त्रीको संस्कृतकविजीवितम् (पहिलो भाग) तथा विराजले हिन्दी अनुबाद गरेको विक्रमोर्वशी तथा मालविकाग्निमित्र (दोस्रो संस्करण) को भूमिकाबाट काम लिइएको छ । यी तीनै ग्रन्थकारले विक्रमसंवत्को प्रारम्भ राजा विक्रमले गरेका हुन्, उनी विक्रमसंवत्को प्रथम शताब्दीमा थिए, उनैको आश्रयमा रघुवंशहरूका कर्ता कालिदास थिए भन्ने तर्क उपस्थित गरेका छन् । यहाँ उद्धरण गरिएभन्दा बढ्ता ग्रन्थको प्रमाण उनीहरूले दिएका छन् । ती ग्रन्थ आफूसँग नहुँदा तिनको उद्धरण यहाँ गरिएको छैन । आफूसँग भएका प्रमाणबाट देखिन आएका केही कुरा यहाँ थपिएका पनि छन् ।

*आदरणीय ऐतिहासिकशिरोमणिज्यू,*

यहाँसम्मका कुराबाट विक्रमादित्य ऐतिहासिक राजा होइनन्, कालिदास विक्रमको पाँचौं शताब्दीमा भएका हुन् भनी तपाईंले स्वयंसिद्ध मानी उपस्थित गर्नुभएको सिद्धान्त प्रमाणबाट सिद्ध भएको कुरो होइन, केही पश्चिमा विद्वान्हरूको अनुकरण मात्र हो भन्ने कुरा स्पष्ट हुन्छ। यसलाई धेरै इतिहासकारहरूले स्वीकार गरेका छैनन् भन्ने कुरा पनि यहाँसम्मको कुराबाट स्पष्ट हुन आएको छ ।

अब तपाईंले उपस्थित गर्नुभएको तर्कको विषयमा केही विचार गरौं ।

**"उज्जयिनीनगरीको सौन्दर्यदेखि मुग्ध भएका महाकवि कालिदास (इ. सम्वत् ४००) ले रघुवंश र मेघदूतमा त्यस नगरीको मुक्तकण्ठले प्रशंसा गरेका छन् । आफूभन्दा दुइ शताब्दी पहिले महाकवि भासले बनाएका स्वप्नवासवदत्तानाटकमा वर्णन गरिएका अवन्तिराज प्रद्योतका ज्वाइँ वत्सराज उदयन र वासवदत्ताका मनोहारी कथा सुनेरमात्र अगाडि बढ्ने आग्रह उनले मेघलाई गराएका छन् (मेघदूत १–३१) । यदि उनले सम्वत्को उठान गर्ने अवन्तिका राजा विक्रमादित्यको कथा सुनेका भए तिनको वर्णन रघुवंश वा मेघदूतमा अवश्य गर्नेथिए ।'**

(पहिलो भागको 'एक दुइ कुरा' बाट)

कालिदासले रघुवंश बाल्मीकीय रामायणको आधारमा अलिकता थपघट गरी लेखेका हुन् । रामचन्द्रका पुर्खा, रामचन्द्र तथा रामचन्द्रका सन्तानहरूको चरित्रको वर्णन त्यहाँ गरिएको छ। रामचन्द्र त्रेतायुगमा भएका हुन् भन्ने पनि प्रख्यात छ । विक्रमादित्य कलियुगमा भएका हुन् । उनी भएको दुइ हजार वर्ष भयो । त्यसभन्दा धेरै हजार वर्षअघि रामचन्द्र भएका हुन् भन्ने कुरा प्रख्यात छ । यस कारण रघवंशमा विक्रमको चर्चा किन भएन भन्ने प्रश्न उठाउनु उचित देखिँदैन ।

इन्दुमती (रामचन्द्रकी बज्यै) को स्वयंवरमा उपस्थित भएका राजामध्ये अवन्ति (उज्जयिनी)–का राजा पनि छन् । तिनको बयान सुनन्दाको मुखबाट कालिदासले यसरी गराएका छन्—

**अवन्तिनाथोऽयमुदग्रबाहुर्विशालवक्षास्तनुवृत्तमध्यः ।**
**आरोप्य चक्रभ्रममुष्णतेजास्त्वष्ट्रेव यत्नोल्लिखितो विभाति ।।३२।।**
**अस्य प्रयाणेषु समग्रशक्तेरग्रेसरैर्वाजिभिरुत्थितानि ।**
**कुर्वन्ति सामन्तशिखामणीनां प्रभाप्ररोहास्तमयं रजांसि ।। ३३ ।।**
**असौ महाकालनिकेतनस्य वसन्नदूरे किल चन्द्रमौलेः ।**
**तमिस्रपक्षेऽपि सह प्रियाभिर्ज्योत्स्नावतो निर्विशति प्रदोषान् ।। ३४ ।।**
**अनेन यूना सह पार्थिवेन रम्भोरु कच्चिन्मनसो रुचिस्ते ।**
**सिप्रातरङ्गानिलकम्पितासु विहर्तुमुद्यानपरम्परासु ।। ३५ ।।**

(रघुवंश ६ सर्ग)

[लामो हात, फराकिलो छाती, पातलो बाटुलो कमर भएका यहाँ अवन्तिका राजा हुनुहुन्छ । विश्वकर्माले चक्रयन्त्रमा मिहिनेत गरी कुँदिएका सूर्य जस्तै यहाँ सुहाइरहनुभएको छ। उत्साहशक्ति, मन्त्रशक्ति, प्रभुशक्ति भएका यहाँ राजाको विजययात्रामा अघिअघि दगुर्ने रिसल्लाहरूले उडाइएका धूलाले सामन्त राजाहरूका श्रीपेजका मणि कान्तिविहीन हुन्छन्। महाकालमा मन्दिर भएका चन्द्रमौलि (श्रीपेजमा चन्द्रमा भएका महादेव)को नजीकै यहाँ राजाको दरबार छ। कृष्णपक्षमा पनि प्यारीहरूसंग यहाँ राजा जुनेली रातको अनुभव गर्नुहुन्छ रे । सिप्रा नदीको छालको हावाले हल्लाइएका बगैंचामा यहाँ युवक राजासँग हे सुन्दरी ! विहार गर्न चाहनुहुन्छ ?]

यहाँ हजारौंहजार वर्षपछि कलियुगमा हुने विक्रमको वर्णन सुनन्दाले गरेकी भए सुहाउने कुरो हुन्थ्यो हुँदैनथ्यो भन्ने कुरा आफै विचार गर्नुहोस् ।

अब तपाईंको दोस्रो तर्कमा विचार गरौं । मेघदूतमा कालिदासले उदयनको वर्णन गरे, विक्रमको वर्णन किन गरेनन् भन्ने तपाईंको तर्क छ । मेघदूतका जम्मा ११५ श्लोकमध्ये अघिल्ला ५ श्लोक मात्र कालिदासले आफ्नो तर्फबाट बोलेका छन्। त्यसभन्दा बाहेकका ११० श्लोक कविले यक्षको मुखबाट निकालेका छन् । स्वास्नीको वियोगले अत्यन्त दुःखी भएको यक्षले मेघद्वारा आफ्नी प्रियतमाकहाँ सन्देश पठाउन बोलेका कुरा मात्र त्यहाँ छन् । आफ्नो कर्तव्यबाट च्युत भएको हुनाले स्वास्नीसँगको वियोगको दुःख सो यक्षलाई भोगाउन भनी उसका मालिक कुबेरले एक वर्षसम्म उसलाई घरबाट निकालिदिएका थिए। यस कारण सो यक्ष कामुक थियो भन्ने कुरामा केही शङ्का छैन । कामुकको हृदय तथा उसको आचरण कस्तो हुन्छ भन्ने कुरा नै मेघदूतमा देखाइएको छ❀। यस अवस्थामा कामुक यक्षले कामुक उदयनलाई संझनु स्वाभाविक थियो । किनभने कैदमा परेका उदयनले, जसले आफूलाई कैद गरेको थियो, उसैकी छोरी उडाइदिएका थिए❁। यस कारण कामुकहरूका लागि उदयन बडा आदर्श व्यक्ति थिए।

---

❀ ५ परिशिष्ट हेर्नुहोस् ।

❁वत्स देशका राजा उदयनलाई शिकारका शौक थियो । यसैले एक दिन उदयन हात्तीखेदा गर्न भनी जङ्गलमा गएका थिए। उनी हात्तीखेदा गर्न आउने सुइँको पाएर अवन्तिका राजा प्रद्योतले त्यहाँ नकली हात्ती बनाई त्यसभित्र आफ्ना सिपाही लुकाई राखेका थिए। उदयन वीणा बजाई हात्ती पक्रन सिपालु थिए । त्यस नकली हात्तीलाई साँच्चिकै हात्ती संझी उदयनले वीणा बजाई त्यसलाई पक्रने उद्योग गर्न लागे । त्यस नकली हात्तीभित्रबाट प्रद्योतका सिपाहीहरू निस्की उदयनलाई घेरे । केही हानमार भयो। आखिरमा उदयन पक्रिए । प्रद्योतका मानिसले उदयनलाई उज्जयिनीमा लगी आफ्ना राजालाई बुझाए। प्रद्योतले उदयनलाई कैदमा हाले । प्रद्योतकी युवति छोरी वासवदत्ता कैदी उदयनको सौन्दर्यमा मुग्ध भइन्। दुवैको गुप्त प्रेम भयो । उदयनका मन्त्री यौगन्धरायण बुज्रुग थिए। आफ्ना राजाको यो दुर्दशा थाहा पाएर उनले अनेक युक्तिद्वारा उदयन र वासवदत्तालाई उज्जयिनीबाट भगाए । यस कथालाई आफ्नो प्रतिज्ञायौगन्धरायण नाउँको नाटकमा विस्तारपूर्वक भासले लेखेका छन् ।

राजनीतिज्ञ तथा योद्धाहरूको लागि उदयनको चरित्र आदर्श थिएन । उदयनका बुज्रुग मन्त्रीहरू उदयनको यस आचरणदेखि दिक्क थिए ×।

राजा विक्रम विदेशी शकहरूलाई लडाइँको मैदानमा जिती धपाई प्रख्यात भएका थिए §। यस कारण उनी वीररसले परिपूर्ण थिए भन्ने कुरा स्पष्ट छ। यस कारण यक्षले लडाका विक्रमलाई संझेन भन्ने कुरामा केही आश्चर्य छैन ।

यक्षले गरेको उज्जयिनीको वर्णन यस्तो छ—

**वक्रः पन्था यदपि भवतः प्रस्थितस्योत्तराशां**
**सौधोत्सङ्गप्रणयविमुखो मा स्म भूरुज्जयिन्याः ।**
**विद्युद्दामस्फुरितचकितैस्तत्र पौराङ्गनानां**
**लोलापाङ्गैर्यदि न रमसे लोचनैर्वञ्चितोऽसि ।।२७।।**
**वीचिक्षोभस्तनितविहगश्रेणिकाञ्चीगुणायाः**
**संसर्पन्त्याः स्खलितसुभगं दर्शितावर्तनाभेः ।**
**निर्विन्ध्यायाः पथि भव रसाभ्यन्तरः संनिपत्य**
**स्त्रीणामाद्यं प्रणयवचनं विभ्रमो हि प्रियेषु ।।२८।।**
**वेणीभूतप्रतनुसलिलासावतीतस्य सिन्धुः**
**पाण्डुच्छाया तटरुहतरुभ्रंशिभिर्जीर्णपर्णैः ।**
**सौभाग्यं ते सुभग विरहावस्थया व्यञ्जयन्ती**
**कार्श्यं येन त्यजति विधिना स त्वयैवोपपाद्यः ।।२९।।**

---

×विदूषकः—......बन्धनमिदानीं प्रमदवनं संभाव्य प्रवृत्तो रागलीलां कर्तुम् ।
यौगन्धरायणः—....अहो निरपत्रपता खलु बुद्धेः । अहो सुहृज्जनसन्तापकारणम् । अदेशकाले ललितं कामयते स्वामी ।

(प्रतिज्ञायौगन्धरायण ३ अङ्क)

[विदूषक—आजकल झ्यालखानालाई पनि दरबारको बगैंचा जस्तो संझी महाराजबाट प्रेमलीला गर्न लागिबक्सेको छ ।

यौगन्धरायण—कस्तो निर्लज्ज बुद्धि। यस्तो कामले आफन्तहरूलाई पीर पार्छ । महाराज कुठाउँमा र बेमौकामा प्रेममा फसिबक्स्यो ।]

§विक्रमको विशेषण शकाराति (शकहरूका शत्रु) थियो ।

(माथि २३४ पृष्ठ हेर्नु होस् ।)

प्राप्यावन्तीनुदयनकथाकोविदग्रामवृद्धान्
पूर्वोद्दिष्टामनुसर पुरीं श्रीविशालां विशालाम् ।
स्वल्पीभूते सुचरितफले स्वर्गिणां गां गतानां
शेषैः पुण्यैर्हृतमिव दिवः कान्तिमत् खण्डम् ॥३०॥
दीर्घीकुर्वन् पटु मदकलं कूजितं सारसानां
प्रत्यूषेषु स्फुटितकमलामोदमैत्रीकषायः ।
यत्र स्त्रीणां हरति सुरतग्लानिमङ्गानुकूलः
शिप्रावातः प्रियतम इव प्रार्थनाचाटुकारः ॥३१॥
जालोद्गीर्णैरुपचितवपुः केशसंस्कारधूपै-
र्बन्धुप्रीत्या भवनशिखिभिर्दत्तनृत्योपहारः ।
हर्म्येष्वस्याः कुसुमसुरभिष्वध्वखेदं नयेथा
लक्ष्मीं पश्यँल्ललितवनितापादरागाङ्कितेषु ॥३२॥
भर्तुः कण्ठच्छविरिति गणैः सादरं वीक्ष्यमाणः
पुण्यं यायास्त्रिभुवनगुरोर्धाम चण्डीश्वरस्य ।
धूतोद्यानं कुवलयरजोगन्धिभिर्गन्धवत्या-
स्तोयक्रीडानिरतयुवतिस्नानतिक्तैर्मरुद्भिः ॥३३॥
अप्यन्यस्मिञ्जलधर महाकालमासाद्य काले
स्थातव्यं ते नयनविषयं यावदत्येति भानुः ।
कुर्वन् सन्ध्याबलिपटहतां शूलिनः श्लाघनीया-
मामन्द्राणां फलमविकलं लप्स्यसे गर्जितानाम् ॥३४॥
पादन्यासैः क्वणितरशनास्तत्र लीलावधूतै
रत्नच्छायाखचितवलिभिश्चामरैः क्लान्तहस्ताः ।
वेश्यास्त्वत्तो नखपदसुखान् प्राप्य वर्षाग्रबिन्दू-
नामोक्ष्यन्ते त्वयि मधुकरश्रेणिदीर्घान् कटाक्षान् ॥३५॥
पश्चादुच्चैर्भुजतरुवनं मण्डलेनाभिलीनः
सान्ध्यं तेजः प्रतिनवजपापुष्परक्तं दधानः ।
नृत्यारम्भे हर पशुपतेरार्द्रनागाजिनेच्छां
शान्तोद्वेगस्तिमितनयनं दृष्टभक्तिर्भवान्या ॥३६॥

गच्छन्तीनां रमणवसतिं योषितां तत्र नक्तं
रुद्धालोके नरपतिपथे सूचिभेद्यैस्तमोभिः ।
सौदामन्या कनकनिकषस्निग्धया दर्शयोर्वीं
तोयोत्सर्गस्तनितमुखरो मा स्म भूर्विक्लवास्ताः ॥३७॥

तां कस्याञ्चिद् भवनवलभौ सुप्तपारावतायां
नीत्वा रात्रिं चिरविलसनात् खिन्नविद्युत्कलत्रः ।
दृष्टे सूर्ये पुनरपि भवान् वाहयेदध्वशेषं
मन्दायन्ते न खलु सुहृदामभ्युपेतार्थकृत्याः ॥३८॥

तस्मिन् काले नयनसलिलं योषितां खण्डितानां
शान्तिं नेयं प्रणयिभिरतो वर्त्म भानोस्त्यजाशु ।
प्रालेयास्त्रं कमलवदनात् सोऽपि हर्तुं नलिन्याः
प्रत्यावृत्तस्त्वयि कररुधि स्यादनल्पाभ्यसूयः ॥३९॥

(पूर्वमेघ)

[ उत्तरतिर जान लागेका तपाईंलाई उज्जयिनीतिर जाँदा बाटो अलि घुमाउरो पर्छ तापनि उज्जयिनीका अग्ला अग्ला महलका शोभा हेर्न नबिर्सनुहोला । त्यहाँ सहरिया स्वास्नीमान्छेका बिजुली चम्कनाले तर्सेका कर्के आँखासँग रमाउनुभएन भने जिन्दगी व्यर्थै गयो ।

छाल उठ्नाले कराएका चराको पङ्क्ति नै कमरपेटी भएकी, ढल्की ढल्की हिँडिरहेकी, भुमरी नै नाइटो भएकी, बाटोमा पर्ने निर्विन्ध्या नदीमा पसेर रसवस गर्नुहोस् । प्रियतमहरूको अगाडि विलासपूर्वकको चेष्टा नै स्वास्नीमान्छेहरूको प्रेमको पहिलो बोली हुन्छ ।

तपाईं परदेश जानाले थोरै पानी नै सानो चुल्ठो भएकी, किनारामा उम्रेका रूखका पतकर खस्नाले फुस्री भएकी, निर्विन्ध्या नदीले बिछोडको अवस्थाद्वारा हे भाग्यमानी ! तपाईंको सौभाग्य देखाइरहेकी छन् । जसो गरेर ती नदी पुष्ट होलिन्, त्यस्तै काम तपाईंले नै गर्नुपर्छ ।

अवन्तिमा उदयनको कथा जान्ने गाउँले बूढाहरू छन् । त्यहाँ पुगेर श्रीसम्पत्तिले परिपूर्ण भएको अघि बताएको विशाला सहर (उज्जयिनी) तिर लाग्नुहोस् । त्यो सहर पुण्य सिद्धिदै गएपछि स्वर्गबाट पृथ्वीमा झरेकाहरूले बाँकी रहेको आफ्नो पुण्यले ल्याएको स्वर्गको एउटा उज्यालो टुक्रा जस्तै छ ।

उज्जयिनीमा बिहान सबेरै फुलेका कमलको वासना आउने शिप्रा नदीको हावा बहिरन्छ । जसले गर्दा सारसहरूको मीठो आबाज टाढैबाट सुनिन्छ । फकाई फुल्याई कुरा गर्न जान्ने प्रियतमले झैं अनुकूल भई सो हावाले स्वास्नीमान्छेहरूको सम्भोगको थकाइ हटाइदिन्छ ।

त्यस सहरमा कपाल सम्याउन बालेका धूपका झ्यालबाट निस्किरहेको धूवाँले तपाईंको शरीर बढ्नेछ । महलमा पालिएका मुजूरहरू प्रेमपूर्वक तपाईंको अगाडि नाच्नेछन् । राम्राराम्रा स्वास्नी-मान्छेहरूका खुट्टाको माहुरले सिंगारिएका फूल बास्ना आउने महलहरूमा उज्जयिनीको रौनक हेर्दै बाटोको थकाइ मार्नुहोला ।

यो बादल महादेवको घाँटी जस्तै कालो छ भनी महादेवका गणहरूले आदरपूर्वक हेरिएका तपाईं तीनै लोकका मालिक महाकालको स्थानमा जानुहोस् । पानीमा तरुनीहरू खेलिरहेका हुनाले कमलका बास्ना आउने गन्धवती नदीको हावाले महाकालस्थानको बगैंचाका रूख हल्लिरहेका हुन्छन् ।

तपाईं अरू जुनसुकै समयमा महाकालको स्थानमा पुग्नुभएको भए पनि साँझ नपरुन्जेलसम्म तपाईंले त्यहाँ बस्नुपर्छ । किनभने तपाईंले अति गम्भीर आवाज आउने गरी गर्जेर साँझमा महादेवको पूजा गर्दा बजाउनुपर्ने नगराको काम राम्रोसँग गर्नुभयो भने त्यसको सम्पूर्ण फल पाउनुहुनेछ ।

खुट्टा चलाएर नाच्नाले कमरपेटीबाट आवाज आइरहेका, रत्न जडेका राम्रा बीँड भएका चमर काइदासँग हँकनाले हात गलेका वेश्याहरू नखक्षतमा आनन्द दिने वर्षाको पहिलो पानीको थोपा तपाईंबाट पाएर तपाईंलाई खूपसँग कटाक्षले हेर्नेछन् ।

साँझको पूजा भइसकेपछि जब महादेव ताण्डव नृत्य गर्न थाल्नुहुन्छ, तब भर्खर फुलेको जपाकुसुम जस्तो साँझको तेज भएका तपाईं महादेवका नाच्ताखेरि उठेका हातलाई छोप्ने गरी चँदुवा जस्तो भई रहनुहोला । तपाईंले यसो गर्दा रगतले भिजेको हात्तीको छाला ओढ्ने महादेवको इच्छा पूर्ण हुनेछ । यो देखेर हात्तीको छाला कहाँबाट आयो भनेर पार्वती पहिले त तर्सनुहुनेछ, तर पछि तपाईंलाई चिनेर महादेवप्रतिको तपाईंको भक्ति देखेर तपाईंलाई एकटकसंग पार्वती हेरिरहनुहुनेछ ।

प्रियतमलाई भेट्न भनी राती चूक घोप्ट्याएको जस्तो अँध्यारो सडकमा गइरहेका स्वास्नी-मान्छेहरूलाई झलमलाउँदो बिजुली चंकाएर बाटो देखाइदिनुहोला । पानी बर्साउने र गर्जने काम नगरिदिनुहोला । किनभने ती स्वास्नीमान्छेहरू व्याकुल अवस्थामा हुन्छन् ।

धेरै बेर विलास गर्नाले (चंकनाले) तपाईंकी जहान बिजुलीलाई थकाइ लागिसकेको हुन्छ । यस कारण कुनै महलको परेवा सुतिसकेको बुर्जामा रातभरि सुतेर सूर्य उदाएपछि फेरि आफ्नो बाटो लाग्नुहोला । साथीको काम गर्न हिंडेकाहरू कहिल्यै सुस्ती गर्दैनन् ।

सूर्योदय भएपछि बिहान खण्डिता (राती लोग्ने मुल नआएका) स्वास्नीमान्छेहरूलाई उनका लोग्नेहरूले फकाई फुल्याई उनीहरूको आँसु पुछिदिने गर्दछन् । यस कारण तपाईंले सूर्यको बाटो तुरुन्त छोडिदिनुहोस् । कमलपोखरीको कमलरूपी मुखबाट हिउँरूपी आँसु पुछिदिन भनी फर्केका सूर्य पनि त तपाईंले उनको कर (किरण अथवा हात) छेकिदिनुभयो भने तपाईंसँग असाध्य रिसाइहाल्लान् ।]

कालिदासका काव्यको परीक्षा उज्जयिनीमा भएथ्यो भनी राजशेखरले लेखेका छन्–

**श्रूयते चोज्जयिन्यां काव्यकारपरीक्षा–**

**इह कालिदासमेण्ठावत्रामररूपसूरभारवयः ।**

**हरिचन्द्रचन्द्रगुप्तौ परीक्षिताविह विशालायाम् ।।**

**(काव्यमीमांसा १० अध्याय)**

[ उज्जयिनीमा काव्यकारहरूको परीक्षा भएथ्यो भनी सुनिन्छ ।

यस विशाला (उज्जयिनी)मा कालिदास, मेण्ठ, अमर, रूप, सूर, भारवि, हरिचन्द्र र चन्द्रगुप्तको परीक्षा भएथ्यो ।]

यति ठूला कविहरूका काव्यको परीक्षा गर्न सक्ने कुनै विद्वन्मण्डली उज्जयिनीमा अवश्य हुँदो हो । कालिदासले आफ्ना काव्यको परीक्षा गर्ने विद्वन्मण्डलीलाई अवश्य चिनेका हुँदा हुन् । सो विद्वन्मण्डलीको चर्चा मेघदूतमा नभएको हुनाले सो विद्वन्मण्डलीलाई कालिदासले थाहा पाएका थिएनन् तथा सो विद्वन्मण्डली ऐतिहासिक होइन भन्ने तर्क गर्नु उचित होला त ?

कामुक यक्षले नसंझेका कुरा ऐतिहासिक हुन सक्तैनन् भन्ने तर्क गर्ने हो भन्ने बुद्ध, चन्द्रगुप्त मौर्य, कौटल्य, अशोक आदि ऐतिहासिक व्यक्तिहरू ऐतिहासिक हुन सक्तैनन् । यक्षको मुखबाट वेद पढ्ने एउटा मनुष्यका वर्णन पनि भएको छैन । यस कारण उनताका वेद पढ्ने मानिस थिएनन् भनेर सिद्ध गर्न सकिन्छ । यक्षले वर्णन गरेका कुरा मात्र त्यस वेला थिए भन्ने तर्कलाई सकार्ने हो भने वेश्या, गुण्डा, रक्सीबाजहरू जताततै थिए, पाठशाला औषधालय आदि त्यस वेला केही पनि थिएनन् भनी सिद्ध गर्न सकिन्छ ।

मुख्य कुरो मेघदूत इतिहास होइन, विप्रलम्भ श्रृङ्गारको उत्तम काव्य हो भन्ने कुरा संझनुपर्छ । काव्यबाट इतिहास निकाल्दा अत्यन्त सावधानी चाहिन्छ । भानुभक्तका ग्रन्थ पढेर तनहूँ वा नेपालराज्यको राजवंश पत्ता लाउन सकिँदैन ।

*आदरणीय ऐतिहासिकशिरोणिज्यू,*

विक्रमसंवत् चलाउने राजा विक्रमका तात्कालिक अभिलेख पाइँदैनन्, उत्खनन हुँदा पनि उनका अभिलेख आदि पाइएका छैनन्, यस कारण ती विक्रम ऐतिहासिक हुन सक्दैनन् भन्ने अर्को तर्क तपाईंले उठाउनुभएको छ ।

अभिलेखबाहेक अरू लेखका प्रामाण्य स्वीकार नगर्ने हो भने हामीहरू इतिहास बनाउन सक्दैनौं, बनेका प्रामाणिक इतिहास पनि भताभुङ्ग हुन्छन् । जस्तै—

प्रश्न–साँच्चै, चन्द्रगुप्त मौर्यका मन्त्री आचार्य कौटल्यले नेपालका राडी पाखीको आफ्नो ग्रन्थमा उल्लेख गरेको कुरा प्रामाणिक हो कि होइन ?

उत्तर–हो, कौटल्यको पालामा नेपालबाट पटनातिर राडी पाखी जान्थे× ।

प्रश्न–कौटल्यको उल्लेख तात्कालिक अभिलेखहरूमा पाइन्छ त ?

उत्तर–अभिलेखमा त पाइँदैन । तैपनि पुराण नाटक काव्य आदिमा पाइन्छ। यस कारण चन्द्रगुप्त मौर्यका मन्त्री कौटल्य हुनामा सन्देह छैन ।

प्रश्न–किरातीहरूलाई जिती लिच्छविहरूले नेपालमा रजाइँ गरेको कुरा हो कि होइन ?

उत्तर–हो, लिच्छविशासनभन्दा पहिले नेपालमा किरातशासन थियो❁ ।

प्रश्न–नेपालमा किरातहरूले शासन गरेका अभिलेखहरू पाइएका छन् त ?

उत्तर–अभिलेखहरू त पाइएका छैनन् । तर गोपालराजवंशावलीहरूमा लिच्छविभन्दा अघि नेपालमा किरात राजाहरू थिए भनी लेखिएको छ ।

प्रश्न–गोपालराजवंशावली त विक्रमको पन्ध्रौं शताब्दीमा लेखिएको हो । सोभन्दा हजार वर्षभन्दा अगाडिको कुरा त्यसमा लेखेको भन्दैमा प्रामाणिक होला त ?

उत्तर–पुरानो अनुश्रुति तथा प्रामाणिक लेखहरूलाई केलाई लेखिएको हुनाले गोपालराजवंशावली प्रायः प्रामाणिक छ ।

प्रश्न–यताबाट त तात्कालिक अभिलेखहरू नपाइए पनि अरू प्रामाणिक लेख पाइए घटना प्रामाणिक हुन सक्छ भन्ने तपाईंको विचार देखियो नि ?

उत्तर–हो, त्यसै हो ।

प्रश्न–उज्जयिनीका खण्डहरहरूको उत्खनन हुँदा पनि त्यस समयमा त्यहाँ विक्रमादित्य रहेको चिन्ह भेट्टिएको समाचार पत्र–पत्रिकामा देखिएको छैन । यस कारणले इसापूर्व पहिला शताब्दीका विक्रमादित्य ऐतिहासिक राजा देखिन्नन्+ ।

यसो भन्नु अलि मिलेन कि जस्तो लाग्छ । किनभने उत्खनन हुँदा कौटल्यको उल्लेख पनि पाइएको छैन । कौटल्य ऐतिहासिक व्यक्ति भएपछि विक्रमसंवत् चलाउने विक्रम ऐतिहासिक व्यक्ति हुनामा बाधा पर्ला जस्तो लाग्दैन । यस कारण यस विषयमा फेरि विचार गर्नुपर्ला कि ?

---

×कौटिल्यको अर्थ शास्त्रमा नेपालको उल्लेख भएको पाइन्छ (इ. स.पू. ३००) । नेपालमा बनेका बीसौं किसिमका ऊनी कम्बलहरूको वर्णन कौटिल्यले आफ्नो अर्थशास्त्रमा गरेका छन् । त्यस बखत ऊनी कम्बलहरू मगध राज्यमा नेपालबाट निर्यात गरिन्थ्यो । ऊनको व्यवसायको विकासको साथसाथै मिहीन कम्बल बनाउने कार्यको विकास पनि नेपालमा भैरहेको थियो ।
(बाबुराम आचार्यको नेपालको संक्षिप्त वृत्तान्त १ खण्ड ४ पृ.)

❁बौद्ध धर्मको प्रचार नेपालमा भए पछि यहाँका किरातहरू निकै सभ्य भए र आर्य सभ्यता पनि विशेष रूपमा ग्रहण गरे।··· ···लिच्छविहरूको एउटा शाखा नेपालमा आयो, र यहाँ पनि यसले जरो गाड्यो ।
(बाबुराम आचार्यको नेपालको संक्षिप्त वृत्तान्त १ खण्ड ५ पृष्ठ)

+बाबुराम आचार्यको श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी १ भाग एक दुइ कुरा ।

## विक्रमसंवत् (मालवसंवत्)

म(हाराजधिराजश्रीचन्द्रगुप्तपादा)नुध्यातस्य चतुरदधिसलिलास्वादितय(शसो महाराजा)धिराजश्रीकुमारगुप्तस्य विजयराज्यसंवत्स(र)शते सप्तदशोत्त(रे)

(करमदान्डाको प्रथम कुमारगुप्तको पालाको वि सं· ४९३ को अभिलेखबाट । दीनेशचन्द्र सरकारको अभिलेख–सङ्ग्रह २८२ पृ.)

[महाराजाधिराज श्रीचन्द्रगुप्तको (द्वितीय चन्द्रगुप्तको) पाउको निगाह पाएका, चार समुद्रसम्म राज्य पुगेका महाराजाधिराज कुमारगुप्तको (प्रथम कुमारगुप्तको) विजयराज्यमा गुप्तसंवत् ११७ (वि. सं· ४९३) मा ]

यताबाट वि. सं. ४९३ मा प्रथम कुमारगुप्त राज्य गरिरहेका थिए भन्ने स्पष्ट छ ।

चतु(स्समुद्रान्त)विलोलमेखलां सुमेरुकैलासबृहत्पयोधराम् ।
वनान्तवान्तस्फुटपुष्पहासिनीं कुमारगुप्ते पृथिवीं प्रशासति ।।२३।।

(मा)लवानां गणस्थित्या या(ते) शतचतुष्टये ।
त्रिनवत्यधिकेब्दानामृतौ सेव्यघनस्तने ।।३४।।
सहस्यमासशुक्लस्य प्रशस्तेह्नि त्रयोदशे ।
मङ्गलाचारविधिना प्रासादोयं निवेशितः ।।३५।।

(मन्दसोरको अभिलेखबाट । दीनेशचन्द्र सरकारको अभिलेख—सङ्ग्रह २८९–९७ पृष्ठ)

[चार समुद्र नै चञ्चल कन्धनी भएकी, सुमेरु पहाड र कैलास पहाड नै ठूलाठूला स्तन भएकी, वनमा फुलेका फूल नै हाँसो भएकी पृथ्वीलाई कुमारगुप्तले (प्रथम कुमारगुप्तले) शासन गरिरहनुभएको बेलामा । मालवगणसंवत् ४९३ मा शीतऋतुमा पौष शुक्ल त्रयोदशीको असल दिनमा विधिविधानपूर्वक यो मन्दिर बनाइयो । ]

माथि उद्धरण गरिएको करमदान्डाको अभिलेखमा गुप्तसंवत् ११७ अर्थात् वि. सं. ४९३ मा कुमारगुप्तले राज्य गरिरहेका देखिनाले र मन्दसोरको यस अभिलेखमा मालवगणसंवत् ४९३ मा कुमारगुप्तले नै राज्य गरिरहेका देखिनाले मालवसंवत् र विक्रमसंवत् एउटै हो भनी विद्वान्हरूले ठम्याएका हुन् ।

मालवहरू गणशासनमा रहेका थिए, मालवगणलाई समुद्रगुप्तले करद बनाएका थिए भन्ने कुरा मन्दसोरको यस अभिलेखबाट र प्रयागको समुद्रगुप्तको अभिलेखबाट ÷ बुझिन्छ ।

÷ ४ परिशिष्ट हेर्नुहोस् ।

यस कारण विक्रमसंवत् मालवसंवत्को नामले गुप्तकालमा प्रख्यात थियो भन्ने देखिन्छ। मालवगणसंवत्लाई मालवेशसंवत् (मालवका मालिकको संवत्) भनेर लेखेको पनि पाइन्छ।

**संवत्सरशतैर्यातैः सपंचनवत्यर्गलैः**

**सप्तभिर्म्मालवेशानां**

(कोटा कणस्वाको शिवमन्दिरको अभिलेख। भारतीयप्राचीनलिपिमाला १६६ पृ.)

[ मालवका मालिक (नेता वा राजा)को संवत् ७९५ मा ]

धौलपुरको चण्डमहासेनको वि. सं. ८९८ को अभिलेखमा विक्रमसंवत् शब्दको उल्लेख भएको छ—

**वसुनव(अ)ष्टौ वर्षा गतस्य कालस्य विक्रमाख्यस्य**

**वैशाखस्य सिताया(यां) रविवारयुतद्वितीयायाम्**

(भारतीयप्राचीनलिपिमाला १६६ पृ.)

[ विक्रमसंवत् ८९८ वैशाख शुक्ल द्वितीया आदित्यवारमा❁ ]

माथि उद्धृत ऐतिहासिक प्रमाणहरूबाट सिद्ध भएका कुरा—

(१) विक्रमको प्रथम शताब्दीमा राजा विक्रमको अस्तित्व।

(२) मालवहरू गणशासनमा रहेका थिए। मालवगणलाई समुद्रगुप्तले करद बनाएका थिए।

(३) अघि विक्रमसंवत् मालवगणसंवत् वा मालवेशसंवत् भनी प्रख्यात थियो।

यति प्रमाणबाट विक्रमको प्रथम शताब्दीमा मालवगणका नेता विक्रमादित्य थिए; उनले शकहरूलाई जिती शकारि भन्ने उपाधि लिएका थिए; सोही विजयको उपलक्षमा एक संवत् चल्यो; सो संवत् गणको नामबाट मालवगणसंवत् र नेताको नामबाट विक्रमसंवत् भन्ने दुवै नाउँले प्रख्यात भयो; गणको प्राधान्य रहुन्ज्यालसम्म सो संवत् मालवसंवत् भनी कहलाउँथ्यो; पछि गणशासनपद्धति लुप्त भई एकराजतन्त्रशासनको प्राधान्य हुन आयो र सो संवत् विक्रमसंवत् भन्ने नाउँले प्रख्यात भयो भन्ने केही इतिहासकारको मत छ§।

---

❁ यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. ८९८ वैशाख शुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| वैशाख | ७ | आदित्य | प्रतिपदा | ४३।३५ |

§ भारतीयप्राचीनलिपिमालाका १६५-६९ पृ. तथा संस्कृत साहित्यका इतिहासको १६७ पृष्ठ हेर्नुहोस्।

*आदरणीय ऐतिहासिकशिरोमणिज्यू,*

यहाँसम्मका कुराबाट विक्रमसंवत्प्रवर्तक विक्रमादित्य ऐतिहासिक राजा होइनन् भन्ने कुरो इतिहासबाट सिद्ध भएको होइन, केही पश्चिमा विद्वान्हरूले उपस्थित गरेको अनुमान मात्र हो, सो अनुमान हेत्वाभासले दूषित भएकोले प्रमाणकोटिमा चढ्न सकेको छैन भन्ने कुरा स्पष्ट छ । यस कारण हामीले आफ्नो संवत्मा विशेषण बनेर रहेको विक्रम शब्द हटाउँदा कतिसम्म उचित बन्न सक्छ, यो कुरा तपाईं आफै विचार गर्नुहोस् ।

*आदरणीय ऐतिहासिकशिरोमणिज्यू,*

नाक्षत्र सौरवर्षका मासहरू अशास्त्रीय र अवैज्ञानिक छन् भनी तपाईंले जो बोल्नुभयो, अब यसको विस्तारपूर्वक परीक्षा गरिन्छ ।

## सूर्यसावनदिन = पृथ्वीमा चलेको दिन = कुदिन

सूर्य बिहान सबेरै पूर्वमा उदाएको सबैले देखेकै कुरा हो । सूर्योदयको दृश्य अत्यन्त रमणीय हुन्छ । सूर्योदयको वर्णन वेदमा पनि पाइन्छ+ ।

आज बिहान पूर्वमा उदाएका सूर्य भोलिपल्ट बिहान फेरि पूर्वमा उदाउन आइपुग्छन् । यी दुइ सूर्योदयको बीचमा रहेको समयलाई सूर्यसावनदिन वा कुदिन भन्दछन् । सूर्यसावनदिनलाई छोटकरीमा सावनदिन मात्र पनि भन्छन् ।

**उदयादुदयं भानोः सावनं तत् प्रकीर्तितम् ।**
**सावनानि स्युरेतेन यज्ञकालविधिस्तु तैः ॥१८॥**

(सूर्यसिद्धान्त मानाध्याय)

[सूर्यको एक उदयदेखि लगत्तै अर्को उदयसम्मको काललाई सावनदिन भन्छन् । माथि बताइएका सावनदिन यस्तै हुन्, सवन (यज्ञविधि) गर्ने काल सावनदिनबाट निश्चित हुन्छ ।]

## नाक्षत्र दिन

आकाशमा झलमलाइरहेका तारालाई राती हेर्दा मानिसको मनमा एकतमास भई विशेष कुतूहल तथा जिज्ञासा पनि पैदा हुन्छ । यस विषयको चर्चा वेदमा पनि पाइन्छ× ।

ताराविशेषको उल्लेख पनि वेदमा पाइन्छ❀ ।

तारालाई नक्षत्र पनि भन्दछन् § । राती तारा पूर्वमा उठाएको देखिन्छ । भोलिपल्ट

---

+ ६ परिशिष्ट हेर्नुहोस् ।

× ७ परिशिष्ट हेर्नुहोस् ।

❀ ८ परिशिष्ट हेर्नुहोस् ।

**§नक्षत्रमृक्षं भं तारा तारकाप्युडु वा स्त्रियाम् ।**

(अमरकोश दिग्वर्ग २१ श्लोक)

[नक्षत्र, ऋक्ष, भ, तारा, तारका, उडु यी ६ शब्दले तारालाई बुझाउँछन् ।]

पनि साही तारा हिजो उदाएकै ठाउँमा उदाउन आइपुग्छ । यी दुइ नक्षत्रोदयको बीचमा रहेको समयलाई नाक्षत्रदिन भन्दछन् ।

**भचक्रभ्रमणं नित्यं नाक्षत्रं दिनमुच्यते ।। १५ ।।**

**(सूर्यसिद्धान्त मानाध्याय)**

[सधैं भइरहने भचक्रको भ्रमण (तारासमूहको एक घुमाइ) जति समयमा हुन्छ, त्यति समयलाई नाक्षत्रदिन भन्दछन् ।]

भास्करले पनि सावनदिन र नक्षत्रदिनका यिनै परिभाषा दिएका छन् । जस्तै—

**इनोदयद्वयान्तरं तदर्कसावनं दिनम् ।**
**तदेव मेदिनीदिनं भवासरस्तु भभ्रमः ।। २० ।।**

(सिद्धान्तशिरोमणि कालमानाध्याय)

[सूर्यको एक उदयदेखि लगत्तै अर्को उदयसम्मको काललाई सूर्यसावनदिन भन्दछन् । पृथ्वीमा चलेको दिन (कुदिन) भनेको पनि त्यही हो । भचक्रले एक फन्का मार्ने समयलाई नाक्षत्र दिन भन्दछन् । ]

## चान्द्रमान

जुनेली रातमा कौसी आदि खुला ठाउँमा बसेर चन्द्रमालाई हेर्दा मनमा आनन्द हुन्छ । यो आनन्द विशेष गरेर गरम महीनामा हुन्छ । चन्द्रमालाई हेर्दाहेर्दै उनको कला घटेको बढेको किन होला भन्ने शङ्का पनि मनमा उठ्न लाग्छ । हेरिरहूँ जस्ता लाग्ने चन्द्रमाले आफ्ना किरणले मनुष्यको मनलाई र आँखालाई पनि आनन्द दिन्छन् । पूर्णबिम्ब भएका चन्द्रमा रातभरि उदाइरहँदा मनुष्यको मनमा अत्यन्त रमाइलो लाग्छ । अघिल्लो दिन पूरा बिम्ब भएका चन्द्रमा त्यसको भोलिपल्ट अलिकता घटेका हुन्छन् । दिनकादिन घट्तै घट्तै गई १५ दिन जतिपछि चन्द्रमा नदेखिने हुन्छन् । यस कुराले मनुष्यलाई छक्क पार्दछ । त्यसको भोलिपल्ट वा पर्सिपल्टदेखि दिनकादिन चन्द्रमाका कला बढ्दै बढ्दै गएको देखिन्छ । यसले आँखालाई आनन्द दिन्छ । चन्द्रमाको कला घटेबढेको वर्णन वेदमा पनि पाइन्छ+ । दिनकादिन बढ्दै गई १५ दिन जतिमा चन्द्रमा पूरा वाटुला भएका कुरालाई संझी त्यसको भोलिपल्टदेखि घट्तै घट्तै गएका चन्द्रमालाई आँखाले देखेको मनुष्यले चन्द्रमा वाटुलो भएको दिन अर्थात् पूर्णिमाको दिनदेखि बितेका दिनलाई गन्न सक्तछ। यिनै दिनलाई तिथि भन्दछन् । चन्द्रमा जुन दिन पटक्कै देखिदैनन्, त्यस दिनलाई औंसी भन्दछन् । चन्द्रमाका दिनकादिन बढ्दै गएका कलालाई हेर्ने मानिसले औंसीदेखि बितेका दिनलाई पनि जान्न सक्तछ । चन्द्रमाको चालबाट पैदा भएका यी दिनलाई पहिलेका मानिसहरूले 'तिथि' नाम राखी काममा ल्याए । पुगनपुग ३० दिन (साढे २९ दिन) मा चन्द्रमाको कला घट्ने बढ्ने क्रम पूरा भई दोहरिन लाग्छ । यो क्रम सधैं चलिरहेको देखिन्छ ।

+ ९ परिशिष्ट हेर्नुहोस् ।

एउटा औंसीदेखि अर्को औंसीसम्ममा चन्द्रमाको कला घट्ने बढ्ने क्रम पूरा हुन्छ । यही दुइ औंसीको बीचमा रहेको समयको नाउँ 'मास' अर्थात् महीना रह्यो । यी तिथि र महीना चन्द्रको कलासंग सम्बन्ध राख्छन् । चन्द्रमाको चालसंग यिनको प्रत्यक्ष सम्बन्ध छ । यसै कारण यिनलाई 'चान्द्र' भन्दछन् ।

अमान्तादमान्तं तु यावत् स चान्द्रो भवेत्......मासः
... ... ... ... ... ...स्वाग्नितिथ्यात्मकः...।।२३।।

(सिद्धान्ततत्त्वविवेक मध्यमाधिकार मानाध्याय)

[एउटा औंसीदेखि अर्को औंसासम्म ३० तिथि हुन्छन् । यसलाई चान्द्रमास भन्दछन् ।]

## नक्षत्रचक्रमा चन्द्रमाको गति

आकाशमा रहेका ताराहरूको परस्परको सापेक्ष स्थिति फरक परेको प्रायः चाल पाईंदैन । तर चन्द्रमाले तारासमूहमा आफ्नो स्थान फेर्दै गएको दिनहुँ प्रत्यक्ष देखिन्छ । आज एउटा तारासंग रहेका चन्द्रमा भोलि त्यसभन्दा पूर्वपट्टि रहेको अर्को तारासंग रहन पुग्छन् । नक्षत्रसंग चन्द्रमाको संयोग भएको वर्णन वेदमा पनि पाइन्छ§ ।

## पुनर्वसू र चन्द्रमाको संयोगको वर्णन

उज्याला झिलिमिली गर्ने ठूलठूला दुइवटा तारा उत्तर दक्षिण भई रहेका हुन्छन् । यी दुइ जस्ता अरू कुनै तारा आकाशभरमा पाइँदैनन् । यी दुइ तारा केही उत्तर उत्तर भागमा देखिन्छन् । यिनै दुइ तारा पुनर्वसू हुन् । यिनीहरू दुइवटा भएका हुनाले लोकमा द्विवचनमा प्रयोग गरिन्छन् ।

जुन दिन पात्रोमा पुनर्वसू नक्षत्र लेखेको हुन्छ, त्यस दिन आकाशमा चन्द्रमालाई हेर्दा चन्द्रनिर रहेका दुइ तारा देखिन्छन् । ती दुइ तारा पुनर्वसू तारा हुन् । पुनर्वसूलाई चिन्न केही कष्ट पर्दैन । कुहिरो बादल केही नभएको आकाशमा पुनर्वसूको शोभा विलक्षण देखिन्छ । कुनै पनि विचारशील मानिसले एकपल्ट पुनर्वसूलाई चिनेपछि कहिल्यै पनि बिर्सन सक्तैन ।

राम-लक्ष्मणलाई साथमा लिएर हिड्न लागेका विश्वामित्रको वर्णन गर्दा पुनर्वसूनिर रहेका चन्द्रमाको उपमा कति राम्रोसंग बाल्मीकिले दिएका छन्—

इत्युक्त्वा परमप्रीतो गृह्य रामं सलक्ष्मणम् ।
प्रविशन्नाश्रमपदं व्यरोचत महामुनिः ।।
शशीव गतनीहारः पुनर्वसुसमन्वितः ।।२५।।

(वाल्मीकीय रामायण बालकाण्ड २९ सर्ग)

§ १० परिशिष्ट हेर्नुहोस् ।

[यति भनेर अत्यन्त खुशी भएका ठूला मुनि (विश्वामित्र), राम र लक्ष्मणलाई साथ लिई आश्रममा पस्ता कुहिरोबाट निस्केका पुनर्वसूसमेतका चन्द्रमा जस्तै सुहाए ।]

पुनर्वसूको जो सौन्दर्य वाल्मीकिले देखेर लेखे, त्यस सौन्दर्यलाई आफ्नो काव्यमा पनि पार्ने लोभ छाड्न कालिदास र अश्वघोष दुवैले सकेनन् । यसैले

**तौ विदेहनगरीनिवासिनां गां गताविव दिवः पुनर्वसू ।**
**मन्यते स्म पिबतां विलोचनैः पक्ष्मपातमपि वञ्चनां मनः ।।३६।।**

(रघुवंश ११ सर्ग)

[आकाशबाट पृथ्वीमा झरेका पुनर्वसू जस्ता भएका ती दुइ (राम र लक्ष्मण) लाई आँखाले एकटक लाएर हेर्ने भएका सहरिया मैथिलहरूको मनले आँखा झिमिक्क गर्नु पनि ठगिनु हो भन्ने संझ्यो ।]

**कृताभ्यनुज्ञावभितस्ततस्तौ निषेदतुः शाक्यकुलध्वजस्य ।**
**विरेजतुस्तस्य च सन्निकर्षे पुनर्वसू योगगताविवेन्दोः ।।११।।**

(बुद्धचरित ९ सर्ग)

[शाक्यकुलका झण्डा भएका तिनको (सिद्धार्थको) आज्ञा पाएर तिनको नजीकमा बसेका ती दुइ (मन्त्री र पुरोहित) चन्द्रमासँग भेट भएका पुनर्वसू जस्तै सुहाए ।]

वाल्मीकिको उपमालाई अश्वघोषले ज्यूँकात्यूँ लिएका छन्, कालिदासले अलिकता फरक पारेका छन् ।

## चित्रा र चन्द्रमाको संयोगको वर्णन

आकाशमा मोती जस्तो झलमलाउँदो चित्रा ताराले मानिसको मनलाई आकर्षण गर्दछ । वाल्मीकिले चित्रासंगसगै बसेका चन्द्रमालाई सीतासंगसंगै बसेका रामसंग दाँजेका छन्—

**स रामः पर्णशालायामासीनः सह सीतया ।। ३ ।।**
**विरराज महाबाहुश्चित्रया चन्द्रमा इव ।।**

(वाल्मीकीय रामायण अरण्यकाण्ड १७ सर्ग)

[कुटीमा सीतासंग बसेका लामा लामा हात भएका रामचन्द्र चित्रासंग बसेका चन्द्रमा झैं सुहाए ।]

वाल्मीकिको यही उपमालाई कालिदासले झन् राम्रो गरी दिएका छन्—

**काप्यभिख्या तयोरासीद् व्रजतोः शुद्धवेषयोः ।**
**हिमनिर्मुक्तयोर्योगे चित्राचन्द्रमसोरिव ।। ४६ ।।**

(रघुवंश प्रथम सर्ग)

[सादा भेष लिई वनतिर जान लागेका सुदक्षिणा र दिलीप हिउँ हटेपछि भेट भएका चित्रा र चन्द्रमा झैं अत्यन्त सुहाए ।]

यहाँ हिउँ हटेपछि भनेको अर्थ जाडो गएपछि भन्ने हुन्छ । यताबाट चैतको पूर्णिमालाई कविले बुझाउन खोजेको देखिन्छ । अर्थात् चैत्र शुक्ल पूर्णिमाका पूर्ण चन्द्र र चित्राको संयोगको वर्णन कालिदासले गरेको बुझिन्छ ।

## धार्मिक कृत्यमा नक्षत्रको दर्शन

नक्षत्र (तारा) विशेषको दर्शन गर्नु हाम्रो धार्मिक कृत्य बनेको छ । विवाहविधिको समाप्तिमा पतिले पत्नीलाई ध्रुवतारा देखाउनू भनी पारस्करगृह्यसूत्रमा लेखिएको छ—

**अस्तमिते ध्रुवं दर्शयति ।**

**ध्रुवमसि ध्रुवं त्वा पश्यामि ध्रुवैधि पोष्ये मयि ।**

**मह्यं त्वाऽदाद् बृहस्पतिर्मया पत्या प्रजावती सञ्जीव शरदः शतम् ॥१९॥**

(पारस्करगृह्यसूत्र १।८)

हे वधु त्वं ध्रुवं ध्रुवा शाश्वती असि भवसि । यतः त्वा त्वां ध्रुवं तारकाविशेषं पश्यामि दर्शयामि (अत्रान्तर्भूतो णिज् ज्ञेयः) । अतः त्वमपि मयि ध्रुवा शाश्वती पोष्या इ इतिच्छेदः इ–चार्थे मत्प्रजा-पोष्ट्री च एधि भव । एतदर्थमेव बृहस्पतिर्ब्रह्मा त्वा त्वाम् मह्यमदात् दत्तवान् । अतो मया पत्या भर्त्रा सह प्रजावती पुत्रपौत्रादियुक्ता शतं शरदो वर्षाणि जीव प्राणिहि ।

(संस्कारदीपक २ भाग १५७ पृष्ठ)

[सूर्य अस्ताएपछि दुलहीलाई ध्रुव तारा देखाउनू । हे दुलही ! तिमी ध्रुव (स्थिर) होऊ । म तिमीलाई ध्रुव तारा देखाउंछु। तिमी मसंग ध्रुव (स्थिर)भएर रहू । सन्तान पोस्ने होऊ। ब्रह्माजीले तिमीलाई मेरो हातमा सुम्पिदिनुभयो । यस कारण म (पति)संग सन्तानका साथ सय वर्षसम्म बाँच ।]

यस विषयको वर्णन कवि कालिदासले पनि गरेका छन्—

**ध्रुवेण भर्त्रा ध्रुवदर्शनाय प्रयुज्यमाना प्रियदर्शनेन ।**

**सा दृष्ट इत्याननमुन्नमय्य ह्रीसन्नकण्ठी कथमप्युवाच ॥८५ ॥**

(कुमारसम्भव ७ सर्ग)

[हेरिरहुँ जस्ता लाग्ने आफ्ना पति शिवजीले ध्रुवको दर्शन गर भनी अह्राइएकी पार्वतीले टाउको ठाडो गरेर देखें भनी लाजले सानो स्वरले बल्लतल्ल बोल्नुभयो ।]

उत्तरतिर ध्रुव तारा प्रायः स्थिर भई रहन्छन् । दक्षिणतिर अगस्त्य तारा घुमिरहन्छन् । अगस्त्य तारा गर्मीमा चार महीना जति देखिंदैनन्। अगस्त्य तारा उदाएपछि वर्षा सिद्धिए जस्तै हुन्छ । यस विषयको वर्णन काव्य तथा शास्त्रमा पाइन्छ—

प्रससादोदयादम्भः कुम्भयोनेर्महौजसः ।

(रघुवंश चतुर्थ सर्ग २१ श्लो.)

[ तेजिला अगस्त्य तारा उदाएपछि पानी सङ्लियो । ]

उदये च मुनेरगस्त्यनाम्नः कुसमायोगमलप्रदूषितानि ।
हृदयानि सतामिव स्वभावात् पुनरम्बूनि भवन्ति निर्मलानि ।।७।।

( बृहत्संहिता अगस्त्यचार)

[ हिलो मैलो भएको पानी अगस्त्य मुनि उदाएपछि फेरि सफा हुन्छ । जस्तै खराप सङ्गतले धमिलिएको सज्जनको मन फेरि स्वभावैले निर्मल हुन्छ । ]

उदाएका अगस्त्य तारालाई हेरी अर्घ दिनू भनी वराहमिहिरले बोलेका छन्—

इषत् प्रभिन्नेऽरुणरश्मिजालैर्नैशेऽन्धकारे दिशि दक्षिणस्याम् ।
सांवत्सरावेदितदिग्विभागे भूपोऽर्घमुर्व्यां प्रयतः प्रयच्छेत् ।।१५।।

(बृहत्संहिता अगस्त्यचार)

[ रातको अन्धकारलाई अरुणोदयले हटाउन हटाउन लागेको वेलामा दक्षिण दिशातिर ज्योतिषीले बताएको भागमा राजाले पवित्र भई पृथ्वीमा (अगस्त्यलाई) अर्घ दिनू । ]

अगस्त्यलाई अर्घ दिने चलन हामी साधारण गृहस्थीको घरमा पनि छ* ।

## नक्षत्रबाट समय (दिन रात)को नामकरण

यो दिन चन्द्रमा फलानो नक्षत्रमा रहन्छन् भन्ने कुरो पनि नक्षत्रचक्रमा चन्द्रमाको गतिलाई विचार गर्ने मानिस थाहा पाउन सक्तछ । जुन दिन जुन नक्षत्रको नजीक चन्द्रमा रहन्छन्, त्यस दिनलाई त्यही नक्षत्रबाट नाउँ राख्ने चलन छ । यस विषयमा पाणिनिले बोलेको कुरो तल दिइन्छ—

### नक्षत्रेण युक्तः कालः ४।२।३

तृतीया समर्थविभक्तिरनुवर्त्तते । तेनेति तृतीयासमर्थाद् नक्षत्रविशेषवाचिनः शब्दाद् युक्त इत्येतस्मिन्नर्थे यथाविहितं प्रत्ययो भवति । योऽसौ युक्तः कालश्चेत् स भवति । कथं पुनर्नक्षत्रेण पुष्यादिना कालो युज्यते ? पुष्यादिसमीपस्थे चन्द्रमसि वर्त्तमानाः पुष्यादिशब्दाः प्रत्ययमुत्पादयन्ति । पुष्येण युक्तः कालः, पुष्यसमीपस्थेन चन्द्रमसा युक्त इत्यर्थः । पौषी रात्रिः । पौषमहः । माघी रात्रिः । माघमहः । नक्षत्रेणेति किम् ? चन्द्रमसा युक्ता रात्रिः । काल इति किम् ?

* ध्रुव तथा अगस्त्य ताराको अलिकता परिचय तथा कथा ज्यौतिष (प्रथम भाग) का २५-२७, ३०-३१ पृष्ठमा हेर्नुहोस् । अगस्त्य ऋषिको वर्णन ऋग्वेदमा पनि पाइन्छ । ११ परिशिष्ट हेर्नुहोस् ।

पुष्येण युक्तश्चन्द्रमाः ।

## लुबविशेषे ४।२।४

पूर्वेण विहितस्य प्रत्ययस्य लुब् भवति अविशेषे, न चेन्नक्षत्रयुक्तस्य कालस्य रात्र्यादिविशेषोऽभिधीयते । यावान् कालो नक्षत्रेण युज्यतेऽहोरात्रस्तस्याविशेषे लुब् भवति । अद्य पुष्यः । अद्य कृत्तिकाः। अविशेष इति किम् ? पौषी रात्रिः । पौषमहः ।।

## संज्ञायां श्रवणाश्वत्थाभ्याम् ।४।२।५

अविशेषे लुब् विहितः पूर्वेण, विशेषार्थोऽयमारम्भः । श्रवणशब्दादश्वत्थशब्दाच्चोत्पन्नस्य प्रत्ययस्य लुब् भवति संज्ञायां विषये । श्रवणा रात्रिः । अश्वत्थो मुहूर्त्तः। लुपि युक्तवद्भावः कस्मान्न भवति ? निपातनात् — " विभाषा फाल्गुनीश्रवणाकार्त्तिकीचैत्रीभ्यः " इति । संज्ञायामिति किम् ? श्रावणी आश्वत्थी रात्रिः ॥

## द्वन्द्वाच्छः ४।२।६

नक्षत्रद्वन्द्वात् तृतीयासमर्थाद् युक्ते काले छः प्रत्ययो भवति विशेषे चाविशेषे वा राधानुराधीया रात्रिः । तिष्यपुनर्वसवीयमहः । अविशेषे–अद्य राधानुराधीयम् । अद्य तिष्यपुनर्वसवीयम् । लुपं परत्वाद् बाधते ।।

(काशिका)

[तृतीयान्त समर्थ नक्षत्रविशेषवाचक शब्ददेखि युक्त भएको काल (समय) भन्ने अर्थमा यथाविहित प्रत्यय हुन्छ । पुष्य(तिष्य) आदि नक्षत्रसंग समयको कसरी सम्बन्ध हुन्छ भनी कोही भन्लान् । पुष्य आदि नक्षत्रको नजीकै रहेका चन्द्रमालाई बुझाउने पुष्य आदि शब्दबाट प्रत्यय हुन्छ । पुष्य नक्षत्रले युक्त काल भनेको पुष्य नक्षत्रको नजीकै रहेका चन्द्रमाले युक्त भएको काल हो भनी बुझ्नुपर्छ । पुष्य नक्षत्रको नजीकै रहेका चन्द्रमाले युक्त भएको रातलाई भन्दा पौषी रात्रिः हुन्छ । पुष्य नक्षत्रको नजीकै रहेका चन्द्रमाले युक्त भएको दिनलाई भन्दा पौषम् अहः हुन्छ । यसै गरी मघा नक्षत्रको नजीकै रहेका चन्द्रमाले युक्त भएको रातलाई भन्दा माघी रात्रिः र दिनलाई भन्दा माघम् अहः हुन्छ । ४।२।३

विशेष काल नबुझाएमा अर्थात् अहोरात्रभर (दिनरातभर) एउटै नक्षत्रको नजीकमा चन्द्रमा रही दिन रात केही नछुट्टिएमा अघिल्लो सूत्रले नक्षत्रविशेषवाचक शब्ददेखि गरेको प्रत्ययको लुप् हुन्छ । जस्तै आज दिनरातभर तिष्य नक्षत्रको नजीकमा चन्द्रमा छन् भन्दा अद्य पुष्यः हुन्छ । यसै गरी आज दिनरातभर कृत्तिका नक्षत्रको नजीकमा चन्द्रमा छन् भन्दा अद्य कृत्तिकाः हुन्छ । ४।२।४

तृतीयान्तसमर्थ श्रवण (श्रवण नक्षत्र) शब्द र अश्वत्थ (अश्विनी नक्षत्र) शब्ददेखि युक्त भएको काल भन्ने अर्थमा गरेको प्रत्ययको संज्ञा (रूढ नाउँ) बुझिएमा लुप् हुन्छ । जस्तै—श्रवण नक्षत्रको नजीकमा चन्द्रमा रहेको रातलाई भन्दा श्रवणा रात्रिः हुन्छ । यसै गरी अश्वत्थ (अश्विनी) नक्षत्रको नजीकमा चन्द्रमा रहेको मुहूर्तलाई भन्दा अश्वत्थः मुहूर्त्तः हुन्छ । ४ । २।५

तृतीयान्तसमर्थ द्वन्द्व समास भएको नक्षत्रवाचक शब्ददेखि युक्त भएको काल भन्ने अर्थमा (विशेष अर्थमा र अविशेष अर्थमा पनि) छ प्रत्यय हुन्छ। जस्तै विशेषमा—राधा (विशाखा) नक्षत्र र अनुराधा नक्षत्रनजीकै चन्द्रमा रहेको रात भन्दा राधानुराधीया रात्रिः हुन्छ। तिष्य नक्षत्र र पुनर्वसू नक्षत्र नजीकै चन्द्रमा रहेको दिनलाई भन्दा तिष्यपुनर्वसवीयम् अहः हुन्छ। अविशेषमा—आज अहोरात्रभर राधा (विशाखा) नक्षत्र र अनुराधा नक्षत्रनजीकै चन्द्रमा रहेका छन् भन्दा अद्य राधानुराधीयम् हुन्छ। आज अहोरात्रभर तिष्य नक्षत्र र पुनर्वसू नक्षत्र नजीकै चन्द्रमा रहेका छन् भन्दा अद्य तिष्यपुनर्वसवीयम् हुन्छ। ४।२।६ ]

## अमुक नक्षत्रमा अमुक काम गर्नू भन्ने उल्लेख

**अथ पुंसवनम् ।।१।। यदहः पुंसा नक्षत्रेण चन्द्रमा युज्येत तदहः...।।३।।**

(पारस्करगृह्यसूत्र १।१४)

[ जुन दिन पुरुष नक्षत्र (तिष्य, पुनर्वसू, हस्त आदि नक्षत्र) संग चन्द्रमाको भेट हुन्छ, त्यस दिन पुंसवन कर्म गर्नू । ]

**अथ वृषोत्सर्गः ।।१।। कार्त्तिक्यां पौर्णमास्यां रेवत्यां वाश्वयुजस्य ।।३।।**

(पारस्करगृह्यसूत्र ३।९)

[ कातिक शुक्ल पूर्णिमामा अथवा आश्विन महीनाको रेवती नक्षत्रमा वृषोत्सर्ग गर्नू ।]
अमुक नक्षत्रमा अमुक काम गर्नू भन्ने उल्लेख पारस्करगृह्यसूत्रमा जति भने पनि पाइन्छन् । साइत हेर्दा महीना, पक्ष, तिथि, वार र लग्नहरूको पनि विचार गरिन्छ । तर सबभन्दा मुख्य कुरो नक्षत्रको विचार हुन्छ ।

नक्षत्रविशेषमा शुभकर्म गरेको उल्लेख कालिदासले पनि गरेका छन्—

**मैत्रे मुहूर्त्ते शशलाञ्छनेन योगं गतासूत्तरफल्गुनीषु ।**
**तस्याः शरीरे प्रतिकर्म चक्रुर्बन्धुस्त्रियो याः पतिपुत्रवत्यः ।।६।।**

(कुमारसम्भव सप्तम सर्ग)

[ उत्तरफल्गुनी नक्षत्रनजीकै चन्द्रमा रहेको दिन मैत्र मुहूर्त्त (तेस्रो मुहूर्त्त बिहान ७।८ बजेतिर) सधवा छोराछोरी भएका इष्टमित्रका आइमाईहरूले पार्वतीको शरीर सिंगारे । ]

चन्द्रमाको नक्षत्रविशेषसँग संयोग हुँदा व्रतपूजा गर्ने चलन थियो। जस्तै—

**देवी—(चन्द्रमालोक्य) एष रोहिणीयोगेनाधिकं शोभते भगवान् मृगलाञ्छनः ।.........दारिकाः! आनयतोपहारकं, यावद्धर्म्यंगतांश्चन्द्रपादानर्चयामि ।......**
**(नाटचेन कुसुमादिभिश्चन्द्रपादानभ्यर्च्य)**

(विक्रमोर्वशीय ३ अङ्क)

[ महारानी– (चन्द्रमातिर हेरेर) रोहिणी नक्षत्रसँग भेट हुनाले भगवान् चन्द्रमाको शोभा बढेको छ। ए ठिटीहो, पूजासामान ल्याओ, दरबारमा लाएको जूनलाई पूजा गर्छु।
(फूलहरूले जूनलाई पूजा गरेर) ]

## नक्षत्रबाट मानिसको नामकरण

जन्मनक्षत्रबाट मानिसको नामकरण हुने विषमा पाणिनिले यस्तो बोलेका छन्–

### पूर्वाह्णपराह्णर्द्रामूलप्रदोषावस्करात् वुन् ४।३।२८

पूर्वाह्णादिभ्यः शब्देभ्यो वुन् प्रत्ययो भवति तत्र जात इत्येतस्मिन् विषये संज्ञायां गम्यमानायाम्। पूर्वाह्णकः। अपराह्णकः। "विभाषा पूर्वाह्णापराह्णाभ्याम्" इत्यस्यापवादः। आर्द्रकः। मूलकः। नक्षत्राणोऽपवादः। प्रदोषकः। "निशाप्रदोषाभ्यां च" इत्यस्यापवादः। अवस्करकः। औत्सर्गिकस्याऽणोपवादः। असंज्ञायां तु यथाप्राप्तं ठञादय एव भवन्ति।

### श्रविष्ठाफल्गुन्यनुराधास्वातितिष्यपुनर्वसुहस्तविशाखाषाढाबहुलाल्लुक् ४।३।३४

श्रविष्ठादिभ्यः शब्देभ्यो नक्षत्रेभ्य आगतस्य जातार्थे लुग् भवति। तस्मिन् स्त्रीप्रत्ययस्यापि लुक् तद्धितलुकि'ति लुग् भवति। श्रविष्ठासु जातः, श्रविष्ठः। फल्गुनः। अनुराधः। स्वातिः। तिष्यः। पुनर्वसु ः। हस्तः। विशाखः। अषाढः। बहुलः।

### वत्सशालाभिजिदश्वयुक्छतभिषजो वा ४।३।३६

वत्साशालादिभ्यः परस्य जातार्थे प्रत्ययस्य लुग् वा भवति। वत्सशालायां जातः, वत्सशालः। वात्सशालः। अभिजित्। आभिजितः। अश्वयुक्। आश्वयुजः। शतभिषक्। शातभिषजः। बहुलग्रहणस्यायं प्रपञ्चः।

### नक्षत्रेभ्यो बहुलम् ४।३।३७

नक्षत्रेभ्य उत्तरस्य जातार्थे प्रत्ययस्य बहुलं लुग् भवति। रौहिणः। रोहिणः। मृगशिराः। मार्गशीर्षः।

(काशिका)

[सप्तम्यन्तसमर्थ पूर्वाह्ण, अपराह्ण, आर्द्रा, मूल, प्रदोष, अवस्कर शब्ददेखि जन्मेको भन्ने अर्थमा संज्ञा बुझिएमा वुन् प्रत्यय हुन्छ। जस्तै—पूर्वाह्णमा जन्मेको भन्दा पूर्वाह्णकः हुन्छ। यसै गरी अपराह्णकः (अपराह्णमा जन्मेको), आर्द्रकः (आर्द्रा नक्षत्रमा जन्मेको), मूलकः (मूल नक्षत्रमा जन्मेको), प्रदोषकः (साँझमा जन्मेको), अवस्करकः (फोहरमा जन्मेको) भन्ने रूप बन्छन्।४।३।२८

श्रविष्ठा (धनिष्ठा), फल्गुनी (पूर्वफल्गुनी वा उत्तरफल्गुनी), अनुराधा, स्वाति, तिष्य, पुनर्वसू, हस्त, विशाखा, अषाढा (पूर्वाषाढा वा उत्तराषाढा), बहुला (कृत्तिका) शब्ददेखि जातः

(जन्मेको) भन्ने अर्थमा गरेको प्रत्ययको लुक् हुन्छ । जस्तै—श्रविष्ठः (धनिष्ठा नक्षत्रमा जन्मेको), फल्गुनः (पूर्वफल्गुनी वा उत्तरफल्गुनी नक्षत्रमा जन्मेको), अनुराधः (अनुराधा नक्षत्रमा जन्मेको), स्वातिः (स्वाति नक्षत्रमा जन्मेको), तिष्यः (तिष्य नक्षत्रमा जन्मेको), पुनर्वसुः (पुनर्वसू नक्षत्रमा जन्मेको), हस्तः (हस्त नक्षत्रमा जन्मेका), अषाढः (पूर्वाषाढा वा उत्तराषाढा नक्षत्रमा जन्मेको), बहुलः (कृत्तिका नक्षत्रमा जन्मेको) यी रूप बन्छन् ।४।३।३४

वत्सशाला, अभिजित्, अश्वयुज्, शतभिषज् शब्ददेखि जन्मेको भन्ने अर्थमा गरेको प्रत्ययको विकल्पले लुक् हुन्छ । जस्तै—वत्सशालः, वात्सशालः (बाछो बाँध्ने गोठमा जन्मेको); अभिजित्, आभिजितः (अभिजित् नक्षत्रमा जन्मेको); अश्वयुक्, आश्वयुजः (अश्विनी नक्षत्रमा जन्मेको); शतभिषक्, शातभिषजः (शतभिषा नक्षत्रमा जन्मेको) यी रूप बन्छन् । ४।३।३६

नक्षत्रविशेषवाचक शब्ददेखि जातः (जन्मेको) भन्ने अर्थमा गरेको प्रत्ययको लुक् कहीँ हुन्छ, कहीँ हुँदैन । जस्तै– रौहिणः वा रोहिणः (रोहिणी नक्षत्रमा जन्मेको), मृगशिराः वा मार्गशीर्षः (मृगशिरा नक्षत्रमा जन्मेको) यी रूप बन्छन् ।४।३।३७]

आयुर्वेदका एक ठूला आचार्य पूनर्वसु आत्रेय छन्—

**अथ मैत्रीपरः पुण्यमायुर्वेदं पुनर्वसुः ।**
**शिष्येभ्यो दत्तवान् षड्भ्यः सर्वभूतानुकम्पया ।।३०।।**

(चरकसंहिता सूत्रस्थान १ अध्याय)

भरद्वाजशिष्यस्यात्रेयस्य पुनर्वस्वपरनाम्नः

(चक्रपाणिको टीका)

[अनि मैत्री स्वभाव भएका आत्रेय पुनर्वसुले सबै प्राणीको हित होस् भनी ६ जना चेलाहरूलाई पवित्र आयुर्वेद सिकाइदिनुभयो ।]

उनको नाउँ ४।३।३४ सूत्रअनुसार बनेको देखिन्छ ।

## नक्षत्रबाट महीनाको नाम

पूर्णिमाको दिन चन्द्रमा पुरा बाटुला देखिन्छन् । त्यस दिन चित्रा आदि प्रसिद्ध तारासंग चन्द्रमाको योग हुँदा आकाशमा अत्यन्त शोभा देखिन्छ भन्ने कुरो माथि उद्धरण गरिएको कालिदासको पद्यबाट बुझिन्छ भन्ने कुरो माथि नै भनिसकिएको छ ।

जुन पूर्णिमामा जुन नक्षत्रनजीकै चन्द्रमा रहेका हुन्छन्, त्यही नक्षत्रबाट सो पूर्णिमाको नाम र सो पूर्णिमाको नामबाट महीनाको नाम रहेको देखिन्छ । यस विषयमा पाणिनिले बोलेको कुरो यो हो–

**साऽस्मिन् पौर्णमासीति संज्ञायाम् ।४।२।२१**

**सेति प्रथमासमर्थाद् अस्मिन्निति सप्तम्यर्थे यथाविहितं प्रत्ययो भवति, यत् त प्रथमासमर्थं पौर्णमासी चेद् भवति । इति करणस्ततश्चेद् विवक्षा । संज्ञायामिति समुदायोपाधिः, प्रत्ययान्तेन**

चेत् संज्ञा गम्यत इति । मासार्द्धमाससंवत्सराणामेषा संज्ञा । पौषो पौर्णमासी अस्मिन् पौषो मासः । पौषोऽर्द्धमासः । पौषः संवत्सरः । इह न भवति—पौषी पौर्णमासी अस्मिन् दशरात्र इति । भृतकमासे च न भवति । इति करणस्य संज्ञाशब्दस्य च तुल्यमेव फलं प्रयोगानुसरणं, तत्र किमर्थं द्वयमुपादीयते ? संज्ञाशब्देन तुल्यतामिति करणस्य ज्ञापयितुं न ह्ययं लोके तथा प्रसिद्धः । संज्ञार्थत्वे तु संप्रति ज्ञापितं यत् तत्र तत्रोच्यते इति करणस्ततश्चेद् विवक्षेति तदुपपन्नं भवति । अथ पौर्णमासीति कोऽयं शब्दः ? पूर्णमासादण् पौर्णमासी । अथवा, पूर्णो माः पूर्णमाः, पूर्णमास इयं पौर्णमासी । मा इति चन्द्र उच्यते ।।

## आग्रहायण्यश्वत्थाट्ठक् ।४।२।२२

सास्मिन् पौर्णमासीति सर्वमनुवर्तते । आग्रहायणीशब्दादश्वत्थशब्दाच्च प्रथमासमर्थात् पौर्णमास्युपाधिकाद् अस्मिन्निति सप्तम्यर्थे ठक् प्रत्ययो भवति । अणोऽपवादः । आग्रहायणिको मासः, अर्द्धमासः संवत्सरः । एवमाश्वत्थिकः ।।

## विभाषा फाल्गुनीश्रवणाकार्त्तिकीचैत्रीभ्यः ४।२।२३

फाल्गुन्यादयः पौर्णमासीशब्दास्तेभ्यो विभाषा ठक् प्रत्ययो भवति, सास्मिन् पौर्णमासीति संज्ञायाम्"इत्येतस्मिन् बिषये । नित्यमणि प्राप्ते पक्षे ठग् विधीयते । फाल्गुनो मासः । फाल्गुनिकः । श्रावणः । श्रावणिकः । कार्तिकः । कार्त्तिकिकः । चैत्रः । चैत्रिकः ।।

(काशिका)

[प्रथमान्तसमर्थ पूर्णिमाविशेषवाचक शब्ददेखि यसमा यो परेको छ भन्दा यथाविहित प्रत्यय हुन्छ । यसरी प्रत्यय गरी बनेको शब्दले मास (महीना), अर्द्धमास (पक्ष) तथा संवत्सर (वर्ष) अर्थलाई बुझाउँछ । जस्तै—पुष्य (तिष्य) नक्षत्रनजीकै चन्द्रमा रहेको पूर्णिमालाई भन्दा पौषी पौर्णमासी हुन्छ । पौषी पौर्णमासी जुन महीनामा पर्छ, त्यो महीना पौषः मासः हुन्छ । यसै गरी जुन अर्द्धमास (पक्ष)मा पौषी पौर्णमासी पर्छ, त्यो पौषः अर्द्धमासः भनिन्छ । यसै गरी पौषः संवत्सर भनिन्छ× । ४।२।२१

तृतीयान्तसमर्थ आग्रहायणी (मृगशिरा नक्षत्रनजीकै चन्द्रमा रहेको पूर्णिमा), अश्वत्थ (अश्विनी नक्षत्रनजीकै चन्द्रमा रहेको पूर्णिमा) शब्ददेखि यसमा यो परेको छ भन्दा ठक् प्रत्यय हुन्छ । जस्तै मृगशिरा नक्षत्रनजीकै चन्द्रमा रहेको पूर्णिमा भएको महीना "आग्रहायणिकः मासः" भनिन्छ । यसै गरी आग्रहायणिकः अर्द्धमासः (पक्ष), आग्रहायणिकः संवत्सरः (वर्ष)पनि हुन्छ । यसै गरी अश्वत्थ (अश्विनी नक्षत्र)नजीकै चन्द्रमा रहेको पूर्णिमा भएको महीना आश्वत्थिकः मासः हुन्छ । आश्वत्थिकः अर्द्धमासः (पक्ष), आश्वत्थिकः संवत्सरः (वर्ष) पनि हुन्छ । ४।२।२२

× जुन नक्षत्रमा बसेका बृहस्पतिको अस्तोदय हुन्छ, त्यस नक्षत्रबाट त्यस संवत्सरको नाउँ रहन्छ । जस्तै–तिष्यमा बसेका बृहस्पतिको अस्तोदय भएको वर्ष पौषः संवत्सरः भनिन्छ । यो कुरो तल स्पष्ट गरिएको छ ।

तृतीयान्तसमर्थ फाल्गुनी (पूर्वफल्गुनी वा उत्तरफल्गुनी नक्षत्रनजीकै चन्द्रमा रहेको पूर्णिमा), श्रवणा (श्रवण नक्षत्रनजीकै चन्द्रमा रहेको पूर्णिमा), कार्त्तिकी (कृत्तिका नक्षत्रनजीकै चन्द्रमा रहेको पूर्णिमा), चैत्री (चित्रा नक्षत्रनजीकै चन्द्रमा रहेको पूर्णिमा) शब्ददेखि यसमा यो परेको छ भन्दा विकल्पले ठक् प्रत्यय हुन्छ (अर्थात् अण् र ठक् दुवै प्रत्यय हुन्छन्) । जस्तै–फाल्गुनी पौर्णमासी परेको महीना फाल्गुनः वा फाल्गुनिकः मासः हुन्छ । यसै गरी श्रावणः श्रावणिकः। कार्त्तिकः कार्त्तिकिकः । चैत्रः चैत्रिकः रूप बन्दछन् । ४।२।२३ ]

पाणिनिले बोलेको यो कुरो सूर्यसिद्धान्त आदि ज्यौतिष ग्रन्थमा पनि पाइन्छ । जस्तै—

**नक्षत्रनाम्ना मासास्तु ज्ञेयाः पर्वान्तयोगतः ।।१५।।**
**कार्त्तिक्यादिषु संयोगे कृत्तिकादि द्वयं द्वयम् ।।**
**अन्त्योपान्त्यौ पञ्चमश्च त्रिधा मासत्रयं स्मृतम् ।।१६।।**
**वैशाखादिषु कृष्णे च योगः पञ्चदशे तिथौ ।**
**कार्त्तिकादीनि वर्षाणि गुरोरस्तोदयात् तथा ।।१७।।**

(सूर्यसिद्धान्त मानाध्याय)

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| [कार्त्तिक | शुक्ल | पूर्णिमामा | कृत्तिका, | रोहिणी | | नक्षत्र | पर्छन् । |
| मार्ग | शुक्ल | पूर्णिमामा | मृगशिरा, | आर्द्रा | | नक्षत्र | पर्छन् । |
| पौष | शुक्ल | पूर्णिमामा | पुनर्वसू, | तिष्य | | नक्षत्र | पर्छन् । |
| माघ | शुक्ल | पूर्णिमामा | अश्लेषा, | मघा | | नक्षत्र | पर्छन् । |
| फाल्गुन | शुक्ल | पूर्णिमामा | पूर्वफल्गुनी, | उत्तरफल्गुनी, | हस्त | नक्षत्र | पर्छन् । |
| चैत्र | शुक्ल | पूर्णिमामा | चित्रा, | स्वाति | | नक्षत्र | पर्छन् । |
| वैशाख | शुक्ल | पूर्णिमामा | विशाखा, | अनुराधा | | नक्षत्र | पर्छन् । |
| ज्येष्ठ | शुक्ल | पूर्णिमामा | ज्येष्ठा, | मूल | | नक्षत्र | पर्छन् । |
| आषाढ | शुक्ल | पूर्णिमामा | पूर्वाषाढा, | उत्तराषाढा | | नक्षत्र | पर्छन् । |
| श्रावण | शुक्ल | पूर्णिमामा | श्रवण, | धनिष्ठा | | नक्षत्र | पर्छन् । |
| भाद्र | शुक्ल | पूर्णिमामा | शतभिषक्, | पूर्वभाद्र, | उत्तरभाद्र | नक्षत्र | पर्छन् । |
| आश्विन | शुक्ल | पूर्णिमामा | रेवती, | अश्विनी, | भरणी | नक्षत्र | पर्छन् । |

अमान्तमानले

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वैशाख | कृष्ण | औंसीमा | कृत्तिका, | रोहिणी | नक्षत्र | पर्छन् । |
| ज्येष्ठ | कृष्ण | औंसीमा | मृगशिरा, | आर्द्रा | नक्षत्र | पर्छन् । |
| आषाढ | कृष्ण | औंसीमा | पुनर्वसू, | तिष्य | नक्षत्र | पर्छन् । |
| श्रावण | कृष्ण | औंसीमा | अश्लेषा, | मघा | नक्षत्र | पर्छन् । |

| | | | | | |
|---|---|---|---|---|---|
| भाद्र कृष्ण औंसीमा | पूर्वफल्गुनी, | उत्तरफल्गुनी, हस्त | | नक्षत्र | पर्छन् । |
| आश्विन कृष्ण औंसीमा | चित्रा, | स्वाति | | नक्षत्र | पर्छन् । |
| कार्त्तिक कृष्ण औंसीमा | विशाखा, | अनुराधा | | नक्षत्र | पर्छन् । |
| मार्ग कृष्ण औंसीमा | ज्येष्ठा, | मूल | | नक्षत्र | पर्छन् । |
| पौष कृष्ण औंसीमा | पूर्वाषाढा, | उत्तराषाढा | | नक्षत्र | पर्छन् । |
| मार्ग कृष्ण औंसीमा | श्रवण, | धनिष्ठा | | नक्षत्र | पर्छन् । |
| फाल्गुन कृष्ण औंसीमा | शतभिषक्, | पूर्वभाद्र, | उत्तरभाद्र | नक्षत्र | पर्छन् । |
| चैत्र कृष्ण औंसीमा | रेवती, | अश्विनी | भरणी | नक्षत्र | पर्छन् । |

बृहस्पतिको उदय अस्त

| | | | | |
|---|---|---|---|---|
| कृत्तिका, रोहिणी | नक्षत्रमा भए | कार्त्तिक | वर्ष हुन्छ । |
| मृगशिरा, आर्द्रा | ,, ,, | मार्ग | ,, ,, |
| पूनर्वसू, तिष्य | ,, ,, | पौष | ,, ,, |
| अश्लेषा, मघा | ,, ,, | माघ | ,, ,, |
| पूर्वफल्गुनी, उत्तरफल्गुनी, हस्त | ,, ,, | फाल्गुन | ,, ,, |
| चित्रा, स्वाति | ,, ,, | चैत्र | ,, ,, |
| विशाखा, अनुराधा | ,, ,, | वैशाख | ,, ,, |
| ज्येष्ठा, मूल | ,, ,, | ज्यैष्ठ | ,, ,, |
| पूर्वाषाढा, उत्तराषाढा | ,, ,, | आषाढ | ,, ,, |
| श्रवण, धनिष्ठा | ,, ,, | श्रावण | ,, ,, |
| शतभिषक्, पूर्वभाद्र, उत्तरभाद्र | ,, ,, | भाद्र | ,, ,, |
| रेवती, अश्विनी, भरणी | ,, ,, | आश्विन | ,, ,,] |

यसबाट पूर्णिमाको दिनको नक्षत्रबाट महीनाको नाम रहेको र बृहस्पतिको अस्तोदयको नक्षत्रको नामबाट वर्षको नाम रहेको कुरो स्पष्ट हुन्छ ।

वराहमिहिरले पनि वर्षको विषयमा यही कुरा बोलेका छन्—

**नक्षत्रेण सहोदयमुपगच्छति येन देवपतिमन्त्री ।**
**तत्संज्ञं वक्तव्यं वर्षं मासक्रमैणैव ।। १ ।।**
**वर्षाणि कार्त्तिकादीन्याग्नेयाद् भद्वयानुयोगीनि ।**
**क्रमशस्त्रिभं तु पञ्चममुपान्त्यमन्त्यं च यद् वर्षम् ।। २ ।।**

( बृहत्संहिता बृहस्पतिचार )

नक्षत्रबाट वर्षको नाम रहेको उल्लेख अभिलेखमा पाइन्छ—

**माघवर्षे काले आषाढशु दिव १०**

(चाबहिलको अभिलेख
अभिलेख–सङ्ग्रह ९ भाग १८ पृष्ठ)

यताबाट चन्द्रमाको र नक्षत्रको सम्बन्ध स्पष्ट देखिन आउँछ + । चन्द्रमाले नक्षत्रसमूहमा पूर्वतिर गई एक फन्का मारी फेरि उही ठाउँमा आउन जति समय लाग्छ, त्यति समयलाई नाक्षत्रमास भन्ने चलन छ । २७ दिन जतिको नाक्षत्रमास हुन्छ । यताबाट चन्द्रमा र नक्षत्रको सम्बन्ध अविभाजित जस्तै छ भन्ने कुरो स्पष्ट हुन्छ ।

**भचक्रैकभोगाद् विधोः केचिदार्क्षं**
**वदन्त्यत्र मासं बुधाः संहितासु ।**

( सिद्धान्ततत्त्वविवेक मध्यमाधिकार मानाध्याय २० श्लोक )

[चन्द्रमाले भचक्रको ( नक्षत्रसमूहको ) एक फन्का मार्न जति समय लाग्छ, त्यति समयलाई 'नाक्षत्रमास' भन्दछन् । ]

## नक्षत्रचक्रमा सूर्यको गति (नाक्षत्र वर्ष)

दिनमा सूर्य देखिछन् । राति नक्षत्र देखिन्छन् । यस कारण सूर्य र नक्षत्रको प्रत्यक्ष सम्बन्ध देखिदैन । तैपनि सूर्य उदाउनुभन्दा अगाडि पूर्व क्षितिजतिर देखिने नक्षत्रबाट सूर्य र नक्षत्रको सम्बन्धको अडकल गर्न सकिन्छ । किनभने आज सूर्योदय हुनुभन्दा एक घण्टापहिले जुन नक्षत्र पूर्व क्षितिजमा देखिन्छ, भोलिपल्ट त्यो नक्षत्र सूर्य उदाउनुभन्दा एक घण्टाअगाडि हिजोको ठाउँबाट अलिकता माथि सरेको देखिन्छ ।

सूर्योदय हुनुभन्दा एक घण्टाअघि सो नक्षत्र दिनहुँ क्रमशः माथिमाथि सर्दै आएको देखिन्छ । १३ दिन जतिपछि सूर्य उदाउनुभन्दा एक घण्टाअगाडि सो नक्षत्रभन्दा अघिल्तिरको नक्षत्र (१३ दिनअघि अश्विनी देखिएको भए अब भरणी) अघिको ठाउँमा देखिन्छ । यही क्रमले सूर्योदय हुनुभन्दा एक घण्टाअगाडि क्रमशः सबै नक्षत्र (अश्विनी, भरणी, कृत्तिका आदि) पूर्व क्षितिजमा आइपुगेका देखिन्छन् । अर्थात् जसरी चन्द्रमा नक्षत्रसमूहमा पूर्व पूर्व सर्दै गएका देखिन्छन्, त्यसै गरी सूर्य पनि नक्षत्रसमूहमा पूर्व पूर्व जाँदा रहेछन् भन्ने अनुमान गर्न सकिन्छ❀ । यसरी सूर्योदयभन्दा एक घण्टाअगाडि पूर्व क्षितिजमा क्रमशः सत्ताइसै नक्षत्र आइपुग्छन् । यताबाट सूर्य पनि चन्द्रमा जस्तै नक्षत्रसमूहमा पूर्व पूर्व सर्दै गई एक फन्का मार्दा रहेछन् भन्ने अडकल गर्न सकिन्छ । सूर्य

---

+बृहस्पति बसेको नक्षत्रको पनि पहिचान भएको कुरा संवत्सरको नाम रहेबाट बुझिन्छ ।

❀पृथ्वी नक्षत्रचक्रमा पूर्वतिर सर्दै गएकोले सूर्यको नक्षत्रचक्रमा गति देखिएको हो भनी भूभ्रमणवादीहरू भन्छन् ।

अस्ताएको एक घण्टापछि पश्चिम क्षितिजमा नक्षत्रहरूलाई हेरेर पनि यही कुरो अड्कल गर्न सकिन्छ । सूर्यले नक्षत्रसमूहमा एक फन्का मार्ने समयलाई सौर वर्ष भन्दछन् । ३६५ चानचुन दिनको एक सौर वर्ष हुन्छ ।

**पञ्चाङ्गरामास्तिथयः खरामाः सार्धद्विदस्रा कुदिनाद्यमब्दे ।**
**अस्यार्कमासोऽर्कलवः प्रदिष्टस्त्रिंशद्दिनः सावनमास एव ।। ८ ।।**

(सिद्धान्तशिरोमणि मध्यगतिवासनाधिकार)

[३६५ दिन १५ घडी ३० पला साढे २२ प्रतिविपलाको एक वर्ष हुन्छ । वर्षको १२ खण्डको १ खण्ड (मध्यम) सौर मास हुन्छ । ३० दिनको एक सावन मास हुन्छ ।]

पाइएसम्ममा सबभन्दा पुरानो ज्यौतिषको ग्रन्थ "वेदाङ्गज्यौतिष" हो । बैदिक परम्पराका मनुष्यहरू यसलाई वेद जस्तै गरी कण्ठस्थ घोक्छन् । त्यहाँ सौर वर्षको विषयमा तलको वाक्य लेखिएको छ--

**द्युत्रिंशत् सावनस्याब्दः सौरः स्तृणां स पर्ययः ।। ३१ ।।**

(याजुषज्यौतिष)

[३० दिनको सावन महीना हुन्छ । सूर्यले नक्षत्र चक्रमा एक फन्का मार्नुलाई सौर वर्ष भन्दछन् ।]

यस वाक्यको सुधाकरको टीका यस प्रकार छ—

**द्युत्रिंशत् सावनदिनानां त्रिंशत् सावनो मासो भवति यः सौरोऽब्दः स एव स्तृणां नक्षत्राणां पर्ययो भ्रमो अर्थात् सौराब्दकालेन रविरेकं नक्षत्रगणं भुनक्ति ।**

## आर्तव वर्ष

आजभोलि चैत्र ८ गतेतिर र आश्विन ८ गतेतिर वर्षमा २ दिन दिन र रात बराबर हुन्छन् । यस कारण यी दुइ दिनलाई विषुवद्दिन भन्दछन् । चैत्र ८ गतेतिरको विषुवद्दिनलाई सायन मेषसंक्रान्ति वा वसन्तविषुवद्दिन भन्दछन् । आश्विन ८ गतेतिरको विषुवद्दिनलाई सायन तुलासङ्क्रान्ति वा शरद्विषुवद्दिन भन्दछन् । एउटा सायन मेषसङ्क्रान्तिदेखि अर्को सायनमेषसङ्क्रान्तिसम्म जति समय हुन्छ, त्यतिलाई सायन वर्ष (आर्तव वर्ष) भन्दछन् ।

## निरयण (नाक्षत्र) र सायन (आर्तव) वर्षको भेद

अश्विनी नक्षत्रको आदि (मेषसंक्रान्ति) बाट हिंडी फेरि अश्विनी नक्षत्रको आदिमा आइपुग्न सूर्यलाई जति समय लाग्छ, त्यतिलाई एक सौर वर्ष भन्दछन् भनी हामीले माथि लेखेका थियौं। त्यो नाक्षत्र सौर वर्ष हो । नाक्षत्र सौर वर्षलाई निरयण सौर वर्ष पनि भन्दछन् ।

३६५ दिन १५ घडी चानचुनको नाक्षत्र (निरयण) सौर वर्ष हुन्छ । ३६५ दिन १४ घडी चानचुनको आर्तव (सायन) सौर वर्ष हुन्छ । यी दुइ सौर वर्षको १ घडी जति वर्षमा अन्तर पर्ने भएकोले ६० वर्ष जतिमा एक दिनको अन्तर पर्छ ।

सामान्यतः व्यवहारमा आर्त्तव (सायन) सौर वर्ष नाक्षत्र (निरयण) सौरवर्षको भेद मानिदैन तापनि ज्यौतिष तथा धर्मशास्त्रमा यी दुवै वर्षको चर्चा गरिएको हुन्छ ।

दिन रात घट्नु बढ्नु आदि सायन वर्षबाट हुन्छ । सूर्यको नक्षत्रस्थिति नाक्षत्र (निरयण) वर्ष-अनुसारको हुन्छ । हाम्रा आचार्यहरूले मुख्य गरी निरयण वर्षको आधारमा गणना गरी त्यसबाट सायन वर्षको गणना गरेका छन् ।

यस विषयमा भास्करले विक्रमको तेह्रौं शताब्दीमा बोलेको कुरा यो हो—

**चक्रे १२ चक्रार्धे ६ च व्ययनांशेऽर्कस्य गोलसन्धिः स्यात् ।**
**एवं त्रिभे ३ च नवभे९ऽयनसन्धिर्व्ययनभागेऽस्य ॥ २ ॥**

चक्रे राशिद्वादशके १२ चक्रार्धे राशिषट्के ६ । किंविशिष्टे । व्ययनांशे । अयनांशैर्विरहिते । तत्र किम् । अर्कस्य गोलसन्धिः । तद् यथा । यदा किलैकादश ११ अयनांशास्तदा गोलसन्धिः ११।१९,५।१९ । यदैतावान् रविर्भवति तदा क्रान्तेरभावाद् गोलसन्धौ वर्तते । विषुवन्मण्डलस्थ इत्यर्थः । एवं त्रिभे राशित्रये नवभे राशिनवके । अयनांशैरूनिते । तत्र किम् । अर्कस्यायन-सन्धिः २।१९,८।१९ यदैतावान्, रविस्तदायनसन्धौ वर्तते ।

अत्रोपपत्तिः । अत्र किल क्रान्तिमण्डलस्थ मेषादेः पश्चिमतोऽयनांशतुल्येऽन्तरे विषुवन्मण्डलेन सह सम्पातः । अमुमर्थं गोले वक्ष्ये । तत्रस्थो रविर्गोलसन्धौ । विषुवन्मण्डले हि याम्योत्तरगोलवि-भागयोः सन्धिः । एवं तस्मात् सम्पातादग्रतस्त्रिभेऽन्तर उत्तरा परमा क्रान्तिः । तत्रस्थो रवि रयनसन्धौ वर्तते । ततो हि दक्षिणगमने प्रवृत्तिः । एवं पृष्ठतोऽपि त्रिभेऽन्तरे परमा याम्या क्रान्तिः । ततश्चोत्तरगमनप्रवृत्तिरित्युपपन्नमत्रायनसन्धित्वम् ।

अथ समायां भूमावभीष्टकर्कटकेन वृत्तमालिख्य तच्चक्रकलाङ्कितं ध्रुवविलोकनादिना सम्यग् दिगङ्कितं च कृत्वा दिङ्मध्ये ऋजुः सूक्ष्मः कीलकश्च निवेश्यः । प्रातः पश्चिमभागस्थ द्रष्टा करकलितावलम्बकसूत्रेण तेन च कीलकेन प्रत्यहमर्धोदितमादित्यं विद्ध्वा त्रिज्यावृत्तस्य प्राग्विभागे तत्र तत्र चिह्नानि कुर्यात् । एवं विध्यता यस्मिन् दिने सम्यक् प्राच्यां रविरुदितो दृष्टस्तद विषु-वद्दिनम् । तस्मिन् दिने गणितेन स्फुटो रविः कार्यः । तस्य रवेर्मेषादेश्च यदन्तरं तेऽयनांशा ज्ञेयाः । एवमुत्तरगमने सति दक्षिणे तु तस्यार्कस्य तुलादेश्चान्तरमयनांशाः । एवं प्रतिदिनवेधेनो-त्तरां परमां काष्ठां प्राप्य यस्मिन् दिने दक्षिणत उच्चलन् दृष्टस्तदयनं दिनम् । ततः प्रभृति दक्षिणगमनम् । तस्मिश्च दिने गणितेन रविः स्फुटः कार्यः । तस्य त्रिभेण सहान्तरेऽपि तावन्त एवायनांशा भवन्ति । एवं दक्षिणां परमां काष्ठां प्राप्य निवृत्तो दृष्टस्तदुत्तरायणं दिनम् । ततः प्रभृत्युत्तरगमनमित्यर्थः ।

(सिद्धान्तशिरोमणि पाताधिकार)

[अयनांश घटाइएका १२ राशि र ६ राशि सूर्यका गोलसन्धि हुन्छन् । यस्तै अयनांश घटाइएका ३ राशि र ९ राशि सूर्यका अयनसन्धि हुन्छन् ।

जस्तै अयनांश ❀ ११ भएमा गोलसन्धि ११ रा १९ अं र ५ रा १९ अं हुन्छन्। जुन वेला सूर्य ११ रा १९ अं वा ५ रा १९ अं हुन्छन्, त्यस वेला क्रान्तिको अभाव हुने हुनाले सूर्य गोलसन्धिमा हुन्छन् अर्थात् नाडीवृत्तमा रहेका हुन्छन्। यस्तै अयनांश घटाइएको ३ रा र ९ रा अर्थात् २ रा १९ अं र ८ रा १९ अं सूर्यका अयनसन्धि हुन्छन्। जुन वेला सूर्य यति (२ रा १९ अं वा ८ रा १९ अं) हुन्छन्, त्यस वेला अयनसन्धिमा रहेका हुन्छन्।

यसको उपपत्ति—क्रान्तिवृत्तको मेषादिदेखि पश्चिमतिर अयनांशतुल्य अन्तरमा विषुवद्वृत्तसंग क्रान्तिवृत्तको सम्पात हुन्छ। यो कुरा गोलाध्यायमा खुलाएर लेखिन्छ। सम्पातमा रहेका सूर्य गोलसन्धिमा हुन्छन्। विषुवद्वृत्तमा दक्षिणगोल र उत्तरगोलको सन्धि हुन्छ। यस्तै त्यस सम्पातबाट पूर्वतिर ३ राशि फरकमा परम उत्तर क्रान्ति हुन्छ। त्यहाँ रहेका सूर्य अयनसन्धिमा हुन्छन्, त्यहाँबाट दक्षिणतिर जान थाल्छन्। यस्तै पश्चिमतिर पनि ३ राशि अन्तरमा परम दक्षिण क्रान्ति हुन्छ। त्यहाँबाट सूर्य उत्तरतिर जान थाल्छन्। यस कारण ती अयनसन्धि हुन्छन्।

सम्म मिलेको जग्गामा इष्ट त्रिज्याले वृत्त बनाएर त्यसको परिधिमा २१६०० कला चिनु लाउनू। ध्रुव हेर्नु आदिबाट ठीकसंग दिशाहरू पनि छुट्ट्याउनू। वृत्तको केन्द्रमा सोझो मसिनु कीलो गाड्नू। बिहान सबेरै वृत्तको पश्चिमतिर रहेका दर्शकले मसिनु सोझो अवलम्वक सूत्र (सोझो धागो जस्तो लट्ठी) हातमा लिएर बीचको कीलोमा सो अबलम्बकसूत्र पारी आधा उदाएका सूर्यको केन्द्रलाई प्रतिदिन वेध गर्नू र वृत्तको पूर्वभागमा सूर्य उदाएका ठाउंहरूमा चिनु लाउंदै जानू। यसरी वेध गर्दा जुन दिन ठीक पूर्वमा सूर्य उदाएका देखिन्छन्, त्यो विषुवद्दिन हुन्छ। त्यस दिन गणितद्वारा स्पष्टसूर्य ल्याउनू। गणितागत सूर्य र मेषादिको जति अन्तर हुन्छ, त्यति अयनांश हुन्छ। सूर्य उत्तरतिर जान लागेको वेलामा यस्तो हुन्छ। सूर्य दक्षिणतिर जान लागेको वेलामा भने गणितागत सूर्य र तुलादिको अन्तर अयनांश हुन्छ। यस्तै प्रतिदिन वेध गर्दा उत्तरतिर सबभन्दा पल्लो छेउ पुगेर जुन दिनदेखि सूर्य दक्षिणतिर सर्न लागेका देखिन्छन्, त्यो अयन दिन हुन्छ। त्यहाँपछि सूर्य दक्षिणतिर जान थाल्छन्। त्यस दिन गणितबाट स्पष्ट

---

❀भास्करको अयनांश ल्याउने रीति—

**शकः पञ्चादिकचन्द्रहीनः.........।**

(करणकुतूहल मध्यमाधिकार २ श्लोक)

**अथायनांशाः करणाब्दलिप्तायुक्ता भवाः।**

(करणकुतूहल स्पष्टाधिकार १७ श्लोक)

[शाकेबाट ११०५ घटाइदिनू, वर्षगण आउँछ।
वर्षगणतुल्यकला ११ अंशमा जोड्नू, अयनांश हुन्छ।]

उदाहरण—वि. सं. २०२४ को अयनांश ल्याउंदा—

२०२४–१३५=१८८९ शाके। १८८९–११०५=७८४ वर्षगण

यस कारण २०२४ को अयनांश=११°+७८४′=११°+१३°४′
=२४°४′

सूर्य ल्याउनू । गणितागत सूर्य र ३ राशिको जति अन्तर हुन्छ, त्यति अयनांश हुन्छ । यसरी दक्षिणतिरको सबभन्दा पल्लो छेउ पुगेर जुन दिन सूर्य फर्केका देखिन्छन्, त्यो उत्तरायण दिन हुन्छ । त्यसपछि सूर्य उत्तरतिर जान थाल्दछन् ।]

भास्करले यहाँ अग्रा (प्रातःकालमा सूर्य उदाएको बिन्दु र पूर्वविन्दुको अन्तररूप चापको ज्या)बाट सायन सूर्य ल्याउने रीतिको सङ्केत गरेका छन् । पहाडहरूले क्षितिज नदेखिने भएमा अग्रा थाहा पाउन सकिँदैन । यस कारण अरू अरू रीतबाट सायन सूर्यको वेध गर्ने विधि भास्करले त्रिप्रश्नाधिकारहरूमा दिएका छन् । वेधबाट आएका सूर्य सायन हुन्छन् । गणितागत सूर्य निरयण हुन्छन् । यस विषयलाई भास्करले स्पष्टसंग बोलेका छन्—

**छायातोऽग्रातो वा भानुः सक्रान्तिपात एव स्यात् ।**
**पातोनः स्फुटभानुः स्फुटभानूनो भवेत् पातः ।। ३९ ।।**

(सिद्धान्तशिरोमणि यन्त्राध्याय)

[छायाबाट वा अग्राबाट ल्याएका सूर्य सायन हुन्छन् । सायन सूर्यबाट अयनांश घटाइदिए निरयण सूर्य आउँछन् । सायन सूर्यबाट निरयण सूर्य घटाए अयनांश आउँछ । ]

सायन सूर्यको उपयोग कहाँ हुन्छ, निरयण सूर्यको उपयोग कहाँ हुन्छ भन्ने कुरा पनि भास्करले स्पष्टसंग लेखेका छन् —

**तत्सञ्जातं पातं क्षिप्त्वा खेटेऽपमः साध्यः ।**
**क्रान्तिवशाच्चरमुदयाश्चरदललग्नागमे ततः क्षेप्यः ।। १९ ।।**

(सिद्धान्तशिरोमणि गोलबन्धाधिकार)

[अयनांशलाई ग्रहमा जोडी क्रान्ति ल्याउनुपर्छ । क्रान्तिबाट चर उदयहरू आउंछन् । यस कारण चर लग्न ल्याउंदा अयनांश जोड्नुपर्छ (अर्थात् अयनांशको काम पर्छ) ।]
तिथि, नक्षत्र, योग, करण ल्याउँदा निरयण ग्रहबाट ल्याउनुपर्छ ।

**रवि १२ रसै ६ विरवीन्दुलवा हृताः फलमितास्तिथयः करणानि च ।**
**ग्रहकलाः सरवीन्दुकला हृताः खखगजैश्च भयोगमिती क्रमात् ।**

(सिद्धान्तशिरोमणि स्पष्टाधिकार ६६–६७ श्लोक)

[चन्द्रमाबाट सूर्य घटाई अन्तर अंशलाई १२ ले भाग लिनू, गत तिथि आउंछ । ६ ले भाग लिनू, गत करण आउंछ । ग्रहकलालाई ८०० ले भाग लिनू, गत नक्षत्र आउंछ । चन्द्रमामा सूर्य जोड्नू, योगकलालाई ८०० ले भाग लिनू, गत योग आउंछ ।]

भास्करले सायन निरयण सूर्य ल्याउने विधि र तिनको उपयोग गर्ने ठाउं पनि दिएका हुनाले उनको विचारमा सायन सूर्य र निरयण सूर्य दुवै शास्त्रीय तथा उपपत्तिसम्मत देखिन्छन् ।

वैशाख, जेठ आदि महीनाका सङ्क्रान्ति निरयण, सूर्यबाट आउँछन्, दिनमान सायन सूर्यबाट आउँछ । जुन दिन दिन र रात बराबरका हुन्छन्, त्यस दिनलाई सायन मेषसङ्क्रान्ति वा सायन तुलासङ्क्रान्ति भन्छन् भन्ने कुरा माथि नै भनिसकेका छौं। जुन दिन सबभन्दा लामो दिनमान हुन्छ, त्यसलाई सायन कर्कटसङ्क्रान्ति तथा जुन दिन दिनमान सबभन्दा छोटो हुन्छ, त्यसलाई सायन मकरसङ्क्रान्ति भदछन् । यो कुरालाई पनि भास्करले स्पष्टसँग बोलेका छन्—

**क्रियतुलाधरसङ्क्रमपूर्वतोऽयनलवोत्थदिनैर्विषुवद्दिनम् ।**
**मकरकर्कटसङ्क्रमतोऽयनं द्युदलभा विषुवद्दिवसेऽक्षभा ।। ४६ ।।**

अयनांशानां कला रविभुक्त्या हृताः फलमयननवोत्थदिनानि । तैर्दिनैर्मेषसङ्क्रान्तेस्तुलासङ्क्रान्तेश्च प्राग् विषुवद्दिनं भवति । एवं मकरकर्कटसङ्क्रमतः प्रागयनदिनम् । तस्मिन् विषुवद्दिने मध्याह्ने या छाया सा पलभा ।

(सिद्धान्तशिरोमणि स्पष्टाधिकार)

[अयनांशका कलालाई सूर्यगतिकलाले भाग लिनू, लब्धितुल्य अयनांशदिन हुन्छन् । मेषसङ्क्रान्ति (वैशाख लाग्ने सङ्क्रान्ति) देखि अयनांशदिन अगाडि सायन मेष संक्रान्ति (मेषविषुवद् दिन) हुन्छ । तुलासङ्क्रान्ति (कार्तिक लाग्ने सङ्क्रान्ति) देखि अयनांशदिनअगाडि सायन तुलासङ्क्रान्ति (तुलाविषुवद्दिन) हुन्छ । यसै गरी मकरसङ्क्रान्ति (माघ लाग्ने संङ्क्रान्ति) देखि अयनांशदिन-अगाडि सायन मकरसङ्क्रान्ति (उत्तरायण दिन) हुन्छ । कर्कटसङ्क्रान्ति (श्रावण लाग्ने संक्रान्ति) देखि अयनांश दिनअगाडि सायन कर्कटसङ्क्रान्ति (दक्षिणायन दिन) हुन्छ ।]

यस कारण भास्करको दृष्टिमा निरयण (नाक्षत्र) संक्रान्ति तथा सायन (आर्त्तव) सङ्क्रान्ति दुवै सङ्क्रान्ति शास्त्रीय तथा उपपत्तिसम्मत देखिन्छन् । यो कुरो भास्करले मात्र बोलेका होइनन् । ज्यौतिषशास्त्र तथा धर्मशास्त्रका अरू प्रामाणिक आचार्यहरूले पनि यही कुरा बोलेका छन् । जस्तै—

**तथाऽयनांशाः खरसाहताश्च स्पष्टार्कगत्या विहृता दिनाद्यैः ।**
**मेषादितः प्राक् चलसङ्क्रमाः स्युर्दाने जपाद्यै बहुपुण्यदास्ते ।। ९ ।।**

(मुहूर्त्तचिन्तामणि सङ्क्रान्तिप्रकरण)

[अयनांशलाई ६० ले गुन्नू, गुणनफललाई सूर्यको स्पष्ट गतिले भाग लिनू, मेषादिसङ्क्रान्ति-भन्दा लब्धितुल्य दिनअगाडि सायन सङ्क्रान्ति हुन्छन् । ती सायन सङ्क्रान्तिमा पनि दान जप गर्नाले पुण्य हुन्छ]

**अयनांशच्युतिरूपे सङ्क्रान्तिकालेऽपि विष्णुपदादयः प्रवर्त्तन्ते । तेन तत्रप्रयुक्तं पुण्यकालादि तत्रापि ज्ञेयम्...तच्च मेषायनं वृषायनमित्यादि सर्वत्र ज्ञेयम् ।**

(निर्णयसिन्धु सङ्क्रान्तिप्रकरण)

[अयनांशदिनतुल्य फरक परेर आएका सङ्क्रान्ति मेषायन वृषायन इत्यादि भनिन्छन् । त्यहाँ पनि पुण्यकाल रहन्छ ।]

सूर्य रहेको नक्षत्रलाई पत्ता लाएर अर्थात् बिहान सूर्योदय हुनुभन्दा अगाडि पूर्वमा क्षितिजनिर देखिने वा बेलुका सूर्य अस्ताइसकेपछि पश्चिममानिर क्षितिज देखिने तारालाई हेरेर सूर्य रहेको नक्षत्र पत्ता लाग्छ भनी हामीले माथि नै भनिसकेका छौं। पोहर जुन नक्षत्रको जुन ठाउंमा सूर्य रहेका थिए, यस पालि फेरि उही नक्षत्र को उही ठाउंमा रहन आएका सूर्यलाई थाहा पाएर नाक्षत्र सौरवर्षको मान पत्ता लाग्न सक्छ ।

छायाहरूबाट सूर्यका क्रान्ति ल्याई सायन सूर्य थाहा पाउन सकिन्छ। सायन सूर्यबाट सायन सौरवर्ष थाहा पाइन्छ ।

ज्यौतिषशास्त्रका आचार्य भास्करहरूले यी दुवै वर्षको परीक्षा गर्ने रीति, गणना गर्ने विधि, उपयोग गर्ने ठाउं दिएका छन् । यस कारण उनीहरूको दृष्टिमा यी दुवै वर्ष शास्त्रीय तथा उपपत्तिसम्मत (वैज्ञानिक)हुन् । हाम्रा व्यवहारलाई नियन्त्रण गर्ने धर्मशास्त्र र ज्यौतिषशास्त्रका ग्रन्थले पनि निरयण (नाक्षत्र) तथा सायन (आर्तव) दुवै सङ्क्रान्तिको समर्थन गरेका छन् ।

*आदरणीय ऐतिहासिकशिरोमणिज्यू,*

यहाँसम्मका कुराबाट नाक्षत्र सौरवर्ष अशास्त्रीय र अवैज्ञानिक भन्नु मिले जस्तो लाग्दैन। नाक्षत्र सौरवर्ष र आर्त्तव सौरवर्ष दुवै शास्त्रीय तथा वैज्ञानिक हुन् तापनि वैदिककालदेखि अमुक नक्षत्रमा अमुक काम गर्नुपर्छ भन्ने स्पष्ट निर्देश शास्त्रमा भएकोले हामी हिन्दूहरूको परम्परामा नाक्षत्र वर्षलाई पहिले गणना गरी त्यसको अनुरोधले आर्त्तव वर्षको गणना गर्ने पद्धति बस्न गएको हो।

अब तपाईंले

"सम्वत् १९६० देखि राष्ट्रिय मास गराएर चालू गरिएको नाक्षत्रिक सौरमास"

(पहिलो भाग एक दुइ कुरा)

जो लेख्नुभयो, सो कुरा अर्धसत्य हो। किनभने अड्डाखानामा त्यसभन्दा अघि शुदि वदि लेख्ने चलन थियो तापनि यो महीनाको यति दिन जाँदा भन्ने चलन पनि अघिदेखि नै थियो । जस्तै—

**स्वस्ति श्रीशाके १६३४।। श्रावणमासे शुक्लपक्षद्वादस्यां तिथौ शुक्रवासरे दिनगता ४ ।।**

(पनौती इन्द्रेश्वरको भुजबल थापाको वि. सं. १७६९ को ताम्रपत्र । पूर्णिमा १४ अङ्क १४१ पृ.)

यहाँ श्रावण ४ गते भन्न "श्रावण...दिनगता ४" भनी लेखिएको छ ।

**संवत् १७७९...सौरेण पौषमासस्य गतदिनेषु २७**

(श्री ५ पृथ्वीनारायण शाहको चिना । पूर्णिमा ४ अङ्क ५७ पृ.)

**संवत् १८०६ साल माघ २५ गते बुधवार**

(श्री ५ पृथ्वीनारायणले कालु पाँडेलाई लेखेको पत्र। श्री ५ बडमाहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी २ भाग ३१२ पृ.)

**श्रीशाके १६८०...सौरमानेन वैशाखमासदिन २७ गते शनिवारे**

(दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको चिना। पूर्णिमा ७ अङ्क ६६ पृ.)

**असारको २१ दिन जांदा आइतवार**

**असारको २० दिन जाँदा**

(श्री ५ पृथ्वीनारायणले रणरुद्र शाह, भद्रु शाह, जसकर्ण पाँडेलाई वि. सं. १८१६ मा लेखेको पत्र। पूर्णिमा ११ अङ्क २७ पृ.)

**माघ २ दिन जादा बुधवार**

(श्री ५ पृथ्वीनारायणले रामकृष्ण कुँवरलाई वि. सं. १८१९ मा लेखेको पत्र। । श्री ५ पृथ्वीनारायण शाहको उपदेश ९८६ पृ.)

**फागुनका दिन ५ जांदा आइतवार**

(श्री ५ पृथ्वीनारायणले ज्ञानकर बाँडालाई वि. स. १८१९ मा लेखेको पत्र। श्री ५ पृथ्वीनारायण शाहको उपदेश ११११६ पृ.)

**असौजका दिन १० जांदा मंगलवार**

(श्री ५ पृथ्वीनारायणले रामकृष्ण कुँवरलाई वि. सं. १८२४ मा लेखेको पत्र। श्री ५ पृथ्वीनारायण शाहको उपदेश १०२४ पृ.)

**श्रीसंवत् १८४३...सौरमानाद् भाद्रपद दि ३० न गते सोमवासरे**

(राजज्योतिषी लीलानाथ पाँडेको चिना। पूर्णिमा १४ अङ्क १५६–५७ पृ.)

**१८४९ कार्तिक ११ गते**

(गढवाली राजा प्रद्युम्न शाहले नेपाली प्रतिनिधि कालु पाँडेलाई लेखिदिएको धर्मपत्र। पूर्णिमा १३ अङ्क ३४ पृ.)

**कार्तिकको दिन १२ जाँदा**

(श्री ५ गीर्वाणले पण्डितराज विष्णु पण्डितलाई वि. सं. १८६१ मा लेखेको पत्र। पूर्णिमा १४ अङ्क १५४ पृ.)

**कार्तिकका १३ दिन जाँदा**

**१५ दिन जाँदा आदित्यवार**

**१८ दिन जाँदा कार्तिक**

(चामु भँडारी, दीर्घसिंह भण्डारी, टीकावल्लभ पाँडे, जोगनारायण मल्लले श्री ५ गीर्वाणलाई वि. सं. १८६६ मा लेखेको अर्जी। संस्कृत–सन्देश ८ अङ्क २३–२५ पृ.)

वैशाखका १३ दिन जांदा
वैशाष १९ दिन जांदा
वैशाष २५ दिन जांदा
वैशाष २८ गते

संवत् १८७१ वैशाष २८ गते

(भक्ति थापाले भीमसेन थापा र रणध्वज थापालाई लेखेको पत्र । पूर्णिमा ९ अङ्क ६१ पृ.)

*आदरणीय ऐतिहासिकशिरोमणिज्यू,*

पूर्णिमाको दिन चन्द्रमा पूरा बाटुला देखिन्छन् । तर हरेक पूर्णिमामा बिचार गरेर हेर्दै गयो भने बाटुला चन्द्रमा पनि कहिले ठूला र कहिले साना देखिन्छन् । वास्तवमा चन्द्रबिम्ब नै घट्छ बढ्छ भनी कल्पना गर्न सकिंदैन । टाढा भए पदार्थ सानो र नजीक आए उही पदार्थ ठूलो देखिने हुनाले चन्द्रमा पनि पृथ्वीबाट कहिले टाढा र कहिले नजीक हुँदा रहेछन् भन्ने कुरा यस घटनाबाट मनमा उठ्छ । जुन पूर्णिमाको दिन चन्द्रमा सबभन्दा साना देखिए, त्यस दिन चन्द्रमा पृथ्वीबाट सबभन्दा टाढा पुगेका रहेछन् भनी भन्न सकिन्छ। पृथ्वीबाट सबभन्दा टाढा रहेको चन्द्रकक्षा (चन्द्रमा घुम्ने बाटो)को ठाउंलाई चन्द्रमन्दोच्च भन्दछन् ।

यसै गरी दिनदिनै नियत समयमा सूर्यलाई हेर्दै गयो भने सूर्यको बिम्ब पनि ठूलो सानो भएको प्रत्यक्ष देखिन्छ। जुन दिन सूर्यको बिम्ब सबभन्दा सानो देखिन्छ, त्यस दिन सूर्य र पृथ्वीको बीचको दूरी सबभन्दा धेरै भएको रहेछ भन्न सकिन्छ। यो घटना आषाढ २० गतेतिर हुन्छ । त्यस दिन सूर्यको भोग २ रा १८ अं जति हुन्छ। त्यस कारण २ रा १८ अं लाई सूर्योच्च (सूर्यमन्दोच्च) भन्दछन् ।

यसै कारण ग्रहलाघवकारले यस्तो बोलेका हुन्—

**सूर्यमन्दोच्चमष्टाद्र्योंऽशा भवेत् ।**

(ग्रहलाघव स्पष्टाधिकार १ श्लो.)

[सूर्यको मन्दोच्च ७८ अं (=२ रा १८ अं) हुन्छ । ]

यस विषयमा भास्करले बोलेको कुरा यो हो—

**उच्चस्थितो व्योमचरः सुदूरे नीचस्थितः स्यान्निकटे धरित्र्याः ।**
**अतोऽणुबिम्बः पृथुलश्च भाति......... ।। २२ ।।**

(सि. शि. स्फुटगतिवासनाधिकार)

[उच्चमा रहेका ग्रह पृथ्वीबाट अत्यन्त टाढा हुन्छन् । नीचमा रहेका ग्रह पृथ्वीबाट अत्यन्त नगीचमा हुन्छन् । यसै कारण उच्चमा पुग्दा ग्रहको बिम्ब सबभन्दा सानो, नीचमा पुग्दा ग्रहको बिम्ब सबभन्दा ठूलो देखिएको हो । ]

एउटै पदार्थ पनि टाढा रहेमा सानो र ढीलो हिंडेको देखिन्छ, नगीच रहेमा ठूलो र चाँडो हिंडेको देखिन्छ। यसै कारण आषाढ २० गतेतिर सूर्यको बिम्ब सबभन्दा सानो र गति सबभन्दा थोरै देखिन्छ। पौष १८ गतेतिर सूर्यको बिम्ब सबभन्दा ठूलो र गति सबभन्दा धेरै देखिन्छ। यसै कारणले हाम्रा ज्येष्ठ, आषाढ, श्रावणतिरका महीना ३१।३२ दिनका भएका हुन्। मार्ग, पौष, माघतिरका महीना २९।३० दिनका भएका हुन्। यो कुरो कल्पना गरी वा कुनै रूढिवादलाई मानेर सकारिएको होइन।

सूर्यको गति नियमपूर्वक क्रमैसंग घट्छ तथा बढ्छ। एक्कासि बढचो, एक्कासि घटचो, फेरि एक्कासि बढचो, यस्तो अनियमित कुरो सूर्यको गतिमा हुँदैन।

जनवरी महीना ३१ दिनको हुन्छ। फरवरी महीना २८ वा २९ दिनको हुन्छ। मार्च महीना फेरि ३१ दिनको हुन्छ। पौष माघमा जनवरी पर्छ। माघ फाल्गुनमा फरवरी पर्छ। फाल्गुन चैत्रमा मार्च पर्छ। जनवरी महीना लामो, फरवरी महीना एक्कासि छोटो, फेरि मार्च महीना एक्कासि लामो मान्नामा कुनै वैज्ञानिक युक्ति छ भन्ने कुरो ग्रेगोरीको मितिपत्रलाई उधारो माग्न जानुभन्दा अगाडि तपाईंले विचार गर्नुभएको भए बढिया हुंदो हो।

*आदरणीय ऐतिहासिकशिरोमणिज्यू,*

वि. सं. २०१९ मा पण्डित केशवराम जोशी (यिनले मसँग ज्यौतिषको आचार्यसम्म पढेथे।) मकहाँ आई पञ्चाङ्गसुधारको विषयमा कुरा चलाए +। यस विषयको चर्चा पढाउँदा म प्रायः गरिरहन्छु। यस कारण यस विषयको केही योजना मैले बनाएको पनि थिएँ। खुला रूपमा काम गर्ने मेरो स्वभाव भएको हुनाले मेरो लेख प्रायः विद्यार्थीसँग पनि रहन्छ। मेरो योजनालाई नै बढाई पुगनपुग ४ लाख रु. को पञ्चाङ्गसुधारको योजना बनाई उनले ल्याएका थिए। यो योजना सरकारमा हामीले चढाउने भएका छौं, तपाईंले यसमा सहीछाप गरिदिनुहोस् भनी उनले मसँग भने। यतिका रुपियाँ लिई काम गर्ने योग्यता अहिले हामीसँग छैन, अहिले हामीले वर्षको १०,१२ हजार रुपियाँ सरकारसँग मागी आफ्नो काम चलाउनुपर्छ। काम गर्दै आफ्नो योग्यता बढाउँदै दुनियाँ तथा सरकारमा विश्वास पार्दै क्रमशः बढी बढी रकम मागी ठूलो ठूलो काम उठाउँदै जानुपर्छ। योभन्दा पनि ठूलो कुरो हामीले राम्ररी पढ्नुपर्छ, आफूले पढेको मुख्य ग्रन्थ सिद्धान्तशिरोमणि तिमी कण्ठस्थ पारिराख, नयाँ नयाँ ग्रन्थ पनि हेर्दै जाऊ, अनि काम बन्नेछ भनी मैले उनलाई भनें। मेरो यो कुरा उनलाई रुचिकर भएन भन्ने कुरा उनको त्यस वेलाको आकृतिबाट मैले स्पष्ट बुझें। तर उनी मसँग विशेष वादविवाद नगरी जुरुक्क उठी गए।

वि. सं. २०२० मा दुइटा अधिकमास र एउटा क्षयमास परेका थिए। पञ्चाङ्गविवेचकसमितिले❁ धेरै विचार गरी भदौमा सोह्रश्राद्ध र कार्तिकमा दसैं गर्ने निर्णय गरी पञ्चाङ्ग प्रकाश

---

+वि. सं. २०१८ मा केशवरामहरूले तपाईंको तथा मेरो प्रशंसा गरी गोरखापत्रमा लेख छपाएका थिए।

❁सो समितिले गणितविषयको काम मेरो र मेरा सहचरहरूको जिम्मा लाइदिएको थियो।

गर्न लगाएको थियो । भारतसरकारको निर्णयअनुसार आश्विनमै दसैं हुने भएको थियो । केशवराम र उनका पक्षका मानिसहरूले आश्विनमै दसैं गर्नुपर्छ भन्ने हल्ला मच्चाएछन् । सो कुरा माथिसम्म पुग्दा तात्कालिक बडागुरुज्यू भोगेन्द्रराज पण्डितज्यूकहाँ त्यस विषयको निर्णयको लागि सभा बस्ने भएछ । यस वेला म आँखाको उपचारको लागि वीर अस्पतालमा थिएँ । पहिलो सभा वि. सं. २०२० आषाढ १ गते बस्यो । त्यसमा अस्वस्थताको कारणले म उपस्थित हुन सकिनँ । सकभर मेरो अनुपस्थितिमै आश्विनमा दसैं गर्नुपर्छ भन्ने निर्णय सो सभाबाट होस् भन्ने केशवरामहरूको इच्छा रहेछ । पञ्चाङ्गविवेचक समितिका तात्कालिक अध्यक्ष पण्डितवर पद्मप्रसाद भट्टराईज्यूले त्यसो गर्न मञ्जूर गर्नुभएनछ र वि. सं. २०२० आषाढ १५ गते सो निर्णय गर्न फेरि अर्को सभा बस्यो। सो सभामा म पनि गएको थिएँ । केशवरामका पक्षको नेतृत्व तपाईंले गर्नुभएको रहेछ ÷ । धेरै वादविवादपछि पञ्चाङ्गविवेचक समितिकै निर्णयलाई मान्यता दिई भदौमा सोह्रश्राद्ध कात्तिकमा दसैं गर्नुपर्छ भन्ने पक्षको समर्थन सो सभाले गऱ्यो । यस विषयको चर्चा विद्यारक्षा १३, १४, १५ संख्यामा मैले विस्तारपूर्वक गरेको छु ।

केशवरामको पक्ष निर्बल छैन । वि. सं. २०२० हिउँदमा श्री ५ को सरकार शिक्षामन्त्रालयको निर्णयअनुसार तपाईंको अध्यक्षतामा पञ्चाङ्गसुधारसमिति बस्यो । त्यसको सदस्यता मलाई पनि दिइएको थियो । पञ्चाङ्गविषयमा सुधार गर्ने पक्षमा हामी पनि छौं ❁ । आफ्नो विचारअनुसारको सुधार गर्ने योजना श्री ५ को सरकार शिक्षामन्त्रालयमा पञ्चाङ्गविवेचक समितिमार्फत हामीले अघिबाटै पेश गरिसकेका थियौं । सो योजनाको संक्षिप्त रूप श्री ५ को सरकारको निर्णयअनुसार पञ्चाङ्गविवेचक समितिले तयार गरी प्रकाश गरेको वि. सं. २०२१ को पञ्चाङ्गमा छापिएको पनि छ × । आफ्नो योजना अघिबाटै पेश भइसकेको आदि कारण देखाई सो समितिको सदस्यता मैले गर्नु नपरोस् भनी श्री ५ को सरकारसंग मैले प्रार्थना गरें । मेरो प्रार्थना काम लाग्यो । तपाईं इतिहासका मर्मज्ञ विद्वान् हुनुहुन्छ । यस कारण तपाईंद्वारा नेपालको

---

÷ पञ्चाङ्गविषयको संक्षिप्त इतिहास मैले इतिहास-संशोधनको प्रमाणप्रमेयको उपोद्घातका ११–१४ पृष्ठमा लेखेको छु ।

पञ्चाङ्गविषयको सभामा तपाईंको सर्वप्रथम दर्शन मैले केशवरामको पक्षका नेताको रूपमा यही सभामा पाएँ ।

ज्यौतिषसंहितामा बुध एक्लै बसे भने शुभग्रह हुन्छन्, शुभग्रहसँग बसे पनि शुभग्रहै हुन्छन्, पापग्रहसँग बसे मात्र पापग्रह हुन्छन् अर्थात् बुधग्रहमा कोमलता रहेको हुनाले उनको स्वभावमा परिवर्तन भइरहन्छ भन्ने लेखिएको छ । यस दिनको तपाईंको कुरा सुन्दा मैले बुधग्रहलाई संझें ।

❁ आफ्नो गणना मिल्छ मिल्दैन भनी जाँच्ने विधि ज्यौतिषसिद्धान्तका त्रिप्रश्नाधिकारमा विस्तारपूर्वक दिइएको हुन्छ । ग्रहगतिको परीक्षा गर्न चाहिने यन्त्रहरूको रचनाप्रकार यन्त्राध्यायमा दिइएको हुन्छ । गणनामा देखिन आएका अशुद्धिलाई हटाई शुद्धमान निर्णय गर्न यी दुवै अधिकार बनाइएका हुन् ।

× १२ परिशिष्ट हेर्नुहोस् ।

इतिहास लेखाइने काम हुनुपर्छ भन्ने प्रार्थना पनि मैले त्यसै वेला श्री ५ को सरकारसँग गरेथें ❁ । मेरो प्रार्थना दैवले सुनिदियो । तपाईंले सङ्ग्रह गर्नुभएका अमूल्य ज्ञान लिपिबद्ध भई प्रकाश भए । "नेपालको संक्षिप्त वृत्तान्त १ खण्ड र "श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी १,२ भाग" नामक तीन पुस्तक प्रकाशित भए । अरू पुस्तक पनि प्रकाशित हुँदैछन् भन्ने सुनिन्छ । यसमा मलाई अत्यन्त हर्ष लागेको छ ।

तपाईंको अध्यक्षतामा बसेको पञ्चाङ्गसुधारसमितिले २ महीनाभित्र प्रतिवेदन प्रस्तुत गर्छ भनी गोरखापत्रहरूले प्रचार गरेथे । अहिले पूरा साढे तीन वर्ष बितिसक्यो, सो समिति कहाँ छ, के गरिरहेछ, केही प्रकाशमा आएको छैन ।

श्री ५ को सरकारको निर्णयअनुसार श्रीबडागुरुज्यू खगेन्द्रराज पण्डितज्यूको अध्यक्षतामा पञ्चाङ्गविवेचक समितिले अहिले काम गर्दैछ । यस समितिले गणितविषयको काम म र मेरा सहचरहरूका जिम्मा लाइदिएको छ । नानाथरीका विघ्नबाधा परिरहेका छन् तापनि सो समितिले बखतबखतमा परेका ग्रहणहरूका प्रामाणिक गणना परिलेख तथा व्रतबन्ध विवाहका विवादास्पद मुहूर्तका विषयमा शास्त्रानुकूल निर्णय प्रकाश गर्दै आएको छ । पञ्चाङ्गविषयका गणकलाई निर्देशन दिन मेरो प्रतिदिन एकाध घण्टाको समय बित्तछ । यस कामबाट मलाई एक पैसाको पनि लाभ छैन । तर पञ्चाङ्ग गणना गर्ने पद्धतिको परम्परा विच्छिन्न नहोओस् तथा त्यसमा सुधार होओस् भन्ने उद्देश्यले मैले आइपरेको यो काम गरिरहेको छु । किनभने अन्त म यी कुरा सिकाउन पनि पाउन्नँ ।

सिद्धान्तज्यौतिष पढाएर मैले पेट पाल्दै आएको छु । सिद्धान्तज्यौतिष भनेको आकाशका ग्रह ताराहरूको स्थितिगतिको विषयमा विचार गर्ने शास्त्र हो । अर्को शब्दमा भन्ने हो भने पञ्चाङ्ग सुधार गर्न बनेको प्रामाणिक शास्त्र सिद्धान्तज्यौतिष हो । सिद्धान्तज्यौतिषमा राम्रो दखल नजमाई पञ्चाङ्गमा सुधार गर्न सकिंदैन ।

आजभोलि हाम्रो देशमा सम्पन्न परिवारका व्यक्ति प्रायः संस्कृत पढ्दैनन् । संस्कृतविद्याको परम्परा नटुटोस् भनी सरकारले वृत्ति दिई दिई संस्कृतविद्या पढाइरहेछ । यस्ता वृत्तिवाला केही विद्यार्थी प्रायः मकहाँ सिद्धान्तज्यौतिष पढ्न आउँछन् । स्पष्ट उद्देश्य केही हुँदैन+ । होओस्

❁ १३ परिशिष्ट हेर्नुहोस् ।

+ तत्तत् उद्देश्यको पूर्तिको लागि तत्तत् प्रकारको शिक्षा आवश्यक हुन्छ । हाम्रो यहाँ विशेष उद्देश्यको पूर्तिको लागि शिक्षा दिने रीति प्रचलित हुन सके जस्तो छैन । केही सम्पन्न परिवारका बालकहरू पनि मसँग संस्कृत पढ्न आएका थिए । तिनका बाबुहरूसँग तपाईंले के उद्देश्यले आफ्ना सन्तानलाई संस्कृत पढाउन लाग्नुभयो भन्ने प्रश्न मैले गरेथें । तिनको केही स्पष्ट उद्देश्य मैले देखिनँ । मसँग पढ्न आउने प्रत्येक प्राप्तव्यवहार (उमेर पुगेका) विद्यार्थीसँग तिमी किन यो शिक्षा लिन्छौ भन्ने प्रश्न प्रायः म गर्छु । तर कसैबाट पनि स्पष्ट उत्तर मैले पाएको छैन । उद्देश्यविनाको शिक्षा विशेष हितकर हुँदैन । यस कारण यस्तो शिक्षा लिने विद्यार्थी प्रायः बाह्य प्रभावबाट मुक्त हुन सक्तैनन् ।

पनि कसरी ? आचार्य परीक्षा उत्तीर्ण भएको भोलिपल्टदेखि वृत्ति पनि छुट्तछ र कहाँ बसूँ, के खाऊँ भन्ने चिन्ता पर्न आउँछ । आजभोलि शिक्षित समुदायको लागि शाखा अधिकृत (सेक्शन अफिसर) को पद आकर्षक वस्तु बन्न गएको छ । यस कारण सिद्धान्तज्यौतिष पढ्ने विद्यार्थीहरू पनि प्रायः जेनतेन गरी परीक्षामा उत्तीर्ण हुन सिद्धान्तज्यौतिष पढी अरू समय बी. ए., एम्. ए. हुनेतिरको उद्योगमा बिताउँछन् । सिद्धान्तज्यौतिषमा बताएबमोजिम आकाशको परीक्षा गरी पढेको ग्रन्थलाई काममा लाई जीवनवृत्ति चलाउन सक्ने परम्परा बसाउन नसकेसम्म यस विषयको विद्याको उन्नति हुन गाह्रै छ ।

हालसालैको कुरा सुनाउँछु । नेपालराजकीयसंस्कृतमहाविद्यालयको ज्यौतिषविभागमा तृतीय श्रेणीका एक जना प्राध्यापक (अध्यापक) चाहिएका थिए र लोकसेवाआयोगले यस विषयमा विज्ञापन दिएको थियो । वि. सं. २०२४ श्रावण ३ गते लोकसेवाआयोगमा दक्षको रूपमा जानू भनी मलाई शिक्षामन्त्रालयबाट आदेश आयो । म यथासमयमा त्यहाँ पुगें । तीन जना अभ्यर्थी रहेछन् । तीमध्ये दुइ जनाले मसँग पढेका थिए । योग्यतम अभ्यर्थी छानियून् भन्ने मेरो इच्छा थियो । यस कारण महाविद्यालयमा शास्त्रीसम्म पढाइ हुने हुनाले सिद्धान्तज्यौतिषको शास्त्री परीक्षाको पाठ्यग्रन्थ सिद्धान्तशिरोमणि लिई म गएको थिएँ । सोही ग्रन्थको अर्थ-विषयमा ती अभ्यर्थीहरूसँग मैले प्रश्न गरें । लोकसेवाआयोगका अध्यक्षज्यूले "तपाईं पढाउने गुरु हुनुभयो, हामी पढ्ने विद्यार्थी भयौं, लौ पढाउनुहोस्" भनी ती अभ्यर्थीसँग भन्नुभयो । ती तीनवटै अभ्यर्थीलाई सम्पूर्ण त्यो ग्रन्थ उपस्थित रहेनछ । तीमध्ये जसलाई बढ्ता ग्रन्थ आउँथ्यो, तिनैलाई सिफारिश गरी म फर्कें । पाठ्यग्रन्थ नै उपस्थित छैन भने सुधार कहाँबाट गर्ने यो विचारणीय प्रश्न छ ।

मध्यकौमुदीसम्म उपस्थित भएको विद्यार्थीले थाहा पाउने अशुद्धि परेको पद्य लिई विदेशी विद्वान्को स्वागत गर्ने त्रिभुवन–विश्वविद्यालय विद्याविषयमा कति जागरूक छ भन्ने कुराको झलक पाइन्छ÷ । यस अवस्थामा शिक्षाको स्तर गिर्दै जानु स्वाभाविक छ । शिक्षाको स्तर गिर्दै गएपछि विद्याविषयक सुधार कसरी होला, यो विचारणीय छ ।

*आदरणीय ऐतिहासिकशिरोमणिज्यू,*

गेग्रोरीको पद्धतिअनुसार नेपालको इतिहासका केही तिथिमितिलाई परिवर्तन गरिदिनुहोस् भनी प्राध्यापक ईश्वर बरालले मलाई लेख्नुभएको थियो । तर गेग्रोरीको सिद्धान्तको प्रचारतिर म नलागेको हुँदा ईश्वर बरालज्यूको काम मेरो हातबाट पट्न सकेन । तपाईं अहिले गेग्रोरीको सिद्धान्तप्रचारक भई निस्कनुभएको देख्दा ईश्वर बरालज्यूको पत्रलाई फेरि एकबाजि पढें ।

मराठा राजा शिवाजीका छोरा राजारामको राज्याभिषेकको वि. सं. १७४५ को मितिलाई ईसवी संवत्मा परिणत गर्ने उदाहरण सर्वानन्दकरणका १६०–६१ पृष्ठमा दिइएको छ । त्यहाँ गेग्रोरीको पद्धतिको अनुसरण गरिएको छैन । मुगल बादशाहहरूको राज्याभिषेक आदिका तिथि-मितिलाई ईसवी संवत्मा परिणत गर्ने उदाहरण संसार के संवत्का ६४–६५ पृष्ठमा दिइएका

÷ १४ परिशिष्ट हेर्नुहोस् ।

छन् । त्यहाँ पनि गेग्रोरीको पद्धतिको अनुसरण गरिएको छैन । अहिले तपाईंले गेग्रोरीको पद्धतिको अनुसरण गरी श्री ५ पृथ्वीनारायण शाहको जन्मतिथिको विषयमा वादविवाद खडा गरिदिनुभएको छ भन्ने कुरा तपाईंको ग्रन्थको पहिलो भागका ११०–११ पृष्ठबाट नै बुझिन्छ । वि. सं. १७७९ पौष २७ गते पृथ्वीनारायण जन्मेका हुन् भन्न हामीलाई पक्का थियो तथा छ। पृथ्वीनारायण शाह ई. सं. १७२२ वा १७२३ मा जन्मेका हुन् भन्ने विषयको वादविवाद अहिले तपाईंले उठाइदिनुभयो । किनभने गेग्रोरीको पद्धतिलाई स्वीकार गरी त्यस वेलाका तिथिमिति गणना गर्न सबै इतिहासकार मञ्जूर गर्दैनन् । ईसवी संवत् नलेख्नुहोस् भनी तपाईंसँग मैले धेरै बाजि प्रार्थना गरेको थिएँ तथा गर्दछु । तर तपाईं मेरो कुरा सुन्नुहुन्न § ।

विक्रमसंवत् तथा वैशाख जेठ आदि महीनाका पक्षपाती तपाईं अघि हुनुहुन्थ्यो । अनि तपाईंले "आफ्नो पुस्तकमा इस्वी संवत् प्रयोग गर्नाको कारण विश्वइतिहासको सन्दर्भमा हाम्रो इतिहासको अध्ययन गर्न स्वदेशी विदेशी सबैलाई सजिलो होस् भन्ने हो" भनी भन्नुभयो । अहिले आएर "इसापूर्व पहिला शताब्दीका विक्रमादित्य ऐतिहासिक राजा देखिन्नन् + ।...यस कारणले यस सम्वत्का साथ जोडिएको 'विक्रम' भन्ने शब्द हटाउनु आवश्यक भएको छ। ... वर्तमान समयको राष्ट्रिय मिति–पत्रमा व्यवहार गरिएको नाक्षत्रिक सौरवर्षका मासहरू अशास्त्रीय र अवैज्ञानिक छन्। यस कारण ले आफ्ना संस्कृतिको अनुकूल गराएर आर्तव सौरवर्षमा आधारित नयाँ राष्ट्रिय मिति–पत्र तयार गर्नु आवश्यक भएको छ र सो नभएसम्मका अन्तरीमकालका निमित्त अन्तर्राष्ट्रिय मितिपत्र भएको ग्रेगोरीको मितिपत्रलाई उधारो लिएर काम चलाउनुपरेको हो ।" भनी बोल्नुभयो ।

यी तीनै कुरा परस्परमा बाझिएका छन् । कुनै पनि शुद्ध अन्तःकरण भएका विद्वान् यस्ता कुरा बोल्दैनन् । नाक्षत्र सौरवर्षलाई तपाईंले अशास्त्रीय र अवैज्ञानिक भनी जुन आरोप लगाउनुभयो, सो कुरा प्रमाणबाट सिद्ध हुँदैन । त्यसको चर्चा मैले माथि नै गरिसकेको छु ।

अब तपाईंले आफूले बोलेका यी कुरालाई सिद्ध गर्ने प्रमाण प्रस्तुत गरी आफ्नो विचार-अनुसारको पञ्चाङ्ग तथा सो पञ्चाङ्ग बनाउने ग्रन्थ प्रकाश गरी आफ्नो पद्धतिको लोकप्रियता तथा विद्वद्ग्राह्यताको परीक्षा गर्ने समय आएको छ । जति सक्यो, उति चाँडै यो काम तपाईंले गर्नु आवश्यक छ ।

*आदरणीय ऐतिहासिकशिरोमणिज्यू,*

पञ्चाङ्गसुधारको विषयमा तपाईंले लिनुभएको यस चालालाई देखेर मैले पण्डित हरिलाल पोखेललाई सम्झे । चन्द्रशमशेरले श्री ३ महाराजको पगरी लाएको वर्ष वि. सं. १९५८ देखि

§ विद्यारक्षा ४ संख्या, पूर्णिमा ९ अङ्क ८१ पृष्ठ हेर्नुहोस् ।

+ विक्रमसंवत्का प्रवर्तक विक्रमादित्य ऐतिहासिक व्यक्ति हुन् भन्ने विषयमा वि. सं. २००८ मा प्रकाशित राजबली पाँडेको "विक्रमादित्य अफ् उज्जयिनी, द फाउन्डर् अफ् द विक्रम ईरा (विक्रमसंवत्का प्रवर्तक उज्जयिनीका विक्रमादित्य)" भन्ने पुस्तक पनि रहेछ। यो निबन्ध धेरै छापिइसकेपछि सो पुस्तक मेरो हात परेकोले त्यसको उपयोग यहाँ हुन सकेन । उज्जयिनीका विक्रमादित्यको ऐतिहासिकताबारेमा विचार गर्न खोज्नेले सो पुस्तक हेर्नु बढिया छ ।

चन्द्रसंवत् चल्यो भनी ती पण्डितले वि. सं. १९७९ मा मितिदर्पण छपाए। मितिदर्पणको परिवर्द्धित संस्करण उनले वि. सं. १९८१ मा छपाए। चन्द्रसंवत्‌देखि उठान गरी पञ्चाङ्गगणना गर्नुपर्छ भनी उनले वि. सं. १९८५ मा पञ्चाङ्गदर्पण छपाए। उनको मुख्य भनाइ नेपालका पञ्चाङ्ग गन्ने सारणी सब अशुद्ध छन्, मेरो पद्धति शुद्ध छ, मेरै पद्धतिअनुसार सबैले पञ्चाङ्ग गन्नुपर्छ भन्ने थियो। यसपछि वि. सं. १९९३ मा उनले पञ्चाङ्गदर्पणको अर्को संस्करण छपाए। तर यताबाट विशेष लाभ भएको नदेखी वि. सं. १९९५ मा त्रियुद्धगणित नाम राखी पञ्चाङ्गदर्पणको फेरि अर्को संस्करण उनले छपाए। वि. सं. २००४ देखि (श्री ३ पद्मशमशेर निस्तेज भई श्री ३ चन्द्रशमशेरका जेठा छोरा क. इ. मोहनशमशेर प्रभावशाली भएको वर्षदेखि) चन्द्रसंवत् परेको पञ्चाङ्ग पनि उनी र उनका पक्षका मानिसले निकाले। हल्लै नहो, अरू एक दुइ जना पञ्चाङ्गकर्ता पनि चन्द्रसंवत्‌का प्रचारक भई निस्के। वि. सं. २००८ देखि ती पण्डित प्रजातन्त्रसंवत् चल्यो भनी प्रचार गर्न लागे। ती पण्डितको इच्छा नेपालमा चलेका सारणी खारिज हुनुपर्छ, मैले बनाएको सारणीबाट सबैले पञ्चाङ्ग गन्नुपर्छ भन्ने थियो। पं. हरिलालले गरेको काम र तपाईंले गर्नुभएको काम विपरीत दिशाका भए पनि एकै उद्देश्यका छन्। हरिलाल आफूलाई सूर्यसिद्धान्तका पक्का अनुयायी मान्थे। उनले आपनो विचारअनुसारका तिथि वार नक्षत्र योग सङ्क्रान्तिहरू गन्ने सारणी तथा पञ्चाङ्ग पनि प्रकाश गरेका थिए। तपाईं चाहिं सूर्यसिद्धान्तका विरोधी र ग्रेगोरीसिद्धान्तका पक्का अनुयायी भई निस्कनुभएको छ। तपाईंले आफ्नो विचारअनुसारका सारणी तथा पञ्चाङ्ग प्रकाश गर्नुभएको देखिएको छैन। आफ्नो स्वार्थानुकूल निर्णय बलात्कारपूर्वक अरूमा लाद्ने दुवैको इच्छा छ।

यस विषयमा पञ्चाङ्गविषयका हर्ताकर्ता राजगुरु हेमराज पण्डितज्यूले पण्डित हरिलाललाई लेखेको पत्र चाखलाग्दो होला। सो पत्र यस प्रकारको छ—

२००३ आषाढ २२

पण्डित हरिलाल उपाध्यायके नमस्कार

चिठी पाएँ पात्रोबारेको पत्रहरू पनि सबै पढेर हेरें पात्रो छपाउने कुरालाई नेपालमा बसेका ज्योतिषीहरूले ग्रहलाघव सूर्यसिद्धान्त आदिका अघि बनेका सारणीहरूबाट तयार भएको पात्रोहरू जँचाउन आश्विन कार्तिकतिर मेरा पासमा आउँदछ. तपाईंले तजबिज गर्नुभएको सारणीबाट बनेको पात्रो पनि तयार गरी जँचाउन पठाउनुभए वा छपाउनुभए त्यस बखतमा जम्मा भएका पण्डित ज्योतिषीहरूलाई जचाउन हेर्न लगाई पास गरी दिनेछु. मैले बनाएको सारणी असल छ थोर समयमा शुद्ध आउँदछ त्यसैबाट अरुले पनि पात्रो बनाउने बन्दोबस्त गर्ने बारेको कुरा तपाईंले लेखेकालाई यस्तो कुरामा अघिअघिका ऋषिमुनिले वा पहिलेका ज्योतिषीले बनाएको प्रसिद्ध भइसकेको सारणीबाट पात्रो नबनाउनु पं. हरिलालले बनाएको सारणीबाट पात्रो बनाउने गर्नु भनि आडर दिनु त अनुचित ठहरिन जानेछ त्यसैले त्यस्तो मैले भन्नु ठीक हुदैन तपाईंको सारणी शुद्ध र सरल उपायबाट निस्कने भएपछि लोकले सो कुरा देखेपछी आफसेआफ त्यस

सारणीलाई अपनाउन्यैछन् त्यसले विधि पुगेको सारणी र पात्रो पनी लगातार जति वर्षसम्म सकिन्छ तपाइँकै नामबाट छपाउने बन्दोबस्त गर्नुभए बढीया होला कर्कापले काम गरेकोभन्दा क्रमश लोकको प्रवृत्ति त्यसतर्फ झुवन गई भएको काम धेरै कालसम्म टिक्ने हुनाले त्यसै गर्नु बढीया होला भन्ने मेरा दिलले देखेको कुरा तपाइँलाई भनेको हुँ जो उचित संझनु हुन्छ सोहि गर्नु होला.

तपाइँको असल चाहने—

**हेमराज शर्मा**

(विद्यारक्षा १४ सङ्ख्या ८–९ पृष्ठ)

विक्रमसंवत्‌बाट विक्रम शब्द हटाउने, नाक्षत्र सौरवर्षलाई खारीज गर्ने जो कुरो तपाईंले लेख्नुभएको छ ; मेरो विचारमा ती दुवै कुरा उपपत्तिविरुद्ध हुन् ।

तपाईंले अप्रामाणिक कुरा लेखी आफ्नो परम्परागत पद्धतिमा अविश्वास फैलाई आफ्नो राष्ट्रिय तिथिमितिमा नै भ्रम फैलाइदिनुभएको छ । तपाईं जस्ता प्रतिभाशाली तथा वयोवृद्ध विद्वानबाट यस्तो कुराको आशा हामीले गरेका थिएनौं ।

तपाईंले यस्तो काम गरी आफ्नो राष्ट्रिय तिथिमितिमा आघात पुऱ्याउनुभयो तापनि हामी तपाईंको आदर गरी नै रहन्छौं । किनभने तपाईंले परिश्रम गरी सङ्ग्रह गर्नुभएको नेपालको इतिहासको प्रामाणिक ज्ञान हाम्रो राष्ट्रलाई जो दिनुभएको छ, त्यसको प्रशंसा नगरी रहन सकिंदैन । अहिले मात्र होइन, धेरै पुस्तापछिका नेपालका सन्तानले पनि तपाईंको ऐतिहासिक ज्ञानको आदर गर्नेछन् ।

**एको हि दोषो गुणसन्निपाते निमज्जतीन्दोः किरणेष्विवाङ्कः ।**

—कालिदास

[चन्द्रमाको किरणमा कलङ्क दबे झैं धेरै गुणले एउटा दुर्गुणलाई दबाउँछ । ]

तपाईंको स्नेहभाजन—

**नयराज पन्त**

# १ परिशिष्ट (२३१ पृष्ठको)

## कालिदासले आफ्नो नाटक मालविकाग्निमित्रमा दिएको शुङ्गवंशको इतिहास

यस नाटकमा उल्लेख भएका मुख्य पुरुष तथा स्त्रीको परिचय

| | |
|---|---|
| सेनापति पुष्यमित्र | शुङ्गवंशका पहिला सम्राट् |
| राजा अग्निमित्र | पुष्यमित्रका छोरा |
| राजकुमार वसुमित्र | अग्निमित्रका छोरा |
| बाहतक | अग्निमित्रका प्रधानमन्त्री |
| गणदास | नाटचका आचार्य |
| यज्ञसेन | विदर्भका राजा |
| माधवसेन | यज्ञसेनका काकाका छोरा |
| सुमति | माधवसेनका मन्त्री |
| धारिणी | अग्निमित्रकी महारानी |
| इरावती | अग्निमित्रकी रानीसाहेब |
| मालविका | माधवसेनकी बहिनी (अग्निमित्रकी दोस्री महारानी) |
| परिव्राजिका (जोगिनी) | सुमतिकी बहिनी |

(वकुलावलिका प्रविशति)

वकुलावलिका—आज्ञप्ताऽस्मि देव्या धारिण्याऽचिरोपनीता छलिकनामनाटचान्तर उपदेशग्रहणे कीदृशी मालविकेति नाटचाचार्यमार्यगणदासं प्रष्टुम्। तत् तावत् सङ्गीतशालां गच्छामि ।

(इति परिक्रामति) ।

(ततः प्रविशत्याभरणहस्ता द्वितीया चेटी ।)

वकुलावलिका– (द्वितीयां दृष्ट्वा) हला कौमुदिके ! कुतस्त इदानीमियं धीरता, यत् समीपेनाऽप्यतिक्रामन्तीतो दृष्टिं न ददासि ।

कौमुदिका —अहो वकुलावलिका। सखि ! देव्या इदं शिल्पिसकाशादानीतं नागमुद्रासनाथमङ्गुलीयकं स्निग्धं निध्यायन्ती तवोपालम्भे पतिताऽस्मि ।

वकुलावलिका—(विलोक्य) स्थाने सज्जति ते दृष्टिः । अनेनोद्भिन्नकिरणेनाऽङ्गुलीयकेन तेऽग्रहस्तः शोभते।

कौमुदिका —हला ! कुत्र प्रस्थितासि ?

वकुलावलिका—देव्या वचनेन नाटचाचार्यमार्यगणदासं प्रष्टुम्, उपदेशग्रहणे कीदृशी मालविकेति ।

कौमुदिका —सखि! ईदृशेन व्यापारेणाऽसन्निहिताऽऽपि सा कथं भर्त्रा दृष्टा ?

वकुलावलिका—आम् । स जनो देव्याः पार्श्वगतश्चित्रे दृष्टः ।

कौमुदिका —कथमिव ?

वकुलावलिका—शृणु । चित्रशालां गता देवी यदा प्रत्यग्रवर्णरागां चित्रलेखामाचार्यस्याऽऽलोकयन्ती तिष्ठति, अस्मिन्नन्तरे भर्ता चोपस्थितः ।

कौमुदिका —ततस्ततः?

वकुलावलिका—उपचारानन्तरमेकासनोपविष्टेन भर्त्रा चित्रगताया देव्याः परिजनमध्यगतामासन्नदारिकां दृष्ट्वा देवी पृष्टा ।

कौमुदिका —किमिति ?

वकुलावलिका—अपूर्वेयं दारिका देव्या आसन्नाऽऽलिखिता किंनामधेयेति ।

कौमुदिका —आकृतिविशेष आदरः पदं करोति । ततस्ततः ।

वकुलावलिका—ततोऽवधीरितवचनो भर्ता शङ्किता देवीं पुनरप्यनुबन्धुम् । ततः कुमार्या वसुलक्ष्म्याऽऽख्यातम् —आर्य ! एषा मालविकेति ।

कौमुदिका —(सस्मितम्)सदृशं खल्वेतद् बालभावस्य । ततोऽपरं कथय ।

वकुलावलिका—किमन्यत ? साम्प्रतं मालविका सविशेषं भर्तुर्दर्शनपथाद् रक्ष्यते ।

कौमुदिका —हला ! अनुतिष्ठाऽऽत्मनो नियोगम् । अहमप्येतदगुङ्लीयकं देव्या उपनेष्यामि ।

(इति निष्क्रान्ता)

वकुलावलिका—(परिक्रम्याऽवलोक्य च) एष नाट्याचार्यः सङ्गीतशालातो निर्गच्छति । यावदस्मा आत्मानं दर्शयामि ।

(इति परिक्रामति ।)

(प्रविश्य)

गणदासः —कामं खलु सर्वस्याऽपि कुलविद्या बहुमता, न पुनरस्माकं नाट्यं प्रति मिथ्यागौरवम् । तथाहि–

देवानामिदमामनन्ति मुनयः शान्तं क्रतुं चाक्षुषं
रुद्रेणेदमुमाकृतव्यतिकरे स्वाङ्गे विभक्तं द्विधा ।
त्रैगुण्योद्भवमत्र लोकचरितं नानारसं दृश्यते
नाट्यं भिन्नरुचेर्जनस्य बहुधाऽप्येकं समाराधकम् ॥

वकुलावलिका—(उपेत्य) आर्य ! वन्दे ।

गणदासः —भद्रे ! चिरं जीव ।

वकुलावलिका—आर्य देवी पृच्छति—अप्युपदेशग्रहणे नातिक्लिश्नाति वः शिष्या मालविकेति ।

गणदासः —भद्रे ! विज्ञाप्यतां देवी, परमनिपुणा मेधाविनी चेति, किं बहुना ?

यद्यत् प्रयोगविषये भाविकमुपदिश्यते मया तस्यै ।
तत्तद् विशेषकरणात् प्रत्युपदिशतीव मे बाला ॥

वकुलावलिका—(आत्मगतम्) अतिक्रामन्तीमिवेरावतीं पश्यामि । (प्रकाशम्) कृतार्थेदानी वः शिष्या, यस्या गुरुजन एवं तुष्यति ।

गणदासः —भद्रे ! तद्विधानामसुलभत्वात् पृच्छामि–कुतो देव्या तत् पात्रमानीतम् ?

वकुलावलिका—अस्ति देव्या वर्णावरो भ्राता वीरसेनो नाम । स भर्त्रा नर्मदातीरेऽन्तपालदुर्गे स्थापितः । तेन शिल्पाधिकारे योग्येयं दारिकेति भगिन्या देव्या उपायनं प्रेषिता ।

गणदासः —(स्वगतम्) आकृतिविशेषप्रत्ययादेनामनूनवस्तुकां सम्भावयामि । (प्रकाशम्) भद्रे ! मयाऽपि यशस्विना भवितव्यम् ।

वकुलावलिका—अथ किम् । कुत्रेदानीं वः शिष्या ?

गणदासः —इदानीमेव पञ्चाङ्गादिकमभिनयमुपदिश्य मया विश्रम्यतामित्यभिहिता दीर्घिकावलोकनगवाक्षगता प्रवातमासेवमाना तिष्ठति ।

वकुलावलिका—तेन हि पुनरनुजानातु मामार्यः, यावदस्या आर्यस्य परितोषनिवेदनेनोत्साहं वर्द्धयामि ।

गणदासः —दृश्यतां सखी । अहमपि लब्धक्षणः स्वगेहं गच्छामि ।

(इति निष्क्रान्तौ)

(ततः प्रविशत्येकान्तस्थितपरिजनो मन्त्रिणा लेखहस्तेनाऽन्वास्यमानो राजा ।)

राजा —(अनुवाचितलेखममात्यं विलोक्य) वाहतक ! किं प्रतिपद्यते वैदर्भः ?

अमात्यः —देव ! आत्मविनाशम् ।

राजा —सन्देशमिदानीं श्रोतुमिच्छामि ।

अमात्यः —इदमिदानीमनेन प्रतिलिखितम्–पूज्येनाऽहमादिष्टः–भवतः पितृव्यपुत्रः कुमारो माधवसेनः प्रतिश्रुतसम्बन्धो ममोपान्तिकमुपसर्पन्नन्तरा त्वदीयेनाऽन्तपालेनाऽवस्कन्द्य गृहीतः, स त्वया मदपेक्षया सकलत्रसोदर्यो मोचयितव्य इति । एतन्ननु वो विदितं यत् तुल्याभिजनेषु राज्ञां वृत्तिरीदृशी, अतोऽत्र मध्यस्थः पूज्यो भवितुमर्हति । सोदरा पुनरस्य ग्रहणविप्लवे विनष्टा । तदन्वेषणाय प्रयतिष्ये । अथवा, अवश्यमेव माधवसेनो मया पूज्येन मोचयितव्यः । श्रूयतामभिसन्धिः ।

मौर्यसचिवं मुञ्चति यदि पूज्यः संयत मम श्यालम् ।
मोक्ता माधवसेनं ततोऽहमपि बन्धनात् सद्यः ॥

इति ।

राजा —(सरोषम्) कथं कार्यविनिमयेन मयि व्यवहरत्यनात्मज्ञः । वाहतक ! प्रकृत्यमित्रः प्रतिकूलकारी च मे वैदर्भः । तद् यातव्यपक्षे स्थितस्य पूर्वसङ्कल्पितसमुन्मूलनाय वीरसेनमुखं दण्डचक्रमाज्ञापय ।

अमात्यः —यदाज्ञापयति देवः ।

राजा —अथवा, किं भवान् मन्यते ।

अमात्यः —शास्त्रदृष्टमाह देवः ।

अचिराधिष्ठितराज्यः शत्रुः प्रकृतिष्वरूढमूलत्वात् ।
नवसंरोपणशिथिलस्तरुरिव सुकरः समुद्धर्तुम् ॥

राजा —तेन ह्यवितथं तन्त्रकारवचनम् । इदमेव निमित्तमुपादाय समुद्योज्यतां सेनापतिः ।

अमात्यः —तथा ।

(इति निष्क्रान्तः ।)

(पहिलो अङ्कवाट)

(उद्यानपालिका प्रविशति ।)

उद्यानपालिका—कुत्र नु खलु देवी भवेत् ? (विलोक्य) अहो एष देव्याः परिजनाभ्यन्तरः काममपि जतुमुद्रालाञ्छितां मञ्जूषां गृहीत्वा चतुःशालातः कुब्जः सारसिको निष्क्रामति । प्रक्ष्यामि तावदेनम् ।

(ततः प्रविशति यथानिर्दिष्टहस्तः कुब्जः ।)

उद्यानपालिका—सारसिक ! कुत्र प्रस्थितोऽसि ?

सारसिकः —मधुकरिके । विद्यावतां ब्राह्मणानामिमां नित्यदक्षिणां मासिकीमार्यपुरोहितस्य हस्तं प्रापयिष्यामि ।

मधुकरिका —अथ किं निमित्तम् ।

सारसिकः —यतः प्रभृति श्रुतं सेनापतिना यज्ञतुरङ्गरक्षणे नियुक्तो भर्तृदारको वसुमित्र इति ततः प्रभृति तस्याऽऽयुर्निमित्तमष्टशतसुवर्णपरिमाणां दक्षिणां देवी दक्षिणीयैः परिग्राहयति ।

मधुकरिका —अथ कुत्र देवी ? किं वाऽनुतिष्ठति ?

सारसिकः —मङ्गलगृह आसनस्था विदर्भविषयाद् भ्रात्रा वीरसेनेन प्रेषितं लेखं लिपिकरैर्वाच्यमानं शृणोति ।

मधुकरिका —कः पुनर्विदर्भराजवृत्तान्तः श्रूयते ?

सारसिकः —वशीकृतः किल वीरसेनप्रमुखैर्दण्डचक्रैर्भर्तुर्विदर्भनाथः । मोचितः किलाऽस्य दायादो माधवसेनः । दूतश्च तेन महासाराणि रत्नवाहनानि शिल्पिदारिकाभूयिष्ठं परिजनं चोपायनीकृत्य भर्तुः सकाशं प्रेषितः । स किल भट्टारकं प्रेक्षिष्यते ।

मधुकरिका —गच्छ, अनुतिष्ठाऽऽत्मनो नियोगम् । अहमपि देवीं प्रेक्षिष्ये ।

(इति निष्क्रान्तौ)

(सवयस्यो राजा धारिणी मालविका परिव्राजिका विभवतश्च परिवारः प्रविशति ।)

(प्रविश्य)

कञ्चुकी —विजयतां देवः । देव ! अमात्यो विज्ञापयति–तस्मिन् काले विदर्भविषयोपायने द्वे शिल्पिदारिके मार्गपरिश्रमादलघुशरीरे इति न प्रवेशिते । सम्प्रति देवोपस्थानयोग्ये संवृत्ते । तदाज्ञां देवो दातुमर्हतीति ।

राजा —प्रवेशय ते ।

कञ्चुकी —यदाज्ञापयति देवः । (इति निष्क्रम्य ताभ्यां सह प्रविश्य) इत इतो भवत्यौ ।

प्रथमा —(जनान्तिकम्) हला मदनिके ! अपूर्वमिदं राजकुलं प्रविशन्त्याः प्रसीदति मे हृदयम् ।

द्वितीया —ज्योत्स्नके ! ममाप्येवम् । अस्ति खलु लोकप्रवादः । आगामि सुखं दुःखं वा हृदयसमवस्था कथयतीति ।

ज्योत्स्निका —स सत्य इदानीं भवतु ।

कञ्चुकी —एष देव्या सह देवस्तिष्ठति । उपसर्पतां भवत्यौ ।

(उभे उपसर्पतः ।)

(मालविका परिव्राजिका च चेटचौ दृष्ट्वा परस्परमवलोकयतः ।)

उभे —(प्रणिपत्य) जयतु जयतु भर्ता। जयतु जयतु भर्त्री ।

राजा —निषीदतम् ।

(उभे राजाज्ञयोपविष्टे ।)

राजा —कस्यां कलायामभिविनीते भवत्यौ ?

उभे —भर्तः ! सङ्गीतेऽभ्यन्तरे स्वः ।

राजा —देवि ! गृह्यतामनयोरन्यतरा ।

देवी —मालविके ! इतः प्रेक्षस्व । कतरा ते सङ्गीतसहकारिणी रोचते ?

उभे —(मालविकां दृष्ट्वा) अहो ! भर्तृदारिका । (इति प्रणम्य) जयतु जयतु भर्तृदारिका ।

(तया सह बाष्पं विसृजतः)

(सर्वे सविस्मयं विलोकयन्ति ।)

राजा —के भवत्यौ ? का वेयम् ?

उभे —भर्तः ! एषाऽस्माकं भर्तृदारिका ।

राजा —कथमिव ?

उभे —शृणोतु भर्ता । यः स भर्ता विजयदण्डैर्विदर्भनाथं वशीकृत्य बन्धनान्मोचितः कुमारो माधवसेनो नाम, तस्येयं कनीयसी भगिनी मालविका नाम ।

देवी —कथं राजदारिकेयम् ? चन्दनं खलु मया पादुकोपयोगेन दूषितम् ।

राजा —अथाऽत्रभवती कथमित्थम्भूता ?

मालविका —(निःश्वस्याऽऽमगतम्) विधिनियोगेन ।

मदनिका —शृणोतु भर्ता । दायादवशङ्गते भर्तृदारके माधवसेने तस्याऽमात्येनाऽऽर्यसुमतिनाऽऽस्मादृशं परिजनमुज्झित्वा गूढमानीतैषा ।

राजा —श्रुतपूर्वं मयैतत् । ततस्ततः ?

मदनिका —भर्तः ! अतः परं न जानामि ।

परिव्राजिका —अतः परमहं मन्दभागिनी कथयिष्यामि ।

उभे —भर्तृदारिके ! आर्यकौशिक्या इव स्वरसंयोगः । ननु सैव ।

मालविका —अथ किम् ।

उभे —यतिवेशधारिण्यार्यकौशिकी दुःखेन विभाव्यते । भगवति ! नमस्ते ।

परिव्राजिका —स्वस्ति भवतीभ्याम् ।
राजा —कथमाप्तवर्गोऽयं भगवत्याः ?
परिव्राजिका —एवमेतत् ।
विदूषकः —तेन कथयत्विदानीं भगवत्यत्रभवत्या वृत्तान्तं तावदशेषम् ।
परिव्राजिका —(सवैक्लव्यम्) तावच्छ्रूयताम् । माधवसेनसचिवं ममाऽग्रजं सुमतिमवगच्छ ।
राजा —उपलक्षितम् । ततस्ततः ?
परिव्राजिका —स इमां तथागतभ्रातृकां मया सार्द्धमपवाह्य भवत्सम्बन्धापेक्षया पथिकसार्थं विदिशागामिनमनुप्रविष्टः ।
राजा —ततस्ततः
परिव्राजिक —स चाऽटव्यन्तरे निविष्टो गताध्वा वणिग्गणः ।
राजा —ततस्ततः ?
परिव्राजिका —ततः । किं चान्यत् ।

तूणीरपट्टपरिणद्धभुजान्तरालमापार्ष्णिलम्बिशिखिबर्हकलापधारि ।
कोदण्डपाणि निनदत् प्रतिरोधकानामापातदुष्प्रसहमाविरभूदनीकम् ॥

(मालविका भयं रूपयति ।)

विदूषकः —भवति ! मा बिभीहि । अतिक्रान्तं खलवत्रभवती कथयति ।
राजा —ततस्ततः ?
परिव्राजिका —ततो मुहूर्तं बद्धायुधास्ते पराङ्मुखीभूताः सार्थवाहयोद्धारस्तस्करैः ।
राजा —भगवति ! हन्त ! अतः परं कष्टतरं श्रोतव्यम् ।
परिव्राजिका —ततः स मत्सोदर्यः

इमां परीप्सुर्दुर्जाते पराभिभवकातराम् ।
भर्तृप्रियः प्रियैर्भर्तुरानृण्यमसुभिर्गतः ॥

ज्योत्स्निका —अहो ! हतः सुमतिः ।
मदनिका —ततः खलु भर्तृदारिकाया इयं समवस्था संवृत्ता ।

(परिव्राजिका बाष्पं विसृजति ।)

राजा —भगवति ! तनुभृतामीदृशी लोकयात्रा । न शोच्यस्तत्रभवान् सफलीकृतभर्तृपिण्डः । ततस्ततः ?
परिव्राजिका —ततोऽहं मोहमुपगता यावत् संज्ञां लभे, तावदियं दुर्लभदर्शना संवृत्ता ।
राजा —महत् खलु कृच्छ्रमनुभूतं भगवत्या ।
परिव्राजिका —ततो भ्रातुः शरीरमग्निसात् कृत्वा पुनर्नवीभूतवैधव्यदुःखया मया त्वदीयं देशमवतीर्यमे काषाये गृहीते ।
राजा —युक्तः सज्जनस्यैष पन्थाः । ततस्ततः ?
परिव्राजिका —सेयमाटविकेभ्यो वीरसेनं वीरसेनाच्च देवीं गता । देवीगृहे लब्धप्रवेशया मया चाऽनन्तरं दृष्टेत्येवमवसानं कथायाः ।

मालविका —(आत्मगतम्) किं नु खलु भर्ता साम्प्रतं भणति ?

राजा —अहो ! परिभवोपहारिणो विनिपाताः । कुतः ?

प्रेष्यभावेन नामेयं देवीशब्दक्षमा सती ।
स्नानीयवस्त्रक्रियया पत्रोर्णं वोपयुज्यते ।।

देवी —भगवति ! त्वयाऽऽभिजनवतीं मालविकामनाचक्षाणयाऽऽसाम्प्रतं कृतम् ।

परिव्राजिका —शान्तं पापम् । केनचित् कारणेन मया नैर्घृण्यमवलम्बितम् ।

देवी —किमिव तत् कारणम् ?

परिव्राजिका —इयं पितरि जीवति केनाऽपि देवयात्रागतेन सिद्धादेशकेन साधुना मत्समक्षं समादिष्टा संवत्सरमात्रमियं प्रेष्यभावमनुभूय ततः सदृशभर्तृगामिनी भविष्यतीति । तदेवं भाविनमादेशमस्यास्त्वत्पादशुश्रूषया परिणमन्तमवेक्ष्य कालप्रतीक्षया मया साधु कृतमिति पश्यामि ।

राजा —युक्ता प्रतीक्षा ।

कञ्चुकी —देव ! कथान्तरेणाऽन्तरितम् । अमात्यो विज्ञापयति–विदर्भगतमनुष्ठेयमनुष्ठितमभूत् । देवस्य तावदभिप्रायं श्रोतुमिच्छामीति ।

राजा —मौद्गल्य ! तत्रभवतोर्भ्रात्रोर्यज्ञसेनमाधवसेनयोर्द्वैराज्यमिदानीमवस्थापयितुकामोऽस्मि । तावुभौ वरदाकूले उत्तरदक्षिणे विभज्य पृथक् शिष्टाम् ।

कञ्चुकी —देव ! एवममात्यपरिषदे विज्ञापयामि किम् ?

(राजाऽऽङ्गुल्याऽऽनुमन्यते ।)

(निष्क्रान्तः कञ्चुकी ।)

ज्योत्स्निका —(जनान्तिकम्) भर्तृदारिके ! दिष्टया भर्तृदारकोऽर्द्धराज्ये प्रतिष्ठां गमिष्यतीति ।

मालविका —एतत् तावद् बहु मन्तव्यं यज्जीवितसंशयाद् विमुक्तः ।

(प्रविश्य)

कञ्चुकी —विजयतां देवः । देव ! अमात्यो विज्ञापयति–कल्याणी देवस्य बुद्धिः । मन्त्रिपरिषदोऽप्येतदेव दर्शनम् । द्विधा विभक्तां श्रियमुद्वहन्तौ परस्परावग्रहनिर्विकारौ तौ ते निदेशे स्थास्यतः ।

राजा —तेन हि मन्त्रिपरिषदं ब्रूहि, सेनान्ये वीरसेनाय लिख्यतामेवं क्रियतामिति ।

कञ्चुकी —यदाज्ञापयति देवः ।

(इति निष्क्रम्य सप्राभृतकं लेखं गृहीत्वा पुनः प्रविष्टः ।)

अनुष्ठिता प्रभोराज्ञा । अयं देवस्य सेनापतेः पुष्यमित्रस्य सकाशात् सोत्तरीयप्राभृतको लेखः प्राप्तः । प्रत्यक्षीकरोत्वेनं देवः ।

[ राजोत्थाय सप्राभृतकं लेखं सोपचारं गृहीत्वा परिजनायाऽर्पयति । परिजनो लेखं नाट्येनोद्घाटयति ।]

देवी —(आत्मगतम्) अहह ! ततोमुखमेव नो हृदयम् । श्रोष्यामि तावद् गुरुजनस्य कुशलानन्तरं वसुमित्रस्य वृत्तान्तम् । अतिघोरे खलु पुत्रकः सेनापतिना नियुक्तः ।

राजा —(उपविश्य लेखं सोपचारं गृहीत्वा वाचयति । स्वस्ति यज्ञशरणात् सेनापतिः पुष्यमित्रो विदिशास्थं पुत्रमायुष्मन्तमग्निमित्रं स्नेहात् परिष्वज्येदमनुदर्शयति । विदितमस्तु योऽसौ राजयज्ञदीक्षितेन मया राजपुत्रशतपरिवृतं वसुमित्रं गोप्तारमादिश्य वत्सरोपावर्तनियमो निरर्गलस्तुरङ्गो विसृष्टः, स सिन्धोर्दक्षिणे रोधसि चरन्नश्वानीकेन यवनेन प्रार्थितः । तत उभयोः सेनयोर्महानासीत् संमर्दः ।

(देवी विषादं नाटयति ।)

राजा —कथमीदृशं संवृत्तम् । (शेषं पुनर्वाचयति ।)

तत: परान् पराजित्य वसुमित्रेण धन्विना ।
प्रसह्य ह्रियमाणो मे वाजिराजो निवर्तितः ।।

देवी —अनेनाऽऽश्वस्तं मे हृदयम् ।

राजा —(लेखशेषं वाचयति ।) सोऽहमिदानीमंशुमतेव सगरः पौत्रेण प्रत्याहृताश्वो यक्ष्ये । तदिदानीमकालहीनं विगतरोषचेतसा भवता वधूजनेन सह यज्ञसेवनायाऽऽगन्तव्यमिति ।

राजा —अनुगृहीतोऽस्मि [*] ।

(पाँचौं अङ्कबाट)

## अनुवाद

(वकुलावलिका देखिन्छे ।)

वकुलावलिका—छलिक भन्ने नाच भरखर सिक्न लागेकी मालविकाले तालीममा के कसो गरिरहेकी छ भनी नाट्याचार्य गणदासलाई सोधी आउनू भनी महारानी धारिणीबाट मलाई अह्राइबक्सेको छ । यस कारण नाचघरमा जान्छु ।

(हातमा गहना लिएकी अर्की केटी देखिन्छे ।)

वकुलावलिका—(त्यसलाई देखेर)–ए कौमुदिका ! अहिले तँ यस्ती एकसुरे कसरी भएकी ? तँ मेरो नजीकैबाट हिँडिरहेकी भए पनि यतातिर हेर्दै हेर्दिनस् ।

कौमुदिका —आम्मै वकुलावलिका । नाग कुँदिएको महारानीको यो औंठी सुनारकहाँबाट लिएर आउँदैछु । यसैलाई गडेर हेर्दै आइरहेको त तैंले भन्ने ठाउँ पाइहालिस् ।

वकुलावलिका—(यसो हेरेर) तेरो आँखा ठाउँमै पर्छ । यो औंठी चम्किरहेकोले तेरो हात कस्तो राम्रो देखिएको !

कौमुदिका —तँ कहाँ जान लागेकी ?

---

[*] वि. सं. २००६ मा नानी देवराज पौडेल, धनवज्र वज्राचार्य, ज्ञानमणि नेपालले मेरो निर्देशनअनुसार मालविकाग्निमित्रको संक्षिप्त रूप तयार पारेका थिए । त्यसैबाट अलिकता संशोधन गरी यो भाग झिकिएको हो ।

बकुलावलिका—मालबिका तालीममा कस्ती छ, सोधी आउनू भनी महारानीबाट अह्राइबक्सेकोले आर्य गणदासकहाँ जान लागेकी ।

कौमुदिका —यसरी अगाडि नै नपार्दाखेरि पनि मालिकबाट मालबिकालाई कसरी देखिबक्सेछ ?

बकुलावलिका—ए, महारानीको तसबीरमा मालविकाको पनि तसबीर लेखिएको रहेछ, मालिकबाट त्यहीं देखिबक्सेछ ।

कौमुदिका —कसरी ?

बकुलावलिका—सुन् । आचार्यले भरखर लेखिसिद्ध्याउनुभएको तसबीर महारानीबाट चित्रशालामा (तसबीरघरमा) सवारी भई नजर गर्न लागिबक्सेको वेलामा मालिकको पनि त्यहीं सवारी भएछ ।

कौमुदिका —अनिअनि ?

बकुलावलिका—दर्शनभेट भइसकेपछि सँगसँगै मालिकको राज भएछ । अनि केटीहरूको मध्येमा महारानीको नजीकै लेखिएकी ठिटालाई देखेर मालिकबाट महारानीसँग सोधिबक्सेछ ।

कौमुदिका —के भनेर ?

बकुलावलिका—तिमीसँगै बसेकी यो ठिटी को हो ? यसलाई त मैले कहिले पनि देखेको थिइनँ भनेर ।

कौमुदिका —राम्रो भएपछि सबैले कदर गर्छन् । अनिअनि ?

बकुलावलिका—त्यसपछि महारानीबाट नसुने जस्तो गरिबक्सेकोले फेरि दोहर्‍याएर सोध्न मालिकलाई असजिलो लागेछ । अनि बुबा ! यो मालविका हो भनी राजकुमारी वसुलक्ष्मीबाट हुकूम भएछ ।

कौमुदिका —(मुसुक्क हाँसेर) केटाकेटी न हो । त्यसपछि के भयो भन् ?

बकुलावलिका—अनि के हुन्थ्यो । मालिकको मालविकामाथि नजर नपरोस् भनी आजकल विशेष बन्दोबस्त गरिएको छ ।

कौमुदिका —तँ पनि आफूलाई अह्राएको काम गर् । म पनि यो औंठी महारानीलाई चढाउँछु ।

(जान्छे ।)

बकुलावलिका—(हिँडेर हेरी) ऊ नाट्याचार्य गणदास नाचघरबाट निस्कनुभयो । म उहाँको देखा पर्छु ।

(गणदास देखिन्छन् ।)

गणदास —हुनत आफ्नो कुलायनी विद्यामा सबैको गौरवै हुन्छ । तर हामीले नाचको विषयमा गरेको गौरव व्यर्थ होइन । किनभने मुनिहरूले नाचलाई आँखासम्बन्धी शान्त देवयज्ञ भनी मानेका छन् । आफूले अर्धनारीश्वरको रूप लिएपछि आफ्नै जीउमा महादेवले ताण्डव र लास्य दुइ भाग लाउनुभयो । नाचमा सत्त्व

रज तम यी तीनै थरी गुण भएका र नाना रस भएका दुनियाँका चालचलन देखिन्छन् । फरक फरक कुरा मन पर्ने मानिसहरूलाई पनि नाचले सन्तुष्ट पार्छ ।

बकुलावलिका—(नजीकै गएर) दर्शन गर्दै हजुर !

गणदास —नानी ! चिरञ्जीवी भए ।

बकुलावलिका—मालविकालाई नाचगान सिकाउँदा यहाँलाई कष्ट त भएको छैन भनेर महारानी-बाट हजुरलाई सोधिबक्सेको छ ।

गणदास —नानी ! मालविका ज्यादै सिपालु र जेहनदार छन् भनी महारानीलाई बिन्ति चढाइदेऊ । धेरै के भनूँ । मैले उनीलाई सिकाएका कुरा उनी मैले सिकाएभन्दा पनि राम्रोसँग गरीकन मलाई नै सिकाउँछिन् भने पनि हुन्छ ।

बकुलावलिका—(मनमनै) यसले त इरावतीलाई उछिन्ली जस्ती छ । (सुन्ने गरेर) गुरु यसरी खुशी भएपछि हजुरकी चेली अब सफल भइन् ।

गणदास —यस्ता मान्छे सितिमिति नपाइने हुनाले मैले सोधेको, नानी ! महारानीबाट तिनीलाई कहाँबाट ल्याइबक्सेको ?

बकुलावलिका—महारानीका वीरसेन भन्ने अविवाहितापट्टिका भाइ हुनुहुन्छ । उहाँलाई मालिक-बाट सिमानाको रक्षा गर्न भनी नर्मदा नदीको किनारको गढीमा (अन्तपाल-दुर्गमा) राखिबक्सेको छ । यिनीलाई नाचगान सिकाएको खण्डमा सिक्न सक्छिन् भनी उहाँले दिदीकहाँ मालविकालाई पठाइदिनुभएको हो ।

गणदास —(मनमनै) यिनीको अनुहारबाट त यिनी ठूलै खानदानका जस्ती देखिन्छिन् । (सुन्ने गरी) नानी ! मैले पनि जस पाउने भएँ ।

बकुलावलिका—त्यसै हो । अहिले हजुरकी चेली कहाँ छन् ?

गणदास —भरखरै तालीम सिकाएर मैले आराम गर भनेकोले झ्यालमा बसेर पोखरीतिर हेरी हावा खाइरहेकी छन् ।

बकुलावलिका—हजुर उनीसँग खुशी हुनुभएको कुरा उनीलाई सुनाएर उनीको उत्साह बढाउनाको लागि हजुर आज्ञा दिनुहुन्छ कि ?

गणदास —हुन्छ, जाऊ । साथीलाई भेट । मलाई पनि फुर्सद भयो । अब घर जान्छु ।

(दुवै निस्कन्छन् ।)

(राजाका सुसारेहरू परिसर रहेका हुन्छन् । राजाको नजीकै हातमा चिठी लिएका मन्त्री हुन्छन् ।)

राजा —(मन्त्रीले चिठी पढिसकेपछि उनीतिर हेरेर) —बाहतक ! वैदर्भ (विदर्भको राजा)ले के कुरा खोजेको ?

मन्त्री —आफ्नो नाश खोजेको सरकार !

राजा —के लेखेको रहेछ, भन त ?

मन्त्री —उसले अहिले लेखेको कुरा यही हो —

तपाईंका काकाका छोरा कुमार माधवसेनको हामीसँग सम्बन्ध हुने भएकोले उनी हामीकहाँ आइरहेका थिए। बाटामा तपाईंको अन्तपाल (सामारक्षक) ले डाँक हानी उनलाई पक्रेछ। मेरो मुख हेरेर माधवसेन, उनकी रानी र बहिनी-लाई तपाईंले छोडिदिनुभए बढिया होला भनी अह्राउनुभएको अर्थकन दाजुभाइ-हरूसँग राजाहरूको कस्तो व्यवहार हुन्छ भन्ने कुरा यहाँलाई थाहै छ। यस कारण यस विषयमा यहाँ कतैपट्टि नलाग्नुभएको खण्डमा बढिया होला। माधवसेनकी बहिनी त यही गडबडमा हराएकी छन्। तिनीको म खोजमेल गर्नेछु। हजुरले मद्वारा अवश्य नै माधवसेनलाई छुटाउने हो भने मेरो शर्त सुन्नुहोस्।

यहाँको कैदमा परेका मौर्यहरूका मन्त्री मेरा जेठानलाई यहाँ छोडिदिनु-हुन्छ भने म पनि माधवसेनलाई तुरुन्तै छोडिदिन्छु।

राजा —(रिसाएर) त्यो बेकूफ त मसँग कामको साटोपाटो गर्न खोज्दो रहेछ। बाहतक ! वैदर्भ मेरो स्वाभाविक शत्रु हो। त्यसमाथि यसले हाम्रो विरोधमा काम गरि-रहेछ। यसलाई खतम पार्नैपर्ने हो। अघि बनाएको योजनाबमोजिम त्यसलाई मेट्नाको लागि वीरसेनको मातहतमा फौज खटाऊ।

मन्त्री —सरकारको जो हुकूम।

राजा —तिम्रो यस विषयमा केही भन्नु छ कि ?

मन्त्री —सरकारबाट शास्त्रबमोजिमको कुरा हुकूम भएको छ।

भरखर राजा भएकोले दुनियाँमा जरो गाडिसकेको हुँदैन। यस कारण भरखर रोपेको रूखलाई जस्तै गरी त्यस्ता शत्रुलाई सजिलैसँग उखेल्न सकिन्छ।

राजा —शास्त्रकारको वचन साँचै हुन्छ। यही कुरा लिएर सेनापतिलाई खटाऊ।

मन्त्री —हवस्।

(निस्कन्छन्।)

(पहिलो अङ्कबाट)

(मधुकरिका देखिन्छे।)

मधुकरिका —महारानीको कहाँ राज भएको होला ? (देखेर) महारानीको सारसिक भन्ने कुप्रो नोकर सिलबन्दी बाकस बोकेर चोकतिरबाट आइरहेछ। यसैलाई सोध्नुपर्‍यो।

(हातमा सिलबन्दी बाकस बोकेको कुप्रो सारसिक देखिन्छ।)

मधुकरिका —सारसिक ! कहाँ जान लाग्यौ ?

सारसिक —पढेका बाहुनहरूलाई दिनकादिन दिनाको लागि एक महीनाको यो दक्षिणा पुरेतबाजेकहाँ लान लागेको मधुकरिका !

मधुकरिका —किन नि ?

सारसिक —अश्वमेध यज्ञको घोडाको रक्षा गर्न राजकुमार वसुमित्रलाई सेनापतिबाट खटाइ-बक्सेको कुरा जुन दिन महारानीबाट सुनिबक्यो, त्यही दिनदेखि राजकुमारको आयु आरोग्यको कामना गरिबक्सी ८०० तोला सुन बाहुनहरूलाई महारानीबाट दिंदै आइबक्सेको छ ।

मधुकरिका —अहिले महारानीको कहाँ राज भएको छ ? के गर्दै भइबक्सिन्छ ?

सारसिक —मङ्गलगृहमा राज भएको छ । आफ्ना भाइ वीरसेनले विदर्भबाट पठाउनुभएको चिठी कारिन्दाहरूलाई बँचाएर सुन्दै भइबक्सिन्छ ।

मधुकरिका —विदर्भको राजाको बारेमा के खबर छ ?

सारसिक —वीरसेनको मातहतमा गएको मालिकको फौजले विदर्भका राजालाई पक्री उनका भँयाद माधवसेनलाई छोडिदिएछ । आफ्ना दूतको साथमा जुहारात हात्ती घोडा र तालीमे केटीहरू माधवसेनले महाराजकहाँ पठाउनुभएको रहेछ । ती दूतले मालिकको दर्शन गर्न रे ।

मधुकरिका —जाऊ त, आफूलाई अह्राएको काम गर । म पनि महारानीको दर्शन गर्न जान्छु ।

( दुवै निस्कन्छन् ।)

(राजा, महारानी धारिणी, मालविका, जोगिनी, विदूषक र सुसारेहरू देखिन्छन् ।)

(पसेर)

कञ्चुकी —जय महाराज ! विदर्भबाट पठाइएका दुइजना तालीमे केटी अस्ति नै आइसकेका थिए । तर त्यस बेला थाकेकाले तिनीहरू सरकारकहाँ हाजिर गराइएका थिएनन् । अहिले थकाइ मरिसकेकोले तिनीहरू सरकारको दर्शन गर्न सक्ने भए । अब तिनीहरूलाई सरकारकहाँ हाजिर गराऊँ कि भनी मन्त्रीज्यू बिन्ती चढाउनुहुन्छ ।

राजा —हुन्छ, ल्याऊ ।

कञ्चुकी —महाराजको जो हुकूम । (निस्कन्छन् र ती दुइटी केटीसँगै पसेर) यता पाल्नुहोस् ।

ज्योत्स्निका —(मदनिकाले मात्र सुन्ने गरेर) मदनिका ! कहिले पनि नआएको यो दरबारमा पस्ताखेरि मलाई कस्तो आनन्द लागेको ।

मदनिका —मलाई पनि त्यस्तै भइरहेछ ज्योत्स्निका ! मनको अवस्थाबाट पछि हुने सुख दुःख थाहा पाइन्छ भन्ने लोकको भनाइ छ ।

ज्योत्स्निका —त्यो अहिले साँचो होस् ।

कञ्चुकी —महाराजको महारानीसँग राज भएको छ । यहाँहरू नजीकै पाल्नुहोस् ।

(दुवै नजीकै जान्छन् ।)

(ती केटीहरूलाई देखेर मालविका र जोगिनी आफुसआफुसमा हेराहेर गर्छन् ।)

दुइटै केटी —(लम्पसार परी ढोगेर) मालिकको जय । मालिक्नीको जय ।

राजा —बस ।

(राजाले भनेकाले दुवै जना बस्छन् ।)

राजा —तिमीहरूले के कला सिकेका छौ ?

दुइटै केटी —विशेष गरी गाना जान्दछौं सरकार !

राजा —महारानी ! यिनीहरूमा एउटीलाई छान ।

महारानी —मालविका ! यता हेर् त । तँ कुनचाहिँलाई गानाको काममा साथी रोज्छेस्, रोज् ।

दुइटै केटी —(मालविकालाई देखेर) आम्मै राजकुमारी । (लम्पसार परी ढोगेर) राजकुमारीको जय ।

(मालविका र ती दुवै आँसु काढ्छन् ।)

(सबै जना छक्क परी हेर्छन् ।)

राजा —तिमीहरू को हौ ? यिनी को हुन् ?

दुइटै केटी —यहाँ हामीहरूकी राजकुमारी होइबक्सिन्छ ।

राजा —कसरी ?

दुइटै केटी —सुनिबक्स्योस् मालिक ! मालिकबाट आफ्नो फौज पठाई विदर्भका राजालाई हराई कैदमा परिबक्सेका जुन कुमार माधवसेनलाई छुटाइबक्स्यो, हो, उहाँकी मालविका नाउँकी बहिनी यहाँ भइबक्सिन्छ ।

महारानी —के रे ? यिनी राजकुमारी ! चन्दनलाई खराउ बनाएर मैले बिगारेछु ।

राजा —कसरी यिनको यस्तो हालत भयो ?

मालविका —(लामो सास फेरी मनमनै) भाग्यको फेरले ।

मदनिका —सुनिबक्स्योस् मालिक ! राजकुमार माधवसेनलाई उहाँका भैयादले पक्रेपछि उहाँका मन्त्री आर्य सुमतिले हामी जस्ता नोकरचाकरलाई छोडी राजकुमारीलाई सुटुक्क ल्याउनुभयो ।

राजा —यो कुरा मैले सुनिसकेको छु । अनिअनि ?

मदनिका —त्यसपछि के भयो, त्यो त थाहा छैन मालिक !

जोगिनी —त्यसपछिको कुरा म अभागिनी भन्छु ।

दुइटै केटी —राजकुमारी ! यो त कौशिकी बज्यैको जस्तो स्वर छ नि ? हो, उहाँ नै हो ।

मालविका —हो ।

दुइटै केटी —जोगिनीको भेष लिनुभएकी कौशिकी बज्यैलाई चिन्न मुश्किल पर्ने । हजुर ! दर्शन गर्‍यौं ।

जोगिनी —तिमाहरूको कल्याण होस् ।

राजा —माई ! यिनीहरू हजुरका आफन्त हुन् ?

जोगिनी —हुन् ।

विदूषक —त्यसो भए यहाँ मालविकाको विषयमा जम्मै कुरा भन्नुहोस् ।

जोगिनी —(दिक्क भएर) सुनिबक्स्योस् । माधवसेनका मन्त्री सुमति मेरा दाजु हुनुहुन्छ ।

राजा —थाहा पाएँ । अनिअनि ?

जोगिनी —यहाँका दाजुको त्यो गति भएपछि हजुरसँग सम्बन्ध हुने भएकोले मसँगसँगै यहाँलाई उहाँले भगाएर ल्याउनुभयो र विदिशा जान लागेका व्यापारीहरूको हफ्कामा उहाँ मिसिनुभयो ।

राजा —अनिअनि ?

जोगिनी —धेरै बाटो हिँडिसकेपछि ती व्यापारीहरू जङ्गलको बीचमा बास बसे ।

राजा —अनिअनि ?

जोगिनी —अनि के हुन्थ्यो ? ठोक्रो बाँधेको कपडाले छाती कसेका, कुर्कुच्चासम्म लत्रने गरेर मयूरका प्वाँख लाएका, हातमा धनु लिएका, कराइरहेका, डरलाग्दा डाँकाहरू देखापरे ।

(मालविका डराउँछिन् ।)

विदूषक —यहाँ नडराउनुहोस्, माईहजुर पुराना कुरा सुनाउँदै हुनुहुन्छ ।

राजा —अनिअनि ?

जोगिनी —त्यसपछि व्यापारीहरूका सिपाहीहरूले केही बेर त डाँकाहरूसँग लडे । तर पछि डाँकाहरूले उनीहरूलाई हराए ।

राजा —यसपछि नराम्रो कुरा सुन्नुपर्छ ।

जोगिनी —त्यसपछि खराप हालत भएकाले शत्रुको हमलाबाट तर्सिएका यहाँ मालविकालाई बचाउन खोज्दा मालिकको मन परेका मेरा दाजुले आफ्ना प्राण दिएर आफ्ना मालिकको ऋण तिर्नुभयो ।

ज्योत्स्निका —अहो सुमति मारिनुभएछ ।

मदनिका —त्यसो भएर पो यहाँ राजकुमारीको यस्तो हालत भएको रहेछ ।
(जोगिनी आँसु काढ्छिन् ।)

राजा —जन्मेपछि सबैले मर्नैपर्छ । माईहजुर ! मालिकको नूनको सोझो गर्दागर्दै प्राण छोड्नुभएकोले उहाँको विषयमा शोक नगर्नुहोस् । अनिअनि ?

जोगिनी —त्यसपछि म बेहोश भएँ । होश आएपछि मैले यहाँको दर्शन पाइनँ ।

राजा —माईहजुरले ठूलो दुःख खप्नुपरेछ ।

जोगिनी —त्यसपछि मैले दाइको दाह गरें । विधवा हुँदाको दुःख फेरि उगल्चेकोले मैले हजुरको देशमा आएर यी गेरुवा लुगा लाएँ ।

राजा —सज्जनको कर्तव्य यही हो । अनिअनि ?

जोगिनी —अनि जङ्गलीहरूले यहाँ मालविकालाई वीरसेनकहाँ लगेछन् । वीरसेनले महारानीकहाँ पठाइदिनुभएछ । महारानीकहाँ आएपछि मैले यहाँको दर्शन पाएँ । कुरा यही हो ।

मालविका —(मनमनै) मालिकबाट अब के हुकूम हुने हो ।

राजा —आपत्तिले अपमान ल्याउँछ । किनभने महारानी हुनुपर्ने यिनीले नोकर्नी हुनुपऱ्यो । यो त रेशमी कपडाले अँगोछाको काम लिए जस्तो भयो ।

महारानी —हजुरले यत्रो खानदानमा जन्मेकी मालविकाको खानदानको विषयमा नभनेर ठीक गर्नुभएन माईहजुर !

जोगिनी —यस्तो हुकुम नहोस् । कुनै कारण भएकोले म यस्तो निठुरी भएँ ।

महारानी —त्यो कुन् कारण हो ?

जोगिनी —एक वर्षसम्म नोकर्नी भएपछि आफूसुहाउँदा पति यहाँले पाउनुहुनेछ भनी तीर्थ गर्न आएका कुनै सिद्धले यहाँका बुबाको स्वर्ग नहुँदै मेरो अघिल्तिर भनेका थिए । हजुरको पाउको टहल गरेर यो आदेश पुग्न लागेको ठानी मैले पर्खेर बसिरहेकी हो । यस कारण ठीक गरें जस्तो मलाई लाग्छ ।

राजा —यहाँले पर्खनुभएको ठीकै भयो ।

कञ्चुकी —महाराज ! विदर्भको विषयमा गर्नुपर्ने काम गरियो । यस विषयमा महाराजबाट के हुकूम हुन्छ भनी मन्त्रीज्यूले बिन्ती चढाउनुभएको थियो । अर्कै कुरा चलेकोले मैले त बिन्ती चढाउनै बिर्सेछु ।

राजा —मौद्गल्य ! वरदा नदीको उत्तरपट्टि एक जनालाई र दक्षिणपट्टि एक जनालाई गरी उहाँ यज्ञसेन र माधवसेनलाई भिन्नाभिन्नै राज्य छुट्याई द्वैराज्य खडा गरिदिने मेरो विचार छ ।

कञ्चुकी —यही कुरा मन्त्रिपरिषद्लाई निवेदन गर्छु ।

(आँखाले इशारा गरी राजा हुन्छ भन्दछन् ।)

(कञ्चुकी निस्कन्छन् ।)

ज्योत्स्निका —(मालविकाले मात्र सुन्ने गरेर) मालिकबाट राजकुमारलाई आधा राज्य बक्सने भयो ।

मालविका —उहाँको ज्यान बच्नु नै अहो भयो ।

(पसेर)

कञ्चुकी —महाराजको जय । महाराजको विचार मनासीब छ; यस विषयमा मन्त्रिपरिषद्को पनि यही विचार छ; आफुसआफुसमा झगडा नगरी महाराजको आज्ञाबमोजिम उहाँहरू दुबै जना द्वैराज्यमा रहनुहुनेछ भनी मन्त्रीज्यूले बिन्ती चढाउनुभएको छ ।

राजा —सेनापति वीरसेनलाई यसै गर्नू भनी लेख्नाको लागि मन्त्रिपरिषद्लाई भन ।

कञ्चुकी —महाराजको जो हुकूम ।

(निस्कन्छन् र कोसेली र चिठी लिएर फेरि पस्छन् ।)

सरकारको हुकूमबमोजिमको काम गरियो । सेनापति पुष्यमित्रदेव-कहाँबाट चाबरसहितको पत्र आइपुग्यो । महाराजबाट नजर होस् ।

(राजा उठेर कोसेलीसहितको चिठी आदरपूर्वक लिन्छन् र हजुरियालाई दिन्छन् । हजुरिया चिठी खोल्छन् ।)

महारानी —(मनमनै) हाम्रो मन त्यसैमा छ । ससुराज्यूको आरामबिरामपछि वसुमित्रको खबर सुन्न पाउँला । वसुमित्रलाई ज्यादै गाह्रो काममा ससुराज्यूबाट खटाइबक्स्यो ।

राजा —(बसीकन सत्कारपूर्वक चिठी लिएर बाँच्छन् ।) कल्याण होस् । यज्ञशालाबाट सेनापति पुष्यमित्रको विदिशामा बसेका छोरा नानी अग्निमित्रलाई प्रेमपूर्वक अङ्कमालपूर्वक शुभाशीर्वाद । तिमीलाई थाहा होस्– अश्वमेध यज्ञमा दीक्षा लिएर मैले एक वर्षसम्म नियममा राखिएको घोडालाई फुक्का पारी छोडिदिएँ । सो घोडाको रक्षा गर्नाको लागि सय जना राजकुमारहरूका साथमा वसुमित्रलाई खटाएँ । सिन्धु नदीको दक्षिण किनारमा हिँडिरहेको त्यो घोडालाई रिसाल्ला फौज भएको यवनले रोक्यो । त्यसपछि दुबै पक्षका फौजको ठूलो भिडन्त भयो ।

(महारानी दिक्क हुन्छिन् ।)

राजा —कसरी यस्तो भएछ । ( फेरि बाँच्छन् । ) त्यसपछि बलजफतीसँग हरिन लागेको मेरो घोडालाई धनुर्धारी वसुमित्रले शत्रुहरूलाई हराई फर्काए ।

महारानी —यो खबरले गर्दा मेरो मन ढुक्क भयो ।

राजा —(बाँकी फेरि बाँच्छन् ।) नाति अंशुमान्ले घोडा फर्काएर ल्याएपछि सगरले झैं नाति वसुमित्रले घोडा फर्काएर ल्याएपछि मैले यज्ञ गर्ने थाल्ने भएको छु । यस कारण रिसराग केही नलिईकन बुहारीहरूका साथमा यज्ञ हेर्न आऊ ।

राजा —निगाह भयो ।

(पाँचौं अङ्कबाट)

मौर्यसाम्राज्यको जरो उखेली शुङ्गसाम्राज्यको जरो गाडी सम्राट्को अधिकार लिएपछि पनि पुष्यमित्रले आफ्नो विशेषण राजोचित नबनाई सेनापति नै रहन दिएर पनि सम्राट्ले मात्र गर्न सक्ने अश्वमेध यज्ञ गरे भनी कालिदासले लेखेको कथा अभिलेखबाट पनि सिद्ध हुन आएको छ—

**कोसलाधिपेन द्विरश्वमेधयाजिनः सेनापतेः पुष्यमित्रस्य षष्ठेन कौशिकी-पुत्रेण धन(देवेन) धर्मराज्ञा पितुः फल्गुदेवस्य केतनं कारितं**

( अयोध्याको धनदेवको शिलालेख । दीनेशचन्द्र सरकारको अभिलेख–सङ्ग्रह ९६ पृ. )

[ दुइ चोटि अश्वमेध यज्ञ गरेका सेनापति पुष्यमित्रको छैटौं पुस्तामा जन्मेका कोसलका राजा, कौशिकीका छोरा धर्मराज धनदेवले बुबा फल्गुदेवको मन्दिर बनाउनुभयो । ]

## २ परिशिष्ट (२३२ पृष्ठको)

### वेदमा उर्वशी र पुरूरवाको संवाद

(ऋग्वेद ८ अष्टक ५ अध्याय १–४ वर्ग)

**हये जाये मनसा तिष्ठ घोरे वचांसि मिश्रा कृणवावहै नु ।**
**न नौ मन्त्रा अनुदितास एते मयस्करन् परतरे चनाहन् ।।१।।**

पुरूरवा—

*प्यारी ! कडा भैकन हिंड्दछ्यौ किन, कुरा गरौं लौ अलिबेर पर्खन ।*
*हामी दुवैका मनका कुरा मन रही बिते दुःखबिषे निकै दिन ।*

**किमेता वाचा कृणवा तवाहं प्राक्रमिषमुषसामग्रियेव ।**
**पुरूरवः पुनरस्तं परेहि दुरापना वात इवाहमस्मि ।।२।।**

उर्वशी—

*म ता बितेका दिन झैं परैपर पुगें, भएँ वायुसमान अस्थिर ।*
*कुरा गरी के अब लाभ हुन्छ र ? पुरूरवा फर्कनुहोस् घरैतिर ।*

**इषुर्न श्रिय इषुधेरसना गोषाः शतसा न रंहिः ।**
**अवीरे क्रतौ वि दविद्युतन्नोरा न मायुं चितयन्त धुनयः ।।३।।**

पुरूरवा—

*तिमी गएदेखि लडाइँमा मन लाग्दैन मेरो, शर हान्न सक्तिनँ ।*
*गाई तथा द्रव्य म जित्न सक्तिनँ, लुसें भई काट्दछु हाय ! यी दिन ।*
*न राजकाजैतिर लाग्छ यो मन कँपाउंदै थर्थर शत्रुका गण ।*
*मेरा सिपाही अघि लड्दथे जुन, सुनिन्न ऐले तिनको त गर्जन ।*

**सा वसु दधती श्वशुराय वय उषो यदि वष्ट्यन्तिगृहात् ।**
**अस्तं ननक्षे यस्मिञ्चाकन्दिवा नक्तं श्नथिता वैतसेन ।।४।।**

उर्वशी (उषातिर फर्केर)—

*राम्रो खुवाई ससुराहरूकन गएर आफ्ना पतिको निकेतन ।*
*आनन्द भोग्थी पतिसाथ उर्वशी, उषा तिमी छ्यौ यसकी त साक्षिणी ।।*

**त्रिः स्म माह्नः श्नथयो वैतसेनोत स्म मेऽव्यत्यै पृणासि ।**
**पुरूरवोऽनु ते केतमायं राजा मे वीर तन्वस्तदासीः ।।५।।**

उर्वशी (पुरूरवातिर फर्केर)—

*सौता कुनै छैन तिमीसंगै म ता बस्नेछु आनन्द गरेर सर्वदा ।*
*भन्दा गएथें म हजूरको घर तथा दिएथें अघि यो कलेवर ।*

**या सुजूर्णिः श्रेणिः सुम्नआपिर्ह्रदेचक्षुर्न ग्रन्थिनी चरण्युः ।**
**ता अञ्जयोऽरुणयो न सस्रुः श्रिये गावो न धेनवोऽनवन्त ।।६।।**

पुरूरवा—

*आयौ सखी साथ लिई यहाँ तिमी, तिमी हुँदा ती संगिनीहरू पनि ।*
*अलङ्कृता सुन्दर रूपका थिए, गाईहरू झैं रसले कराउँथे ।*
*तिमी गएदेखि तिनीहरू सब भए गतश्री, गइगो नि गौरव ।*

**समस्मिञ्जायमान आसत ग्ना उतेमवर्धन्नद्यः स्वगूर्ताः ।**
**महे यत्त्वा पुरूरवो रणायावर्धयन् दस्युहत्याय देवाः ।।७।।**

उर्वशी—

*बडा बडा युद्धहरू गरीकन सखाप पार्नाकन दस्युका गण ।*
*पुरूरवा सक्छ भनी दिई वर बढाउंथे देव हजूरको बल ।*
*मेरा सखी, ती सब देवसुन्दरी स्वप्रेरणाको गति ली नदीसरी ।*
*हुने भए हाजिर कामका दिन हजूरको राग बढाउनाकन ।*

**सचा यदासु जहतीष्वत्कममानुषीषु मानुषो निषेवे ।**
**अप स्म मत्तरसन्ती न भुज्युस्ता अत्रसन्रथस्पृशो नाश्वाः ।। ८ ।।**

पुरूरवा—

*स्वरूप फेरीकन देवसुन्दरी बस्ता रहेछन्, म त मोहमा परी ।*
*तिनीहरूको रसमा भुलें जसै, तिनीहरू त्रस्त हुँदै गए तसै ।*
*मृगी भनूं वा रथसाथ नारिंदा घोडी भनूं ती त पुगे कता कता ।*

**यदासु मर्तो अमृतासु निस्पृक्सं क्षोणीभिः क्रतुभिर्न पृङ्क्ते ।**
**ता आतयो न तन्वः शुम्भत स्वा अश्वासो न क्रीळयो दन्दशानाः ।। ९ ।।**

पुरूरवा—

*अमर्त्यका साथ म मर्त्यको रस वाक्कृत्यले पर्न गएर लस्पस ।*
*जसै भएथ्यो, वडवा कुदेसरी कुद्दै हराए सब देवसुन्दरी ।*

**विद्युन्न या पतन्ती दविद्योद्भरन्ती मे अप्या काम्यानि ।**
**जनिष्टो अपो नर्यः सुजातः प्रोर्वशी तिरत दीर्घमायुः ।। १० ।।**

पुरूरवा—

*तिमी त राम्री बिजुलीसमान छौ, मेरी भई सौख्यसुधा बहाउँथ्यौ ।*
*छोरो भयो दिव्य मनुष्यसंभव, दीर्घायु होस् यो, भन उर्वशी! अब ।*

**जज्ञिष इत्था गोपीथ्याय हि दधाथ तत्पुरूरवो म ओजः ।**
**अशासं त्वा विदुषी सस्मिन्नहन्न मआश्रृणोः किमभुग्वदासि ।। ११ ।।**

उर्वशी—

*यो पर्न जानेछ भनी गुनीकन मैले भनेथें नि सबै उसै दिन ।*
*हजूरले सुन्नु भएन त्यो तर, रोएर ऐले कुन बात पुग्छ र ! ।*
*हजूरको पुत्र मबाट यो भयो, कबूल संझेर सह्यानुं यो पऱ्यो ।*

**कदा सूनुः पितरं जात इच्छाच्चक्रन्नाश्रु वर्तयद्विजानन् ।**
**को दम्पती समनसा वि यूयोदध यदग्निः श्वशुरेषु दीदयत् ।।१२।।**

पुरूरवा—

*छोरो छ थाङ्ने अहिले, बढीकन चिन्नेछ त्यल्ले कहिले पिताकन ।*
*बाबा भनी त्यो कहिले कराउला, चुहाउंदै आँसु नजीच आउला ।*
*मिलेजुलेका पनि दम्पतीकन विछोड भोगाउंछ उर्वशी कुन ? ।*
*बल्यो भने यो विरहाग्नि दन्दन पोल्नेछ तिम्रा ससुराहरूकन ।*

**प्रति ब्रवाणि वर्तयते अश्रु चक्रन्न क्रन्ददाध्ये शिवायै ।**
**प्र तत्ते हिनवा यत्ते अस्मे परेह्यस्तं नहि मूर मापः ॥१३॥**

उर्वशी—

*हजूरको आत्मजले कर्मैसित गर्नेछ लीला सब शैशवोचित ।*
*साँच्चै कुरा भन्छु हजूरलाइ म, पर्दैन धन्दा यसमा कुनै लिन ।*
*हजूरको पुत्र हजूरको घर पठाउँला, फर्कनुहोस् घरैतिर ।*
*अबूझ झैं भै हठ यो नगर्नु होस्, मसाथ बस्ने अब बात छोड्नुहोस् ।*

**सुदेवो अद्य प्रपतेदनावृत्परावतं परमां गन्तवा उ ।**
**अधा शयीत निर्ऋतेरुपस्थेऽधैनं वृका रभसासो अद्युः ॥१४॥**

पुरूरवा—

*तिम्रो मिली साथ सुखी थियो जुन पुरूरवा, त्यै अब दुःखभाजन ।*
*भई कतै पर्वतबाट लड्दछ, भौंतारिंदै त्यो कित दूर पुग्दछ ।*
*खाली भुईबीच सुतेर मर्दछ, ब्वाँसाहरूको कित भोज्य बन्दछ ।*

**पुरूरवो मा मृथा मा प्र पप्तो मा त्वा वृकासो अशिवास उ क्षन् ।**
**न वै स्त्रैणानि सख्यानि सन्ति सालावृकाणां हृदयान्येता ॥१५॥**

उर्वशी—

*लडी खसी मर्छु भनी नभन्नुहोस्, ब्वाँसाहरूका मुखमा नपर्नुहोस् ।*
*पुरूरवा! स्त्रीजनमा नफस्नुहोस्, हुन्छन् यिनी स्यालसमान बुझ्नुहोस् ।*

**यद्विरूपाचरं मर्त्येष्ववसं रात्रीः शरदश्चतस्रः ।**
**घृतस्य स्तोकं सकृदह्न आश्नां तादेवेदं तातृपाणा चरामि ॥१६॥**

उर्वशी—

*स्वरूप छोडीकन मर्त्य झैं भई मैले बिताएँ अघि चार वर्ष ती ।*
*खान्थें म थोरै घिउ एक छाक नै, अत्यन्त सन्तुष्ट थिएँ म त्यत्तिमै ।*

**अन्तरिक्षप्रां रजसो विमानीमुप शिक्षाम्युर्वशीं वसिष्ठः ।**
**उप त्वा रातिः सुकृतस्य तिष्ठान्नि वर्तस्व हृदयं तप्यते मे ॥१७॥**

पुरूरवा—

*अकासिंदे मेघसमान उर्वशी भइन् भने तापनि बुद्धिले कसी ।*
*म ल्याइछोड्नेछु यहीं तिनीकन, राम्रै बुझेको छु वशक्रियाकन ।*

*चाहिन्छ जे जे जति उर्वशीकन, ती ती सबै वस्तु सधैं पुऱ्याउन ।*
*पुरूरवा भूपति यो तयार छ, आऊन आऊ बस साथ बिन्ति छ ।*
*यो चित्त मेरो विरहाग्नि हर्हरी बल्दा डढ्यो, फर्कन फर्क सुन्दरी ।*

**इति त्वा देवा इम आहुरैळ यथेमेतद्भवसि मृत्युबन्धुः ।**
**प्रजा ते देवान् हविषा यजाति स्वर्ग उ त्वमपि मादयासे ॥१८॥**

उर्वशी—

*पुरूरवा क्यै क्षण धैर्य गर्नुहोस्, सन्देश धौताहरूको छ, सुन्नुहोस् ।*
*पुरूरवाका अब थोर छन् दिन, सुपुत्र होला उसले पिताकन ।*
*उद्धार गर्नाकन यज्ञ लाउला, पुरूरवा स्वर्ग पुगी रमाउला ।*

हामीहरूले आफ्नो देशको इतिहास बनाउन प्राचीन वाङ्मयको अध्ययन गर्नु आवश्यक छ । हामीहरूको प्राचीनतम वाङ्मय वेद हो । यस कारण हामीहरूले आफ्नो प्राचीन इतिहास बनाउन ढीलो चाँडो वेदको पनि अध्ययन गर्नैपर्छ । वैदिक वाङ्मयको अध्ययन गर्दा वर्तमान-कालका भाषाहरूको इतिहास पढ्न पनि सजिलो हुन्छ । जस्तै यहाँ पाँचौं ऋचामा आएँ भन्ने अर्थमा '*आयम्*' रूपको प्रयोग भएको छ । यो '*आयम्*' भन्ने रूप आयौं भन्ने अर्थमा आजभोलिको नेपाली भाषामा पनि मनुष्यको मुखबाट निस्कन्छ ।

संशोधनमण्डलले आफ्नो पाठ्यग्रन्थ पाणिनिको अष्टाध्यायीलाई पनि बनाएको छ । अष्टा-ध्यायीका सूत्रका उदाहरण संशोधनमण्डलले रघुवंश भट्टिकाव्यहरूमा देखाउने गरेका छ । तर वेदमा मात्र काम लाग्ने पाणिनिका सूत्रका उदाहरण काशिकाबाट लिई सन्तुष्ट हुनुपरेको छ । यस कारण केही सूक्तहरूको ज्ञान नभई पाणिनिका वेदविषयका सूत्रहरूको राम्रो ज्ञान हुन गाह्रो छ । यस उद्देश्यले पनि यो काम भएको छ ।

वैदिक सूक्तका व्याख्या ब्राह्मण ग्रन्थहरूले पनि गरेका छन् । जस्तै यहाँ उद्धरण गरिएको यस सूक्तको केही व्याख्या शतपथ ब्राह्मणको ११।५।१ मा गरिएको छ ।

यास्कले पनि केही मन्त्रका व्याख्या गरेका छन् । केही वैदिक कथा पुराणहरूमा पाइन्छन् । जस्तै-उर्वशी र पुरूरवाको कथा श्रीमद्भागवतको ९ स्कन्ध १४ अध्यायमा पनि छ । यस्तो छ तापनि अहिले हामीलाई वेदको अर्थ गर्न सायणको भाष्य नै बलियो आधार भएको छ । सायणको भाष्यलाई छोडिदियौं भने वेदको अर्थ गर्न हामी सक्तैनौं । यस कारण माथि उद्धरण गरिएका मन्त्रको सायणभाष्य, सो भाष्यको नेपाली अनुवाद तथा व्याख्या प्रकाश गर्ने विचार गरिएको थियो । तर पूर्णिमाको आकार ज्यादै बढ्दै गएको हुनाले अहिले त्यसो गर्न सकि-एन । यस कारण सो काम गर्नाको लागि विवश भएर केही काल पर्खनुपरेको छ ।

# ३ परिशिष्ट (२३४ पृष्ठको)

## रघुको दिग्विजय

स दिग्जिगीषया प्रतस्थे ।। २६ श्लो. ।। स प्रथमं प्राचीं ययौ ।।२८।। स पूर्वसागरगामिणीं महतीं सेनां कर्षन् बभौ ।।३२।। पौरस्त्यांस्तांताञ्जनपदानाक्रामञ्जयी महोदधेरुपकण्ठं प्राप ।।३४।। सुह्मैर्वैतसीं वृत्तिमाश्रित्याऽऽत्मा संरक्षितः ।।३५।। स नौसाधनोद्यतान् वङ्गानुत्खाय गङ्गास्रोतोन्तरेषु जयस्तम्भान् निचखान ।।३६।। उत्खातप्रतिरोपिताः पादप्रणतास्ते रघुं फलैः संवर्धयामासुः ।।३७।। स बद्धद्विरदसेतुभिः सैन्यैः कपिशां तीर्त्वोत्कलादर्शितपथः कलिङ्गाभिमुखो ययौ ।।३८।। स महेन्द्रस्य मूर्ध्नि तीक्ष्णं प्रतापं न्यवेशयत् ।।३९।। गजसाधनः कालिङ्गस्तमस्त्रैः प्रतिजग्राह ।।४०।। स नृपो गृहीतप्रतिमुक्तस्य महेन्द्रनाथस्य श्रियं जहार मेदिनीं तु न ।।४३।। ततः स फलवत्पूगमालिना वेलातटेनाऽगस्त्याचरितामाशां ययौ ।।४४।। सः कावेरीतीरं प्राप ।।४५।। तस्य बलैर्मलयाद्रेरुपत्यका अध्युषिताः ।।४६।। दक्षिणस्यां दिशि पाण्ड्याः रघोः प्रतापं न विषेहिरे ।।४९।।ते तस्मै ताम्रपर्णी-समेतस्य महोदधेर्मुक्तासारं ददुः ।।५०।। समलयदर्दुरौ शैलौ निर्विश्योदन्वता दूरान्मुक्तं सह्यमलङ्-घयत् ।।५१–५२।। अपरान्तजयोद्यतानि तस्यानीकानि सह्यसमुद्रयोर्मध्ये विससृपुः ।।५३।। स केरलानजयत् ।।५४।। स मुरलानदीं प्राप ।।५५।। अपरान्तमहीपाला रघवे करं ददुः ।।५८।। स त्रिकूटमजयत् ।।५९।। ततः सः पारसीकाञ्जेतुं स्थलवर्त्मना प्रतस्थे ।।६०।। स यवनाना-क्रामत् ।।६१।। अश्वसाधनैः पाश्चात्त्यैस्तस्य तुमुलः सङ्ग्रामोऽभूत् ।।६२।। स भल्लापवर्जितैस्तेषां श्मश्रुलैः शिरोभिर्महीं तस्तार ।।६३।। अपनीतशिरस्त्राणाः शेषास्तं शरणं ययुः ।।६४।। ततो रघुः कौवेरीं दिशं प्रतस्थे ।।६६।। सिन्धु(वङ्क्षू)तीरविचेष्टनैर्विनीताध्वश्रमास्तस्य वाजिनो लग्न-कुङ्कुमकेसरान् स्कन्धान् दुधुवुः ।।६७।। तत्र स हूणानजयत् ।।६८।। काम्बोजाः समरे तस्य वीर्यं सोढुमनीश्वरा आनताः ।।६९।। काम्बोजानां सदश्वभूयिष्ठा उपदाः कोसलेश्वरं विविशुः ।।७०।। अश्वसाधनः स गौरीगुरुं शैलमारुरोह ।।७१।। मार्गे गङ्गाशीकरिणो मरुतस्तं सिषेविरे ।।७३।। हिमालये किराता आसन् ।।७६।। तत्र रघोः पर्वतीयैर्गणैर्घोरं जन्यमभूत् ।।७७।। स उत्सवसङ्केता-ञ्जित्वा किन्नरान् बाह्वोर्जयोदाहरणं गापयामास ।।७८।। पर्वतीयाः गणा उपायनपाणयो रघोः समीपमाजग्मुः ।।७९।। तीर्णलौहित्ये तस्मिन् प्राग्ज्योतिषेश्वरश्चकम्पे ।।८१।। कामरूपाणामीशस्तं नागैर्भेजे ।।८३।। इति दिशो जित्वा स न्यवर्तत ।।८५।।

(रघुवंश चतुर्थ सर्गबाट)

[रघु दिग्विजय गर्न भनी हिंडे ।।२६।। पहिले उनी पूर्वतिर गए ।।२८।। रघु आफ्नो ठूलो फौज साथमा लिई पूर्वसागरतिर लागे ।।३२।। पूर्वतिरका मुलुक मार्दै उनी समुद्रको किनारमा पुगे ।।३४।। सुह्महरूले बेत जस्तै नुहेर आफ्नो रक्षा गरे ।।३५।। जहाजमा बसेर लड्न आएका बङ्गालीहरू-लाई जितेर उनले गङ्गाको मुखद्वीपमा जयस्तम्भ गाडे ।।३६।। रघुले बङ्गाली राजाहरूका राज्य खोसी पछि तिनीहरूलाई थमौती गरिदिए। थमौती गरिएका ती राजाहरूले रघुको पाउमा

परी सिर्तो चढाए ।।३७।। हात्तीको पुल बाँधेर आफ्नो फौजसहित कपिशा नदी तरी उनी कलिङ्गतिर गए, उत्कलहरूले उनलाई बाटो देखाइदिए ।।३८।। उनले महेन्द्र पहाडको टाकुरामा आफ्नो प्रभाव जमाए ।।३९।। हात्तीको फौज लिएर आएका कलिङ्गदेशका राजाले हतियारद्वारा उनको सामना गरे ।।४०।। राजा रघुले कलिङ्ग देशका राजालाई पक्रेर फेरि छोडिदिए, रघुले उनीसँग कर लिई राज्य फिर्ता गरिदिए ।।४३।। त्यसपछि उनी सुपारी फलिरहेको समुद्रको किनारैकिनारा दक्षिणतिर लागे ।।४४।। उनी कावेरी नदीको तीरमा पुगे ।।४५।। रघुको फौज मलय पहाडको फेदीमा बस्यो ।।४६।। दक्षिण दिशामा पाण्डु जनपदका राजाहरूले रघुको प्रताप सहन सकेनन् ।।४९।। तिनीहरूले रघुलाई ताम्रपर्णी नदीसँग जोडिएको समुद्रका असल असल मोती दिए ।।५०।। मलय पहाड र दर्दुर पहाड नाघेर उनले समुद्रबाट केही टाढा रहेको सह्य पहाड नाघे ।।५१–५२।। अपरान्त जित्न भनी हिंडेको रघुको फौज सह्य पहाड र समुद्रको बीचको भागको बाटोबाट हिंड्यो ।।५३।। रघुले केरल देश जिते ।।५४।। उनी मुरला नदीमा पुगे ।।५५।। अपरान्तका राजाहरूले रघुलाई कर दिए ।।५८।। रघुले त्रिकूट पहाड जिते ।।५९।। त्यसपछि उनी पारसीकहरूलाई जित्न स्थलमार्गबाट हिंडे ।।६०।। उनले यवनहरूमाथि हमला गरे ।।६१।। घोडा चढी लड्न आएका पश्चिमाहरूसँग रघुको घोरघमासान लडाइँ भयो ।।६२।। दाह्री जुङ्गा पालेका पश्चिमाका टाउकालाई भालाले काट्दै रघुले भुइँ ढाकिदिए ।।३६।। बाँकी रहेका जति टोपी फुकालेर रघुको शरण पर्न आए ।।६४।। त्यसपछि रघु उत्तरतिर लागे।।६६।। सिन्धु (वङ्क्षू) नदीको किनारामा लडीबुडी खेली थकाइ मारेका, यालमा केसर लागेका रघुका घोडाहरूले काँध हल्लाए ।।६७।। त्यहाँ रघुले हूणहरूलाई जिते ।।६८।। लडाइँमा रघुको पराक्रम सहन नसकी कम्बोज देशका राजाहरूले टाउको निहुराए ।।६९।। कम्बोज देशका राजाहरूले रघुलाई असल जातका थुप्रै घोडा नजराना चढाए ।।७०।। घोडचढी फौज लिएर रघु हिमालय पहाडमा चढे ।।७१।। गङ्गाजीको पानी मिसिएको हावाले बाटोमा रघुलाई आनन्द दियो ।।७३।। हिमालयमा किरातहरू थिए ।।७६।। त्यहाँ पहाडिया गणहरूसँग रघुको ठूलो लडाइँ भयो ।।७७।। रघुले उत्सवसङ्केतलाई जिती किन्नरहरूलाई आफ्नो पराक्रम गाउन लाए ।।७८।। पहाडिया गणहरू नजराना लिई रघुकहाँ आए ।।७९।। रघुले लौहित्या नदी तरेपछि **प्राग्ज्योतिषका राजा थर्कमान भए ।।७८१।। कामरूपका राजाले रघुलाई हात्ती नजराना चढाए ।।८३।। यसरी दिग्विजय गरी रघु फर्के ।।८५।।**]

# ४ परिशिष्ट (२३८ पृष्ठको)

## समुद्रगुप्तको दिग्विजय

**पुष्पाह्वये पुरे क्रीडतस्तस्य विविधसमरशतावतरणदक्षस्य पराक्रमाङ्कस्य परशु–शर–शङ्कु–शक्ति–प्रासासि–तोमर–भिन्दिपाल–नाराच–**

वैतस्तिकाद्यनेकप्रहरणविरूढाकुलव्रणाङ्कस्य कौसलकमहेन्द्र–माहाकान्तारकव्याघ्रराज–कौरालकमण्टराज—पैष्टपुरकमहेन्द्रगिरि—कौट्टूरकस्वामिदत्तैरण्डपल्लकदमन–काञ्चेयकविष्णुगोपावमुक्तकनीलराज–वैङ्गेयकहस्तिवर्म्म–पालक्ककोग्रसेन–दैवराष्ट्रककुबेर–कौस्थलपुरकधनञ्जयप्रभृतिसर्व्वदक्षिणापथराजग्रहणमोक्षानुग्रहजनितप्रतापस्य रुद्रदेव–मतिल–नागदत्त–चन्द्रवर्म्म–गणपतिनाग-नागसेनाच्युत-नन्दि-बलवर्माद्यनेकार्य्यावर्त्तराजप्रसभोद्धरणोद्वृत्तप्रभावस्य परिचारकीकृतसर्व्वाटविकराजस्य समतट–डवाक–कामरूप–नेपाल–कर्तृपुरादिप्रत्यन्तनृपतिभिर्म्मालवार्जुनायन–यौधेय–माद्रकाभीर–प्रार्जुन–सनकानीक–काक–खरपरिकादिभिश्च सर्व्वकरदानाज्ञाकरणप्रणामागमनपरितोषितस्याऽनेकभ्रष्टराज्योत्सन्नराजवंशप्रतिष्ठापनोद्भूतयशसो दैवपुत्रषाहिषाहानुषाहिशकमुरुण्डैः सैंहलकादिभिश्च द्वीपवासिभिरात्मनिवेदनकन्योपायनदानगरुत्मदङ्कस्वविषयभुक्तिशासनयाचनाद्युपायकृतसेवस्याऽनेकगोशतसहस्र-प्रदायिनः कृपणदीनानाथातुरजनोद्धरणाभ्युपगतमनसः स्वभुजविजितानेकनरपतिविभवप्रत्यर्पणनित्यव्यापृतायुक्तपुरुषस्य गान्धर्व्वललितज्ञस्य कवेर्देवस्य महाराजश्रीगुप्तप्रपौत्रस्य महाराजश्रीघटोत्कचपौत्रस्य महाराजाधिराजश्रीचन्द्रगुप्तपुत्रस्य लिच्छविदौहित्रस्य महादेव्यां कुमारदेव्यामुत्पन्नस्य महाराजाधिराजश्रीसमुद्रगुप्तस्याऽयमुच्छ्रितः स्तम्भः।

(समुद्रगुप्तको प्रयागको शिलास्तम्भाभिलेखको जयतु संस्कृतम् ९ पूर्णाङ्कका ५–६ पृ. मा छापिएको संक्षिप्त रूपबाट)

[पुष्पपुरमा खेलेका, उहाँ, अनेक किसिमका सयौं लडाइँका मैदानमा उत्रन सिपालु, पराक्रमी, परशु (बन्चरो) शर (फलामको टुप्पो भएको निगालोको बाण) शङ्कु (कीलो जस्तो चुच्चो परेको हतियार) शक्ति (बर्छा) प्रास (भाला) असि (तरबार) तोमर (फलामको डण्डा) भिन्दिपाल (घुयेंत्रो) नाराच (फलामको बाण) वैतस्तिक (हतियारविशेष) आदि हतियारहरूले लागेका घाउका खत भएका, कौसलकमहेन्द्र (कोसलका महेन्द्र) माहाकान्तारकव्याघ्रराज (महाकान्तारका व्याघ्रराज) कौरालकमण्टराज (कोरालका मण्टराज) पैष्टपुरकमहेन्द्रगिरि (पिष्टपुरका महेन्द्रगिरि) कौट्टूरकस्वामिदत्त (कोट्टूरका स्वामिदत्त) ऐरण्डपल्लकदमन (एरण्डपल्लका दमन) काञ्चेयकविष्णुगोप (काञ्चीका विष्णुगोप) अवमुक्तकनीलराज (अवमुक्तका नीलराज) वैङ्गेयकहस्तिवर्मा (वेङ्गीका हस्तिवर्मा) पालक्ककोग्रसेन (पालक्कका उग्रसेन) दैवराष्ट्रककुबेर (देवराष्ट्रका कुबेर) कौस्थलपुरकधनञ्जय (कुस्थलपुरका धनञ्जय) आदि

दक्षिणापथ (दक्षिण भारत)का सबै राजाहरूलाई समाती फेरि छोडिदिई अनुग्रह गर्नाले प्रताप फैलिएका, रुद्रदेव मतिल नागदत्त चन्द्रवर्मा गणपतिनाग नागसेन अच्युत नन्दी बलवर्मा आदि आर्यावर्त (उत्तर भारत)का अनेक राजालाई बलपूर्वक उखेल्नाले प्रभाव फैलिएका, सबै आटविक (जङ्गलका) राजाहरूलाई सेवक बनाएका, समतट डवाक कामरूप नेपाल कर्तृपुर आदि सिमानाका राजाहरूले र मालव आर्जुनायन यौधेय माद्रक आभीर प्रार्जुन सनकानीक काक खरपरिक इत्यादि (गणहरू)ले पनि सबै कर दिनाले हुकूममा तामेल रहनाले सलामीमा हाजिर हुनाले खुशी पारिएका, बिग्रिसकेका अनेक राज्य र नाश भएका अनेक राजवंशलाई फेरि स्थापना गर्नाले कीर्ति फैलिएका, दैवपुत्र षाहि षाहानुषाहि शक मुरुण्डहरूले र सिंहलका राजा आदि टापूमा बस्नेहरूलेपनि आत्मसमर्पण गर्नु, छोरी नजराना चढाउनु, आफ्नो विषय (जिल्ला) भुक्ति (देश) मा गरुडको छाप लागेको सनद चलोस् भनी प्रार्थना गर्नु आदि उपायपूर्वकको सेवा गरिएका, धेरै पटक लाख गाई दान गरेका, दुःखी गरीब टुहुरा रोगी मान्छेहरूको उद्धारमा मन लाएका, आफ्नो बाहुबलले जितिएका अनेक राजाहरूको सम्पत्ति फिर्ता दिने काममा सँधै लागेका आयुक्त (खटिएका अधिकारी) पुरुष भएका, गानाको कला जानेका, कवि, देवतास्वरूप भएका, महाराज श्रीगुप्तका पनाति, महाराज श्रीघटोत्कचका नाति, महाराजाधिराज श्रीचन्द्रगुप्तका छोरा, लिच्छविका दौहित्र (छोरीका छोरा), बडामहारानी कुमारदेवीमा जन्मेका, महाराजाधिराज समुद्रगुप्तको यो अग्लो खामो हो ।]

# ५ परिशिष्ट (२४५ पृष्ठको)

## मेघदूतको सारांश

*पद्यमा*

**यौटा यक्ष थियो स्वकर्मतिरको वास्ता नराखीकन**
**स्वास्नीकै सँगमा भुलेर घरमै काट्थ्यो सधैं त्यो दिन ।**
**यो चाला बढिया हुँदैन नि भनी भित्री दया लीकन**
**त्यो गुण्डोकन राजराज§तकले धेरै गरे शिक्षण ।।१।।**

**ती शिक्षा उपदेशका सब कुरा गुण्डो बुझे झैं गरी**
**सुन्थ्यो, किन्तु मजा उडाउन भने छोड्दैनथ्यो क्यै गरी ।**

§ राजराज=कुबेर ।

यस्तै नै रटना परेर उसको त्यो काल बित्तै गयो,
आफ्ना तालुकका सबै विषयको बर्बाद त्यल्ले गरयो ॥२॥
यस्तो चाल बुझी भएन अब लौ सोझो कुराले भनी
अर्कै चाल लिएर शिक्षण गरे यक्षाधिराट्ले पनि ।
यो गुण्डोकन एक वर्षतक लौ डाँडोकटाईदिनू,
स्वास्नीचाहिँ यहीं बसोस् नि घरमा खानेकुरा हेर्दिनू ॥३॥
यस्तो विघ्न कडा सजाय शिरमा पर्दा भई विह्वल
त्यो गुण्डो बहुलासमान हुन गै ठाडै पस्यो जङ्गल ।
हिँड्दै जङ्गलजङ्गलै सुरुसुरु त्यो दण्डकामा पुग्यो,
चिन्ता साथ थियो, तरङ्ग उसको दोस्ती बनेको थियो ॥४॥
राज्यैबाट निकालिँदा पनि बडो खामोस खाईकन
सीता लक्ष्मणसाथ राघव जहाँ बस्थे कुनै ती दिन ।
सीता रावणले हरेपछि भने साह्रै भई दुःखित
रोएथे रघुनाथ नै पनि जहाँ बन्दै स्वयं प्राकृत ॥५॥
त्यो दुःखी वनमा यताउति सधैं भौंतारिँदै हिँड्दथ्यो,
आफ्नो देश र गेहको विरहले खङ्ग्रङ्ग ठाडै सुक्यो ।
प्यारोको सँगको बिछोट मुटुको काँढो भएको थियो,
चिन्ताले घरको झिमिक्क नगरी जाग्राम झैं बस्तथ्यो ॥६॥
खप्तै दुःख रुँदै रुँदै दिनदिनै त्यो काल बित्तै गयो,
लम्बे दुःसह भुक्तमान पनि त्यो धेरै जसो काटियो ।
बाँकी म्याद त दुःख भोग्नु उसले चारै महीना रह्यो,
आशाले अब ता भविष्य उसको केही उज्यालो भयो ॥७॥
बर्खा याम भयो, लिइन् प्रकृतिले चोला नयाँ सुन्दर,
बाटाघाट भने यताउति सबै बन्दै गए दुस्तर ।
डाँडाको शिरमा पतक्क नुहुँदो सङ्ग्रालिंदो बादल
देख्ता एकतमासको मन भई दुःखी भयो तुल्बुल ॥८॥

आनन्दै छु यहाँ, परन्तु घरमा के के भएको छ नि,
लैजाला कुन दैवले अब हरे सन्देश मेरो पनि ।
मेरो यो समचारसम्म उनले पाइन् भने तापनि
राखिलन् प्राण त दुःखको गहकिलो बोझा हलुङ्गो गरी ॥९॥

यस्तै तर्कवितर्क धेर मनमा खेलाउँदै पीरले
ताता आँसु चुहाउँदै भरघडी के के गुन्यो यक्षले ।
सोही बादलसामु डेग नचली टोल्लाउँदै उभियो,
विस्तारै उसको मुखाकृति भने राम्रै गरी उघ्रियो ॥१०॥

उस्ता राघवराजको त उहिल्यै दूतै भयो बाँदर,
मेरो दूत यहाँ सुयोग्य नहुनु केले यही बादल ।
देखाएपछि धेर बात यसले मेरो कुरा मान्दछ,
आफ्नो काम भए पुग्यो, यसकनै फुर्कार्याउनै पर्दछ ॥११॥

यस्तै तर्कविषे अडी जलदकै मानेर राम्रै भर
खाली हात हुँदैन जानु कहिल्यै भन्ने गुनी आखिर ।
सिल्लीले वनमा घुमीकन टिप्यो ठूलोकुल्हो हातमा,
योभन्दा अरू क्यै थिएन उसको ठूलो कुरो हातमा ॥१२॥

भन्देला यसले लगीकन उहाँ मेरो सबै हालत
यै आशाबिच झुन्डिई अगि सरी गर्दै बडो स्वागत ।
मेहोरो❁सँग मीत लाउन भनी अत्यन्त चौचौ परी
बोल्यो सिल्लडले प्रसन्न मनले आवाज ठूलो गरी ॥१३॥

पुर्ख्यौली गुण मेघका सब भनी त्यल्ले चिनारी गर्‍यो
देखाई उपकारका फलहरू ती दुःख आफ्ना कह्यो ।
राम्रो साइत यो छ, हेर्नु छ नयाँ ती देश राम्रा भन्यो,
होला धर्म बडो, जनो गर भनी रोएर पीछा पर्‍यो ॥१४॥

❁ मेहोरो=बादल ।

बाटाघाट र वासका सब कुरा सङ्केत गर्दै गयो,
आफ्ना देश गृहस्थको विषयमा राम्रो खुलासा कह्यो ।
स्वास्नीको हुलिया दिईकन भन्यो सन्देश आफ्नो सब,
संझायो अनि मेघलाइ उसले मित्रत्वको गौरव ।।१५।।

सिल्लीले मनका कुरा जति सबै कथ्दै फलाक्तै गयो,
को सुन्थ्यो चकमन्न शून्य वनमा, त्यो मेघ के बोल्दथ्यो ।
बोल्दैनन् मुखले सुकर्म नगरी ठूलाबडाले भनी
आशा बादलको त सिल्लड हरे छोड्दैनथ्यो तैपनि ।।१६।।

जल्ले सुन्दछ बुझ्छ हिंड्दछ त्यही चैतन्यवाला जन,
दोहोरो समचार लान र उहाँ सक्ला यहाँ ल्याउन ।
पानी तेज बतास यी जड कुरा जम्मा भई बादल
बन्ने हो, जड नै छ यो पनि भनी गुन्दैनथ्यो त्यो जड ।।१७।।

( वि. सं. २००७ ज्येष्ठको 'पुरुषार्थ' मा प्रकाशित )

## मेघदूतका प्रत्येक पद्यका सारांश

पूर्वमेघको वर्णित विषय

१ पद्यमा–यक्षलाई उसका मालिक कुबेरले एक वर्षसम्मको लागि निकालिदिएकाले स्वास्नीको बिछोडको पीरले विह्वल भै सो यक्ष रामगिरिमा यताउति रहन लाग्यो ।

२ पद्यमा–त्यो गुण्डो यक्ष पत्नी–विरहले दुब्लाउँदै गयो । आषाढ महीनाको प्रारम्भमा डाँडामा बादल लागेको त्यसले देख्यो ।

३ पद्यमा–स्वास्नीसँग विछोड भएको हुनाले बादल देख्ता त्यसलाई झन् पीर पऱ्यो ।

४ पद्यमा–मेरी स्वास्नीकहाँ मेरो खबर यो बादलले पुऱ्याइदेला भन्ने आशाले कुटज (ठूलोकुल्हो)-को फूल टिपी त्यो यक्षले बादलको स्वागत गऱ्यो ।

५ पद्यमा–अचेतन बादलले खबर लान सक्तैन भन्ने कुरो पनि त्यो गुण्डोले बुझेन ।

६ पद्यमा–तपाईं घरानिया हुनुहुन्छ, तपाईंका बाबुबाजेलाई मैले चिनेको छु , यसै भएर मैले तपाईंसँग बिन्ती गरेको हुँ ।

पूर्वमेघको वर्णित विषय

७ पद्यमा–सन्ताप परेकाहरूको सन्ताप तपाईं हटाइदिनुहुन्छ । कुबेरको झोंकमा म परें । यस कारण जनी गरी अलकामा बसेकी मेरी प्यारीकहाँ मेरो खबर लगिदिनुहोस् ।

८ पद्यमा–परदेश गएकाहरू बर्खा लागेपछि घर फर्कन्छन् । त्यस कारण तपाईंलाई प्रोषितभर्तृका (लोग्ने परदेश गएका आइमाई)हरूले आदरपूर्वक हेर्नेछन् ।

९ पद्यमा–अहिले शुभ शकुन परेको छ ।

१० पद्यमा–मेरो आशाले मेरो प्यारी अवश्य पनि बाँचिरहेकी हुनन् ।

११ पद्यमा–मानसरोवरतिर जान लागेका रजहाँसहरू बाटामा तपाईंका साथी हुनेछन् ।

१२ पद्यमा–तपाईंका साथी यी पर्वत छन् । यहाँ रामचन्द्र बस्नुभएथ्यो । अब यी साथीसँग बिदा भई हिँड्नुहोस् ।

१३ पद्यमा–तपाईंलाई म पहिलेबाट बाटोघाटो बताइदिन्छु । त्यसपछि मेरा सन्देश सुन्नुहोला ।

१४ पद्यमा–बाटामा तपाईंलाई सिद्ध जातिका आइमाईहरूले हेर्नेछन् ।

१५ पद्यमा–धमिराको गोलानजीकै इन्द्रेनी निस्कन्छ । त्यसले गर्दा तपाईं मुजूरको प्वाँखले सिंगारिएका गोपाल कृष्ण जस्तै राम्रा देखिनुहुनेछ ।

१६ पद्यमा–खेती तपाईंकै भरमा छ भनी सीधासाधा गाउँले स्वास्नीमान्छेहरूले तपाईंलाई प्रेमपूर्वक हेर्नेछन् । त्यसपछि अग्लो जमीनमा चढी त्यताबाट अलिकता पछि हटी फटाफट उत्तरतिर लाग्नुहोला ।

१७ पद्यमा–बाटामा तपाईंलाई तपाईंका मित्र आम्रकूट पर्वतले स्वागत गर्नेछन् ।

१८ पद्यमा–आम्रकूट पर्वतमा वरिपरि लटरम्म भई आँप पाकेका छन् । त्यहाँ काला तपाईं पुगेपछि पृथ्वीको बीचमा कालो वरिपरी पहेंलो भएको स्तन जस्तै त्यो पर्वत देखिनेछ ।

१९ पद्यमा–आम्रकूट पहाडको नजीकै जङ्गलीहरूको बसोबास छ । त्यताबाट अलि पर गएपछि नर्मदा नदी आउँछिन् ।

२० पद्यमा–नर्मदाको पानी स्वास्थ्यकर छ, सो पिई जानुहोला ।

२१ पद्यमा–जङ्गली जनावरहरूले तपाईंको बाटो देखाउनेछन् ।

२२ पद्यमा–बाटामा तपाईंलाई मुजूरहरूले स्वागत गर्नेछन् ।

२३ पद्यमा–दशार्ण देशमा पुग्दा तपाईं त्यहाँ केतकी फुलेको, कागले गुँड बनाउन लागेको, जामुनो पाकेको, हाँसहरू त्यो देश छोडेर जान लागेको देख्नुहुनेछ ।

२४ पद्यमा–दशार्णको राजधानी विदिशा नामको छ । त्यहाँ वेत्रवती नदी छन् । वेत्रवतीको चुम्बन गर्नुभएपछि मजा चाख्नुहोला ।

| पूर्वमेघको | वर्णित विषय |
|---|---|

२५ पद्यमा–त्यहाँ नीचैं नाउँ गरेको पर्वत छ । त्यहाँका गुफाहरूमा सहरिया गुण्डाहरू वेश्याको साथमा जवानीको आनन्द लुट्छन् ।

२६ पद्यमा–थकाइ मार्दै बाटामा जूहीका बगैंचाहरूमा पानी हाल्दै जानुहोला । त्यहाँ तपाईंले छाया पारिदिनुहोला । त्यहाँ फूल टिप्न लागेका आइमाईहरूका मुख देख्नुहुनेछ ।

२७ पद्यमा–हुनत तपाईंलाई बाटो अलिकता घुमाउरो पर्छ, तैपनि उज्जयिनी गई त्यहाँका स्वास्नीमान्छेहरूसँग आँखा जुधाउन नबिर्सनुहोला ।

२८ पद्यमा–त्यहाँ निर्विन्ध्या नामकी नदी छन् । तिनको इशारा बुझ्नुहोस् । तिनीसँग भेट गरी जवानीको आनन्द लुट्नुहोस् ।

२९ पद्यमा–लोग्ने परदेश गएकी स्वास्नी जस्तै भई निर्विन्ध्या नदी तपाईंको सत्यमा रहेकी छन् ।

३० पद्यमा–अवन्तिका गाउँले बूढाहरूलाई उदयनको कथा राम्ररी आउँछ । त्यहाँ पुगेपछि विशाला (उज्जयिनी) सहरमा जानुहोला । त्यो सहर त स्वर्गै हो ।

३१ पद्यमा–त्यहाँ शिप्रा नदी छन् । सारसको अवाजलाई लम्ब्याउँदै कमलको बासनासाथ बग्दै आएको बिहानको हावाले लोग्नेसँग चल्दा थाकेका स्वास्नीमानिसहरूको मन बहलाइदिन्छ ।

३२ पद्यमा–त्यहाँका स्वास्नीमानिसहरूले कपाल सिंगार्ने बालेका धूपको धूँवा निस्किरहन्छ । ती सिंगारिएका स्वास्नीमान्छेहरूको रिमिझिमी हेर्नुहोला ।

३३ पद्यमा–भगवान् महाकालको मन्दिरमा जानुहोला, त्यहाँ गन्धवती नदीमा तरुनीहरू पानीमा खेलिरहेका हुन्छन् ।

३४ पद्यमा–महाकालमा पुगी साँझमा बजाउने नगरा जस्तै गर्जनुहोला ।

३५ पद्यमा–त्यहाँ मन्दिरमा नटुवी वेश्याहरू हुन्छन् । तिनीहरूले तपाईंलाई हेर्नेछन् ।

३६ पद्यमा–महादेव सन्ध्याकालमा नाच्नुहुन्छ । उहाँलाई शीतल छाया पारिदिनुहोला । तपाईंले गर्नुभएको भक्ति पार्वतीबाट नजर हुनेछ ।

३७ पद्यमा–राती अँध्यारो सडकबाट सुटुक्क आफ्ना प्याराकहाँ जान लागेका सुन्दरीहरूलाई झिलिक्क बिजुली चम्काई बाटो देखाइदिनुहोला । पानी भने नबर्साइदिनुहोला ।

३८ पद्यमा–त्यहीं कतै बुर्जातिर प्यारी बिजुलीको साथमा बसी रात काट्नुहोला । सूर्य उदाएपछि आफ्नो बाटो लाग्नुहोला ।

३९ पद्यमा–बिहान कमलिनी (कमलपोखरी)को आँसु पुछ्न आएका सूर्यको काममा बाधा नपुर्‍याइदिनुहोला ।

४० पद्यमा–त्यहाँ गम्भीरा नदी छन् । उनले तपाईंलाई हेर्लिन् । तपाईंहरूको जोडी मिल्दो छ । प्रेम गर्न नचुक्नुहोला ।

पूर्वमेघको वर्णित विषय

४१ पद्यमा–गम्भीरासँगको रसरङ्गमा भुलेपछि त तपाईंलाई त्यताबाट हिंड्न गाह्रो हुनेछ। मजामा भुलिसकेपछि तरुनी स्वास्नी छोड्न गाह्रो हुन्छ।

४२ पद्यमा–तपाईं देवगिरिमा जान लाग्दा हात्तीले सुँघिएको डुम्रीलाई पकाउने वायु बाटामा बग्नेछ।

४३ पद्यमा–देवगिरिमा स्कन्द रहनुभएको छ। उहाँलाई तपाईंले पवित्र जलले स्नान गराइदिनुहोला।

४४ पद्यमा–त्यहाँको स्कन्दको मुजूरलाई गर्जाइले नचाइदिनुहोला।

४५ पद्यमा–त्यसपछि चर्मण्वतीमा तपाईं पुग्नुहुनेछ।

४६ पद्यमा–काला तपाईंले चर्मण्वतीको पानी लिन लाग्दा बीचमा इन्द्रनील मणि जडेको मोतीको मालाको जस्तै त्यो नदीको शोभा हुनेछ।

४७ पद्यमा–चर्मण्वती नदी तरेपछि दशपुरका सुन्दरीहरूको कटाक्षको पात्र बन्दै जानुहोला।

४८ पद्यमा–त्यसपछि महाभारतको लडाइँ भएको कुरुक्षेत्र पुग्नुहोला।

४९ पद्यमा–बान्धवको स्नेहले लडाइँ हेर्न नसकी बलरामज्यूले रक्सी छोडी सरस्वती नदीको जल पिउनुभएको थियो। सरस्वतीको त्यो जलको सेवन गरेपछि तपाईंका सबै पाप काटिनेछन्।

५० पद्यमा–त्यसपछि कनखलनिर हिमालयबाट उत्रेकी भागीरथीको दर्शन गर्नुहोला। जुन भागीरथीले पार्वतीलाई रिस उठ्ने गरी महादेवको जटामा हात राख्नुभएको थियो।

५१ पद्यमा–भागीरथीको सफा पानी तपाईंले पिउन लाग्दा बीचैमा यमुनासँग मिले जस्तै गङ्गाका शोभा हुनेछ।

५२ पद्यमा–हिमालयको सेतो टाकुरामा तपाईंले थकाइ मार्न लाग्दा महादेवको सेतो साँढेको सीङमा लागेको माटोको डल्लो जस्तै तपाईं देखिनुहुनेछ।

५३ पद्यमा–सल्लाको रूखका आपसको घोटाइले आगो निस्की डढेलो लाग्दा तपाईंले पानी बर्साई त्यो डढेलो निभाइदिनुहोला।

५४ पद्यमा–त्यहाँ हिमालमा तपाईंसँग निहुँ खोज्ने शरभ (आठखुट्टे पशुविशेष)हरूमाथि असिना बर्साई उनाहरूको फूर्ति झारिदिनुहोला।

५५ पद्यमा–त्यहाँ ढुङ्गामा शिवजीको पाउको छाप स्पष्ट देखिन्छ। त्यसको परिक्रमा गरी जानुहोला।

५६ पद्यमा–महादेवलाई प्रसन्न पार्न किन्नरीहरूले गाएको संगीतमा तपाईंको गर्जाइले मृदङ्गको काम गर्ला।

| पूर्वमेघको | वर्णित विषय |
|---|---|

५७ पद्यमा–हिमालयको रमिता हेर्दै क्रौञ्च पहाडको कापबाट निस्की उत्तरतिर लाग्नुहोस् ।

५८ पद्यमा–त्यताबाट माथितिर गई अप्सराहरूको ऐना जस्तो कैलास पहाडमा जानुहोला ।

५९ पद्यमा–हस्तिहाड जस्तो सेतो कैलास पहाडमा गाजल जस्ता काला तपाईं जानुहुँदा खूपै सुहाउनुहोला ।

६० पद्यमा–त्यहाँ कैलास पहाडमा महादेवसँग हात समातेर पार्वती घुम्न आइरहनुभएको भए मणि छापेको किनारामा चढ्नाको लागि भऱ्याङ जस्तो भई बसिदिनुहोला ।

६१ पद्यमा–त्यहाँ अप्सराहरू बालाको टुप्पाले हानेर पानी झारी तपाईंबाट धाराको काम लिनेछन् । तिनीहरूले तपाईंलाई छोडेनन् भने खूप गर्जेर तर्साइदिनुहोला ।

६२ पद्यमा–मानसरोवरको पानी लिई त्यस कैलास पहाडमा आनन्दपूर्वक बस्नुहोस् ।

६३ पद्यमा–प्रियतमको झैं कैलास पहाडको काखमा रहेको अलका सहरमा अनि पुग्नुहोला ।

| उत्तरमेघको | वर्णित विषय |
|---|---|

१ पद्यमा–अलका शहरमा ठूलठूला राम्रा महलहरू छन् ।

२ पद्यमा–अलकामा स्वास्नीमान्छेहरू भिन्न भिन्न ऋतुमा फुल्ने अनेकन् फूलले बाह्रै महीना सिंगारिएका हुन्छन् ।

३ पद्यमा–अलका शहरका कौसीमा राम्रा राम्रा स्वास्नीमान्छेहरूका साथ बसी यक्षहरू रक्सी पिउँछन् ।

४ पद्यमा–गङ्गाजीको किनारमा रूखमुनि राम्रा राम्रा केटीहरू बालुवामा मणि लुकाएर खेल्छन् ।

५ पद्यमा–अलकामा रत्नको बत्ती बाली कोठामा प्रियतमाका साथ प्रियतमहरू आनन्द गर्छन् ।

६ पद्यमा–अलकामा दरबारका आइमाईहरूसँग प्रेम गरी गुण्डाहरू गुप्त मार्गले सुटुक्क बाहिर निस्कन्छन् ।

७ पद्यमा–अलकामा चन्द्रकान्तमणिबाट निस्केका पानीका थोपाले स्वास्नीमान्छेहरूको संभोगपछिको थकाइ हट्छ ।

८ पद्यमा–अलकामा शहरबाहिर वैभ्राज नाउँ गरेको बगैंचा छ । त्यहाँ अलाख संपत्ति भएका गुण्डा यक्षहरू वेश्याहरूसँग गफ गर्दै भोगविलास गरी दिन काट्छन् ।

९ पद्यमा–अलकाका गुण्डीहरू राती आफना मन परेका मानिसलाई भेट्न जान्छन् ।

१० पद्यमा–अलकामा स्वास्नीमानिसहरू गुण्डाहरूलाई आँखा कर्काएर हेरी हाउभाउ देखाई वशमा पार्छन् ।

| उत्तरमेघ | वर्णित विषय |
|---|---|

११ पद्यमा–रङ्गीचङ्गी लुगा, रक्सी, फूल, गहना, माहुर स्वास्नीमान्छेहरूका शृङ्गारका यी सबै सामान अलकामा प्रशस्त पाइन्छन् ।

१२ पद्यमा–कुबेरको राजदरबारको उत्तरतिर मेरो महल छ । मेरो महलको बाहिरको ढोका इन्द्रेनी जस्तै राम्रो देखिने हुनाले टाढैबाट मेरो महल चिनिन्छ । मेरी जहानले त्यहाँ महलको छेउमा कल्पवृक्षको सानो बिरुवा लाएकी छन् ।

१३ पद्यमा–त्यहाँ राम्रो कमलपोखरी छ, जहाँ पानीहाँस खेलिरहेका हुन्छन् ।

१४ पद्यमा–त्यस पोखरीको किनारमा विहार गर्ने पहाड छ । पहाडको वरिपरि केराका बोट छन् ।

१५ पद्यमा–कुरबक (रातो कपूरनली)को बार भएको माधवी (वासन्ती)को लतामण्डपको नगीचै रातो अशोकको बोट र बकुलपुष्पको बोट छ ।

१६ पद्यमा–ती दुइ रूखको बीचमा पालतू मुजूरलाई बस्न सुनौला आड बनाइएको छ ।

१७ पद्यमा–मेरो महलको ढोकामा शङ्ख र पद्मका आकृति लेखिएका छन् । म नभएको हुनाले मेरो महल शून्य होला । यी हुलियाबाट मेरो महल पत्ता लाउनुहोला ।

१८ पद्यमा–विहार गर्ने पहाडमा बसेर जूनकीरी जत्तिकै अलिअलि बिजुली चम्काएर मेरा महलभित्र उज्यालो पार्नुहोला ।

१९ पद्यमा–त्यस महलमा परम सुन्दरी युवति रहन्छिन् ।

२० पद्यमा–ती सुन्दरी मेरो प्राणप्यारी हुन् । विरहको दुःखले गर्दा तिनी निकै दुब्लाएकी होलिन् ।

२१ पद्यमा–रुँदा रुँदा मेरी प्यारीका आँखा सुनिएका होलान् । तातो सासले उनको तल्लो ओठ फुटेको होला । लामो लत्रेको अलकले छोपिएको गालामा हात राखेर तिनी बसेकी होलिन् ।

२२ पद्यमा–तपाईं उनलाई पूजा गर्न लागेकी वा मेरो भावपूर्ण तसबीर लेख्न लागेकी देख्नुहुनेछ । अथवा मैनासँग कुरा गरिरहेकी उनलाई तपाईं देख्नुहुनेछ ।

२३ पद्यमा–अथवा मेरो नाउँ परेको गाना गाउन भनी काखमा वीणा लिई बजाउन लागेकी उनलाई तपाईं देख्नुहुनेछ ।

२४ पद्यमा–अथवा यति महीना विछोडको दुःख खपेर बस्नु छ भनेर दैलोमा राखेका फूल गनिरहेकी उनीलाई तपाईं देख्नुहुनेछ । अथवा मसँगको सुखभोगको रस मनमनै चाखिरहेकी उनलाई तपाईं देख्नुहुनेछ ।

२५ पद्यमा–दिउँसो कामधन्दामा लाग्ने हुनाले उनलाई मेरो विछोडले उत्तिको पिर्दैन होला । राती मन बहलाउने कुनै कुरा नहुने हुनाले उनलाई बिछोडको व्यथाले बढ्ता पिर्दो

| उत्तरमेघको | वर्णित विषय |
|---|---|

होला । यस कारण निदाउन नसकेकी भुइँमा पल्टिरहेकी ती पतिव्रतालाई आधा रातमा महलको झ्यालमा गई मेरो खबर सुनाएर मन बहलाइदिनुहोला ।

२६ पद्यमा–विरहको व्यथाले गर्दा उनी दुब्लाइसकेकी होलिन् । उनलाई रात बिताउन पनि गाह्रो परेको होला ।

२७ पद्यमा–उनी गहभरी आँसु गरी न सुतेको न बिउँझेको अवस्थामा रहेकी होलिन् ।

२८ पद्यमा–सपनामै भए पनि मसँग रसबस गर्न पाए हुन्थ्यो भन्ने विचारले उनी निदाउन खोजिरहेकी होलिन्, परन्तु आँसु आइरहेको हुनाले उनी सुत्न नसकेकी होलिन् ।

२९ पद्यमा–बिछोडको पहिलो दिनमा फूलको माला झिकेर बाँधेको उनको कपाल मैले फर्केर फुकाइदिनु छ ।

३० पद्यमा–ती बिचरी अशक्त भएर गहना फुकालेर बिछ्यौनामा आफ्नो सुकुमार शरीर अड्याएर पल्टिरहेकी होलिन् । उनको यो अवस्था देखेर तपाईंलाई पनि रुनुपर्नेछ ।

३१ पद्यमा–तपाईंकी सँगिनीको हृदयमा मप्रति ठूलो प्रेम छ । यस कारण यो पहिलो बिछोडमा उनी त्यस अवस्थामा पुगेकी होलिन् भनी मैले संझेको छु ।

३२ पद्यमा–उनले आँखामा गाजल लाएको हुँदैन होला । अलक तल लत्रिरहने हुनाले कर्के आँखाले हेर्न उनी सक्तिन होलिन् । रक्सी खान छोडेकी हुनाले आँखिभुइँ नचाउन पनि उनीले बिर्सिसकेकी होलिन् । तपाईं नगीच पुगेपछि उनीको आँखाको माथिल्लो भाग फरफराउनेछ ।

३३ पद्यमा–दुर्दैवले गर्दा मैले गरेका नखक्षत हुन नपाएको अघिदेखि लाएर आएको कम्मरमा बाँध्ने मोतीको गहना फुकालेको, संभोगपछि मेरो हातले मिचाउने बानी परेको उनीको गोरो बायाँ तिघ्रा फरफराउनेछ ।

३४ पद्यमा–हे बादल ! तपाईं त्यहाँ पुग्दा उनी सुतिरहेकी भए उनलाई न उठाउनुहोला । नगर्जीकन पछिल्तिर बसेर प्रहरभर र्खनुहोला । सपनामा बल्लतल्ल प्रियतम मसँग भेट भएर बेसरी अँगालो मारेको घाँटीबाट उनको हात अकस्मात् नखुस्कोस् ।

३५ पद्यमा–पानीको छिटा मिसिएको चीसो हावाद्वारा उनलाई बिउँझाउनुहोला । तपाईं बसेको झ्यालतिर हेरिरहेकी तिनीसँग विस्तारै कुरा गर्न थाल्नुहोला ।

३६ पद्यमा–हे सधवा ! म तपाईंका खसमको साथी बादल हुँ । उहाँको सन्देश लिएर म यहाँ तपाईं कहाँ आएको छु ।

३७ पद्यमा–यति भनेपछि उत्सुकतापूर्वक उनले तपाईंलाई हेर्लिन् र मन लगाएर कुरा सुन्लिन् ।

३८ पद्यमा–तपाईंका प्रियतम रामगिरिको आश्रममा बस्नुभएको छ । उहाँलाई आरामै छ । उहाँले तपाईंलाई सञ्चोबिसञ्चो सोधेर पठाउनुभएको छ भनी भन्नुहोला ।

उत्तरमेघको वर्णित विषय

३९ पद्यमा–दैव बिभिण्डिएको हुनाले उहाँ यहाँ आउन पाउनुभएको छैन। तपाईंको जस्तै उहाँको पनि दु:खको अवस्था छ ।

४० पद्यमा–सुनिने गरी भन्न हुने कुरा पनि मुख छुने इच्छाले जो मान्छे तपाईंको कानमै आएर भन्नुहुन्थ्यो; उहाँ अहिले टाढा पुग्नुभएको हुनाले मद्वारा तपाईंकहाँ उहाँले सन्देश पठाउनुभएको छ ।

४१ पद्यमा–तिम्रा अवयवको सादृश्य यताउति देखे तापनि तिम्रो सम्पूर्ण शरीरको सौन्दर्य म कतै पनि देख्तिनँ ।

४२ पद्यमा–रिसाइरहेको अवस्थाको तिम्रो तसबीर जब म ढुङ्गामा गेरु आदि रङ्गले लेखेर तिम्रो खुट्टामा परिरहेको मेरो तसबीर लेख्न चाहन्छु, तब आँसु बढ्दै आएर मेरो आँखा तिरमिराउँछ । तसबीरमै पनि हामी दुइको भेटघाट भएको निठुरी दैव सहँदैन ।

४३ पद्यमा–सपनामा बल्लतल्ल भेट भएकी तिमीलाई बेसरी अँगालो मार्छु भनी आकाशतिर म हात फैलाइरहेको हुन्छु ।

४४ पद्यमा–दियालोको खोटो बास्ना आउने हिमालबाट आएको हावाले अघिबाट तिम्रो शरीर छोएर आएको हुनुपर्छ भनी म त्यो हावालाई अँगाल्छु ।

४५ पद्यमा–तिमीसँगको बिछोडको खपिनसकिने व्यथाले मलाई दिन काट्न पनि रात काट्न पनि गाह्रो छ ।

४६ पद्यमा–मनमा धेरै कुरा गुन्दै म आफूलाई आफैले सह्माल्छु। त्यस कारण प्यारी! तिमीले डराउनुपर्दैन । संसारमा कसलाई मात्र सुखैसुख अथवा दु:खैदु:ख भएको छ र!

४७ पद्यमा–हरिबोधिनी एकादशीमा मलाई परेको सराप सिद्धिन्छ । अब बाँकी चार महीना आँखा चिम्लेर बिताऊ। त्यसपछि हामी बिछोडले गर्दा दोब्बरिएका ती हाम्रा मनका इच्छा जुनेली रातहरूमा पूरा गरौंला ।

४८ पद्यमा–उहिले एक दिन उनी मलाई अँगालेर सुतिरहँदा ठूलो स्वरले रुँदै उठिन् । किन रोएकी भनी मैले उनीलाई सोध्दा सपनामा तपाईं अर्कै कुनै स्वास्नीमान्छेसँग चलिरहनुभएको देखें भनी हाँस्तै उनले मलाई भनेकी थिइन् भनी तपाईंका पतिले मसँग भन्नुभएको थियो ।

४९ पद्यमा–यो हुलियाद्वारा मलाई सन्चै छ भन्ने कुरा थाहा पाएर होहल्लामा लागी मेरो आशा नमार ।

५० पद्यमा–पहिलो बिछोडले गर्दा ज्यादै शोक गरेर बसेकी तपाईंकी सँगिनीलाई यसरी फुलाएर हिमालय पहाडबाट छिटै फर्कनुहोस् । उनको पनि हुलियासहितको सन्देश ल्याएर ढल्न लागेको मेरो जिन्दगीलाई अड्याइदिनुहोस् ।

उत्तरमेघ वर्णित विषय

५१ पद्यमा–साथी ! तपाईंले मेरो यो काम गरिदिनुहुने नै छ। सज्जनहरू आफूसँग बिन्तिभाउ गर्नेको काम नबोलीकन पटाइदिन्छन् ।

५२ पद्यमा–हे बादल ! साथी भनेर वा वियोगी भनेर मउपर दया गरी मेरो यति काम गरी आफूलाई मन लागेको ठाउँमा जानुहोस् । तपाईंकी प्यारी बिजुलीसँग तपाईंको कहिले पनि बिछोड नहोस् ।

## ६ परिशिष्ट (२५४ पृष्ठको)

### वेदमा प्रातःकालको वर्णन

(ऋग्वेद १ अष्टक ८ अध्याय १ वर्ग)

**इदं श्रेष्ठं ज्योतिषां ज्योतिरागाच्चित्रः प्रकेतो अजनिष्ट विभ्वा ।**
**यथा प्रसूता सवितुः सवायँ एवा रात्र्युषसे योनिमारैक् ॥१॥**

*सबै उज्यालाहरूमा उज्यालो विचित्रको यो अहिले उदायो ।*
*विस्तार विस्तार बढेर आयो, पदार्थ केही यसले चिनायो ॥*
*दिनेशले छोडिदिंदा निजासन मौका मिलेथ्यो पहिले निशाकन ।*
*दिनेशलाई पद त्यै दिलाउन छोड्छिन् निशा आसन त्यो उषाकन ॥*

**रुशद्वत्सा रुशती श्वेत्यागादारैगु कृष्णा सदनान्यस्याः ।**
**समानबन्धू अमृते अनूची द्यावा वर्णं चरत आमिनाने ॥२॥**

*ज्यादै उज्यालो सुत काख ली दिदी सेती उज्याली अब छन् उदाउंदी ।*
*काली उनैकी बहिनी हटीकन छोड्छिन् दिदीज्यूकन दिव्य आसन ॥*
*छ बन्धु एकै दुइको, परस्पर भिलेर हिंड्छन् दुइटै निरन्तर ।*
*अजम्मरी यी नभमा घुमीकन गराउंछन् जर्जर यो जगत्‌कन ॥*

**समानो अध्वा स्वस्रोरनन्तस्तमन्यान्या चरतो देवशिष्टे ।**
**न मेथेते तस्थतुः सुमेके नक्तोषासा समनसा विरूपे ॥३॥**

*अनन्त बाटो दुइकै छ एउटै, देखिन्न अल्छी यिनमा रती कतै ।*
*आदित्यसाथै बहिनी दिदी मिली पालो मिलाईकन घुम्दछन् यिनी ॥*
*गर्छन् यिनै सृष्टि जगत् निरन्तर, उठ्तैन केही यिनमा कचिङ्गल ।*
*निशा उषा बाहिर भिन्न रूप छन् तथापि भित्री मनमा त एक छन् ॥*

**भास्वती नेत्री सूनृतानामचेति चित्रा वि दुरो न आवः ।**
**प्रार्प्या जगद्व्यु नो रायो अख्यदुषा अजीगर्भुवनानि विश्वा ।।४।।**

*उज्याली उषा देखिइन्, रम्य बोली सुनाइन्, गृहद्वार हाम्रा खुलाइन् ।*
*उज्यालो गरी द्रव्य देखाइहालिन्, सबै लोकलाई उषाले उघारिन् ।।*

**जिह्मश्ये चरितवे मघोन्याभोगय इष्टये राय उ त्वम् ।**
**दभ्रं पश्यद्भ्य उर्विया विचक्ष उषा अजीगर्भुवनानि विश्वा ।।५।।**

*कुक्रुक्क सुत्थे अघि मर्त्य यी, कुनै पुगे कतै, छन् घरकाजमा कुनै ।*
*हुन्छन् कुनै यज्ञविधानतत्पर, लाग्छन् कुनै द्रव्य कमाउनातिर ।।*
*जो थोर मात्रै अघि देख्न सक्थे, धेरै कुरा देख्न समर्थ ती भए ।*
*उषा उदाइन् प्रभुशक्तिशालिनी, उघारिदिन्छिन् सब लोक नै यिनी ।।*

## ७ परिशिष्ट (२५४ पृष्ठको)

### वेदमा ताराको वर्णन

(ऋग्वेद १ अष्टक २ अध्याय १४ वर्ग)

**अमी य ऋक्षा निहितास उच्चा नक्तं ददृश्रे कुह चिद्दिवेयुः ।**
**अदब्धानि वरुणस्य व्रतानि विचाकशच्चन्द्रमा नक्तमेति ।।१०।।**

अमी इति । ये । ऋक्षाः । निऽहितासः । उच्चा । नक्तम् । ददृश्रे । कुह । चित् । दिवा । ईयुः । अदब्धानि । वरुणस्य । व्रतानि । विऽचाकशत् । चन्द्रमाः । नक्तम् । एति ।।१०।।

अमी रात्रावस्माभिर्दृश्यमानाः ऋक्षाः सप्त ऋषयः । तथा च वाजसनेयिन आमनन्ति–'ऋक्षा इति ह स्म वै पुरा सप्त ऋषीनाचक्षते' इति । यद्वा । ऋक्षाः सर्वेऽपि नक्षत्रविशेषाः । 'ऋक्षाः स्तृभिरिति नक्षत्राणाम्' (निरु. ३. २०) इति यास्केन उक्तत्वात् । उच्चा उच्चैः उपरि द्युप्रदेशे निहितासः स्थापिताः ये सन्ति ते ऋक्षाः नक्तं रात्रौ ददृश्रे सर्वैरपि दृश्यन्ते । दिवा अहनि कुह चित् ईयुः क्वापि गच्छेयुः । न दृश्यन्ते इत्यर्थः । वरुणस्य राज्ञः व्रतानि कर्माणि नक्षत्रदर्शनादिरूपाणि अदब्धानि केनापि अहिंसितानि । किं च वरुणस्य आज्ञयैव चन्द्रमाः नक्तं रात्रौ विचाकशत् विशेषेण दीप्यमानः एति गच्छति ।।

(सायणभाष्य)

[ अग्लो ठाउँमा राखिएका यी ताराहरू रातमा देखिन्छन्, दिउँसो कता जाँदा हुन् । वरुणका कसैले तलमाथि पार्न नसक्ने यी नियम हुन् । झलमलाउँदा चन्द्रमा राती उदाउँछन् ।। ]

## ८ परिशिष्ट (२५४ पृष्ठको)

### वेदमा तारा (नक्षत्र) विशेषको वर्णन

(ऋग्वेद ८ अष्टक २ अध्याय ७ वर्ग)

**त्रिः सप्त सस्रा नद्यो महीरपो वनस्पतीन् पर्वताँ अग्निमूतये ।**
**कृशानुमस्तॄन् तिष्यं सधस्थ आ रुद्रं रुद्रेषु रुद्रियं हवामहे ।।८।।**

त्रिः । सप्त । सस्राः । नद्यः । महीः । अपः । वनस्पतीन् । पर्वतान् । अग्निम् । ऊतये ।
कृशानुम् । अस्तॄन् । तिष्यम् । सधऽस्थे । आ । रुद्रम् । रुद्रेषु । रुद्रियम् । हवामहे ।।८।।

त्रिः सप्त एकविंशतिसंख्याकाः सस्राः सरन्तीः नद्यः नदीः । सरस्वती सरयुः सिन्धुरिति त्रयाणां गणानां प्रधानभूताः । तदाद्या नदीः महीः महान्ति अपः तासामुदकानि सोमाभिषेकार्थं वनस्पतीन् दारुमयांश्चमसादीन् पर्वतान् सोमाभिषवार्थं ग्राव्णः अग्निं होमनिष्पादकं कृशानुं सोमपालमेतन्नामानं गन्धर्वम् अस्तॄन् इषूणां क्षेप्तॄंस्तदनुचरान् गन्धर्वान् ऊतये सोमरक्षणाय तिष्यं नक्षत्रं च रुद्रियं रुद्रस्तोमार्हं रुद्रं हविर्भागिनं रुद्रमेतन्नामानं यद्वा यज्ञपरिशिष्टस्वामिनं रुद्रं च एतान् सर्वान् सधस्थे । सह तिष्ठन्त्यत्रेति सधस्थो यज्ञः । तस्मिन् रुद्रेषु स्तोत्रकारिषु तदर्थं हवामहे स्तुत्यत्वेनाह्वयामहे ।।

(सायणभाष्य)

[तीन पटक आएका सातवटा (२१ वटा) बगिरहेका ठूलठूला नदीहरूलाई, पानीलाई, रूखहरूलाई, पर्वतहरूलाई, आगोलाई, रक्षाको निमित्त कृशानु नामका गन्धर्वलाई, ती गन्धर्वका शस्त्रधारी सिपाहीलाई, तिष्य नक्षत्रलाई, स्तुति गर्न योग्य भएका रुद्र देवतालाई यज्ञमा स्तुति गर्न हामी बोलाउछौं । ]

## ९ परिशिष्ट (२५५ पृष्ठको)

### वेदमा चन्द्रकला घटेबढेको वर्णन

(ऋग्वेद ८ अष्टक ३ अध्याय १३ वर्ग)

**नवोनवो भवति जायमानोऽह्नां केतुरुषसामेत्यग्रम् ।**
**भागं देवेभ्यो वि दधात्यायन् प्र चन्द्रमास्तिरते दीर्घमायुः ।।१९।।**

नवःऽनवः । भवति । जायमानः । अह्नाम् । केतुः । उषसाम् । एति । अग्रम् ।
भागम् । देवेभ्यः । वि । दधाति । आऽयन् । प्र । चन्द्रमाः । तिरते । दीर्घम् । आयुः ।।१९।।

अयं चन्द्रमाः जायमानः प्रतिदिनं जायमान एकैककलाधिक्येनोत्पद्यमानः सन् नवोनवो भवति प्रतिदिनं नूतन एव भवति । एतत्पूर्वपक्षाद्यभिप्रायम् । तथा अह्नां दिवसानां केतुः प्रज्ञापकः प्रतिपदादीनां तिथीनां चन्द्रकलाह्रासवृद्ध्यधीनत्वात् । तादृशश्चन्द्रमा उषसां प्रभातीनाम् अग्रम् एति । एतत्कृष्णपक्षान्ताभिप्रायम् । केचनैतं पादमादित्यदैवत्यमाहुः । तस्मिन् पक्षेऽह्नां केतुँत्वमुषसामग्रगतिश्च प्रसिद्धे । देवेभ्यः भागं हविर्भागं वि दधाति करोति उभयपक्षान्ते । किं कुर्वन् । आयन् प्रतिदिनं ह्रासवृद्धया पक्षान्तमभिगच्छन् । एतदर्धमासाभिप्रायम् । चन्द्रमा उक्तलक्षणो देवः दीर्घमायुः तिरते वर्धयति ।।

(सायणभाष्य)

[ उदाउंदा चन्द्रमा (दिनकादिन) नयाँ नयाँ रूपका हुन्छन् । चन्द्रमाले तिथि चिनाइदिन्छन् । चन्द्रमा (कृष्णपक्षको अन्त्यतिर) उषा (प्रातः काल)भन्दा अगाडिअगाडि उदाउंछन् । देवताहरूलाई चन्द्रमाले यज्ञभाग दिलाउँछन् । चन्द्रमाले आयु बढाइदिन्छन् ।]

# १० परिशिष्ट (२५६ पृष्ठको)

## वेदमा नक्षत्र र चन्द्रमाको संयोगको वर्णन

(शुक्लयजुर्वेद १८ अध्याय)

**सुषुम्णः सूर्यरश्मिश्चन्द्रमा गन्धर्वस्तस्य नक्षत्राण्यप्सरसो भेकुरयो नाम ।**
**स न इदं ब्रह्म क्षत्रं पातु तस्मै स्वाहा वाट् ताभ्यः स्वाहा ।।४०।।**

यश्चन्द्रमा गन्धर्वः स नोऽस्माकमिदं ब्रह्म क्षत्रं च पातु । कीदृशः । सुषुम्णः शोभनं सुम्नं सुखं यस्मात् सुयज्ञियः यज्ञद्वारा सुखप्रदः । याज्ञिकानां चन्द्रलोकाप्तेरुक्तत्वात् । तथा च सूर्यरश्मिः सूर्यस्येव रश्मयः किरणा यस्य । 'सुषुम्ण इति सुयज्ञिय इत्येतत् सूर्यरश्मिरिति सूर्यस्येव हि चन्द्रमसो रश्मयः' (९।४।१।९) इति श्रुतेः। तस्मै चन्द्रमसे स्वाहा वाट् । तस्य चन्द्रमसः नक्षत्राणि नाम अप्सरसः । कीदृश्यः । भेकुरयः भां कान्तिं कुर्वन्तीति भेकुरयः । पृषोदरादित्वात् साधुः । 'चन्द्रमा ह गन्धर्वो नक्षत्रैरप्सरोभिर्मिथुनेन सहोच्चक्राम भेकुरयो नामेति भाकुरयो ह नामैते भां हि नक्षत्राणि कुर्वन्ति' (९।४।१।९) इति श्रुतेः । ताभ्यो नक्षत्राप्सरोभ्यः स्वाहा ।।४०।।

(महीधरभाष्य)

[ याज्ञिकहरूलाई सुखफल दिने सूर्यको किरण भएका चन्द्रमा गन्धर्व (पुरुष) हुन् । चहकदार नक्षत्रहरू तिनका अप्सरा (स्त्री) हुन् । चन्द्रमाले हाम्रो विद्याबल र शस्त्रबलको रक्षा गरून् । चन्द्रमालाई राम्रोसंग हवन होस् । नक्षत्रहरूलाई राम्रोसंग हवन होस् । ]

## ११ परिशिष्ट (२५६ पृष्ठको)

### वेदमा अगस्त्यको वर्णन

(ऋग्वेद २ अष्टक ४ अध्याय २२ वर्ग)

**पूर्वीरहं शरदः शश्रमाणा दोषा वस्तोरुषसो जरयन्तीः ।**
**मिनाति श्रियं जरिमा तनूनामप्यू नु पत्नीर्वृषणो जगम्युः ॥१॥**

लोपामुद्रा—

*दिनरात गरी परिश्रम यतिका वर्ष गए बितीकन ।*
*अब यौवन ढल्कँदै गयो, सब सौन्दर्य शरीरको उड्यो ॥*
*गृहसौख्य लिनै भनीकन घरमा ल्याउंदछन् वधूकन ।*
*यसरी अलपत्र पार्दिन कसले ल्याउंछ गेहिनीकन ॥*

**ये चिद्धि पूर्व ऋतसाप आसन्त्साकं देवेभिरवदन्नृतानि ।**
**ते चिदवासुर्नह्यन्तमापुः समू नु पत्नीर्वृषभिर्जगम्युः ॥२॥**

लोपामुद्रा—

*अघि जो मुनि सत्य चिन्दथे, अभ्र धौतासंग सत्य बोल्दथे ।*
*घरको सुखभोग ती मुनि पनि गर्थे निज कृत्य हो भनी ॥*
*पतिकै संगमा बसीकन घरको सौख्य लिई वधूजन ।*
*निज जीवन सार्थ गर्दछन्, दुइटै लोक तिनी सपार्दछन् ॥*

**न मृषा श्रान्तं यदवन्ति देवा विश्वा इत्स्पृधो अभ्यश्नवाव ।**
**जयावेदत्र शतनीथमाजिं यत्सम्यञ्चा मिथुनावभ्यजाव ॥३॥**

अगस्त्य—

*गरियो जुन यो कडा श्रम, सब त्यो छैन नि निष्प्रयोजन ।*
*श्रमलाइ अमर्त्य देख्तछन्, यसको सत्फल ती दिलाउंछन् ॥*
*पुग्नेछ हाम्रो पनि कामना सब लडी लडी प्राप्त गरेर वैभव ।*
*धोको पुऱ्याएर मिलेर दम्पती हामी गरौंला सुख ती भने जति ॥*

**नदस्य मा रुधतः काम आगन्नित आजातो अमुतः कुतश्चित् ।**
**लोपामुद्रा वृषणं नी रिणाति धीरमधीरा धयति श्वसन्तम् ॥४॥**

अगस्त्य—

*पाठद्वारा वासनालाइ मैले रोकें, केले आइहाल्यो उ ऐले ।*
*लोपामुद्रा वासना पूर्ण गर्लिन्, आफ्ना स्वामीसाथमा भोग गर्लिन् ॥*

**इमं नु सोममन्तितो हृत्सु पीतमुप ब्रुवे ।**
**यत्सीमागश्चकृमा तत्सु मृळतु पुलुकामो हि मर्त्यः ॥५॥**

*मैले पिएथें रस सोमको जुन, छ भित्र जो भन्दछु यो उसैकन ।*
*जे जे गर्यौं ती सब पाप हुन् त्नय, मनुष्य हुन्छन् बहुकामनामय ॥*

**अगस्त्यः खनमानः खनित्रैः प्रजामपत्यं बलमिच्छमानः ।**
**उभौ वर्णावृषिरुग्रः पुपोष सत्या देवेष्वाशिषो जगाम ॥६॥**

*सन्तानले वंश बनोस् प्रतिष्ठित, शरीर होओस् बलले सुशोभित ।*
*इच्छा थियो यो जसको तथा जुन गर्थे स्वयं काम खनित्र लीकन ॥*
*जल्लाइ दौताहरु सत्यको वर दिईरहन्थे , जसले दुवैतिर ।*
*आफ्नो सपारे शुभकर्मले गुणी, अगस्त्य हुन् ती बहुतै कडा मुनि ॥*

## १२ परिशिष्ट (२७७ पृष्ठको)

### पञ्चाङ्गसुधारको विषयमा श्री ५ सरकार शिक्षामन्त्रालयमा पञ्चाङ्ग-विवेचकसमितिले चढाएको प्रतिवेदनको सारांश

वि. सं. २०२० मार्ग २२ गते शिक्षामन्त्रालयमा श्रीशिक्षासचिवज्यूको अध्यक्षतामा पञ्चाङ्ग-विषयको प्रबन्ध गर्न एक सभा बसेको थियो । सो सभामा शिक्षासचिवज्यू, शिक्षाउपसचिवज्यू, शिक्षानिर्देशकज्यू, पञ्चाङ्गविवेकसमितिका अध्यक्षज्यू, मन्त्रीज्यू तथा पञ्चाङ्गसंशोधकहरूको पनि उपस्थिति थियो । पञ्चाङ्गको प्रतिसंस्कार गर्नाको लागि एक प्रतिवेदन श्री ५ को सरकारमा पञ्चाङ्गविवेचकसमितिले प्रस्तुत गर्नुपर्छ भन्ने निर्णय पनि सो सभाले गरेको थियो । सो निर्णय-अनुसार पञ्चाङ्गविवेचकसमितिका अध्यक्ष पण्डितवर पद्मप्रसाद भट्टराईज्यूको अध्यक्षतामा सो समितिले विचार गरी पञ्चाङ्गप्रतिसंस्कारको विषयमा एक प्रतिवेदन तयार गर्‍यो । सो समितिका मन्त्री पण्डित बुद्धिसागर पराजुलीज्यूले वि. सं. २०२० माघ २९ गते सो प्रतिवेदन श्री ५ को सरकार शिक्षामन्त्रायलमा चढाउनुभयो । सो प्रतिवेदनको सारांश—

प्रत्येक राष्ट्रको आफ्नो परम्परा र संस्कृति हुन्छ । चाडबाड धर्मकर्महरू नियत तिथिमा नियत समयमा गर्नु परम्पराप्राप्त संस्कृतिको अङ्ग भएको हुनाले त्यस्तो काम गर्न धर्मशास्त्र-संमत एक पञ्चाङ्ग तयार गर्नु आवश्यक हुन्छ । केही वर्ष यतादेखि पञ्चाङ्गसंशोधनको काम धर्मरक्षामहामण्डलान्तर्गत पञ्चाङ्गविवेचकसमितिले गर्दै आएको छ ।

"तपाईंहरू एकै पद्धतिअनुसार पञ्चाङ्ग गर्नुहुन्छ तापनि तपाईंहरूका पञ्चाङ्गमा प्रतिवर्ष किन वैषम्य पर्छ" भनी पञ्चाङ्गविवेचक समितिले पञ्चाङ्गकर्ताहरूसँग सोधनी गरेको थियो। त्यसको उत्तरमा "हाम्रो पञ्चाङ्ग गर्ने पुस्तक छापिएको छैन, उहाँको पुस्तकमा भिन्नै अङ्क छ, मेरो पुस्तकमा भिन्नै अङ्क छ, यसैले फरक परेको हो" भन्ने जवाफ पञ्चाङ्गकर्ताहरूबाट आयो। यस कारण पञ्चाङ्ग गर्ने सारणीलाई प्रकाश गराउनु आवश्यक देखिन आएको छ। पाइए जति सारणीका प्रति भिडाई मूलाङ्कसँग तुलना गरी शुद्ध पाठ ठम्याई ती सारणीलाई प्रकाश गराउनुपर्छ★। यस कामलाई पञ्चाङ्ग गर्ने र मूलाङ्कसँग सारणीको तुलना गरी सारणी सुद्धचाउन सक्ने योग्यता भएका चार जना ज्योतिषीहरूलाई नियुक्ति गर्नुपर्छ। कमसेकम नन्‌गजेटेड प्रथम श्रेणीका क्रममा तिनीहरूको नियुक्ति हुनुपर्दछ। प्रतिवर्षको पञ्चाङ्ग सुद्धचाउने र शुद्ध सारणी प्रकाश गराउने तथा यन्त्राध्यायमा बताएअनुसार गोल फलक आदि यन्त्र बनाउने र देशका प्रसिद्ध ठाउँ (काठमाडौं, इलाम, पोखरा, बैतडी इत्यादि) मा धूपघडी बनाई जडान गर्न लाउने काम ती चार जना ज्योतिषीकै जिम्मामा दिनुपर्छ।

यो नयाँ दरबन्दी सदर भई नआएसम्म प्रतिवर्ष पञ्चाङ्गसंशोधनको कामको लागि र सारणी सुद्धचाउने कामको लागि हाल पञ्चाङ्गसंशोधनको काममा खटी आउनुभएका दुइ जना ज्योतिषी कर्मचारीहरूलाई पञ्चाङ्गसंशोधनको काम र सारणी सुद्धचाउने काम गर्नानिमित्त हाल खाई पाई आएको दरबन्दीमा पञ्चाङ्गविवेचक समितिमा काम गर्ने र वीरपुस्तकालय वा अरू कुनै उपयुक्त सरकारिया विभागबाट उहाँहरूलाई तलब खुवाउने प्रबन्ध मिलाउनुपर्दछ।

आकाशका ग्रहस्थितिलाई हेरी आकाशको स्थिति र आफ्नो गणनालाई मिलाउने योग्यता भएका ज्योतिषीहरू तयार गराउँदै लाने र त्यस्तो योग्यता भएका ज्योतिषीहरूलाई पञ्चाङ्ग-संशोधन, सारणीसंशोधन, उपयुक्त यन्त्रहरूका निर्माणमा लाउँदै जानुपर्छ। यस कारण ज्योतिष-सिद्धान्तग्रन्थमा बताएअनुसारको काम गरी आकाशको घटनालाई परीक्षा गर्ने शिक्षा दिनु आवश्यक छ।

हाल ज्यौतिषसिद्धान्तग्रन्थको पढाइ हुन्छ तापनि ग्रन्थमा बताए जस्तै गरी परीक्षा गरी पढ्ने परम्परा बस्न सकेको छैन। पाठ्यपुस्तकमा बताएअनुसार आकाशको स्थितिलाई परीक्षा गरी गरी सिद्धान्तज्यौतिष पढ्ने परम्पराको थालनी सिद्धान्तज्यौतिष पढ्ने चार जना योग्यतम विद्यार्थीहरूबाट गर्नुपर्छ। विशेष परिश्रमपूर्वक अध्ययन र काम गर्नुपर्ने भएकोले यस्ता काम गर्ने विद्यार्थीहरूलाई उनीहरूले खाई पाई आएको वृत्तिबाहेक मासिक रू. १००। सय दिनुपर्दछ।

ग्रहहरूको परीक्षा गर्नाका लागि सूर्य उदाएदेखि नअस्ताएसम्म घाम लागिरहने १५।२० हात लम्बा चौडा एक कौसी हुनुपर्छ।

वर्षको २००० रुपियाँको यन्त्रहरू बनाउनुपर्छ। यी यन्त्रहरूको रक्षा गर्न २ जना पाले

★ पञ्चाङ्गमा छापिने गरेका सारणी चक्रहरूलाई पनि मूलग्रन्थसँग भिडाई गणना गरी अशुद्ध देखिन आए जतिमा संशोधन गर्दै जानुपर्छ।

हुनुपर्छ । परीक्षा गरी आएका परिणामलाई प्रकाश गर्दै जानुपर्छ । सो प्रकाश गर्न वार्षिक रु. २०००। खर्च हुन्छ ।

यसरी वर्षको ६००० रुपियाँ वेतनरूपमा र ४००० रुपियाँ प्रकाशन र यन्त्रनिर्माण गर्ने काममा खर्च हुन्छ । यसरी वर्षको १०००० दश हजार रूपियाँ खर्च गरी§ २ वर्षसम्म काम गऱ्यो भने सिद्धान्तज्यौतिषग्रन्थको त्रिप्रश्नाधिकारमा बताइएको विधिको प्रयोगात्मक अध्ययन हुन्छ र गणितागत सूर्य र आकाशका सूर्यको तुलना गर्ने योग्यता भएका ज्योतिषीहरू तयार हुन्छन् ।

यस कामको नतीजा हेरी अरू ग्रहको विषयमा विचार गर्ने योजना पछि बनाउनुपर्छ ।

यस कामको लागि निर्देशन दिन दिनको २ दुइ घण्टाको समय विना पैसामा दिन पं. नयराज पन्तज्यूको मञ्जूरी छ । निर्देशनको लागि यति समय पर्याप्त छ ।

**दर्शयेद् दिविचरं दिवि के वानेहसि द्युचरदर्शनयोग्ये ।**
**पूर्वमेव विरचय्य यथोक्तं रञ्जनाय सुजनस्य नृपस्य ॥१०९॥**

(सिद्धान्तशिरोमणि त्रिप्रश्नाधिकार)

[ ग्रह तारालाई देखिने समय मिलाई माथि बताए जस्तै गरी सामान ठीक पारी असल भारादार भएका राजालाई आकाशका ग्रह ताराहरू ठिक्क पारी देखाउनू, ग्रह ताराहरूको छायालाई पानीमा देखाए पनि हुन्छ । ]

## १३ परिशिष्ट (२७८ पृष्ठको)

### श्री ५ को सरकारमा मैले चढाएको निवेदन

माननीय श्रीशिक्षासहायक मन्त्रीज्यूमा नम्र निवेदन

पञ्चाङ्गसुधारविषयको पत्र पाएको हुँ । पञ्चाङ्गसँग मेरो धेरै कालदेखिको सम्बन्ध भएको हुनाले श्री ५ को सरकारले सहानुभूतिपूर्ण दृष्टि लिई सुधार गरिदिने इच्छा प्रकट गरेकोले र त्यस समितिको सदस्यता मलाई पनि दिएकोले स्वभावतः हर्ष लागेको छ ।

ऐतिहासिकशिरोमणि बाबुराम आचार्यज्यू हाम्रो देशको गहना हुनुहुन्छ । उहाँले आफ्नो तीक्ष्ण बुद्धि र परिश्रमबाट धेरै कुरा पत्ता लाई हाम्रो देशलाई दिनुभएको छ । वि. सं. १४०६ मा नेपालमा मुसलमानको आक्रमण भएको थियो भन्ने कुरा सबैभन्दा पहिले उहाँले नै पत्ता लाई सुन्दर निबन्ध लेख्नुभएको हो । उस वेलाको सरकारको अनुदार नीतिले गर्दा सो निबन्ध

§ वि. सं. २०२० मा यो प्रतिवेदन दिइएको हो । अहिले महँगी बढेका हुनाले अलि बढी खर्च हुन्छ ।

प्रकाश हुन पाएन र त्यसको यश पछिबाट विदेशीले लिए । उहाँको निकटतम सम्पर्कमा म धेरै वर्ष बसेको छु । उहाँसँग मिली संस्कृत-सन्देशमा मैले लेख पनि प्रकाश गराएको छु ।

उहाँ अहिले ७६ वर्ष भइसक्नुभएको छ । दमको रोगले सताएकोले उहाँलाई हिंडडुल गर्न पनि गाह्रो हुँदै आएको छ । उहाँले सञ्चय गर्नुभएका धेरै ऐतिहासिक ज्ञानहरू उहाँका मनमै छन् । उहाँले संग्रह गर्नुभएका पत्रहरू पनि प्रकाशित हुन सकेका छैनन् । उहाँले ने. भा. प्र. समितिमा बसी नेपालको सुन्दर इतिहास लेख्नुभएको थियो । सो पनि प्रकाश हुन सकेको छैन । उहाँले विशेष सुविधा नपाउनुभएकोले तिनलाई प्रकाश गराउन सक्नुभएको छैन ।

विद्वच्छिरोमणि नायब बडागुरुज्यू हेमराजज्यूसँग धेरै अमूल्य ज्ञान थिए तथा उहाँले भाषाशास्त्र र व्याकरणविषयका नयाँ ग्रन्थ पनि लेख्नुभएको थियो भन्ने कुरा उहाँको निकट सम्पर्कबाट मैले थाहा पाएको थिएँ । एक दिन उहाँले मलाई भन्नु पनि भएको थियो-"मेरो जाने वेला भइसक्यो, तिमीलाई केही सोध्नु छ भने सोधिहाल ।" तर मैले यसमा राम्रो ध्यान दिन सकिनँ । जान्न सकिने ज्ञानलाई उम्काएँ । यो मलाई साह्रै दुःखको कुरो भइरहेछ । ऐतिहासिक-शिरोमणिज्यूको ज्ञान पनि उहाँसँगसँगै नजाओस् भन्ने कुरामा हामीले विशेष विचार राख्नुपर्छ । यस कारण श्री ५ को सरकारले उहाँलाई विशेष सुविधा दिई केही मानिस उहाँले बोल्नुभएको ऐतिहासिक ज्ञानलाई टिप्न खटाओस् र तिनको संकलन गराई उहाँको नामबाट उहाँकै जीवनमा प्रकाश गराओस् भन्ने प्रार्थना मैले श्री ५ को सरकारसँग गरेको छु ।

ऐतिहासिकशिरोमणिज्यूले इतिहासविषयका केही निबन्ध पत्रपत्रिकामा प्रकाशित गराउनुभएको छ । तर नेपालका पत्रपत्रिकाहरू शास्त्रीय लेखलाई प्रकाश गराउने खालका नभएका र ऐ. शि. ज्यूसँग काम गरिदिने मानिस पनि नभएकाले उहाँले अल्पशिक्षितहरूबाट पनि लिपिकरको काम लिनुपरेको छ ("नेपाली" १५ पूर्णाङ्कको १९ पृ.) । यस अवस्थामा उहाँका लेखको सप्रमाण व्याख्या हुन सकेको छैन । जस्तै--लिच्छविकालका संवत्को निर्णय उहाँले धेरै अघि गरी लेख छपाउनुभएको हो (वि. सं. १९९६ को फाल्गुनको शारदामा) तापनि त्यस विषयमा सम्पूर्ण ऊहापोह नभएकोले कुरो टुङ्गो लाइसकेको छैन, विभिन्न कचिगल उठिनैरहेछन् । त्यस्तै जयप्रकाश मल्ल, राजेन्द्रलक्ष्मी इत्यादि विषयका लेखमा पनि सम्पूर्ण प्रमाण प्रकाश हुन सकेका छैनन् । यस कारण तिनका प्रमाण उहाँबाट खुलाई लेखी उहाँकै जीवनमा प्रकाश गराउनु नेपालको इतिहासको रक्षाको लागि आवश्यक हुन आएको छ ।

शिक्षामन्त्रालयमा श्रीशिक्षासचिवज्यूकहाँ यही मार्गमा बसेको बैठकको निर्णयअनुसार पञ्चाङ्ग-विषयको सुधारका लागि गर्नुपर्ने प्रबन्धको विषयमा हाम्रो बुद्धिले देखेको कुरो पञ्चाङ्गविवेचक-समितिमार्फत श्री ५ को सरकारमा माघमै चढाइसकिएको छ । पञ्चाङ्गविषयमा ऐ. शि. ज्यूले अझसम्म विशेष काम गर्नुभएको वा त्यस विषयमा ग्रन्थहरू लेख्नुभएको चाल पाइएको छैन । राणाकालमा "गुरुज्यू हेमराजज्यूकहाँ" तथा प्रजातन्त्रकालमा "शिक्षामन्त्रालयमा" बसेनि बस्ने पञ्चाङ्गविषयको सभामा उहाँ आउनुहुँदैनथ्यो+ । सो कुरो उस वेलाको पञ्चाङ्गविषयको

+ हुनत राणाकालमा हेमराजज्यूको मातहतमा शिक्षाविभागमै उहाँ हुनुहुन्थ्यो ।

निर्णय लेखिएका पत्रमा सहिछाप गर्नेहरूको नामावली हेरे थाहा हुन्छ। ती कागत गुरुज्यूकहाँ वा राष्ट्रियपुस्तकालयमा तथा शिक्षामन्त्रालयमा होलान्। आफ्नो कमलो स्वभावअनुसार देशको निमित्त आफ्नो अमूल्य समय दिई परिश्रम गरिदिन ऐ. शि. ज्यूले मञ्जूर गर्नुभए तापनि उहाँलाई नयाँ विषयमा अलमल्याई उहाँबाट हामीले लिन सक्ने सोझो फाइदालाई गुमाउनु बुद्धिमानी हुँदैन होला।

हाम्रो देशमा पञ्चाङ्गहरू धर्मकर्मको लागि नै बन्छन्। धर्मसँग सम्बन्ध नराख्ने विरलाकोटि मनुष्यहरूले मात्र पञ्चाङ्ग हेर्लान्। दशैं कहिले गर्ने, क्षयमास बार्नुपर्छ कि पर्दैन भन्ने विषयमा माथिको आदेशबाट ठूलठूला सभा बसेको पनि हालसालैको कुरा हो। यस कारण हाम्रो देशमा धर्मशास्त्रको अनुयायी नै पञ्चाङ्ग बनेको छ भन्नु अत्युक्ति हुँदैन। प्रकाण्ड धर्मशास्त्रज्ञ-हरूलाई नराखी पञ्चाङ्गसुधारविषयको सभा बसाउँदा त्यसको निर्णय लोकग्राह्य हुन्छ वा हुँदैन भन्ने कुरामा शङ्का गर्ने ठाउँ नभएको होइन। यस कारणले तथा विषयान्तरका विशेषज्ञको अध्यक्षता भएको हुनाले पनि यस सभाको सदस्यता स्वीकार गर्न म असमर्थ छु। यसमा म क्षमा चाहन्छु।

अतोऽर्हसि क्षन्तुमसाधु साधु वा
हितं मनोहारि च दुर्लभं वचः।

२०२०।११।२६।२ — निवेदक—
महाबौद्ध, काठमाडौं नेपाल — नयराज पन्त

# १४ परिशिष्ट (२७६ पृष्ठको)

## त्रिभुवन-विश्वविद्यालय विद्याविषयमा कति जागरूक छ ?

### स्वागताभिनन्दनम्

शक्त्युन्मेषेण यस्य स्थिरचरशबलं भासते विश्वमेतत्
सोऽयं वर्वति सर्वप्रवरगुरुपदे शङ्करो देवदेवः।
तस्य स्पष्टा विभूतिः श्रुतिशतमहिताऽऽद्वैतसद्धर्मरक्षा-
दीक्षाविख्यातकीर्तिर्जगति विजयते शङ्कराचार्यवर्यः॥

*तत्पीठे श्रृङ्गगिर्याश्रमबहुमहिमोद्भासके ऽधिष्ठितानां*
प्रोद्यद्विद्याप्रभाभिर्यमनियममुखैः सद्‌गुणैश्चोज्ज्वलानाम् ।
नेपालप्रोच्चपीठप्रथितपशुपतेर्दर्शनायाऽऽगताना–
माचार्याणां पुरस्तात् प्रसृतकरपुटाः स्वागतं भावयामः ॥

२०२३ वैक्रमाब्दे शिवरात्रिमहोत्सवावसरे श्रीत्रिभुवनविश्वविद्यालयपरिसरे
सादरं समवेता उपकुलपतिप्रभृतयः
श्रद्धावनता भक्तजनाः ।

त्रिभुवन विश्वविद्यालयले शङ्कराचार्यलाई चढाएको यो स्वागताभिनन्दन अक्षम्य च्युतसंस्कार दोषले दूषित छ । किनभने—

अधि पूर्वमा हुने स्था धातुदेखि

*'गत्यर्थाकर्मकश्लिषशीङ्स्थासवसजनरुहजीर्यतिभ्यश्च'* ३।४।७२

सूत्रले कर्ता अर्थमा क्त प्रत्यय भई

*'द्यतिस्यतिमास्थामित्ति किति'* ७।४।४०

सूत्रले स्थाको आको इ भई

*'उपसर्गात् सुनोतिसुवतिस्यतिस्तौतिस्तोभतिस्थासेनयसेधसिचसञ्जस्वञ्जाम्'* ८।३।६५

सूत्रले षत्व भई

*'ष्टुना ष्टुः'* ८।४।४१

सूत्रले ष्टुत्व भई 'अधिष्ठित' रूप बनेको छ ।

*'अधिशीङ्स्थासां कर्म'* १।४।४६

सूत्रले अधि पूर्वमा भएको स्था धातुको प्रयोग भएमा आधार कर्मसंज्ञक हुने हुनाले

*'तत्पीठे श्रृङ्गगिर्याश्रमबहुमहिमोद्भासकेऽधिष्ठितानां'*

यो रूप अशुद्ध हो । यहाँ द्वितीया भई शुद्ध रूप

*'तत्पीठं श्रृङ्गगिर्याश्रमबहुमहिमोद्भासकमधिष्ठितानां'*

हुन्छ । त्यसो गरे छन्दोभङ्ग हुन्छ ।

'वैकुण्ठमधिष्ठितः=वैकुण्ठमा बसेका' यो उदाहरण सिद्धान्तकौमुदी तथा मध्यकौमुदीमा दिइएको छ ।

*।*

# लिच्छविकालका तीन अप्रकाशित अभिलेख

श्री ५ को सरकार पुरातत्त्वविभागका अधिकारीहरूले बूढानीलकण्ठभेकमा दुइटा लिच्छविकालका अभिलेख पत्ता लाएका छन् भन्ने कुरा 'राष्ट्रिय–अभिलेखालय' मा प्रसङ्गवश हामीले सुन्यौं । लिच्छविकालका अभिलेख पाइए भन्ने सुन्दा स्वभावतः हामीलाई ती अभिलेख पढ्ने प्रबल इच्छा भयो र शिवरात्रिको बिदाको दिन हामीहरू (रामजी तेवारी, देवीप्रसाद भण्डारी, धनवज्र वज्राचार्य, दिनेशराज पन्त) बूढानीलकण्ठ स्थानमा गयौं । ती अभिलेख कहाँनिर छन् भन्ने कुरा थाहा नभएको हुनाले चपलीगाउँ पुगेपछि नै यस विषयमा त्यहाँका मानिससंग सोद्धै गयौं। बूढानीलकण्ठ स्थानमा पुगेपछि त्यहाँका उपप्रधान पञ्च बुद्धिबहादुर खत्रीसंग हाम्रो भेट भयो । त्यसपछि मात्र अभिलेखको पत्ता हामीले पायौं । उहाँले निकै परसम्म आई हामीलाई ती अभिलेख रहेको ठाउँ देखाइदिनुभयो । बूढानीलकण्ठ नारायणस्थानभन्दा अलि निकै पर विष्णुपादुका डाँडोको फेदीमा विष्णुमतीको तीरमा पीपलबोटनिर ती अभिलेख रहेछन् । उहाँले नदेखाइदिनुभएको भए ती अभिलेख पत्ता लाउन हामीलाई निकै गाह्रो पर्ने रहेछ ।

पहिलो अभिलेख शिवलिङ्गको जलहरीमा कुँदिएको छ। अर्को अभिलेखचाहिं शिवलिङ्गको नजीकै पूर्वतिर रहेको शिलापत्रमा कुँदिएको छ।

ढुङ्गा सफा पारी हामीले दुवै अभिलेखका प्रतिलिपि झिक्यौं । दुइ घण्टा जतिमा पहिलो अभिलेखको पढ्न सकिने जति सम्पूर्ण भाग पढ्यौं। अर्को अभिलेखको पनि विष्णु र महादेवको स्तुति परेका उठानका दुइ श्लोक बाहेक अरू भाग पढ्यौं । अनि समयले नभ्याएकोले त्यो दिन त्यति गरी फर्क्यौं ।

भोलिपल्ट फेरि हामीहरू (धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, दिनेशराज पन्त) त्यहाँ गयौं र परिश्रमसाथ सो शिलालेखको पढ्न सकिने जति पाठ पढ्यौं ।

यो शिलालेखसंगै एउटा शिलास्तम्भ रहेको छ । त्यसमा पनि अभिलेख कुँदिएको छ कि भन्ने हामीलाई लाग्यो। बाहिर देखिने भागमा कुनै अक्षर नदेखिएको हुँदा हामीले तेस्रो दिन तल खनेर हेर्‍यौं । खन्दै जाँदा स्तम्भ अड्याउन राखिएको जलहरी भेट्टियो । सो जलहरीमा पनि सानो अभिलेख कुँदिएको रहेछ। यसको पनि प्रतिलिपि लियौं र पाठ पढ्यौं ।

यसरी यहाँ संगसंगै नै तीनवटा अप्रकाशित अभिलेख भेट्टिए । यी अभिलेखबाट लिच्छविकालको इतिहासमा केही नयाँ प्रकाश पर्ने हुनाले यिनलाई छपाउनु आवश्यक संझी 'पूर्णिमा' का पाठकको सामुन्ने यी राखिएका छन् ।

(१)

## शिवलिङ्गको अभिलेख

१. ........................स्त्वत्कृतेनेह यस्मात्
त्वत्तस्तस्माज्जगदविहतञ्जायते लीयते च
भक्तिप्राणैरमलमतिभिस्त्वम्मुनीन्द्रैरनिन्द्यैः
देवैस्सेन्द्रैरपि च भगवन्स्तूयसे वन्द्यसे च १

२. ................कुमतिग्रस्तघोरान्धकारे
नानाकारे प्रचुरनरकप्रेततिर्य्यक्प्रतिष्ठे
ये सेवन्ते न खलु भगवंस्त्वां जना भक्तियुक्ताः
ते सेवन्ते जननमरणव्याधिदुःखान्यभीक्ष्णम् २

३. (श्रीमानदेव)नृपतिः प्रणतो जगाद
त्वत्स्थापनाजनितमस्ति यदत्र पुण्यम्
तत्सर्व्वलोकसहितस्य विवृद्धमूलम्
दुःखक्षयाय भगवन्मम सर्व्वथास्तु (३)

४. (संवत् ३)९६ प्रथमाषाढ शुक्लदिव १२

उठानको भाग अलि फुटेको हुनाले यस अभिलेखमा राजाको नाम देखिदैन । संवत्को अङ्कमा पनि शतस्थानी अङ्क फुटेको छ । दशस्थानी अङ्कचाहिं ९० हो । एकस्थानी अङ्क अलि बिग्रेको छ । तर सो अङ्क ६ हो भनी ठम्याउन सकिन्छ ।

यस अभिलेखको लिपि मानदेवको पालाको लिपिसंग ट्वाक्क मिल्छ । यस कारण लिपिको आधारमा यो अभिलेख ३९६ संवत्को हो भनी सहजै ठम्याउन सकिन्छ । ३८६ देखि ४२७ सम्म मानदेवका पालाका अभिलेख पाइएका हुनाले यो अभिलेख मानदेवकै हो भन्ने कुरामा सन्देह छैन । यसै कारण कोष्ठभित्र 'श्रीमानदेव' भन्ने पाठ हामीले हालेका हौं । छन्दले पनि यस कुरामा हाम्रो साथ दिएको छ ।

यस अभिलेखबाट लिच्छविकालको धार्मिक विचार केही व्यक्त भएको छ । यस दृष्टिले यो अभिलेख महत्त्वपूर्ण छ ।

(२)

## स्तम्भको अभिलेख

१. देव्याः कर्त्तव्यताबुद्ध्या श्रीपादै·········प्रजः
शैलस्तम्भक्रियारम्भे केदुम्बाटो नियोजितः

'देवी (महारानी) को इच्छाबमोजिम यो शिलास्तम्भ बनाउन राजाबाट खटिएको' भन्ने भाव यहाँ परेको छ। राजाको नाम र संवत्को उल्लेख भने यहाँ गरिएको छैन। यहांको लिपि र उपर्युक्त मानदेवको शिवलिङ्गको लिपि उस्तै छ। यस कारण यो अभिलेख पनि मानदेवकै पालाको हो भन्ने देखिन्छ।

(३)

## शिलापत्रको अभिलेख

१. ··· ··· ···
२. ···लाकुलाङ्ग ··· ···
३. ... ... ... म्मीजनितकर ... ...
४. –र्ला–ब्जाविलासैरलसमृद्वुगतिर्व्वासुदेवः स पातु (१)
५. ···विद्यात्मरूपम्भवभयशमनङ्कोटिसंसर्ग्गमाद्यम्
६. (स)र्व्वाकारं दृढन्तम्पुनरणुमनघं सर्व्वकल्पव्यतीतम्
७. ...क्षीणं......दमितरजसो वेधसः संश्रयो (यः)
८. ...रामतेजाः स जयति सततं विश्वधामा स्मरारिः (२)
९. (स्वस्ति मा)नगृहाद्बप्पपादानुध्यातस्सततमुपचीयमान
१०. ......किरणामलयशःप्रतानो लिच्छविकुलकेतु
११. (र्भट्टारकमहा)राजश्रीशिवदेवः कुशली थंतुं रीद्रङ्गे
१२. (प्रधानपुरस्)सरान्ग्रामकुटुम्बिनः कुशलमाभाष्य समा
१३. (ज्ञापयति वि)दितमस्तु वो यदेतत्पूर्व्वराजैरस्य द्रङ्ग
१४. ...पकर्म्मपरितुष्टेन मल्लकरकरणीयङ्कार्षा

१५. (पणा)दूद्ध्र्वं न ग्रहीतव्यमिति प्रसादः कृत...
१६. प्रसादस्य दृढीकरणार्त्थं सर्व्वदण्डनायकमहाप्रतीहा
१७. रभौमगुप्तविज्ञापितेन मया शिलापट्टकेन प्रसादः
१८. कृत इति समाज्ञापना दूतकश्चात्र महाबलाद्ध्यक्ष
१९. कुलप्रवीर इति ।। संवत् ५१२ ज्येष्ठशुक्लदशम्याम्

यो अभिलेखको शिरोभाग अलि निकै खिइएको हुनाले र छेउमा अलि फुटेको हुनाले सम्पूर्ण पाठ पढ्न सकिएन तापनि मुख्य विषय स्पष्ट हुँदा यो अभिलेख निकै महत्त्वपूर्ण देखिएको छ। चपलीगाउँको संवत् ४८९ को अभिलेखपछि संवत् ५१५ देखिका मात्र अभिलेख पाइएका थिए। ती अभिलेखबाट शिवदेवका साथ उठानैदेखि अंशुवर्मा देखापरेका थिए । यसरी ४८९ देखि ५१५ सम्मको बीचको समयमा कुन अवस्था रह्यो, अंशुवर्माको उदय कहिले कसरी भयो भन्ने कुरा अज्ञात थियो । अब यो अभिलेखबाट यो कुरा निकै खुलेको छ । ५१२ संवत्को यो अभिलेखमा अंशुवर्माको उल्लेख आएको छैन । यस वेला गद्दीमा शिवदेव रहे तापनि सर्वदण्डनायक महाप्रतिहार भौमगुप्तकै हातमा शासनको बागडोर रहेको थियो भन्ने यस अभिलेखबाट बुझिन्छ। यसरी संवत् ४७९ देखि ५१२ सम्म ३३ वर्षभन्दा बढी लामो कालसम्म भौमगुप्तको दबदबा कायम भएको रहेछ। यसको लगत्तै पछि यी गुप्तहरूलाई पन्छाएर अंशुवर्मा अगाडि आएका रहेछन् ।

यस अभिलेखको उठानमा वासुदेव र महादेवको स्तुति परेको छ। यताबाट भागवत र शैव सम्प्रदायको समन्वय गर्ने विचारधाराले त्यस वेला ठाउँ पाएको थियो भन्ने सङ्केत पाइन्छ । भौमगुप्तकै मानिस स्वामी वार्त्तले शङ्करनारायण मूर्ति स्थापना गरी तथा यसरी शङ्करनारायण-मूर्ति स्थापना गर्नाको हेतुलाई विद्वत्तापूर्ण रूपले दर्शाई राखिएको देउपाटनको संवत् ४८७ को अभिलेखले त यो कुरा स्पष्ट रूपमै देखाएको छ।

यो बाहेक लिच्छविकालको शासनव्यवस्था आदि अरू केही कुरा बुझ्न पनि यो अभिलेखबाट केही सहायता पाइन्छ ।

यी अभिलेख पाइएको ठाउँमा अहिले कुनै वस्ती छैन। यसको वरपर फाटफुट १।२ घर मात्र छन्। परन्तु लिच्छविकालमा यहाँ निकै वस्ती थियो, यो प्रदेश त्यस वेला 'द्रङ्ग' बनेको थियो भन्ने कुरा यस अभिलेखबाट थाहा पाइन्छ । वस्तीका चिह्न अहिले पनि पाइन्छन् । अभिलेख भेट्टिएको ठाउँको वरपर अहिले खेत छन् तापनि कान्ला ढिस्का जताततै राम्ररी पोलिएका ईंट आदि देखापर्छन् ।

यस कारण यस क्षेत्रमा अझ बढी खोजतलास हुनु आवश्यक छ ।

*———*

# हाम्रो वक्तव्य

उस्तै नाउँ भएका 'धर्मस्थली' र 'धर्मपुर' को ठीक ठीक परिचय नहुँदा हामीलाई यसले निकै भ्रम पारेको थियो । त्यसै गरी रेनिईरो नोलीलाई पनि यस कुराले निकै अलमल पारेको देखिन्छ । सिलभेन लेभीद्वारा संवत् ५२० माघशुक्लद्वादश्याम् मिति भएको धर्मपुरको एउटा शिलालेख छापिएको थियो (लेभी ११ संख्या) । नोलीद्वारा पनि सो अभिलेख छापिएको छ । तर मैले यो अभिलेख भेट्टाउन सकिनं" भनी नोलीले बोल्नुभएको छ▱ । 'संवत् ५१७ प्रथमाषाढशुक्लदिवाद्वादश्याम्' मिति भएको अर्को एउटा अभिलेख पनि धर्मपुरको भनी नोलीले छपाउनुभएको छ§ । सो अभिलेखचाहिं धर्मस्थलीको हो । धर्मस्थली जाँदा हामीले पनि सो अभिलेखको प्रतिलिपि ल्याएका थियौं । धर्मस्थलीको यो अभिलेखलाई नोलीले धर्मपुरको भनी छपाएको हुनाले लेभीले छपाएको धर्मपुरको अभिलेख पनि धर्मस्थलीकै होला भनेर हामीले ठानेका थियौं । धर्मस्थलीमा जाँदा सो अभिलेख भेट्टाउन हामीले निकै खोजतलास पनि गरेका थियौं । तर धर्मस्थलीमा एउटा अभिलेखसिवाय हामीले पाएनौं ।

यसरी धर्मस्थली र धर्मपुर एउटै होला भन्ने हामीलाई भ्रम परेको थियो । यसै हुँदा श्रीगुरु पं. नयराज पन्तज्यूले 'लिच्छविकालको पञ्चाङ्गको एक झलक' भन्ने निबन्ध 'पूर्णिमा' ३ पूर्णाङ्कमा छपाउनुहुँदा उपर्युक्त दुवै अभिलेख धर्मपुरका भनी परिचय दिनुभएको थियो (९–१० पृ.) । पछि 'पूर्णिमा' ५ पूर्णाङ्कमा 'लिच्छविकालका अभिलेखमा पाइएका संवत्का अङ्कका प्रतिलिपि' भन्ने निबन्ध छपाउनुहुँदाचाहिं उहाँले उपर्युक्त दुवै अभिलेख धर्मस्थलीका भनी परिचय दिनुभएको थियो (७–८ पृ.) ।

तर हालै मात्र धर्मस्थली र धर्मपुर बेग्लाबेग्लै ठाउँ रहेछन् भन्ने कुरा हामीले थाहा पायौं । बाँसबारीबाट पाउभर जति उत्तरपश्चिमपट्टि धर्मपुर पर्दो रहेछ । टोखाको हाराहारी रहेको धर्मस्थली त प्रसिद्ध नै छ । यसपछि धर्मपुर र धर्मस्थली दुवै ठाउँमा गई हामीले अभिलेखको परीक्षा गरी हेर्‍यौं । 'संवत् ५१७ प्रथमाषाढशुक्लदिवाद्वादश्याम्' मिति भएको अभिलेख (नोलीले प्रकाश गरेको) धर्मस्थलीको हो, 'सवत् ५२० माघशुक्लद्वादश्याम्' मिति भएको अभिलेख (लेभीले प्रकाश गरेको) चाहिं धर्मपुरको हो भन्ने टुङ्गो लाग्यो ।

यो कुरा पहिले थाहा नहुँदा अभिलेखको स्थानसम्बन्धी परिचयमा भूल हुन भएको हो । आफ्ना भूल थाहा पाउनासाथ संशोधन गर्ने हाम्रो नियमअनुसार यो संशोधन गरिएको हो ।

\+ \+ \+

---

▱ 'नेप्लीज् इन्स्क्रिप्शन्स् इन् गुप्त क्यारेक्टर्स्' (नेपालका गुप्ताक्षरी अभिलेखहरू) को ४० पृष्ठ हेर्नुहोस् ।

§ 'नेप्लीज् इन्स्क्रिप्शन्स् इन् गुप्त क्यारेक्टर्स्' को ३४ पृष्ठ हेर्नुहोस् । नोलीले यस अभिलेखको संवत्को अङ्क ५१८ पढी छपाउनुभएको छ । यो ५१७ हो । यस विषयमा हामी पछि विचार गर्ने छौं ।

ऐ. शि. बाबुराम आचार्यको "श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी" का पहिलो भाग तथा दोस्रो भाग प्रकाशित भएका छन् । असी वर्षको सेरोफेरोमा पुगिसक्नुभएका वयोवृद्ध, ज्ञानवृद्ध आचार्यज्यूले परिश्रमपूर्वक तयार गर्नुभएका यी ग्रन्थले काम गर्ने उमेरका हामी सबैको निकै उत्साह बढाइदिएका छन् । जिज्ञासापूर्वक हामीले उहाँका ती ग्रन्थ पढचौं । भरखरै पत्ता लागेका ऐतिहासिक सामानको समेत अध्ययन गरी तिनको आवश्यक अंश उहाँले आफ्ना ग्रन्थमा समावेश गर्नुभएको छ । उहाँको यस्तो जाँगर तथा प्रतिभाको प्रशंसा नगरी रहन सकिदैन ।

अरूले वर्षौं वर्षअगाडि प्रकाश गरिसकेका ऐतिहासिक सामानलाई पनि अप्रकाशित भन्दै आफ्नो नाउँमा दर्ता गर्न खोज्ने श्रीडिल्लीरमण रेग्मीज्यू नेपालमा विद्याको क्षेत्रमा शोषणको परम्परा बसाउन र अरूले प्रकाश गरेका कुरालाई प्रायः जस्तोको तस्तो उल्लेख गर्ने ऐ. शि. बाबुराम आचार्यज्यू नेपालमा शोधकार्यको परम्परा बसाउन लाग्नुभएको छ भन्ने कुरा स्पष्ट छ।

"यस्ता अनुमानिक काल र घटनाहरूको समकालिक कागजपत्र पाइएपछि संशोधन हुँदै जानु आवश्यक हुन्छ" भनी ऐ. शि. ज्यूले दोस्रो भागको 'लेखकको कथन' मा बोल्नुभएको छ । यस कारण उहाँले देखाएको बाटोबाट हिँडी उहाँका ग्रन्थमा देखिएका केही अशुद्धिको संशोधन गर्ने साहस हामीले गरेका छौं। हामीहरू आत्मसंशोधन तथा आफ्ना गुरुको दोषको संशोधन पनि गरिरहन्छौं । यस कारण हाम्रो संशोधन-परम्परालाई सबभन्दा पहिले आशीर्वाद दिने ऐ. शि. आचार्यज्यूबाट हामी यस काममा पनि आशीर्वाद पाउनेछौं भन्ने आशामा छौं ।

**"यस गडबडमा ललितपुरका शक्तिशाली महापात्र पुरन्दरसिंह स्वतन्त्र भएका हुनाले शिवसिंहले यो ठकुराइ शक्ति लगाएर दखल गरी आफ्ना छोरा हरिहरसिंहलाई प्रतिनिधि गराएर त्यहाँ राखेका थिए"**

(श्री ५ पृ. सं. जी. पहिलो भागको ६ पृ.)

यहाँ ललितपुर स्वतन्त्र पार्ने पुरन्दरसिंह हुन् भनी ऐ. शि. ज्यूले लेख्नुभएको छ। परन्तु ललितपुर स्वतन्त्र पार्ने काम पुरन्दरसिंहले गरेका होइनन्, उनका बाबु विष्णुसिंहले नै यो काम गरिसकेका थिए । यो कुरा यस ताकाको ललितपुरको इतिहासलाई केलाएर हेरे स्पष्ट बुझ्न सकिन्छ। यस विषयमा इतिहास-संशोधनको प्रमाण प्रमेयका २-१७ पृष्ठमा विस्तृत प्रमाणका साथ हामीले विचार गरिसकेका छौं । पाठकको सुविधाको लागि यस विषयमा संक्षेपमा यहाँ फेरि विचार गरिन्छ ।

यक्षमल्लको पालामा र त्यसभन्दा पहिलेदेखि पनि ललितपुरमा सप्तकुटुम्बज (सात परिवार)-मध्येका तीन महापात्र मिली शासन गर्दथे। यी महापात्रहरू मल्ल राजाको आज्ञा मानी शासन गर्दथे। तर पुस्तैनी हक पाएका हुँदा यिनीहरू पनि शक्तिशाली थिए ।

यक्षमल्लको मृत्युपछि उनका छोराहरूले केही काल त यी महापात्रहरूलाई कज्याउन सके। परन्तु पछि यक्षमल्लका छोराहरूमै कलह भई राज्य टुक्रिदा उनीहरूले ललितपुरका यी महापात्र-हरूलाई कज्याउन सकेनन्। मल्ल राजाहरूको कमजोरीबाट फाइदा उठाई ललितपुरका महापात्रमध्येका एक जना महापात्र विष्णुसिंहले क्रमशः शक्ति बढाउँदै गई ललितपुरमा आफ्नो एकच्छत्र राज्य खडा गरे। यसका लागि विष्णुसिंहलाई दुइटा काम गर्नुपरेको थियो। एक त तीन महापात्र मिली शासन गर्ने पुरानो पद्धतिलाई समाप्त पार्नुपरेको थियो। दोस्रो कुरा मल्ल राजाको आधिपत्यबाट मुक्त हुनुपरेको थियो। सावधानीपूर्वक विस्तारै यी दुवै काम विष्णुसिंहले पूरा गरेका थिए।

अब उपर्युक्त कुरा सिद्ध गर्ने केही प्रमाण यहाँ उद्धृत गरिन्छन्–

"श्रीयक्षमल्लो भूपोऽस्ति नेपाले तेन पालिते।
स्थापिता सारदा देवी ललितापुरप्राग्दिशि ॥
त्रिभिः प्रधानैः पात्रैश्च पालितो ललितापुरः।
श्रीमान् मणिकुमारोऽत्र भाति सप्तकुटुम्बकैः ॥"

(पाटन क्वाछेँ बालकुमारीस्थानको वि. सं. १५०४ को शिलालेखबाट)

[ राजा श्रीयक्षमल्लले नेपालमा राज्य गरिरहनुभएको वेलामा ललितपुरको पूर्वपट्टि सरस्वती देवीको स्थापना गरियो। यस वेला ललितपुरको शासन सप्तकुटुम्बज तीन महापात्रहरूले चलाइ-रहनुभएको छ। यस ललितपुरमा श्रीमणिकुमार (स्वामिकार्तिक) सुहाइरहनुभएको छ। ]

"ज्येष्ठः श्रीजयरायमल्लनृपतिर्नेपालचूडामणि–
स्तन्मध्योनुजकंशकेशवबली श्रीरत्नमल्लप्रभुः।
कानिष्ठो रणमल्लदेवसुकृती कारुण्यरत्नाकर–
स्तत्तेषां वरभागिनेयविदितः श्रीभीममल्लो नृपः ॥

तेषां नृपाणां विजयराज्ये ॥ अत्र हि

पात्रोत्तमे सप्तकुटुंबमध्ये प्रधानतः श्रीत्रिभयः प्रमुख्यः।
तीक्ष्णप्रतापैर्जितवैरिवृन्दः प्रतापसिंहः परमं विभाति ॥

अन्यच्च ॥ जयति अमृतसिंहः शत्रुमातंगसिंहः ललितपुरवरेस्मिन् सर्व्वसामन्तसिंहः।
अतश्च ॥ ···श्रीपात्रवंशार्णवजातचन्द्रः···विराजते राघवसिंहधीरः।
अपि च ॥ ···जीयात्कुसुमसिंहोयं कीर्तिसिंहसुतः सुधीः ॥
अपरश्च ॥ ···हर्षपालो विभात्युच्चैः कल्पवृक्ष इवापरः।

बिन्दुयुग्मरसे याते श्रीनेपालिकवत्सरे ।
बैशाखस्य शिते पक्षे द्वितीयायां प्रयत्नतः ॥''

(श्रीकेसरपुस्तकालयमा रहेको २३४ संख्याको 'साद्यन्तकोशसार' भन्ने पुस्तकबाट)

[ नेपालका राजा जेठा श्रीजयरायमल्लदेव, उहाँका माहिला भाइ असुरनारायण बलिया श्रीरत्नमल्लदेव, कान्छा धर्मात्मा दयालु श्रीरणमल्लदेव, उहाँहरूका असल भानिज श्रीभीममल्लदेव, यहाँ राजाहरूको विजयराज्यमा

यहाँ (ललितपुरमा) उत्तम पात्रकुलका सप्तकुटुम्बजमध्ये तीन महापात्र मुख्य हुनुहुन्छ । ठूलो प्रतापद्वारा शत्रुलाई जितेका प्रतापसिंह हुनुहुन्छ । अरू–शत्रुहरूलाई नाश पारेका…सबै सामन्तमा श्रेष्ठ भएका अमृतसिंह यस ललितपुरमा हुनुहुन्छ । अरू–पात्रकुलमा श्रेष्ठ भएका…धीर राघवसिंह हुनुहुन्छ । अरू-कीर्तिसिंहका छोरा कुसुमसिंहको चिरायु होस् । अरू–खूप दानी हर्षपाल हुनुहुन्छ ।

ने. सं. ६२० (वि. सं. १५५७) वैशाख शुक्ल द्वितीयाको दिन परिश्रमपूर्वक (यो पुस्तक सारियो ।) ]

यी प्रमाणबाट यक्षमल्लको पालामा र उनीपछि उनका छोराहरूको पालामा पनि केही काल ललितपुरमा राजा र महापात्रको स्थिति पूर्ववत् कायम रहेको देखिन्छ ।

पछि विष्णुसिंहले ललितपुरको शासनाधिकार आफ्नो हातमा लिएपछि राजा र तीन महापात्रको यो स्थिति कायम रहेन । विष्णुसिंह एकलै मनिगलाधिपति बने । जस्तै—

"सम्वत् ६६६ आषाढ शुक्ल षष्ठमी प्र सप्तम्यां तिथौ आदित्यवासरे…श्रीजयविष्णुसिंहजुस प्रज्यायस"

(पाटन सुबहालको ताम्रपत्रबाट)

[ ने. सं. ६६६ (वि. सं. १६१३) आषाढ शुक्ल षष्ठीउप्रान्त सप्तमी आदित्यवारमा… श्रीजयविष्णुसिंहज्यूको पालामा]

श्रीमान्माणिगलेश एष भुवने सर्व्वार्थचिन्तामणिः
सर्व्वान् वैरिगणान् प्रतापदहनैः संदह्यते सर्व्वदा ।
धर्म्योसौ ललितापुरे नृपवरः सिंहः स एको नृणां
जीयाच्छ्रीजयविष्णुसिंह इति यः सन्नीतिरत्नाकरः ॥

तद्विजय(राज्ये) ।
दश्रशैलरसे वर्षे कार्तिके शितसप्तमी ।
वृद्धियोगे हरीऋक्षे संपूर्ण्णं बुद्धवासरे ॥''

(श्रीकेसरपुस्तकालयमा रहेको ६२ संख्याको 'सर्वार्थचिन्तामणि' भन्ने पुस्तकबाट)

[प्रतापले सारा शत्रुलाई सखाप पारेका, दानी, मानिसमा श्रेष्ठ भएका, असल नीति लिएका, भाग्यमानी, मणिगलाधिपति, ठूला राजा यहाँ श्रीश्रीजयविष्णुसिंह ललितपुरमा हुनुहुन्छ। उहाँको चिरायु होस् ।

[ उहाँको विजयराज्यमा ने. सं. ६७२ (वि. सं. १६०८) कार्तिक शुक्ल सप्तमी वृद्धियोग श्रवणनक्षत्र बुधवारको दिन§ (यो पुस्तक) सारिसिद्धियो । ]

**"सम्वत् ६७७ मार्गशिरकृष्णद्वादश्यान्तिथौ श्रीललितभूम्यां श्रीमनिगलदक्षिणस्थ श्रीज्येष्ठ-विहारयंकुलिमहापात्रश्रीमनिगलाधिपतिश्रीश्रीविष्णुसिंहदेवठाकुरसन प्रसादरपा भाषा..."**

(ऐश्वर्यधर शर्मासंग रहेको ताडपत्रबाट)

[ ने. सं. ६७७ (वि. सं. १६१३) मार्ग कृष्ण द्वादशीका दिन श्रीललितपुरमा श्रीमनिगलको दक्षिणमा रहेको श्रीज्येष्ठविहारका यंकुलि महापात्र श्रीमनिगलाधिपति श्रीश्रीविष्णुसिंहदेव ठाकुरले निगाहसाथ गरिदिनुभएको (सनदको) बेहोरा...]

भक्तपुर र कान्तिपुरको मल्लराजपरिवारले वि. सं. १६०५ मा विष्णुसिंहसंग एकानि शत्रु, एकानि मित्र गरी सन्धि गरेका हुनाले मल्ल राजाहरूले विष्णुसिंहलाई ललितपुरका शासकका रूपमा मान्यता दिएका थिए भन्ने स्पष्ट हुन्छ। सो सन्धिपत्रको अलिकता अंश यस प्रकारको छ–

**"श्रीश्रीजयवीरमल्लदेव प्रभु ठाकुरसन, श्रीश्रीजयनरेन्द्रमल्लदेव प्रभु ठाकुरसन, श्रीश्रीजय-जितमल्लदेव प्रभु ठाकुरसन, श्रीश्रीजयकृष्णमल्लदेव ठाकुरसन, श्रीश्रीजयकल्याणमल्लदेव प्रभु ठाकुरसन, श्रीश्रीजयप्रभुमल्लदेव ठाकुरसन, श्रीश्रीजयगोविन्दमल्लदेव ठाकुरसन, श्रीश्रीजयविष्णु-सिंह भारोसन, पचाकु रावुत्तसन, विक्रम रावुत्तसन पुरण रावुत्तसन, थ्वते पुचा मन मेलरपं.. तम्बसासन तारङा... थ्वते पुचा एकान शत्रु एकान मित्र याङ.. थव थव राज्यन संतोष जुस्यं प्रसन्न बेख जुयमाल...सम्वत् ६६८ भाद्रपद कृष्ण नवमी"**

(पशुपतिमा रहेको ताम्रपत्रबाट । श्रीडिल्लीरमण रेग्मीको 'मेडिइभल् नेपाल' को तेस्रो भागको १०८–११ पृष्ठमा यो छापिएको छ । )

[श्रीश्रीजयवीरमल्लदेव प्रभु ठाकुर, श्रीश्रीजयनरेन्द्रमल्लदेव प्रभु ठाकुर, श्रीश्रीजितमल्लदेव-प्रभु ठाकुर श्रीश्रीजयकृष्णमल्लदेव ठाकुर, श्रीश्रीजयकल्याणमल्लदेव प्रभु ठाकुर, श्रीश्रीजयप्रभु-मल्लदेव ठाकुर, श्रीश्रीजयगोविन्दमल्लदेव ठाकुर, श्रीश्रीजयविष्णुसिंह भारो, पचाकु रावुत्त, विक्रम रावुत्त, पुरण रावुत्त यी मिली ताम्रपत्र टाँसियो ... यी समूहले एकानि शत्रु एकानि मित्र गरी (मेल गरियो ।)... आफ्नो आफ्नो राज्यतर्फबाट सन्तोषपूर्वक प्रसन्न भई व्यवहार गर्नू ... संवत् ६६८ (वि. सं. १६०५) भाद्र कृष्ण नवमी ।]

§ यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ६७२ (वि. सं. १६०८) कार्तिक शुक्ल

| गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|
| मार्ग ५ | बुध | सप्तमी | ५१।५१ | श्रवण | २६।२९ | वृद्धि | २२।१६ |

पू० फ० १६.

यहाँ मल्ल राजपरिवारले जस्तै राजोचित 'श्रीश्री' र 'जय' शब्द विष्णुसिंहले पनि पाएका छन् । 'ठाकुर' शब्द उनले यहाँ पाएका छैनन् तापनि माथि उद्धृत ताडपत्रबाट पछि उनले आफूलाई 'ठाकुर' पनि भन्न थालेका थिए भन्ने बुझिन्छ । यहाँ ललितपुरतर्फबाट सन्धि गर्ने विष्णुसिंह एकजना मात्र देखिएका हुनाले तीन महापात्र मिली शासन गर्ने पुरानो पद्धतिलाई विष्णुसिंहले तोडा आफ्नो एकच्छत्र शासन यस वेला ललितपुरमा कायम गरिसकेका थिए भन्ने कुरा पनि यस सन्धिपत्रबाट बुझिन्छ । यसै हुँदा विष्णुसिंहका छोरा उद्धवसिंहले आफ्ना बाबुको वर्णन गर्दा "श्रीमनिगलकादिराज्ये एकातपत्र याङ बिज्याक=श्रीमनिगल आदि राज्यमा एकच्छत्र राज्य गर्ने" भनी म्यूजियममा रहेको अभिलेखमा लेखेका हुन् ।

यताबाट ललितपुर विष्णुसिंहले नै स्वतन्त्र पारिसकेका थिए भन्ने कुरामा शङ्का गर्ने ठाउँ छैन भन्ने स्पष्ट छ । कति भने 'मनिगलाधिपति' 'राजा' 'ठाकुर' आदि राजोचित पद विष्णुसिंहले लिएका थिए तापनि उनले आफूलाई 'महापात्र' भन्न चाहिँ छोडेका थिएनन् । पहिले चलेर आएको आफ्नो प्रसिद्ध 'महापात्र' पदमा उनले गौरव नै देखेका थिए । इतिहासमा यस्ता उदाहरण अरू पनि अनेक पाइन्छन् ।

\+ \+ \+

दोस्रो भागको 'लेखकको कथन' मा आचार्यज्यूले यस्तो लेखनुभएको छ—

**"…काष्ठमण्डपका राजा वीर मल्ल र नरेन्द्र मल्लका पालाको ने. सं. ६६८ (इ. सं. १५४८) को ताँबापत्र हालसालमा मे. ने. भा. ३ पृ. १०८–११ मा प्रकाशित भएको छ ।"**

यहाँ ऐ. शि. ज्यूले 'वीरमल्ल' लाई काठमाडौंका राजा भनी लेखनुभएको छ । तर यिनी काठमाडौंका राजा होइनन्, भक्तपुरका राजा हुन् । यो कुरा भक्तपुर थलाछेंटोलको वि. सं. १५८० को शिलालेखबाट सिद्ध हुन्छ । जस्तै—

**श्रीरणमल्लपृथिविपतिनां श्रीभीममल्ल' 'ईश्वराणां,**
**श्रीवीरमल्लश्रीजीतमल्ल । तेषां नृपानां बिजयं च राज्यं ॥**
**भक्तापुरीश्रीनगराधिपानां…**
**अग्निवेदरसे वर्षे वैशाखपूर्णमीतिथौ ।**
**विशाखं च वरियानं समाप्तं बुधवासरे ॥"**

('इतिहास–संशोधनको प्रमाणप्रमेय' को १४० पृष्ठमा यो प्रकाशित भएको छ । यो अभिलेखको प्रतिलिपि 'अभिलेखालय' मा पनि छ ।)

[ भक्तपुरका राजा श्रीरणमल्ल, श्रीभीममल्ल, श्रीवीरमल्ल, श्रीजीतमल्ल, यहाँ राजाहरूको विजयराज्यमा…ने. सं. ६४३ (वि. सं. १५८०) वैशाख पूर्णिमा विशाखा नक्षत्र वरीयान् योग बुधवारको दिन सिद्धियो ।]

यताबाट वीरमल्ल भक्तपुरका राजा हुन् भन्ने स्पष्ट बुझिन्छ । माथि विष्णुसिंहको प्रसङ्गमा उद्धृत पशुपतिको ताबाँपत्रमा काठमाडौंका राजा नरेन्द्रमल्लभन्दा अगाडि उनीसंगै वीरमल्लको

उल्लेख भएको हुनाले 'वीरमल्ल काठमाडौंका राजा हुन्' भन्ने भ्रम ऐ. शि. ज्यूलाई पर्न गएको बुझिन्छ । उपत्यकाका मल्ल राजाहरू कुनै ठाउँमा आफ्नो नामोल्लेख गर्नुपर्दा प्रायः उमेरको क्रमले गर्दथे । यसै चलनअनुसार त्यस तावापत्रमा पनि वीरमल्लको पहिले उल्लेख गरिएको हो । वीरमल्लको विवाह भएको मिति पाइएको छ । उनको उमेर विचार गर्न मद्दत दिने हुनाले सो यहाँ उद्धृत गर्नु प्रसङ्गप्राप्त देखिन्छ—

**"...सम्वत् ६२४ वैशाखमासे शुक्लपक्षे तृतीयायां तिथौ घटि ३९...गरकरणे ।...रोहिणी-नक्षत्र घटि २४।। अतिगण्डयोग घटि ४७ बुधवासरे विवाह...श्रीश्रीपशुपतिचरणकमलधूलि-धूशरितशिरोरुहश्रीमन्मानेश्वरीवरलब्धप्रसादिकरघुवंशावतारदेदीप्यमानराजाधिराजपरमेश्वरपरमभट्टा-रकश्रीश्रीजयवीरमल्लदेवस्य विवाही श्रीश्रीरामादेव्या"...**

(राष्ट्रिय–पुस्तकालयको संग्रहमा रहेको प्रकीर्णक पत्रमा टिपिएको यसको उतार नयनाथ पौडेलद्वारा प्राप्त भएको हो ।)

[ ने. सं. ६२४ (वि. सं. १५६१) वैशाख शुक्ल तृतीया ३९ घडी बुधवार रोहिणी नक्षत्र २४ घडी अतिगण्ड योग ४७ घडी गरकरण यस दिन❀ श्रीपशुपतिचरणकमलधूसरितशिरोरुह श्रीमन्मानेश्वरीवरलब्धप्रसाद रघुवंशावतार देदीप्यमान राजाधिराज परमेश्वर परमभट्टारक श्रीश्री-वीरमल्लदेवको श्रीश्रीरामादेवीसंग विवाह भयो । ]

\+ \+ \+

दोस्रो भागको २०६ पृष्ठमा ऐ. शि. ज्यूले यस्तो लेख्नुभएको छ—

**"ललितपुरका व्यापारीका ह्लासामा कोठी कम रहेका हुनाले प्रतापमल्लका भतिजा ललित-पुरका राजा श्रीनिवासमल्लले सुनको मोलम्मा भएको सालीक स्थापना गर्न सकेका थिएनन्"**

यहाँ श्रीनिवासमल्ल प्रतापमल्लका भतिजा थिए भनी लेखिएको छ । तर यो अशुद्ध हो । प्रतापमल्ल र श्रीनिवासमल्ल दाजु भाइ पर्दथे । उनीहरूको वंशक्रम यस प्रकारको छ—

हरिहरसिंहमल्ल

लक्ष्मीनरसिंहमल्ल — सिद्धिनरसिंहमल्ल

प्रतापमल्ल — श्रीनिवासमल्ल

(लक्ष्मीनरसिंहमल्ल → प्रतापमल्ल; सिद्धिनरसिंहमल्ल → श्रीनिवासमल्ल)

यो वंशक्रम प्रसिद्ध हुनाले यहाँ प्रमाण उद्धृत गर्नु आवश्यक देखिदैन ।

(प्रमाणको लागि 'इतिहास–संशोधनको प्रमाण प्रमेय' का २२५–२३० पृष्ठ हेर्नुहोस् ।)

---

❀ यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ६२४ (वि. सं. १५६१) वैशाख शुक्ल

| गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. | करण | घ. प. |
|---|---|---|---|---|---|---|---|---|---|
| वैशाख २२ | बुध | तृतीया | ४०।५८ | रोहिणी | २५।५४ | अतिगण्ड | ४९।३ | तैतिल | १४।० |

"मल्ल राजाहरूका काजी हुँदैनथे,"

(श्री ५ पृ. सं. जी. पहिलो भागको १२२ पृ.)

ऐ. शि. ज्यूको यो लेखाइ अशुद्ध छ । मल्ल राजाहरूका पनि काजी हुन्थे । उदाहरणार्थ एउटा प्रमाण यहाँ उद्धृत गरिन्छ—

**"… स्वह्मं राजानं विचाल याङाओ पति चोस्यं तया, थ्वते ग्वह्म राजानं ग्वह्म राजाया वंशनं ग्वह्म काजिनं ग्वह्म राणीनं मेव सुनानं महादेव ओझाया वंश बुकालसा … श्रीश्रीश्रीपशुपति आदिन नेपालस दको देवताया कुदृष्टि लाक जुरो … सम्वत् ८१८"**

(वि. सं. १७५५ मा योगनरेन्द्रमल्ल, भूपालेन्द्रमल्ल, भूपतीन्द्रमल्ल, मिली राखेको पाटन राजदरबारमा रहेको ताम्रपत्रबाट । इ. सं. प्र. प्र. का २४३–४५ पृ. हेर्नुहोस्)

[ … तीन राजाले विचार गरी ताम्रपत्र लेखी राख्यौं । यस कारण कुनै राजाले, कुनै राजाको वंशले, कुनै काजीले, कुनै रानीले (वा) अरू कसैले महादेव ओझाको वंशलाई भिन्न पस्न दिए भने … श्रीश्रीश्रीपशुपति आदि नेपालका सबै देवताको कुदृष्टि परोस् । ने. सं ८१८ (वि. सं. १७५५) ]

\+ + +

**" · · यस गृहकलहमा हरिहरसेनका चारै छोरा कान्तिपुरका राजा प्रतापमल्लका नातावार हुनाले यिनले भरसक मिलाउने प्रयत्न गरे होलान् । तर लडाइँमा भाग लिएको देखिन्न "**

(पहिलो भागको १४ पृ.)

तर तात्कालिक ठ्यासफुमा यस्तो लेखिएको छ—

**"सं. ७९० माघ कृष्ण चतुर्थी कुन्हु श्रीश्रीप्रतापमल्लजु श्रीश्रीनिवासमल्ल जुजु मुकुन्दपुर हतार वङ · · "**

(ऐतिहासिक घटनावली ३ पृ.)

[ने. सं. ७९० (वि. सं. १७२६) माघ कृष्ण चतुर्थीको दिन राजा श्रीश्रीप्रतापमल्ल र श्रीश्रीनिवासमल्ल लडाईंको लागि मकवानपुर जानुभयो ।]

यताबाट प्रतापमल्लले सेन राजाहरूको लडाइँमा भाग लिएनन् भन्ने ऐ. शि. ज्यूको भनाइ अशुद्ध देखिन्छ । + + +

**"राजा सिद्धिनरसिंह मल्लले बनाएको मूलचोकनामक राजभवन · · · · "**

(दोस्रो भागको ३७७ पृ.)

यहाँ मूलचोक सिद्धिनरसिंहले बनाएका हुन् भनी ऐ. शि. ज्यूले लेख्नुभएको छ । तर मूलचोकमै रहेको श्रीनिवासको ताम्रपत्रमा यस विषयमा यस्तो लेखिएको छ—

**"संवत् ७८६ आश्विनशुक्लप्रतिपद्यां तिथौ । … श्रीश्रीजयश्रीनिवासमल्लदेव प्रभु ठाकुरसन**

**महानवमी कुह्नु श्री ३ परमेश्वरीपूजायात निमित्तन थ्व मूलचौक दोयका जुरो ।। थ्व मूलचौकया दथुस श्री ३ इष्टदेवता श्रीयन्ताजुसके सुवर्ण्णया देवल दोयकं प्रतिष्ठा याङा जुरो ।।"**

('अभिलेख-संग्रह' ६ भागको ११—१२ पृष्ठमा यो छापिएको छ)

[ने. सं. ७८६ (वि. सं. १७२३) आश्विन शुक्ल प्रतिपदाको दिन ··· श्रीश्रीजयश्रीनिवास मल्लदेव प्रभु ठाकुरले महानबमीको दिन श्री ३ परमेश्वरीको पूजाको लागि यो मूलचोक बनाउनुभयो । यो मूलचोकको बीचमा श्री ३ इष्टदेवता श्रीयन्ताजुको सुनको देवल बनाई प्रतिष्ठा गर्नुभयो ।]

यताबाट मूलचोक श्रीनिवासमल्लले बनाएका हुन् भन्ने स्पष्ट हुन्छ । तात्कालिक ठ्यासफुबाट पनि यस कुराको संकेत पाइन्छ–

**"संवत् ७८६ आश्विन शुद्धि महानवमी राजया मूलचोकस ल्हेयाव याक जुरो । श्रीसिद्धिनरसिंहमल्ल जुया वेलस थंथ्याक लोहोचपरिगुलिस जुरो । थ्व संवछलस ल्हेया जुरो । राजा श्रीनिवासमल्लजु । चउतारा कीर्तिसिं रायकुल भाजु । उपाध्या वखनिह्मया श्रीविश्वनाथ जुरो ।"**

(ऐतिहासिक घटनावली १–२ पृ.)

[ने. सं. ७८६ (वि. सं. १७२३) आश्विन शुक्लको महानवमीको पूजा मूलचोकमा सारेर गरियो । श्रीसिद्धिनरसिंहमल्लको पालामा (महानवमीको पूजा) थंथ्याक लोहोचपरि (अग्लो ढुङ्गे मण्डप भएको चोक) मा गरिन्थ्यो । यो साल (मूलचोकमा) सारियो । राजा श्रीनिवासमल्ल । चौतारा राजदरबारका कीर्तिसिं भा । गुरुज्यू वखनिह्मका श्रीविश्वनाथ]

यताबाट सिद्धिनरसिंहको पालामा मूलचोक बनेको थिएन, यस कारण महानवमीको पूजा अर्को चोकमा गरिन्थ्यो, श्रीनिवासमल्लले मूलचोक बनाएपछि मात्र महानवमीको पूजा मूलचोकमा गरिन लाग्यो भन्ने स्पष्ट बुझिन्छ ।

\+ \+ \+

**"··· एक ठ्यासफुको प्रतिलिपि त्रैमासिक पत्रिका 'पूर्णिमा' का पूर्णाङ्क १२ मा दिइएको छ । यसमा भास्कर मल्लका राज्यकाल ने. सं. ८२९ मा भक्तपुरका राजा जितामित्र मल्ल र उनका भाइ उग्रमल्लको देहान्त भएको कुरा लेख्दा संवत्को संख्या गलत देखिन आएको छ । त्योबाहेक ने. सं. ८३० देखिपछिका घटनावली शुद्ध देखिन्छन् ··· "**

(पहिलो भागको ८२ पृ.)

यहाँ आचार्यज्यूले ठ्यासफुमा टिपिएको "ने. सं. ८२९ (वि. सं. १७६५) मा जितामित्र र उनका भाइ उग्रमल्लको मृत्यु भयो" भन्ने कुरालाई मान्नुभएको छैन । नमान्नामा हेतुचाहिं केही दिनुभएको छैन । यस विषयमा विचार गर्न पहिले सो ठ्यासफुको उक्त अंश यहाँ उद्धृत गर्नु आवश्यक देखिन्छ—

"सं. ८२९ मार्गशिर शुक्ल द्वा. प्र. त्रयोदशी आदित्यवार ॥ थ्व कुन्हु खप्वया जुजु जितामित्रमल्ल अभाग जुर ॥ अग्निसंस्कार कायनं यात सति छह्मं मोछोक"

"सं. ८२९ पौषशुक्लः ॥ नवमी प्र. दशमी शुक्रवार थ्व कुन्हुया रात्रीस खप्वया यंस सर्न्न वयाओ चोङ्ह्म उग्रमल्ल मिरह्म जुजु गोरोस श्री ३ पशुपतिक्षेत्रस अभाग जुर ॥"
('पूर्णिमा' १२ पूर्णाङ्क ३१ पृ.)

[ ने. सं. ८२९ (वि. सं. १७६५) मार्ग शुक्ल द्वादशीउप्रान्त त्रयोदशी आदित्यवारको दिन भक्तपुरका राजा जितामित्रमल्लको मृत्यु भयो। अग्निसंस्कार छोराले गरे। एक जनालाई पनि सती जान दिइएन ।

ने. सं. ८२९ (वि. सं. १७६५) पौष शुक्ल नवमीउप्रान्त दशमी शुक्रवारको दिन राति कान्तिपुरमा शरण लिएर बसेका भक्तपुरका 'मिरह्म जुजु' (कान्छा राजा) उग्र मल्लको देउपाटन श्री ३ पशुपतिको क्षेत्रमा मृत्यु भयो ।]

यहाँ ठ्यासफुमा दिइएका जितामित्र मल्ल र उनका भाइ उग्रमल्लको मृत्यु भएका दिनको गणना गरी हेर्दा ट्वाक्क मिल्छन्। ती गणना यस प्रकारका छन्—

ने. सं. ८२९ (वि. सं. १७६५) मार्ग शुक्ल

| गते | वार | तिथि | घ. प. |
|---|---|---|---|
| मार्ग १४ | आदित्य | द्वादशी | १।३५ |

ने. सं. ८२९ (वि. सं. १७६५) पौष शुक्ल

| गते | वार | तिथि | घ. प. |
|---|---|---|---|
| पौष ११ | शुक्र | नवमी | ३९।५३ |

जितामित्र र उग्रमल्लका यी मृत्युसमयलाई सकार्दा कुनै पनि ऐतिहासिक घटना बाँझिँदैन। बरू यताबाट इतिहासमा नयाँ कुरा प्रकाशमा आउँछ ।

जितामित्रमल्ल शान्त र विचारशील व्यक्ति थिए भन्ने कुरा उनको चरित्र कामकार्वाइ विचार गरी हेर्‍यौं भने हामी बुझ्न सक्छौं। जेठा नृपेन्द्रमल्लहरू छँदै कान्छा महीपतेन्द्रमल्ललाई कान्तिपुरको गद्दीमा राख्ने प्रतापमल्लको इच्छाले गर्दा प्रतापमल्लपछि कान्तिपुरको जुन दुर्दशा भयो, त्यसले जितामित्रलाई चिन्तित पारेको देखिन्छ तथा ललितपुरमा बाबु श्रीनिवास र छोरा योगनरेन्द्रको बीचमा उत्पन्न कलह श्रीनिवासले राज्य छोडी योगनरेन्द्रलाई गद्दीमा राखेपछि मात्र शान्त भएको पनि जितामित्रले प्रत्यक्ष देखेका थिए । आफूलाई 'सुमति' (बुद्धि सप्रेको) भन्न मन पराउने जितामित्रले कान्तिपुर र ललितपुरको जस्तो दशा भक्तपुरमा नहोस् भनी चिताएको देखिन्छ। यसै हुँदा जितामित्रले आफ्ना छोरा भूपतीन्द्रमल्ल काम गर्न सक्ने भएपछि नै उनलाई अलि अलि शासनाधिकार सुम्पिदै गई ने. सं. ८१६ भाद्र वदि ११ (वि. सं. १७५३ आश्विन ११ गते) विधिपूर्वक राज्याभिषेक गरी गद्दीमा राखिदिएका थिए। यसपछि जितामित्रमल्लले राजकाजदेखि पर रही जीवन बिताए। यसको १२ वर्षपछि मात्र उनको मृत्यु भएको हो।

वि. सं. १७६५ मा जितामित्रमल्लको मृत्यु भएको थियो भन्ने कुराको पुष्टि भक्तपुर तलेजुचोकमा दसैंमा राखिने जितामित्रमल्लको सालिक तथा तलेजुचोककै ताम्रपत्रबाट पनि हुन्छ । जितामित्रकी रानी लालमतीले जितामित्रको मृत्यु भएकै सालमा दिवङ्गत पतिको संझनामा सुनको सालिक स्थापना गरेको र दान पुण्य गरेको कुरा त्यहाँ परेको छ । विचारार्थ ती सालिकको अभिलेख र ताम्रपत्रको केही अंशको उद्धरण यहाँ गरिन्छ—

**"श्री ३ स्वेष्टदेवताप्रीतिकामनान श्रीश्रीजयजितामित्रमल्लदेव दिवंगत श्रीश्रीलालमतीदेवीसन सुवर्णप्रतिमा दयकाव दुंता । सम्वत् ८२९ आश्विन शुदि ८ ।"**

(सालिकको यो अभिलेख 'अभिलेख-संग्रह' ११ भागको १३ पृष्ठमा छापिएको छ)

[ ने. सं. ८२९ (वि. सं. १७६६) आश्विन शुक्ल अष्टमीमा आफ्ना श्रीश्रीश्रीइष्टदेवतालाई खुशी पार्ने इच्छाले श्रीश्रीलालमतीदेवीले स्वर्गवासी श्रीश्रीजयजितामित्रमल्ल देवको सुवर्णप्रतिमा (सुनको जलप लाएको सालिक) बनाएर चढाउनुभयो ।]

**"स्फुर्जन्नन्दभुजप्रदाकुकलिते नेपालशाके परे**
**शुक्ले दैत्यगुरोर्दिने प्रतिसमं मूर्तिं मुदा चाश्विने ।**
**अष्टम्यां नृपभूपतीन्द्रजननी स्वेष्टेश्वरीतुष्टये**
**पत्युः स्वर्णमयीं निजामपि तथा संस्थापयद् विभ्रमे ।।**
**राज्ञी लालमती विशालकुलजा कान्तप्रिया सादरं**
**विख्याता त्रिदिवं गतस्य दयितप्रेम्णा सुरेश्यालये**
**मूर्ध्ना दीपधृतोज्ज्वलां च विपुलां कन्यागते भास्करे**
**हस्ताभ्यां धृतदीपयुग्मकलितां योगे सुकर्माख्यके ।।**

(अभिलेख-संग्रह ७ भागको ३१ पृष्ठमा यो छापिएको छ ।)

[ने. सं. ८२९ (वि. सं १७६६) आश्विन शुक्ल अष्टमी उत्तराषाढा नक्षत्र सुकर्मा योग शुक्रवारको दिन कन्याराशिमा सूर्य बसेको वेलामा ठूलो कुलमा जन्मेकी नाउँ चलेकी आफ्ना पतिकी प्यारी राजा भूपतीन्द्र मल्लकी मुमा महारानी लालमतीले आफ्ना स्वर्गवासी पतिको प्रेमले दुवै हातमा र माथमा समेत दियो भएको आफ्ना पतिको र आफ्नोसमेत सुनका जलप लाएका सालिक आफ्ना इष्टदेवीलाई खुशी पार्न तिनै ईश्वरीको मन्दिरमा ( प्रतिवर्ष देखाउने गरी ) स्थापना गर्नुभयो ।]

माथि ठचासफुमा वि. सं. १७६५ मार्गमा जितामित्रमल्लको मृत्यु हुँदा भूपतीन्द्रमल्लले आमालाई सती जान दिएनन् भन्ने भाव परेको र यता अभिलेखमा त्यसको केही महीनापछि रानी लालमतीले आफ्ना दिवङ्गत पति जितामित्रको संझनामा उनको सालिक बनाई धर्मकर्म गरेको कुरा परेकोले जितामित्रमल्लको मृत्यु वि. सं. १७६५ मा भएको हो भन्ने सिद्ध हुन आएको छ । (यस विषयमा हामीले 'इतिहास-संशोधन' ६५ क्रमागत संख्यामा पनि लेखिसकेका छौं)

यसै गरी उग्रमल्लको मृत्यु समयमा पनि आपत्ति मान्नुपर्ने कुनै कारण छैन । उग्रमल्ल कान्तिपुरमा शरण लिएर बसेका थिए भन्ने उल्लेख माथि उद्धृत ठ्यासफुको वाक्यमा परेको छ । यस कुराको पुष्टि चन्द्रमान जोशीसंग रहेको अर्को ठ्यासफुबाट पनि हुन्छ । त्यसमा वि. सं १७५५ मा भक्तपुरका मिरह्म जुजु (उग्रमल्ल) कान्तिपुरमा शरण पर्न आएका र उग्रमल्लसंग मिली कान्तिपुरका राजा भूपालेन्द्रमल्लले ठिमीमा आक्रमण गरेको घटना टिपिएको छ –

**"सं ८१८ आश्विन कृष्ण त्रयोदशी शुक्रवार थ्व कुह्न ... खप्वया मिरह्म जुजु पिब्वाङ वर बूंकोस चोन ।।"**

**"सं. ८१९ माघ शुक्लः ।। एकादशी अंगारवार थ्व कुह्न जल खप्व उ, ज याकात जुस्यनं थेमि तेर वङा श्रीश्रीभूपालेन्द्रमल्ल जुजुं, खप्वया मिरह्म जुजु वङाओ चंछि चोडाव...खप्वजन रितेर ।।"**

[ने. सं. ८१८ (वि. सं १७५५) आश्विन कृष्ण त्रयोदशी शुक्रवारको दिन §भक्तपुरका 'मिरह्म जुजु' (कान्छा राजा=उग्रमल्ल) भागेर आए । बुँकोमा बसे ।

ने. सं ८१९ (वि. सं १७५५ ) माघ शुक्ल एकादशी मङ्गलबारको दिन* ललितपुर र भक्तपुर मिले, कान्तिपुर एकलो भएकोले ठिमीमा आक्रमण गरी दखल गरियो। राजा भूपालेन्द्र मल्ल र भक्तपुरका मिरह्म जुजु (उग्रमल्ल) पनि गई रातभर बसे । पछि भक्तपुरेहरूले ठिमी फिर्ता गरिलिए ।]

मल्लकालमा गद्दीनशीन दाजु 'जुजु' (राजा) र उनका भाइ प्रायः 'मिरह्म जुजु'(कान्छा राजा) कहलाउँथे । भक्तपुरमा राजा जितामित्र छँदा उनका भाइ उग्रमल्ल 'मिरह्म जुजु' भनी प्रसिद्ध थिए । यसैले माथि उद्धृत ठ्यासफुमा उल्लिखित 'मिरह्म जुजु' उग्रमल्ल हुन् भन्ने स्पष्ट छ ।

\+ \+ \+

ऐ. शि. बाबुराम आचार्यज्यूका अरू अशुद्धिको संशोधन हामी पछि क्रमशः गर्दै जानेछौं ।

\+ \+ \+

**सूचना–** यो अङ्क पनि प्रेसबाट समयमा निस्कन सकेन । अहिले फाल्गुनमा मात्र यो अङ्क निस्क्यो।

---

§.यस दिनको गणना यस प्रकारको छ–

ने. सं. ८१८ (वि. सं. १७५५) आश्विन कृष्ण

| | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| कार्तिक | २० | शुक्र | त्रयोदशी | ३८।२१ |

*यस दिनको गणना यस प्रकारको छ–

ने. सं. ८१९ (वि. सं. १७५५) माघ शुक्ल

| | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| फाल्गुन | ४ | मङ्गल | एकादशी | ३४।३५ |

# शुद्धिपत्र

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| २१९ | २३ | विवार | विचार |
| २२१ | १० | कर्त्तरीसंज्ञसुक्त | कर्त्तरीसंज्ञमुक्त |
| २२२ | १२ | ग्रहगतिमवेतं | ग्रहगतिसमवेतं |
| २२९ | १० | अन्तरीकालका | अन्तरीमकालका |
| २३१ | ७ | सप्ताब्दशतयुक्ते | सप्ताब्दशतयुक्तेषु |
| २३२ | १४ | भएएका | भएका |
| २३२ | २८ | मलविकाग्निमित्र | मालविकाग्निमित्र |
| २३३ | १७ | पश्चिममदा | पश्चिमादा |
| २३५ | ७ | जगरमा | यालमा |
| २३५ | १२ | चतुरु(दधिजल)न्तां | चतुरु(दधिजला)न्तां |
| २३५ | १५ | पष्ठे | षष्ठे |
| २३९ | १३ | तारा, ग्रह | ताराग्रह |
| २४१ | १ | संन्तुष्टेन | सन्तुष्टेन |
| २४२ | १५ | तु तु | तु |
| २४३ | ४ | घटना | घटना हुँदैन |
| २४५ | ३ | मन्त्रशक्ति प्रभुशक्ति | प्रभुशक्ति मन्त्रशक्ति |
| २४७ | ४ | खण्डम् | खण्डमेकम् |
| २४८ | १७ | भुमरी नै नाइटो भएकी | भुमरीरूपी नाइटो देखाएकी |
| २५२ | २ | म(हाराजधिराज) | म(हाराजाधिराज) |
| २५४ | २५ | उठाएको | उदाएको |
| २५५ | ७ | नक्षत्रदिनका | नाक्षत्रदिनका |
| २५६ | ६ | स्वाग्नितिथ्यात्मकः | खाग्नितिथ्यात्मकः |
| २५९ | १० | इषत् प्रभिन्ने | ईषत्प्रभिन्ने |
| २६० | १२ | चा | च |

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| २६२ | ५ | विषमा | विषयमा |
| २६२ | ६ | पूर्वाह्णपराह्णर्द्रामूलप्रदोषावस्कराद् | पूर्वाह्णापराह्णाद्रामूलप्रदोषावस्कराद् |
| २६२ | १६ | वत्साशालादिभ्य: | वत्सशालादिभ्य: |
| २६३ | ९ | शतभिषज: | शातभिषज: |
| २६३ | १३ | पूनर्वसु | पुनर्वसु |
| २६३ | ३० | त | तत् |
| २६६ | ६ | मार्ग | माघ |
| २७३ | ४ | पश्चिममानिर क्षितिज | पश्चिममा क्षितिजनिर |
| २७८ | ८ | कहाँ | कहाँ छ |
| २८४ | १२ | शङ्किता | शङ्कितो |
| २८८ | १० | परिव्राजिक | परिव्राजिका |
| २९१ | १२ | ठिटालाई | ठिटीलाई |
| २९७ | २३ | बसिरहेकी | बसिरहेको |
| ३०३ | २२ | शातपथ | शतपथ |
| ३११ | ७ | मेरो | मेरी |
| ३१५ | १८ | मेरो | मेर्रा |
| ३१६ | २३ | र्खनुहोला | पर्खनुहोला |
| ३१८ | २३ | तस्थतु: | न तस्थतुः |
| ३१९ | ६ | अजीगभुर्वनानि | अजीगर्भुवनानि |
| ३२० | २१ | वणंन | वर्णन |
| ३२३ | १५ | श्री ५ सरकार | श्री ५ को सरकार |

का. से. अ. द. नं. १५५/२४९

कार्यालय–

संशोधन–मण्डल

१०।४५२ महाबौद्ध काठमाडौं नेपाल

वि. सं. २०२४

कार्तिक–मंसीर-पौष

वार्षिक मूल्य– रु. ६।

( डाँकखर्च अलग )

यस अङ्कको मूल्य ३।

मुद्रक—

*जोरगणेश प्रेस प्रा० लि०*

*बालाजु औद्योगिक क्षेत्र, काठमाडौं*